शोधनिर्देशक

उपप्रा. भरतकुमार भट्टराई
त्रि.वि.वि., कीर्तिपुर

# कृष्णप्रसाद श्रेष्ठको कवित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर
तह दोस्रो वर्षको दसौ“ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र

शोधार्थी
किरण सापकोटा
क्रमाङ्क ९४/०५८
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौ“
२०६५

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षका शोधार्थी किरण सापकोटाले कृष्णप्रसाद श्रेष्ठको कवित्वको अध्ययन शीर्षकको शोधपत्र मेरो निर्देशनमा परिश्रमपूर्वक तयार पार्नुभएको हो । प्रस्तुत शोधकार्यबाट म पूर्णतः सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

..........................

भरतकुमार भट्टराई

मिति : २०६५/ /

(उपप्राध्यापक)

नेपाली केन्द्रीय विभाग

त्रि.वि.वि. कीर्तिपुर

काठमाडौं

# त्रिभुवन विश्वविद्यालय

## नेपाली केन्द्रीय विभाग

## कीर्तिपुर

मिति :.............

स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र किरण सापकोटाले स्नातकोत्तर तह, दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको कृष्णप्रसाद श्रेष्ठको कवित्वको अध्ययन शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

मूल्याङ्कन समिति

हस्ताक्षर

१. प्रा. राजेन्द्र सुवेदी (विभागीय प्रमुख) ........................

२..................................... (बाह्य परीक्षक) ..........................

३. उपप्रा. भरतकुमार भट्टराई (शोधनिर्देशक) ..........................

मिति : २०६५/ /

# कृतज्ञता ज्ञापन

प्रस्तुत कृष्णप्रसाद श्रेष्ठको कवित्वको अध्ययननामक शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत, नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको अध्ययन सम्पन्न गर्ने प्रयोजनका लागि आदरणीय गुरु भरतकुमार भट्टराईको निर्देशनमा तयार पारेको हुँ । आफ्नो अमूल्य समय दिएर मलाई यो शोधपत्र सम्पन्न गर्न सहयोग तथा निर्देशन दिनुहुने श्रद्धेय गुरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै यो शोधपत्रको प्रस्तावनालाई स्वीकृति प्रदान गरी सहयोग गर्नुहुने आदरणीय गुरु एवं तत्कालीन विभागाध्यक्ष डा. दयाराम श्रेष्ठप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसका साथै यस शोधपत्रको तयारीमा आवश्यक सामग्री प्रदान गरी सहयोग गर्नुहुने विवेच्य व्यक्तित्व कृष्णप्रसाद श्रेष्ठज्यूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्न आवश्यक सामग्री उपलब्ध गराइदिनुहुने विभिन्न महानुभावहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो अध्ययन कार्यलाई सम्पन्न गर्न प्रेरित गर्नुहुने काका नारायण सापकोटा पनि धन्यवादका पात्र हुनुहुन्छ । यसै गरी मेरो अध्ययनलाई यस तहसम्म ल्याइपुऱ्याउन अमूल्य योगदान दिनुहुने श्रद्धेय बुबाआमा शोभाकर सापकोटा तथा राधा सापकोटा एवं श्रीमती सीता सापकोटाप्रति कृतज्ञ छु । यसै गरी शोधपत्रलाई यथासम्भव छिटोछरितो र शुद्धतापूर्वक मुद्रण गरिदिने बहिनी राधा तिमिल्सिना तथा शुद्धाशुद्धी कार्यमा सहयोग पुऱ्याउने भाइ उपेन्द्रप्रसाद पौडेललाई पनि धन्यवाद नदिइरहन सक्दिन ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष पेस गर्दछु ।

मिति : २०६५/..../.....

किरण सापकोटा
नेपाली केन्द्रीय विभाग
विश्वविद्यालय क्याम्पस
कीर्तिपुर, काठमाडौँ

# विषयसूची

## अध्याय एक


शोधपरिचय

१.१ शोधशीर्षक १

१.२ शोधकार्यको प्रयोजन १

१.३ समस्याकथन १

१.४ शोधकार्यको उद्देश्य १

१.५ पूर्वकार्यको समीक्षा २

१.६ शोधकार्यको औचित्य र महŒव ५

१.७ शोधकार्यको सीमाङ्कन ६

१.८ शोधविधि ६

१.९ शोधपत्रको रूपरेखा ६


## अध्याय दुई


कवि कृष्णप्रसाद श्रेष्ठको जीवनप्रसङ्ग र कवितायात्रा

२.१ जन्म र बाल्यकाल ७

२.२ युवा अवस्था र शिक्षा ७

२.३ साहित्य सिर्जनामा प्रेरणा र प्रभाव ८

२.४ साहित्यिक यात्रा ९

२.५ प्रकाशित रचनाहरू १०

२.५.१ हालसम्म प्रकाशित कविता कृतिहरू १०

२.५.२ प्रकाशित अनूदित कविताहरू ११

२.५.३ प्रकाशित विविध रचनाहरू १२

२.६ केही अप्रकाशित रचनाहरू १२

२.७ हालसम्म साहित्यिक संलग्नता १२

२.८ पुरस्कार तथा सम्मानहरू १३

२.९ कृष्णप्रसाद श्रेष्ठको कवितायात्रा १३

२.९.१ पहिलो चरण (अभ्यास काल : २००६ देखि २०१३ सम्म) १४

२.९.२ दोस्रो चरण (शिथिल काल : २०१४ देखि २०१७ सम्म) १५

२.९.३ तेस्रो चरण (उत्कर्ष काल : २०१८ देखि २०६० सम्म) १५

## अध्याय तीन

### कवि कृष्णप्रसाद श्रेष्ठका प्रकाशित कविताहरूको अध्ययन

३.१ कविता विश्लेषणका आधारहरू १८
३.१.१ शीर्षक १८
३.१.२ संरचना १९
३.१.३ लयविधान १९
३.१.४ भाषाशैली २०
३.१.५. कथनपद्धति २०
३.१.६ केन्द्रीय कथ्य र भावविधान २१
३.१.७. बिम्बविधान तथा अन्य अलङ्करण प्रविधि २२
३.१.८ प्रतीक २३
३.१.९ व्यञ्जना २४
३.१.१० कविताको विधागत स्वरूप तथा आयाम २५
३.२ कृष्णप्रसाद श्रेष्ठका प्रकाशित मौलिक कविताहरूको अध्ययन २७
३.२.१ बटुवा २७
३.२.२ जीवनको लक्ष्य २७
३.२.३ धरान २८
३.२.४ जाग्रत हुन्छन् २८
३.२.५ साथी तिम्रा खोजमा २९
३.२.६ नेपाल २९
३.२.७ नेपाल ३०
३.२.८ नेपाल-पुकार ३१
३.२.९ श्री भानुभक्तप्रति ३१
३.२.१० बाँचिरहू ३२
३.२.११ स्वास्नी मान्छे ! ३२
३.२.१२ युवकप्रति ३३
३.२.१३ थाकेको बटुवासित ३४
३.२.१४ नेपाल ३४
३.२.१५ नववर्ष ३५
३.२.१६ युवक बाल अब क्रान्ति दीप ३५

३.२.१७ तिमी को ? ३६
३.२.१८ लाश ३६
३.२.१९ जागरण रे † ३७
३.२.२० विद्रोह गर † विद्रोही बन †† ३७
३.२.२१ क्रान्ति रे † क्रान्ति रे †† इन्कलाब रे ††† ३८
३.२.२२ याद गर ३९
३.२.२३ लाठी, गोली, जेल अझै किन ? ३९
३.२.२४ को ? ४०
३.२.२५ कविसँग मेरो गीत ४०
३.२.२६ आह्वानप्रति ४१
३.२.२७ नाता ४१
३.२.२८ यो डोको हो ! ४२
३.२.२९ शान्तिको युद्धमोर्चा ४३
३.२.३० अन्तिम पत्र ४३
३.२.३१ हङ्चो ४४
३.२.३२ युवा गीत ४५
३.२.३३ मेरो इतिहास ४५
३.२.३४ मेरो हात ४६
३.२.३५ छ टुक्रा प्रेमका कविता ४७
३.२.३६ मेरी छोरी ४७
३.२.३७ तिमी ४८
३.२.३८ कहिलेकाहीँ ४८
३.२.३९ मेरा पुराना कविताहरू ४९
३.२.४० सान्ध्य गीत ५०
३.२.४१ यहाँदेखि उहाँसम्म ५०
३.२.४२ जीवन, धरती र श्रम ५१
३.२.४३ मान्छे मर्दैन ५२
३.२.४४ च्यातिएका कागजका टुक्रा ५३
३.२.४५ एकादशी ५३
३.२.४६ झरी ५४
३.२.४७ कमल ५५
३.२.४८ दुई कविता ५५

३.२.४९ आधा रातपछि ५६
३.२.५० एस्ट्रेको धुलो ५६
३.२.५१ एक वेदना दुई मुक्तक ५७
३.२.५२ टुक्रैटुक्राको अनन्त लहर ५८
३.२.५३ मेरो सहर ५९
३.२.५४ दिवसको चढ्दो बैँसमा उकुसमुकुसिएको जीवन ६०
३.२.५५ नयाँ सडक राति नौ बजेपछि ६१
३.२.५६ दुई टुक्रा कविता ६२
३.२.५७ दुई कविता ६२
३.२.५८ केही टुक्रा कविताहरू ६३
३.२.५९ दौडेका पाइलाहरू ६३
३.२.६० महाकविको मृत्युमा ६४
३.२.६१ भियतनाम ६५
३.२.६२ डुब्न लागेको सालमा चोइटिएको दायित्व ६६
३.२.६३ सम्झनाको व्यथा पग्लेर ६७
३.२.६४ तीन कविता ६८
३.२.६५ आफ्नै जन्म दिनमा ६९
३.२.६६ धरान ७०
३.३ कृष्णप्रसाद श्रेष्ठका अनूदित कविताहरूको अध्ययन ७१

अध्याय चार

कवि कृष्णप्रसाद श्रेष्ठको कवित्वको उपलब्धि तथा मूल्याङ्कन
४.१ कवि कृष्णप्रसाद श्रेष्ठको कवित्वको विश्लेषण ८३
४.१.१ विषयवस्तुगत विविधता ८३
४.१.१.१ क्रान्तिकारिता ८३
४.१.१.२ समाजबोध ८४
४.१.१.३ युगीन सन्त्रासको अभिव्यक्ति ८५
४.१.१.४ स्वच्छन्दतावादी प्रगतिवादी स्वर ८५
४.१.१.५ देशप्रेम ८६
४.१.१.६ प्रकृतिचित्रण ८७
४.१.१.७ मानवतावादी स्वर ८९
४.१.१.८ बौद्धिकता ८९

४.१.१.९ कलामान्यता एवं जीवनदर्शन ९०

४.१.१.१० आशावादी जीवनदृष्टि ९१

४.१.१.११ प्रभावग्रहण ९२

४.१.१.१२ अन्य ९३

४.१.२. रसभावगत प्रवृत्ति ९३

४.१.३ शैलीशिल्पगत प्रवृत्ति ९४

४.१.३.१ छन्द एवं लयविधान ९४

४.१.३.२ कथनपद्धति ९५

४.१.३.३ बिम्बप्रतीक तथा अलङ्कारविधान ९५

४.१.३.४ व्यङ्ग्य ९६

४.१.४ भाषाप्रयोग ९७

४.१.५ शीर्षक, संरचना र विधागत आयाम ९७

४.२ कवि कृष्णप्रसाद श्रेष्ठको कवित्वको मूल्याङ्कन ९८


## अध्याय पा“च


उपसंहार १०१

**सन्दर्भग्रन्थसूची १०४**

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न परिच्छेदमा विभाजन गरिएको छ–

अध्याय एक : शोधपत्रको परिचय

अध्याय दुई : कवि कृष्णप्रसाद श्रेष्ठको जीवनप्रसङ्ग र कवितायात्रा

अध्याय तीन : कवि कृष्णप्रसाद श्रेष्ठका प्रकाशित कविताहरूको अध्ययन

अध्याय चार : कवि कृष्णप्रसाद श्रेष्ठको कवित्वको उपलब्धि तथा मूल्याङ्कन

अध्याय पाँच : उपसंहार

# सङ्क्षिप्त शब्दसूची

| | | |
|---|---|---|
| अनु. | - | अनुवाद |
| आई. ए. | - | इन्टर मिडियट इन आर्ट्स |
| एस्. एल्. सी. | - | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र. सं. | - | क्रम सङ्ख्या |
| डा. | – | डाक्टर |
| त्रि. वि. वि. | - | त्रिभुवन विश्वविद्यालय |
| नं. | - | नम्बर |
| ने. क. पा. | - | नेपाल कम्युनिस्ट पार्टी |
| ने. रा. प्र. प्र. | - | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| पृ. | - | पृष्ठ |
| प्र.का. | - | प्रकाशन काल |
| बी.ए. | - | ब्याचलर इन आर्ट्स |
| बी.एल् | - | ब्याचलर इन ल |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| मू.ले. | - | मूल लेखक |
| र. का. | - | रचना काल |
| वि.सं. | – | विक्रम संवत् |

# अध्याय एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक कृष्णप्रसाद श्रेष्ठको कवित्वको अध्ययन रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको हो ।

## १.३ समस्याकथन

कृष्णप्रसाद श्रेष्ठ नेपाली साहित्यको आधुनिक नेपाली कविताअन्तर्गत प्रगतिवादी धारामा कलम चलाउने एक सशक्त कवि हुन् । २००४ सालदेखि कविता रचना एवं प्रकाशन गर्दै आएका कवि श्रेष्ठका सम्बन्धमा अध्ययनका सामान्य प्रयासहरू भए तापनि उनको कवित्वको विस्तृत र व्यवस्थित अध्ययन नभएकाले प्रस्तुत शोधपत्रमा कवि कृष्णप्रसाद श्रेष्ठको कविताका विविध पक्षमा केन्द्रित भई अध्ययन-विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनका लागि निम्नलिखित समस्याहरू अघि सारिएका छन्–

क) कवि कृष्णप्रसाद श्रेष्ठको काव्यिक यात्राको पहिचान के हो ?

ख) कवि कृष्णप्रसाद श्रेष्ठका कविताका शिल्पगत प्रवृत्ति केके हुन् ?

ग) कवि कृष्णप्रसाद श्रेष्ठका कवितामा कस्तो जीवनदृष्टि पाइन्छ ?

घ) कवि कृष्णप्रसाद श्रेष्ठका समग्र कविताका आधारमा उनको काव्यात्मक योगदान कस्तो रहेको छ ?

## १.४ शोधकार्यको उद्देश्य

नेपाली साहित्यमा दीर्घ साहित्यसाधना गर्दै आएका कवि कृष्णप्रसाद श्रेष्ठको साहित्यसाधना एवं व्यक्तित्वका अध्ययनको आधारमा उनको समग्र काव्यिक मूल्याङ्कन गर्नु प्रमुख उद्देश्य रहेको प्रस्तुत शोधकार्यका उद्देश्य बुँदागत रूपमा निम्नानुसार रहेका छन्–

क) कवि कृष्णप्रसाद श्रेष्ठको काव्यिक यात्राको चिनारी दिनु,

ख) कवि कृष्णप्रसाद श्रेष्ठका काव्यात्मक शैल्पिक वैशिष्ट्य केलाउनु,

ग) कवि कृष्णप्रसाद श्रेष्ठका कविताहरूको जीवनदृष्टि निरूपण गर्नु र

घ) कवि कृष्णप्रसाद श्रेष्ठको काव्यात्मक योगदानको मूल्याङ्कन गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

कवि कृष्णप्रसाद श्रेष्ठ आधुनिक नेपाली साहित्यका एक अविस्मरणीय प्रतिभा हुन् । उनका कविताकृतिहरूका बारेमा कतिपय लेखक-समालोचकहरूले छिटफुट चर्चा गरेको पाइए तापनि यस सम्बन्धमा समग्र अध्ययन भने भएको पाइँदैन । तर यिनका रचनाहरूको विस्तृत रूपमा अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी साहित्यिक मूल्य निर्धारण गर्ने काम पनि हुन सकेको छैन । त्यसो त हालसम्म केही लेखक, समालोचक एवं अध्येताहरूले यिनको व्यक्तित्व र कविताका बारेमा आ-आफ्ना धारणाहरू व्यक्त नगरेका होइनन् तर ती धारणाहरूले उनको समग्र मूल्याङ्कन भने गर्न सकेको देखिँदैन । हालसम्म यिनका विषयमा जेजति अध्ययन भएका छन् सो अध्ययनलाई पूर्वकार्यको विवरणका रूपमा उल्लेख गर्दै तिनको क्रमबद्ध समीक्षात्मक प्रस्तुति गरिएको छ ।

१.५.१ समालोचक आनन्ददेव भट्टले रूपरेखा २०२० मा ‘प्रगतिवादी कवि कृष्णप्रसाद श्रेष्ठ’ शीर्षकको लेखमा उनका काव्यात्मक विशेषताको चर्चा गर्दै उनलाई प्रगतिवादी कविका रूपमा चिनाएका छन् । उनले उक्त लेखमा कवि कृष्णप्रसाद श्रेष्ठका कवितामा यथार्थवादी राष्ट्रियताको भावना, सङ्गीतप्रियता, शब्दको राम्रो छनोट, राष्ट्रिय/अन्तर्राष्ट्रिय गतिविधिबाट प्रभावित प्रगतिशील चेतना, कोमल भावुकता, तार्किकता र बौद्धिकता, स्थानीयता एवं गहनताजस्ता गुणहरू उल्लेख गरेका छन् भने कविताको सङ्गीतलाई निर्वाह गर्न नसक्नु, अनेपाली (नेपालीइतर) भाषाको प्रयोगाधिक्य, कविता सिर्जनाको अन्तराल रहनुजस्ता कमजोरीहरूको पनि निरूपण गरेका छन् । यसमा त्यति बेलासम्मका केही रचनाका आधारमा उनलाई प्रगतिवादी कविका रूपमा चिनाइए पनि उनको समग्र रचनाकृतिको मूल्याङ्कन हुन सकेको देखिँदैन ।

१.५.२ साझा कविता (२०२४) का सम्पादक चूडामणि बन्धुले यिनका कवितामा अभिव्यक्तिको नवीनता पाइन्छ भन्दै व्यङ्ग्यात्मक रूपमा आफ्ना अनुभूतिलाई व्यक्त गर्ने कृष्णप्रसाद श्रेष्ठका कवितामा विषयवस्तुको व्यापकता र समकालीन कविसँगको सहयात्राको प्रयासले गर्दा कवितामा एकरूपता आउन नसकेको कुरा उल्लेख गर्दै युगको स्वस्थ गतिलाई उनले आत्मसात् गरेकाले अभिव्यक्तिमा मार्मिकता आएको बताएका छन् । अति सङ्क्षेपमा उनको कविताप्रवृत्तिको चर्चा गरिएकाले उक्त मूल्याङ्कन अपूर्ण बन्न पुगेको देखिन्छ ।

१.५.३ केशवप्रसाद अधिकारीद्वारा गरिएको अध्ययन सुनसरी जिल्लाको साहित्यिक योगदान (२०३८) मा कवि कृष्णप्रसाद श्रेष्ठको सामान्य चिनारी र उनका कविताकृतिहरूको परिचय दिँदै

श्रेष्ठलाई रोमान्टिक एवं प्रगतिवादी धारामा कलम चलाउने कविका रूपमा चर्चा गरेका छन् । यसमा पनि उनका समग्र कविताको अध्ययन-विश्लेषण गरी मूल्याङ्कन गर्न खोजिएको देखिँदैन ।

१.५.४ चूडामणि रेग्मीले यथार्थ कुरा (२०५३) मा प्रकाशित अन्तर्वार्ताका निष्कर्षमा कवि श्रेष्ठलाई आधुनिक कविका रूपमा प्रस्तुत गर्दै आत्मगौरवलाई सर्वोच्च ठान्ने बुद्धिजीवी भनेका छन् ।

१.५.५ त्यसै गरी रमेश घिमिरेले 'कवि कृष्णप्रसाद श्रेष्ठका कविता : छोटो चर्चा' (प्रभा, २०५५) शीर्षक लेखमा उनलाई मार्क्सवादी चिन्तनबाट प्रभावित प्रगतिवादी कविका रूपमा चिनाएका छन् । यसमा उनका केही कविताको उद्धरण गर्दै उनको मूल्याङ्कन गरिएकाले समुचित अध्ययन हुन सकेको छैन ।

१.५.६ उद्घोष (२०५८) का सम्पादक खेमराज खनालले प्रगतिवादी-स्वच्छन्दतावादी भावधाराभित्र रहेर कविता रचना गर्ने कृष्णप्रसाद श्रेष्ठका कवितामा युगबोध, भविष्यप्रतिको आशावादिता, हलुका eृङ्गारिकता, प्रगतिशील चेतना, क्रान्तिकारिताजस्ता विशेषता पाइने कुरा उल्लेख गरेका छन् । यसै गरी अन्धविश्वासको पर्दाफास गर्ने, निम्न वर्गीय जनताप्रति सहानुभूति प्रकट गर्दै उद्बोधनमा जोड दिने प्रवृत्तिका साथै सौन्दर्यबोध र कर्तव्यबोधको समन्वय, झर्रा शब्द प्रयोग, विभिन्न प्रतीकको प्रयोग उनका कविताका थप पहिचान भएको जनाएका छन् । सफल कवि भईकन पनि कवितासङ्ग्रह दिन अल्छी गर्नु कविको कमजोरी हो भन्ने उनको तर्क रहेको छ । उक्त लेखमा कविका केही काव्यगुण र कमजोरीको चर्चा गरिए पनि समग्र कविताको आलोकमा उनका शक्ति र सीमा निरूपण गर्न वाञ्छनीय देखिन्छ ।

१.५.७ कोशी अञ्चलको साहित्यिक इतिहास (२०५०) मा रविमान लम्जेलले छात्रजीवनदेखि कविता लेख्न रुचि राख्ने कृष्णप्रसाद श्रेष्ठ रूपरेखा (२०१७) सम्म आइपुग्दा परिपक्व कविका रूपमा देखा परेको उल्लेख गरेका छन् । सानो विषयवस्तु टिपी नवीन कलात्मक प्रस्तुतिसहित युगीन जीवनका अनमेलप्रति व्यङ्ग्य प्रहार गर्ने कवि कृष्णप्रसाद श्रेष्ठले प्रारम्भमा देवकोटा र सिद्धिचरणबाट प्रभाव ग्रहण गरेको उल्लेख गरेका छन् । केही कविताका शीर्षकका आधारमा प्रेम, मिलन, खोक्रो आडम्बर, निम्न वर्गीय युगीन सन्दर्भ, कुटो-कोदालो आदि कवितामा उराल्दै श्रमजीवीप्रतिको आस्था, धार्मिक अन्धविश्वासजस्ता विषय अँगाली नेपाली प्रगतिवादी फाँटमा राष्ट्रिय जीवनको प्रतिनिधित्व गर्ने कृष्णप्रसाद श्रेष्ठका अभिव्यक्ति सफल छन् भनिएको छ । एउटै सङ्ग्रहमा कविता सङ्कलन हुन नसकेकाले समग्र कविताको मूल्याङ्कन गर्न कठिन भएको कुरा उल्लेख गरेका छन् ।

१.५.८ साप्ताहिक काभ्रे टाइम्स (२०६०) मा मोहन दुवालले 'बी.ए. कृष्ण अर्थात् कृष्णप्रसाद श्रेष्ठका जीवनक्रमका यात्रा उत्सर्गहरू शीर्षक लेखमा कृष्णप्रसाद श्रेष्ठलाई बहुमुखी प्रतिभाका

रूपमा चिनाउँदै शास्त्रीय छन्दमा कविता लेखन आरम्भ गरी गद्य कवितामा निपूर्णता प्राप्त गर्ने कविका रूपमा चिनाएका छन् । उनले पनि श्रेष्ठलाई प्रगतिवादी धाराका कविका रूपमा चिनाउँदै कवितामा बिम्बप्रक्षेपण गरी बौद्धिकता प्रस्तुत गर्ने कवि भनेका छन् । यस लेखमा कविका कवितासम्बन्धी आफ्ना धारणा प्रस्तुत गरिएको छ ।

१.५.९ जुही स्वर्ण अङ्क (२०५९) मा डा. खेम दाहालले 'कृष्णप्रसाद श्रेष्ठ र साहित्यसाधना' शीर्षक समालोचनात्मक लेखमा कृष्णप्रसाद श्रेष्ठलाई कविता, समालोचना, सम्पादन एवं कथालेखनका तहबाट स्थापित व्यक्तित्वका रूपमा चित्रण गरेका छन् । उनले उक्त लेखमा २००४ देखि २०२४ सालसम्मका कविताको अध्ययन गर्दा कवितामा सामान्य सामाजिक परिवेश, प्राकृतिक सन्दर्भ, रतिराग एवं सहरबस्तीका वस्तुवादी विषयवर्णनका साथै विश्वराजनीतिको बिम्बबाट कविताको रचना गर्ने प्रतिभाका रूपमा कृष्णप्रसाद श्रेष्ठलाई लिनुपर्ने बताएका छन् । सो लेखमा श्रेष्ठका कविताहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्दै केही सङ्क्षिप्त चर्चा गरिए पनि पूर्ण मूल्याङ्कन एवं विश्लेषण भने हुन सकेको छैन ।

१.५.१० यसै गरी ज्ञानगुनका कुरा भाग ७६ (२०६० वैशाख) मा 'कृष्णप्रसाद श्रेष्ठ व्यक्ति एक, व्यक्तित्व अनेक' शीर्षक लेखमा चन्द्रमणि अधिकारीले उनलाई अध्यापक, अनुवादक, कवि, सम्पादक, निबन्धकार, राजनीतिज्ञ आदि विविध व्यक्तित्वका रूपमा सङ्क्षिप्त चर्चा गर्दै श्रेष्ठको कवि व्यक्तित्वमा देवकोटा, सिद्धिचरण, पन्त र वच्चनको प्रभाव एवं समालोचक व्यक्तित्वमा भौतिकवादी दर्शनको प्रभाव परेको कुरा उल्लेख गरेका छन् । यसमा उनका व्यक्तित्वको विविध पाटाको चर्चा गरिए पनि कवि र कविताका सन्दर्भमा भने उक्त लेखले प्रकाश पार्न सकेको देखिँदैन ।

१.५.११ ज्ञानगुनका कुराको सोही भागमा गोविन्द विकलले 'राजनीति र साहित्यमा कृष्णप्रसाद श्रेष्ठ' शीर्षक लेखमा कवि कृष्णप्रसाद श्रेष्ठलाई रोमान्टिक धारामा यथार्थवादी दृष्टि प्रस्तुत गर्ने आधुनिक कविका रूपमा चर्चा गर्दै उनका कवितामा यौन, प्रेम, सौन्दर्यजस्ता भावनात्मक पक्षहरूको चित्रण पाइने कुरा कवितांश उद्धृत गर्दै उल्लेख गरेका छन् ।

१.५.१२ ज्ञानगुनका कुरा भाग ७७ (२०६०) मा कृष्णप्रसाद दाहालले 'जहाँ बसेका छन् कार्ल मार्क्स र विश्वेश्वरप्रसाद कोइराला' शीर्षक लेखमा कृष्णप्रसाद श्रेष्ठलाई क्रान्तिकारी, प्रगतिवादी, सिर्जनात्मक चेतनामा विश्वास गर्ने, आशावादी जीवनदृष्टि प्रस्तुत गर्ने, निर्भीकतापूर्वक अन्यायको विरोध गर्ने कविका रूपमा चिनाएका छन् । उनका कवितामा युगीन चेतनाको स्तर र परम्परागत सामाजिक-राजनीतिक ढर्राबाट सिर्जित विसङ्गतिप्रति तीव्र विद्रोहको स्वर एवं देशभक्तिको भावनालाई केन्द्र मानी क्रान्तिकारी भावना प्रकट गरिएको पाइन्छ भनी उल्लेख गरेका छन् ।

१.५.१३ ज्ञानगुनका कुराको सोही भागमा शिव रेग्मीले 'थोरै चर्चामा आएका कवि कृष्णप्रसाद श्रेष्ठ बी.ए.' शीर्षकको लेखमा उनका केही कविताका अध्ययनका आधारमा सरल, सरस तथा सहज भावका कविता लेख्न सिपालु कृष्णप्रसाद श्रेष्ठका कवितामा यदाकदा हिन्दी शब्दका प्रयोगले कविताको सौन्दर्य घटाएको उल्लेख गरेका छन् । उनका कवितामा युगले बोकेको कुण्ठा, भय, आक्रोश, विषाद र निराशाजस्ता विकृतिले मान्छेभित्र सिर्जित विकारको निकास पोखिएको बताउँदै जीवनले भोग्नुपरेका तीता, टर्रा, कोक्याइँदा अनुभूतिलाई सुन्दर शब्दचयनका साथ उपमा, बिम्ब र प्रतीकका माध्यमबाट कवितालाई छाँटपूर्ण बनाउन सफल कविका रूपमा चिनाएका छन् ।

१.५.१४ ज्ञानगुनका कुरा भाग ७८ (२०६०) मा 'कवि कृष्णप्रसाद श्रेष्ठको रचनाकारिता : एक विवेचनात्मक अवलोकन' शीर्षकको लेखमा अनिरुद्ध तिम्सिनाले कृष्णप्रसाद श्रेष्ठको सङ्क्षिप्त जीवनी, व्यक्तित्वका पाटाहरूको चर्चा गर्दै उनका कवितायात्राको चरणविभाजन गरी कविताका शक्ति र सीमाहरू उल्लेख गरेका छन् । उनले उक्त लेखमा श्रेष्ठका ४६-४७ वटा कविताहरूका आधारमा कालविभाजन र प्रवृत्ति निरूपण गरे पनि उनको समग्र कविताको अध्ययन गरी समुचित मूल्याङ्कन हुन सकेको छैन । यद्यपि हालसम्म प्रकाशित फुटकर लेखहरूमा तिम्सिनाको अध्ययन नै केही व्यापक र विशद भएको मान्न सकिन्छ ।

१.५.१५ ज्ञानगुनका कुरा भाग ८० (२०६० असार) मा 'साहित्यकार कृष्णप्रसाद श्रेष्ठका केही कविता' शीर्षक लेखमा डा. गोपाल भण्डारीले कृष्णप्रसाद श्रेष्ठलाई स्वच्छन्दतावादी-प्रगतिवादी काव्यधाराबाट प्रभावित कविका रूपमा चिनाएका छन् । कविता सिर्जनालाई निरन्तरता दिन नसकेका श्रेष्ठका रूपरेखा (२०१८-२०२२) मा प्रकाशित कविताका आधारमा हेर्दा उनले कवितामा सामाजिक र राजनीतिक परिवर्तनलाई कतै विद्रोही स्वरमा त कतै आग्रहका रूपमा प्रस्तुत गरेको पाइन्छ भनेका छन् । उनका कवितामा पनि बौद्धिक र चिन्तनमुखी वृत्ति पाइनुका साथै क्रान्तिप्रति प्रतिबद्धता, परिवर्तनको आग्रह, हीनवृत्तिप्रतिको असहमति व्यक्त गर्ने प्रवृत्ति पाइने तर्क पेस गरेका छन् । मोहन कोइराला, द्वारिका श्रेष्ठ र पारिजात आदिलाई पछ्याउँदै मौलिक बिम्ब प्रस्तुत गर्न सफल कृष्णप्रसाद श्रेष्ठका कवितामा टी. एस. इलियटको बौद्धिक छाप पनि भेटिने कुरा समीक्षकले उल्लेख गरेका छन् । यति हुँदाहुँदै पनि उनको समग्र काव्यिक मूल्याङ्कन एउटा लेखमा समेट्न सकिने कुरा सम्भव देखिँदैन ।

## १.६ शोधकार्यको औचित्य र महŒव

नेपाली साहित्यमा उल्लेखनीय योगदान दिने कृष्णप्रसाद श्रेष्ठ बहुमुखी व्यक्तित्व हुन् । यस्ता प्रतिभाको कवित्वको बारेमा हालसम्म पनि सामान्य चर्चा र विश्लेषणबाहेक विशेष अध्ययन हुनसकेको

छैन । त्यसैले उनको समग्र कवित्वको अध्ययनमा आधारित प्रस्तुत शोधपत्रको औचित्य र महŒव स्वतः सिद्ध हुन्छ ।

कवि कृष्णप्रसाद श्रेष्ठ आधुनिक युगको स्वच्छन्दतावादी-प्रगतिवादी भावधाराका सशक्त स्रष्टा हुन् । आरम्भमा शास्त्रीय छन्द एवं देवकोटा र सिद्धिचरणको स्वच्छन्दतावादी-प्रगतिवादी काव्यधाराबाट प्रभावित भई सिर्जनयात्राका पछिल्ला चरणमा मार्क्सवादी दर्शनको प्रभावबाट विशुद्ध प्रगतिवादी बन्न पुगेका कृष्णप्रसाद श्रेष्ठको योगदान आधुनिक प्रगतिवादी काव्यपरम्परा र समसामयिक युगचेतनाका सन्दर्भमा उल्लेखनीय छ । यसबाट पनि प्रस्तुत अध्ययनको औचित्य र महŒव स्पष्ट हुन्छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्यको शीर्षक कृष्णप्रसाद श्रेष्ठको कवित्वको अध्ययन रहेकाले कवि कृष्णप्रसाद श्रेष्ठका प्रकाशित कविताहरूको अध्ययनमा मूलतः यो शोधकार्य केन्द्रित रहेको छ । यस अध्ययनमा उनका प्रकाशित केही कविताहरूको आधिकारिक स्रोत खुल्न नसकेकाले मुद्रित रूपलाई नै आधार मानी विश्लेषण गर्ने क्रममा उनका कवितालाई विभिन्न विचार एवं विषयवस्तुका आधारमा विश्लेषण गरिएको छ भने अनूदित कविताहरूको संक्षिप्त चर्चाबाटै निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । साथै यस अध्ययनमा उनका २०६० सम्ममा प्रकाशित कविताहरूको मात्र अध्ययन गरिएकाले पनि यसको सीमा निर्धारण हुन पुगेको छ ।

## १.८ शोधविधि

प्रस्तुत शोधकार्यमा प्रमुखतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । साथै स्रष्टासँगको प्रत्यक्ष सम्पर्क र प्रश्नावलीबाट प्राप्त जानकारी तथा आफन्तजनका सुझावलाई सहायक सामग्रीका रूपमा लिइएको छ । सङ्कलित सामग्रीहरूको ऐतिहासिक विश्लेषण र कविताहरूको क्रमनिर्धारण गरी सैद्धान्तिक एवं विवेचनात्मक अध्ययनका आधारमा उनको कवित्वको विश्लेषण गरिएको छ । यसका साथै प्रस्तुत शोधपत्रमा फुटकर रूपमा विभिन्न पत्रपत्रिकामा प्रकाशित रचनाहरूको आधारमा श्रेष्ठको कवित्वको विश्लेषण गरिएको छ ।

# अध्याय दुई

# कवि कृष्णप्रसाद श्रेष्ठको जीवनप्रसङ्ग र कवितायात्रा

## २.१ जन्म र बाल्यकाल

कृष्णप्रसाद श्रेष्ठको जन्म वि.सं. १९९१ साल आषाढ २३ गते कोशी अञ्चल, सुनसरी जिल्लाअन्तर्गत सुन्दर नगरी धरानको विजयपुरमा भएको हो । हाल धरान नगरपालिका सिद्धिचरण मार्गमा बसोबास गर्दै आएका कृष्णप्रसाद श्रेष्ठको पुर्ख्यौली थलो भने ललितपुर जिल्लाको लुभु गा.वि.सं.को वडा नं. १ मा पर्दछ । उनका पिताको नाम गणेशप्रसाद श्रेष्ठ र माताको नाम विष्णुमाया श्रेष्ठ हो । आफ्ना मातापिताका पहिलो सन्तानका रूपमा जन्मिएका कृष्णप्रसाद श्रेष्ठको बाल्यकाल भाइबहिनीको रेखदेख र पठनपाठन एवं आफ्नै दामली साथीभाइसँग खेलेर बितेको बताउँछन् । कृष्णप्रसाद श्रेष्ठको अक्षरारम्भ परम्पराबमोजिम आफ्नै आमाबाट संस्कृत स्तोत्र 'नमः वागेश्वराय नमः' काठको पाटीमा लेखेर भएकाले आफ्नो अध्ययनमा पछिसम्म पनि आमाको प्रेरणा रहेको कुरा कवि बताउँछन् । आफ्नो पढाइसँगै विशेषरूपमा फुटबल खेल्न रुचाउने कृष्णप्रसाद श्रेष्ठको जन्म सम्भ्रान्त दुवुजू परिवारमा भएकाले उनको बाल्यकाल सुखमय रूपमै बितेको पाइन्छ ।

## २.२ युवा अवस्था र शिक्षा

घरबाटै अक्षरारम्भ गरी पठनपाठनमा लागेका कृष्णप्रसाद श्रेष्ठले धरानमा सर्वप्रथम स्थापना भएको पब्लिक हाइस्कुलबाट वि.सं. २००६ सालमा प्रथम श्रेणीमा प्रवेशिका (एस.एल्.सी.) उत्तीर्ण गरेकाहुन् । प्रवेशिका परीक्षा उत्तीर्ण गरेपश्चात् घर छोडी बाहिर पढ्न जाने सन्दर्भमा लेखपढ गर्न जानेका कारण बाहिर नगई घरमै बसोस् भन्ने बुबाको इच्छाविपरीत आमाको विशेष जोडमा काठमाडौँको त्रिचन्द्र कलेजमा भर्ना भई अध्ययन अघि बढाएका श्रेष्ठले सोही कलेजबाटै वि.सं. २००८ सालमा आई.ए. उत्तीर्ण गरे । त्यसपछि उच्च शिक्षाको व्यवस्था नेपालमा नभएकाले भारतको वनारस हिन्दू विश्वविद्यालयअन्तर्गत सेन्ट्रल कलेजबाट वि.सं. २०१० सालमा प्रथम श्रेणीमा बी.ए. उत्तीर्ण गरे । अध्ययनकै सिलसिलामा कानुन सङ्कायअन्तर्गत स्नातक तहको अध्ययनमा संलग्न भए पनि भाइको असामयिक निधनपश्चात् उनको औपचारिक शिक्षा बी.ए. मै सीमित रह्यो तथापि उनले स्वाध्ययनमार्फत आफ्नो ज्ञानको क्षेत्र बढाउँदै गएको कुरा उनको व्यवस्थित निजी पुस्तकालयले पनि पुष्टि गरेको देखिन्छ ।

अध्ययनको औपचारिक समाप्तिपश्चात् उनले आफ्नो जीवनलाई अध्यापन कार्यतर्फ डोऱ्याएको देखिन्छ। वि.सं. २०१३ सालदेखि उनले शारदा बालिका विद्यालयमा अङ्ग्रेजी विषयको शिक्षण प्रारम्भ गरे। यो शिक्षण यात्रा वि.सं. २०१९ सालसम्म निरन्तर कायम रहेको कुरा कवि बताउँछन्। यसैबीच २०१३ सालतिरै झण्डै ९ महिना महेन्द्र इन्टर कलेज धरानमा अर्थशास्त्र विषयको अध्यापन पनि गरेको पाइन्छ।

वि.सं. २००६ सालमा प्रवेशिका उत्तीर्ण गरेका कृष्णप्रसाद श्रेष्ठ देशमा हुँदै गरेका घटना र विश्वपरिस्थितिबाट अनभिज्ञ थिएनन्। २००७ सालको ऐतिहासिक जनक्रान्तिबाट प्राप्त प्रजातन्त्र अपूर्ण छ भन्ने बुझेका श्रेष्ठमा तत्कालीन राजनीतिज्ञहरूका क्रियाकलाप, व्यवहार र व्यक्तित्व एवं विचारको प्रत्यक्ष प्रभाव परेकाले उनमा राजनीतिक चेतनाको क्रमशः विस्तार हुँदै गएको पाइन्छ। फ्रान्सको राज्यक्रान्ति, सोभियत रूसको अक्टोबर क्रान्तिको सन्देश, छिमेकी राष्ट्रहरू चीन र भारतमा भएका घटनाहरूको प्रकृति र त्यसको प्रभाव एवं २००७–२०१७ सालबीचको जागरणमुखी नेपाली समाजको परिवेशले उल्लेख्य फड्को मार्न नसके पनि उनमा समाजवादी राजनीतिक चिन्तनको विकास हुँदै गयो। यसैको परिणामस्वरूप कवि कृष्णप्रसाद श्रेष्ठ २०११–२०१५ सालसम्म विभिन्न सङ्घसंस्थासँग आबद्ध भई नेतृत्वदायी भूमिका निर्वाह गर्नु पुगे। उनले वि.सं. २०११-२०१५ सम्मका अवधिमा 'प्रगतिशील लेखक सङ्घ' धरानको सचिव एवं सभापति, २०१३ सालमा 'नेपाल जनवादी युवक सङ्घ' को सचिव तथा २०१३ सालमै 'नेपाल शान्ति समिति (सुनसरी-मोरङ, संयुक्त) को सचिव भई कार्य गरेको पाइन्छ।

त्यसै गरी सन् १९६८ मा अफ्रो-एसियाली जनएकता समितिको उपाध्यक्ष एवं १९६९ मा उक्त समितिको महासचिव भई १९७२ सम्म कार्य गरेका श्रेष्ठ १९७२ देखि १९७५ सम्म नेपाल अफ्रो-एसियाली लेखक सङ्घको केन्द्रीय संयोजक रहेको र वि.सं. २०१४ देखि २०१७ सालसम्म केन्द्रीय उपसभापति भई सङ्गठनलाई अघि बढाएको बुझिन्छ। वि.सं. २०१६ सालमा नेपाल कम्युनिस्ट पार्टी विभाजित हुँदा डा. रायमाझी नेतृत्वको नेकपामा संलग्न हुन पुगेका श्रेष्ठ पछि मानन्धरसँग आबद्ध हुन पुगे।

यसरी कृष्णप्रसाद श्रेष्ठले आफ्नो युवा अवस्था स्वदेश एवं विदेशका शिक्षण संस्थाहरूबाट शिक्षा आर्जन गर्दै एवं विभिन्न सामाजिक-राजनीतिक सङ्घसंस्थामा रही व्यतित गरेको देखिन्छ।

## २.३ साहित्य सिर्जनामा प्रेरणा र प्रभाव

साहित्य सिर्जनामा वातावरणको ठूलो प्रभाव रहन्छ। शिक्षार्थीको साहित्यिक रचनाको परिवेश आफ्नै घर तथा विद्यालय हो। कवि श्रेष्ठले शिक्षा क्षेत्रमा आफ्नी आमाबाट प्रेरणा पाएका थिए भने साहित्यसिर्जना गर्ने प्रेरणा विद्यालयको साहित्यिक वातावरणबाट पाएको बुझिन्छ। कवि श्रेष्ठ

अध्ययनरत विद्यालयमा हुने सप्ताहन्तको साहित्यिक कार्यक्रमले आफूलाई साहित्यतर्फ अभिमुख गराएको बताउँछन् । विद्यालयमा आफ्ना गुरुहरूको सद्भाव र प्रेरणा नै विद्यार्थीको साहित्यिक रचनामा महŒवपूर्ण भूमिका रहन्छ । तदनुरूप नै कवि श्रेष्ठ आफ्ना गुरु गङ्गाधर पोखेलको सद्भाव र प्रेरणाबाटै आफू साहित्यतर्फ लागेको बताउँछन् । विद्यालयमा प्रत्येक शुक्रबार आयोजना गरिने साहित्यिक कार्यक्रममा सक्रिय सहभागिता जनाउँदै कवि श्रेष्ठले आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरेको बुझिन्छ । त्यस्तै सिद्धिचरण श्रेष्ठ, लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, भूपी शेरचन, केदारमान व्यथित, धरणीधर कोइरालाजस्ता कविहरूबाट प्रभावित भएकाले उनीहरूको साहित्यिक लेखनबाट प्रेरणा प्राप्त भएको उनी स्वीकार्छन् ।

कवि कृष्णप्रसाद श्रेष्ठको प्रथम रचना वि.सं. २००४ सालको 'बटुवा' शीर्षकको कविता हो । यो कविता गोर्खा साप्ताहिकमा प्रकाशन भएको कुरा कवि बताउँछन् । तर कविको प्रथम प्रकाशित रचना भने वि.सं. २००६ को उदय मासिकको वैशाख-जेठ अङ्कमा प्रकाशित 'जीवनको लक्ष्य' शीर्षकको कविता हो । त्यसपछि उनका रचनाहरू उजेली, युगवाणी, भारती, दियालो, शारदा, जनयुग, नेपाल पुकार, छाया", छहारी आदि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आएको पाइन्छ ।

कवि कृपणप्रसाद श्रेष्ठ पुष्पलाल श्रेष्ठको वैचारिक मान्यताबाट प्रभावित भएकाले आफ्ना रचनामा प्रगतिवादी विचार अभिव्यक्त भएको बताउँछन् । प्रगतिवादी साहित्यले पीडित र निमुखा वर्गको हित चाहने, रूढिवादी अन्धविश्वासको घोर विरोध गर्ने, मार्क्सको द्वन्द्वात्मक भौतिकवादलाई अवलम्बन गर्ने हुँदा आफू प्रगतिवादी विचारतर्फ प्रेरित भएको र आफ्नो रचनामा उक्त दर्शन र विचारको प्रभाव परेको कविको कथन छ । त्यस्तै प्रारम्भमा सिद्धिचरण श्रेष्ठ, देवकोटाजस्ता कविहरूका छन्दमा लेखिएका कविता पढेर आफूले पनि छन्दमा केही कविता लेख्ने प्रयास गरेको कवि श्रेष्ठ स्वीकार गर्छन् ।

यसरी बाल्यकालमा गुरु गङ्गाधर पोखेलबाट साहित्यसिर्जनामा प्रेरित श्रेष्ठले आफ्ना सिर्जनाको पछिल्ला चरणमा आइपुग्दा गोपालप्रसाद रिमाल, केदारमान व्यथित, सिद्धिचरण श्रेष्ठ, कृष्णचन्द्रसिंह प्रधान, धरणीधर कोइराला, वाल्ट ह्विटमेन, नाजिम हिक्मत, पाब्लो नेरुदा (स्पेनिस), अलि सरदार जाफरी (उर्दू) जस्ता स्वदेशी/विदेशी साहित्यिक प्रतिभा एवं उनीहरूका कृतिहरूको अध्ययन-मनन साथै मार्क्सको द्वन्द्वात्मक भौतिकवादी जीवनदर्शनबाट प्रभावित भई साहित्यिक प्रेरणा पाएको बुझिन्छ ।

## २.४ साहित्यिक यात्रा

वि.सं. २००६ सालमा उदय मासिकमा 'जीवनको लक्ष्य' शीर्षकको कविता छापिएपछि कृष्णप्रसाद श्रेष्ठको साहित्यिक लेखन-प्रकाशनको औपचारिक यात्रा प्रारम्भ भएको पाइन्छ । उनले

'बटुवा' शीर्षकको कविता लेखनयात्रा एवं प्रकाशनको प्रारम्भिक कविता भएको बताए पनि यसको प्रमाण प्राप्त गर्न नसकिएकाले 'जीवनको लक्ष्य' नै प्रथम प्रकाशित रचना मान्नुपर्ने देखिन्छ । कवि श्रेष्ठका हालसम्म झन्डै १०० भन्दा बढी मौलिक तथा अनूदित कविताहरू प्रकाशन भएका भए पनि सङ्कलित रूपमा उनका कविताहरूको सङ्ग्रह प्रकाशन भने भएको पाइँदैन ।

कवि श्रेष्ठले बनारसबाट प्रकाशित नेपाली छात्र सङ्घको छात्र (२०१०) को सम्पादन गरेको देखिन्छ भने वि.सं. २०२४ मा पानको पात कथासङ्ग्रहको पनि सम्पादन गरेको पाइन्छ । पानको पातले श्रेष्ठको सम्पादकीय क्षमता राम्ररी प्रदर्शन गरेकाले प्रकाशनपछि यसले धरानमा राम्रै चर्चा पाएको देखिन्छ । यसका अतिरिक्त उनले विभिन्न भाषाका कविताहरूलाई नेपालीमा अनुवाद गरी अनुवाद साहित्यमा पनि कलम चलाएको देखिन्छ । उनले अङ्ग्रेजी, रूसी, भियतनामी कविलेखकका कविता र अन्य सामग्रीहरू अनुवाद गरी साहित्य, स्वतन्त्र, सम्झना, हिमानी, रचना, सौगात, भानु आदि पत्रिकाहरूमा प्रकाशन गरेकाले अनूदित साहित्यको प्रकाशन यात्रा वि.सं. २०२२ देखि भएको देखिन्छ ।

यसरी कृष्णप्रसाद श्रेष्ठको साहित्यिक यात्रा मौलिक रचना, सम्पादन एवं अनुवाद हुँदै उत्तरोत्तर विकसित हुँदै गएको पाइन्छ ।

## २.५ प्रकाशित रचनाहरू

### २.५.१ हालसम्म प्रकाशित कविता कृतिहरू

| क्र. सं. | रचना काल | रचनाको शीर्षक | पत्रिका | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १ | २००४ | बटुवा | गोर्खा | २००६ (कविको भनाइ) |
| २ | २००५ | जीवनको लक्ष्य | उदय | वर्ष १२, किरण ७-८ वैशाख-जेठ २००६ |
| ३ | २००५ | धरान | उदय | वर्ष १२, किरण ९-१० असार-साउन २००६ |
| ४ | २००५ | जाग्रत हुन्छन् | उदय | वर्ष १२, किरण ९-११ असार-भदौ, २००६ |
| ५ | २००५ | साथी तिम्रा खोजमा | साथी | वर्ष १, अङ्क ८-९ सितम्बर १९४९/२००६ |
| ६ | २००५ | नेपाल | हिमाञ्चल | वर्ष २, अङ्क २, मई १९५०/२००७ |
| ७ | २००६ | नेपाल | साथी | |
| ८ | २००६ | नेपाल पुकार | नेपाल-पुकार | वार्षिक विशेषाङ्क, जुन १९५०/२००७ |
| ९ | २००७ | श्री भानुभक्तप्रति | आ"खा | वर्ष १, अङ्क १, भदौ २००८ |
| १० | २००७ | बाँचीरहू | प्रभात | वर्ष १, अङ्क ९, १९५१/२००८ |
| ११ | २००७ | स्वास्नी मान्छे | प्रभात | वर्ष १, अङ्क ११, अगस्त १९५१/२००८ |
| १२ | २००७ | युवकप्रति | युगवाणी | वर्ष ५, अङ्क २६, फागुन २००८ |
| १३ | २००७ | थाकेको बटुवासित | भारती | वर्ष २, अङ्क ५, कात्तिक २००७ |
| १४ | २००७ | नेपाल | भारती | वर्ष २, अङ्क १२, जेठ २००८ |
| १५ | २००८ | नव वर्ष | युगवाणी | वर्ष ५, अङ्क २०, मंसिर २००८ |
| १६ | २००८ | युवक बाल अब क्रान्ति दीप | युगवाणी | वषं ४, अङ्क ५, वैशाख २००८ |
| १७ | २००८ | तिमी को ? | भारती | वषं ३, अङ्क ९, २००८ |
| १८ | २००८ | लाश | सेवा | वर्ष १, अङ्क ३, जेठ २००९ |

| | | | | |
|---|---|---|---|---|
| १९ | २००८ | जागरण रे ! | जागरण | वर्ष १, अङ्क ४, असोज २००८ |
| २० | २००८ | विद्रोह गर, विद्रोही वन | युगवाणी | वर्ष ५, १६-१७ मंसिर, २००८ |
| २१ | २००८ | क्रान्ति रे! क्रान्ति रे!! इन्क्लाब रे!!! | आह्वान | वर्ष १, अङ्क २, २०१० |
| २२ | २००८ | याद गर | उदय | वर्ष १५, किरण १-३, पुस-माघ २००८ |
| २३ | २००८ | लाठी, गोली, जेल अझै किन ? | जनयुग | वर्ष १, अङ्क ४-५, असार २००९ |
| २४ | २००८ | को ? | भारती | वर्ष ३, अङ्क ५, कात्तिक २००८ |
| २५ | २००८ | कविसँग मेरो गीत | उदय | वर्ष १४ किरण ८-११, साउन-कात्तिक २००८ |
| २६ | २००८ | आह्वानप्रति | आह्वान | वर्ष १, अङ्क १, पुस २००९ |
| २७ | २००८ | नाता | उदय | वर्ष १४, किरण १२, मंसिर २००८ |
| २८ | २००९ | यो डोको हो ? | उदय | वर्ष १५, किरण १२, जेठ २०१० |
| २९ | २०१३ | शान्तिको युद्ध मोर्चा | नौलो पाइलो | वर्ष १, अङ्क ३, २०१३ |
| ३० | २०१४ | अन्तिम पत्र | सिंहनाद | वर्ष १, अङ्क ४, वैशाख २०२० |
| ३१ | २०१५ | कमल | छहारी | वर्ष १, अङ्क १, २०१५ |
| ३२ | २०१६ | मेरो हात | खहरे | कवितासङ्ग्रहमा सङ्कलित २०१६ |
| ३३ | २०१७ | हङचो | पुस्तक | लक्ष्मी सडकका कविता, २०५३ |
| ३४ | २०१७ | युवक गान (युवा गीत) | पुस्तक | लक्ष्मी सडकका कविता, २०६० |
| ३५ | २०१८ | मेरो इतिहास | रूपरेखा | वर्ष ३, अङ्क १२, पूर्णाङ्क २४, वैशाख २०२० |
| ३६ | २०१८ | छ टुक्रा प्रेमका कविता | रूपरेखा | वर्ष ३, अङ्क ७, पूर्णाङ्क १९, २०१९ |
| ३७ | २०१८ | मेरी छोरी | स्वास्नी मान्छे | वर्ष ४, अङ्क १८-१९, माघ २०१९ |
| ३८ | २०१८ | तिमी | शारदा | वर्ष २६, अङ्क १, २०१८ |
| ३९ | २०१८ | कहिले काहीँ | छाया | पत्रिका २०१८-१९, महेन्द्र क्याम्पस |
| ४० | २०१८ | मेरा पुराना कविताहरू | रूपरेखा | वर्ष ४, अङ्क ३, पूर्णाङ्क २७, पुष, २०२० |
| ४१ | २०१८ | सान्ध्य गीत | सिंहनाद | वर्ष १, अङ्क ५, साउन २०२० |
| ४२ | २०१८ | यहाँदेखि उहाँसम्म | उजेली | वर्ष ५, अङ्क ५, २०१९ |
| ४३ | २०१८ | जीवन, धरती र श्रम | उजेली | वर्ष ६, अङ्क ६ २०२० |
| ४४ | २०१८ | मान्छे मर्दैन | भानु | वर्ष १, अङ्क १, असोज २०२० |
| ४५ | २०१९ | च्यातिएका कागजका टुक्रा | बिहान | प्रवेशाङ्क १, वैशाख २०२० |
| ४६ | २०१९ | एकादशी | हिमानी | वर्ष १, अङ्क ३, वैशाख २०२० |
| ४७ | २०१९ | झरी | दियालो | वर्ष ४, अङ्क १३, २०१९ |
| ४८ | २०२० | दुई टुक्रा साँझ र झरी | रूपरेखा | वर्ष ४ अङ्क ८, पूर्णाङ्क ३२, २०२० |
| ४९ | २०२० | आधारात पछि | सप्तकोशी | कविता संकलन २०२० |
| ५० | २०२० | एस्ट्रेको धुलो | रूपरेखा | वर्ष ५, अङ्क ३, पूर्णाङ्क ३९, २०२१ |
| ५१ | २०२१ | माया | गोर्खापत्र | सय वर्षका कवितामा २०५८ मा सङ्कलित |
| ५२ | २०२१ | एक वेदना दुई मुक्तक | उजेली | अङ्क ७, पूर्णाङ्क ७, २०२१ |
| ५३ | २०२१ | टुक्रैटुक्राको अनन्त लहर | रचना | वर्ष ३, अङ्क ४, वैशाख २०२२ |
| ५४ | २०२१ | मेरा सहर | फूलबारी | वर्ष १, अङ्क १, २०२१ |
| ५५ | २०२१ | दिवसको चढ्दो बैंसमा.... | रूपरेखा | वर्ष ५, अङ्क ६, पूर्णाङ्क ४२, २०२१ |
| ५६ | २०२१ | नयाँ सडक राति ९ बजे पछि | रूपरेखा | वर्ष ५, अङ्क १० पूर्णाङ्क ४६, २०२१ |
| ५७ | २०२१ | दुई टुक्रा कविता | स्वास्नी मान्छे | वर्ष ७, अङ्क ३, २०२२ |
| ५८ | २०२१ | दौडेका पाइलाहरू | रूपरेखा | वर्ष ७, अङ्क ८, पूर्णाङ्क ६८, २०२३ |
| ५९ | २०२१ | महाकविको मृत्युमा | हिमानी | वर्ष २, अङ्क ४, वैशाख २०२३ |
| ६० | २०२१ | भियतनाम | उजेली | वर्ष १०, अङ्क १०, २०२६ |
| ६१ | २०२१ | डुब्न लागेको सालमा चोइटिएको | बिहान | वर्ष ३, अङ्क ५, २०२३ भदौ |
| ६२ | २०२१ | सम्झनाको व्यथा पग्लेर | युगप्रेरणा | प्रचारप्रसार विभाग, २०३० |

| | | | | |
|---|---|---|---|---|
| ६३ | २०२१ | तीन कविता | भानु | वर्ष २, अङ्क ५, कात्तिक २०२२ |
| ६४ | २०२१ | आफ्नै जन्म दिनमा | रूपरेखा | वर्ष ६, अङ्क ८, पूर्णाङ्क ५६, २०२२ |
| ६५ | २०२१ | धरान | पुस्तक | कविहरूको आ''खामा धरान, २०५४ |
| ६६ | २०२२ | दुई कविता अन्धकार र एकान्त | भानु | वर्ष ३, अङ्क ७, २०२३ |
| ६७ | २०२२ | केही टुक्रा कविताहरू | पुस्तक | लक्ष्मी सडकका कविता, पाँचौं, २०५२ |

## २.५.२ प्रकाशित अनूदित कविताहरू

| क्र.सं. | शीर्षक | मूल लेखक | देश | पत्रिका | प्रकाशन वर्ष |
|---|---|---|---|---|---|
| १ | जुनेली रात | होचि मिन्ह | भियतनाम | साहित्य | वर्ष ६, अङ्क २९-३६, असोज २०२२ |
| २ | उराठ लाग्दो रात | होचि मिन्ह | भियतनाम | साहित्य | " " |
| ३ | अन्त्येष्ठिक्रियाको सङ्गीत | राबर्ट राभ्देस्ताभेन्स्की | रूस | रचना | असार-साउन २०३५ |
| ४ | बन्दीगृहको डायरीबाट | होचि मिन्ह | भियतनाम | सौगात | वर्ष ५, अङ्क ३, फागुन २०२६ |
| ५ | भूमध्य सागरका लहरहरू | महमुद दरबिस | पेलिस्टिन | सौगात | वर्ष ५, अङ्क ५, फागुन २०२६ |
| ६ | पूर्वी सोभियत कविहरूका केही कविताहरू | | रूस | सम्झना | वर्ष २, पूर्णाङ्क ३, २०२७ जेठ |
| | अनुरोध | मिर्जा तुर्सुन जादेँ | " | " | " " |
| | खेतका फूलहरू | ग्युलचेखा सुलेमानोवा | " | " | " " |
| | लामो जीवन | गफर मिरजोएभ | " | " | " " |
| | प्रेमको आगो | मुभिन कानोअतोव | " | " | " " |
| | वृक्ष | लोइक सेरालिभ | " | " | " " |
| ७ | अफ्रिकाली पाँच कविता | लियोपोल्ड सेन्धर | सेनेगल | हिमानी | वर्ष ९, अङ्क ३, २०२७ |
| | | डेभिड डियोप | " | " | " " |
| | | मलुङ्गानो | मोजाम्बिक | " | " " |
| | | सा कार्टेस | एङ्गोला | " | " " |
| | | देनिस बुट्स | ६ अफ्रिका | " | " " |
| ८ | बिदाइ गीत | अगस्टिन्हो नेटो | एङ्गोला | भानु | वर्ष ९, अङ्क १७, वैशाख २०२९ |
| ९ | बुखेन्बाल्डको ध्वनि | आ. सोबोलेब | रूस | स्वतन्त्रता | वैशाख २०२९ |
| १० | समाजवादी बुल्गेरियाका पाँच कविता | | बुल्गेरिया | जागरण | वर्ष ९, अङ्क १३ २०३९ |
| | तारा | ल्युवोमिर | " | " | " " |
| | प्रतिबिम्ब | भ्लादिमिर भदस्चेभ | " | " | " " |
| | आमाप्रति | दृष्टोवोतेभ | " | " | " " |
| | यहाँ मरे भने | गियोर्गी जागारोभ | " | " | " " |
| | पत्नीसित विदावारी | निकोला पाल्सरोभ | " | " | " " |
| ११ | पाँच रोमानियालो कविता | | रुमानिया | भानु | वर्ष २२, अङ्क ४, पूर्णाङ्क ४०, २०४२ |
| | इभको गोधूली | भेरोनिका पेरुम्बमकु | " | " | " " |
| | घोषणा | जहरिया स्तान्कु | " | " | " " |
| | माइकल एन्जेलो | भोसिल म्वाइकुलेस्कु | " | " | " " |
| | त्रुटिहरू | " | " | " | " " |
| | देन्युव नदीको पल्लो किनारमा | " | " | " | " " |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | हत्यौडी | कार्ल सेडवर्ग | अमेरिका | रचना | वर्ष ४३, पूर्णाङ्क ७८, २०६० |
| १३ | मुक्तिगीत | ओसिप इमेलिबिच मन्दिलरत्ताम | रूस | देवकोटा स्मारिका | २०६० |
| १४ | दुस्मनी | आन्द्रेइ भोज्नेसेब्स्की | " | अभिव्यक्ति | वर्ष ३४, पूर्णाङ्क ११७, २०६० |
| १५ | समयको एक क्षण | हो सुवान योङ | भियतनाम | सुनसरी | वर्ष १०, अङ्क ८-९, २०६० |
| १६ | सागर | किमची हा | द कोरिया | मोती | वर्ष ६, अङ्क ६, २०६४ |

### २.५.३ प्रकाशित विविध रचनाहरू

कविताबाहेक झन्डै ३ दर्जन लेख-निबन्ध, संस्मरणात्मक रचनाहरू ।

## २.६ केही अप्रकाशित रचनाहरू

आधा दर्जन फुटकर कविताहरू (कविसँग २०६१ मा भएको प्रत्यक्ष वार्ताबाट प्राप्त जानकारी ।)

## २.७ हालसम्म साहित्यिक संलग्नता

कृष्णप्रसाद श्रेष्ठ साहित्यिक क्षेत्रमा विशेषतः कविका रूपमा चिनिने प्रतिभा हुन् । कविता सिर्जनाका अतिरिक्त विभिन्न पुस्तक, पत्रपत्रिकाको सम्पादन एवं साहित्यिक सङ्घसंस्थामा पदीय दायित्व पूरा गरेर पनि उनले साहित्यिक योगदान दिएका छन् । उनको साहित्यिक संलग्नतालाई यस प्रकार उल्लेख गर्न सकिन्छ–

१. नेपाली छात्र सङ्घ, बनारसको प्रकाशन छात्रको सम्पादक (२०१०),

२. जनवार्ता पत्रिकाको सहसम्पादक,

३. पानको पात कथासग्रहको सम्पादन (२०१९),

४. विभिन्न पत्रपत्रिकामा अतिथि सम्पादक र सल्लाहकारका रूपमा सेवा,

५. प्रगतिशील लेखक सङ्घको सचिव (२०१३-१४) एवं सभापति (२०१४-१५),

६. मोती संस्मरण समिति, नेपाल भाषा एकेडेमी, नेपाल भाषा खल आदि साहित्यिक सङ्घसंस्थामा विभिन्न भूमिका निर्वाह ।

## २.८ पुरस्कार तथा सम्मानहरू

कृष्णप्रसाद श्रेष्ठ साहित्यसेवामा संलग्न रहेबापत बेलाबखतमा विभिन्न सङ्घसंस्थाहरूबाट सम्मानित एवं पुरस्कृत हुँदै आएका छन् । उनले हालसम्म प्राप्त गरेका सम्मान तथा पुरस्कारहरू यसप्रकार उल्लेख गर्न सकिन्छ–

१. विमल स्मृति पुस्तकालय, धरानबाट सम्मानित, २०५२,

२. सुनसरी साहित्य प्रतिष्ठान, धरानबाट सम्मान, २०५२,

३. शब्द शताब्दी नेपाल, डिल्लीबजारबाट सम्मान, २०५२,

४. धरान महोत्सव, धरानबाट कदरपत्र, २०५५,

५. प्रगतिशील लेखक सङ्घ, सुनसरीबाट शाखाबाट अभिनन्दन, २०६०,

६. गणेश खिलकुमारी दुवाल साहित्य पुरस्कार, २०६०,

७. मदरल्यान्ड इङ्लिस बोर्डिङ स्कुल, धरानबाट पुरस्कार, २०६०,

८. प्रतिभा निकेतन साहित्य-कला सङ्गम, दमकबाट सम्मान एवं कदर, २०६० तथा

९. अस्वीकृत विचार साहित्य पुरस्कार, काठमाडौँ, २०६१ ।

## २.९ कृष्णप्रसाद श्रेष्ठको कवितायात्रा

छात्र अवस्थादेखि नै कवितासिर्जना गर्न थालेका कवि कृष्णप्रसाद श्रेष्ठको रचनाका दृष्टिले पहिलो कविता 'बटुवा' हो, जसको प्रकाशन गोर्खा साप्ताहिकमा वि.सं. २००६ सालमा भएको हो (दाहाल, २०६० : पृ. ६३) भनिए पनि प्रमाणित हुन सकेको छैन । उनको प्रकाशनको औपचारिक यात्रा भने २००६ सालमै उदय मासिकमा प्रकाशित 'जीवनको लक्ष्य' कवितासँगै भएको मान्न सकिन्छ । यस आधारमा उनको औपचारिक कवितायात्रा वि.सं. २००६ देखि सुरु भएको मान्नुपर्ने हुन्छ । उनको २००६ सालदेखि सुरु भएको काव्ययात्रा पूर्वोक्त कविताहरूको विवरणबाट खण्डित हुँदै अघि बढेको स्पष्ट देखिन्छ । कविता सामाजिक चेतनाको उपज भएकाले देश, काल, परिस्थितिभित्रै कविको काव्यजीवन, काव्यभाव र काव्यदृष्टिकोणले मौलाउने, फुल्ने र फल्ने अवसर पाएको हुन्छ । २००६ सालदेखि कवितासिर्जना र प्रकाशन गर्न थालेका कृष्णप्रसाद श्रेष्ठका २०६० सालसम्म झण्डै साढे पाँच दर्जन मौलिक कविताहरू प्रकाशित भएका देखिन्छन् । यस अवधिमा रचना भएका उनका कविताहरूको कालक्रमिक यात्रानिरूपण गर्दा नेपाली समाजको इतिहाससँगै जोडेर अध्ययन गर्नु उपयुक्त देखिन्छ । यसै गरी उनका कविताको विकासक्रम र विषयवस्तु एवं शैलीशिल्पको आधारमा उनको कवितायात्रालाई निम्न तीन चरणहरू विभाजन गरी अध्ययन गर्न सकिन्छ–

१) अभ्यास काल/पहिलो चरण (२००६–२०१३)

२) शिथिल काल/दोस्रो चरण (२०१४–२०१७)

३) उत्कर्ष काल/तेस्रो चरण (२०१८–२०६०)

### २.९.१ पहिलो चरण (अभ्यास काल : २००६ देखि २०१३ सम्म)

कवि श्रेष्ठले कविता सिर्जना गर्न आरम्भ गर्दाको समयमा समाज निरङ्कुश राणाहरूको अनुदार शासनतन्त्रमा जकडिएकाले वर्गसङ्घर्षको माध्यमबाट नेपाली जनता उन्मुक्तिको बाटो खोजिरहेका थिए । निम्न वर्गका जनताको हक-अधिकार स्थापनार्थ राजनीतिक सङ्गठनको स्थापना पनि भएको परिवेशमा कविको कवित्वको उदय भएको देखिन्छ । २००६ सालमा प्रवेशिका परीक्षाको

तयारीमै रहँदा 'जीवनको लक्ष्य' उदय मासिकमा प्रकाशित भएपछि उनका रचनाहरू पत्रपत्रिकामा प्रकाशित हुन थाले ।

वि.सं. २०१३ सालसम्म उनका प्रकाशित रचनाहरू हेर्दा २००६ सालमा 'जीवनको लक्ष्य', 'धरान', 'जाग्रत हुन्छन्', 'साथी तिम्रा खोजमा'; २००७ मा 'नेपाल पुकार', 'थाकेको वटुवासित'; २००८ मा 'नेपाल', 'नव वर्ष', 'युवक बाल अब क्रान्ति दीप', 'तिमी को ?', 'जागरण रे' !, 'विद्रोह गर विद्रोही बन', 'याद गर', 'को ?', 'कविसँग मेरो गीत', 'नाता', 'श्री भानुभक्तप्रति', 'बाँचिरहू', 'स्वास्नी मान्छे', 'युवकप्रति' आदि हुन् । त्यसै गरी २००९ सालमा 'लाश', 'लाठी गोली जेल अझै किन ?', 'आह्वानप्रति' जस्ता कविता प्रकाशित भएका छन् भने २०१० सालमा 'क्रान्ति रे ! क्रान्ति रे !! इन्कलाब रे !!!', 'यो डोको हो !' जस्ता दुई कविता मात्र प्रकाशित भएको पाइन्छ । यसै चरणमा २०१३ सालमा 'शान्तिको युद्ध मोर्चा' एक मात्र कविता प्रकाशित भएको छ । उदय, साथी, आ''खा, प्रभात, युगवाणी, भारती, जनयुग, जागरण, नेपाल पुकार आदि पत्रिकामा पकाशित उक्त कविताहरूमा क्रान्तिपश्चात देखा परेको निराशा, विघटन, अस्थिरता, अविश्वासजस्ता पक्षले काव्यचेतनालाई पनि प्रभावित गरेको देखिन्छ भने अन्य कविका कवितामा झैँ उनका कवितामा पनि वैश्विक घटना, समसामयिक राष्ट्रिय यथार्थ सकार्दै आधुनिकता भित्रिएको देखिन्छ ।

उनका यस चरणका कविताहरूमा जीवनको लक्ष्यको खोजी, जन्मस्थानप्रतिको प्रेम, यथार्थवादी राष्ट्रियताको भावना, तत्कालीन राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थितिबाट प्रभावित प्रगतिशील चेतना, कोमल भावुकता तथा वीरोचित प्रवृतिजस्ता विशेषताहरू पाइन्छन् । यस चरणका उनका 'धरान', 'नेपाल' जस्ता कविताहरूमा प्रकृतिप्रेम, प्रकृतिको मानवीकरण जस्ता प्रवृत्ति पाइन्छ भने 'जाग्रत हुन्छन्', 'लाठी, गोली र जेल अझै किन ?' 'यो डोको हो', जस्ता कविताहरूबाट सामाजिक सङ्घर्षका यथार्थ वस्तुतथ्यहरूको प्रतिबिम्बन गर्ने प्रक्रिया आरम्भ गरेका छन् । यसै चरणका उनका 'विद्रोह गर विद्रोही बन', 'युवकप्रति', 'युवक बाल अब क्रान्ति दीप' जस्ता कविताहरूमा युगीन विसङ्गतिविरुद्ध क्रान्तिलाई निमन्त्रणा गर्ने वीरोचित भावको अभिव्यक्ति पनि पाइन्छ । उनका प्रारम्भिक कविताहरू अध्ययन गर्दा कवि श्रेष्ठ परिवर्तनकामी मात्र होइन, क्रान्तिकारी भावनाहरूले ओतप्रोत भई स्वप्नदर्शी, स्वच्छन्दतावादी रचनाधर्मी धारणाभन्दा अलग सामाजिक यथार्थको धरातलमा जीवनलाई खोज्ने र पहिचान गर्ने आधुनिक प्रवृत्तितिर आकृष्ट हुँदै आएका देखिन्छन् ।

### २.९.२ दोस्रो चरण (शिथिल काल : २०१४ देखि २०१७ सम्म)

कवि श्रेष्ठको दोस्रो चरणको अवधि नेपालको शासनसत्तामा राजा महेन्द्रको राज्यारोहणपछि वा देशमा योजनाबद्ध विकास-निर्माणका कार्य आरम्भ भइसकेपछिको समय अर्थात् २०१३/१४ देखि २०१६/१७ सम्मको आन्तरिक शक्तिसङ्घर्षको समय हो । यस चरणमा उनको कविता रचनाको गति शिथिल रहेको यथार्थ जम्मा चारवटा मात्र कविताहरू रचना हुनुले स्पष्ट हुन्छ । ती चार

कविताहरू हुन्– 'शान्तिको युद्ध मोर्चा' (र.का. २०१३/प्र.का. २०१३), 'अन्तिम पत्र' (र.का. २०१४/प्र.का. २०२०), 'हङ्चो' (र.का. २०१७/ प्र.का. २०५३) र 'युवागीत' (र.का. २०१७/प्र.का. २०६०)। यस चरणमा उनले थोरै कविता रचना गरे पनि यी रचनाहरूले उनको कवित्व विकासको राम्रो सम्भावनालाई पुष्टि गरेको पाइन्छ। 'शान्तिको युद्ध मोर्चा' ले विश्व परिवेशको आणविक सन्त्रासको चित्रण गर्दै मानिसमा आएको परिवर्तनको वकालत र आणविक अस्त्रनिर्माणको अन्त्य तथा विश्वशान्तिको कामना गर्ने शान्तिप्रिय भाव प्रस्तुत गरेको छ भने 'युवागीत' मा विसङ्गतिको चित्रण गर्दै युवालाई अन्याय, शोषण, अन्धविश्वासविरुद्ध क्रान्ति गर्न आह्वान गरेको छ। यसै चरणको 'अन्तिम पत्र' मा कविको eृङ्गारिक भाव प्रस्तुत गर्दै विगतका सुखद् स्मृतिहरूलाई नाटक सम्झेर बिर्सन आह्वान गरिएको छ। यसमा कविले प्रेमप्रसङ्गलाई वियोगीको तहबाट अवलोकन गर्दै विप्रलम्भ eृङ्गारको मर्मलाई मार्मिक रूपमा प्रस्तुत गरेका छन्।

कवि श्रेष्ठका कविताहरूमा विषयवस्तुको विविधता देखिन्छ। उनले आफ्ना कवितामा अघिल्लो चरणकै केही प्रवृत्तिहरू अनुसरण गरे पनि बौद्धिक चिन्तनले थप सौन्दर्यपूर्ण बनाउँदै eृङ्गारिक काव्यचिन्तनको नयाँ प्रवृत्तिलाई यस चरणमा भिœयाई शैलीशिल्पमा अझ परिष्कार एवं परिमार्जन गर्दै आफ्नो काव्ययात्रा अघि बढाएको देखिन्छ।

### २.९.३ तेस्रो चरण (उत्कर्ष काल : २०१८ देखि २०६० सम्म)

तेस्रो चरणको प्रारम्भसँगै कवि श्रेष्ठको रचनाकारिता सर्वाधिक उर्वर, उन्नत र प्रखर रहेको पाइन्छ। वि.सं. २०१८ देखि प्रारम्भ भएको काव्यरचनाको यो प्रवाह २०२३-२४ सम्म निरविच्छिन्न अघि बढेको छ भने यस चरणमा आफ्नो सिर्जनयात्रालाई कविले मौलिक रचनाका अतिरिक्त अनुवाद रचनातर्फ पनि डोऱ्याएको देखिन्छ। उनका झण्डै तीन दर्जन कविताहरूको रचना एवं प्रकाशन यसै चरणमा भएका छन्। यस चरणका कवि श्रेष्ठका कविताको अध्ययन गर्दा उनको कवित्वको विकास उत्तरोत्तर उत्कर्षतिर बढेको देखिन्छ। वि.सं. २०१८ सालमा रचना भई प्रकाशित भएका उनका कविताहरू हुन्– 'मेरो हात', 'मेरो इतिहास', 'छ टुक्रा प्रेमका कविता', 'मेरी छोरी', 'तिमी', 'कहिलेकाहीँ', 'मेरा पुराना कविताहरू', 'मेरा साथीका गीतहरू', 'सान्ध्य गीत', 'यहाँदेखि उहाँसम्म', 'जीवन, धरती र श्रम', 'मान्छे मर्दैन' आदि। उनका यी कविताहरूमा कोमल भावुकता, सङ्गीतप्रियता, सामाजिक उन्मुक्तिको प्रयासका साथै गद्य कविताको परम्पराभित्र अनुप्राणित चित्तबुझ्दो तार्किकता, बौद्धिक चिन्तनको उचाइतर्फको अविरल प्रयासका साथै विद्रोह र विध्वंसका ज्वारभाटाहरू उर्लिएका देखिन्छन्। यसै गरी उनका २०१९ सालमा 'झरी' जस्ता मुक्तक संरचनामा रचना भएका प्रकृतिलाई नजिकबाट स्पर्श गर्ने प्रकृतिप्रेममा आधारित कविता हुन् भने 'च्यातिएका कागतका टुक्रा', 'एकादशी', आदि रूपक एवं प्रतीकको संयोजन भएको पुराना इतिहासका पोथ्रा पुँजी, गीता र कुरानका मर्महरू मूल्यहीन बन्दै गएको सन्दर्भ प्रस्तुत गर्ने कविता हुन्। यसै गरी 'दुई

टुक्रा', 'आधा रातपछि', 'एस्ट्रेको धुलो' २०२० सालमा सिर्जना भई विभिन्न पत्रिकामा प्रकाशित रचना हुन् । वि.सं. २०२१ सालमा 'एक वेदना दुई मुक्तक', 'टुक्रैटुक्राको अनन्त लहर', 'मेरो सहर', 'दिवसको चढ्दो बैंसमा', 'नयाँ सडक राति नौ बजेपछि', 'दुई टुक्रा कविता', 'दौडेका पाइलाहरू' जस्ता कविता रच्दै अघि बढेका श्रेष्ठका २०२२ सालमा 'दुई कविता', 'केही टुक्रा कविताहरू', 'महाकविको मृत्युमा', 'भियतनाम', 'डुब्न लागेको सालमा चोइटिएको दायित्व', 'सम्झनाको व्यथा पग्लेर', 'तीन कविता', 'आफ्नै जन्म दिनमा', 'धरान' जस्ता कविताहरू रचना भई प्रकाशित भएका देखिन्छन् ।

उनका यस चरणका केही कविताहरूको अध्ययन गर्दा 'छ टुक्रा प्रेमका कविता' मा प्रेम, मिलन र प्रतीक्षा आदिसँग जोडिएका क्षणबाट उत्पन्न असन्तुष्टि, विरोधाभास र विपरीत भावहरूलाई मूर्तरूप दिने प्रयास गरेका छन् भने 'मेरो इतिहास' मा युगबोधबाट निःसृत, आत्मबोधबाट सिर्जित नवीन सौन्दर्यको चित्रण पाइन्छ । अतीत कुरूप हुने र वर्तमान सर्वोत्तम हुने युगचेतना प्रकट भएको छ । यसै गरी 'मेरा पुराना कविताहरू' मा प्राचीन छन्दवादी नियमित जीवन र जगत्प्रति व्यङ्ग्य गर्दै उनले यस कवितामा आफ्नै पुराना कविताहरूलाई आलोचनात्मक दृष्टिले हेर्दै युगबोधजनीत आजका कविताले श्रमको मूल्य गाउँदै परिश्रमले संसार सिँगार्न सकिने प्रगतिवादी जीवनदृष्टि प्रस्तुत गरेको छ । त्यस्तै 'एकादशी' ले वर्तमान वैज्ञानिक युगमा पनि सामाजिक परम्परा वा ढुङ्गालाई पनि देवता मान्ने अवैज्ञानिक, अन्धविश्वासी, धार्मिक सङ्कीर्णताप्रति चोटिलो व्यङ्ग्य गरेका छन् । त्यस्तै 'भियतनाम' मा अन्तर्राष्ट्रिय द्वन्द्वको विषयवस्तुलाई आधार बनाएर गम्भीर विचार प्रकट गरिको छ भने 'तीन कविता' मा प्रेमको प्रसङ्ग उल्लेख गर्दै दुई आत्माको पवित्र मिलनका रूपमा प्रेमलाई चिनाउने प्रयास गरेका छन् । उनको 'महाकविको मृत्युमा' कवितामा देवकोटाको मृत्युको सन्दर्भ उल्लेख गर्दै जन्म र मृत्यु साथसाथै हुन्छन् तर हामी जीवनको खोजीमा लागिरहेका हुन्छौं र जीवनमा अनास्था पोख्दै निराश बनाउँछौं भनिएको छ । त्यसै गरी 'धरान' (२०५४) मा धरानको प्राकृतिक परिवेशको पार्श्वमा त्यहाँको सांस्कृतिक, राजनीतिक तथा आर्थिक विकृति र मनवीय मूल्य ह्रासको चित्रण गरिएको छ ।

यस चरणका उनका कविताहरूमा युगचेतनाको प्रखर अभिव्यक्ति, स-साना विषयवस्तुलाई कवितामा टिप्दै कलात्मक प्रस्तुति, सामाजिक विसङ्गतिप्रति तीव्र व्यङ्ग्य, बौद्धिकताभित्र प्रगतिशील चेत, राष्ट्रियता र प्रकृतिप्रेमजस्ता प्रवृत्ति पाइन्छन् ।

यसै चरणमा कवि श्रेष्ठले विदेशीभाषामा लेखिएका उत्कृष्ट कविताहरूको अनुवाद गरी प्रकाशन गरेको पनि पाइन्छ । अनूदित भई प्रकाशित उनका कविताहरू यस प्रकार उल्लेख गर्न सकिन्छ– 'जुनेली रात', 'उराठ लाग्दो रात', 'बन्दी गृहको डायरीबाट' (होचि मिन्ह), अन्त्येष्टि क्रियाको सङ्गीत

(राबर्ट राफ्रदेस्तभेन्सी), 'भूमध्यसागरका लहरहरू' (महमुद दरबिस), 'बिदाइ गीत' (अगस्टिनो नेटो) आदि । उनका अनूदित रचनाहरू भानु, रचना, अभिव्यक्ति, जागरण, हिमानी, सम्झना, साहित्यजस्ता पत्रपत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन् ।

यसरी उनले तेस्रो चरणमा अनुवाद साहित्य सिर्जनायात्रालाई पनि अघि बढाएको देखिन्छ ।

# अध्याय तीन

## कवि कृष्णप्रसाद श्रेष्ठका प्रकाशित कविताहरूको अध्ययन

कृष्णप्रसाद श्रेष्ठ नेपाली साहित्यमा वि.सं. २००६ सालदेखि औपचारिक रूपमा कलम चलाउँदै आएका प्रतिभा हुन् । उनको पहिलो प्रकाशित रचना उदय मासिकमा प्रकाशित 'जीवनको लक्ष्य'

हो । त्यसपछि उनका कृतिहरू जनयुग, युगवाणी, भारती, दियालो, शारदा, नेपाल पुकार, छाया, बिहान, स्वास्नीमान्छे, भानु, रूपरेखा, हिमानी, सिंहनाद, रचना आदि पत्रपत्रिकामा प्रकाशित हुँदै आएका छन् । उनका प्रकाशित रचनाहरूको सङ्ग्रह हालसम्म प्रकाशन हुन सकेको छैन । यसै गरी उनले विदेशी भाषामा लेखिएका झण्डै तीन दर्जन कविताहरू नेपालीमा अनुवाद गरी साहित्य, सौगत, सम्झना, भानु, जागरण आदि पत्रिकाहरूमा प्रकाशित गरेका छन् । उनका मौलिक एवं अनूदित कृतिहरूको अध्ययनबिना उनको कवित्वको अध्ययन र मूल्याङ्कन सम्भव छैन यसर्थ उनका प्रकाशित कविताहरूको सङ्क्षिप्त विश्लेषण यस अध्ययमा गरिएको छ ।

### ३.१ कविता विश्लेषणका आधारहरू

कुनै पनि वस्तु विभिन्न अङ्गहरूबाट बनेको हुन्छ । यिनै अङ्गहरूलाई त्यस वस्तुको अवयव वा घटक भनिन्छ भने यसलाई अन्य शब्दमा तŒव, घटक, उपकरण, संरचक आदि नामले पनि चिनाउने गरिन्छ । त्यसैले कवितालाई आकृति प्रदान गर्ने अवयव नै कविताका तŒवहरू हुन् । कविताको स्वरूप निर्माण गर्ने विभिन्न अवयवहरूलाई यसका संरचक घटकहरू भनिन्छ (लुइटेल, २०६० : पृ. ७५) । कविताका यिनै संरचक घटकका आधारमा नै कविताको विश्लेषण गर्नुपर्ने हुन्छ ।

पाश्चात्य विद्वान् विवेस्टरले काव्य वा कविताका चार तŒव मानेका छन्– भावतŒव, कल्पनातŒव, बुद्धित्तत्व र रचनातŒव (चापागाईं र सुवेदी, २०५१ : पृ. २१) । त्यसै गरी पूर्वीय काव्याचार्यहरूले रस, ध्वनि, रीति, वक्रोक्ति, अलङ्कार आदिलाई काव्यतŒव मानी तिनीहरूमध्ये रीति, अलङ्कार आदिलाई बाह्य तŒव तथा रस, ध्वनि आदि अनुभूतिजन्य पक्षलाई आन्तरिक तŒवका रूपमा लिएको पाइन्छ । समालोचक वासुदेव त्रिपाठीले कविताका निम्न लिखित नौवटा तŒव स्वीकारेका छन्– शीर्षक, संरचना, लय, भाषाशैली, कथनपद्धति । केन्द्रीय कथ्य वा भावविधान, बिम्बविधान वा सौन्दर्य प्रविधि, व्यञ्जना र विधागत स्वरूप तथा आयाम (त्रिपाठी र अन्य, २०४६ : पृ. १७) । उल्लिखित विभिन्न मतका आधारमा कविताका लागि निम्नलिखित तŒवहरूलाई निष्कर्षका रूपमा प्रस्तुत गर्दै तिनै तŒवहरूलाई कविता विश्लेषणका आधार मानिएकाले सङ्क्षेपमा चर्चा गरिएको छ ।

### ३.१.१ शीर्षक

शीर्षक भन्नाले कविताको नामकरण बुझिन्छ । कविताका विभिन्न तŒवहरूमध्ये शीर्षक एक महŒवपूर्ण तŒव हो । यसलाई कविताको पथप्रदर्शक मान्न सकिन्छ किनभने यसले कविताको सारभूत अनुभूति र जीवनदर्शनलाई झल्काएको हुन्छ । शीर्षकले कविताको केन्द्रीय कथ्यलाई प्रकाश पार्न सके कविता अझ बढी प्रभावकारी हुन पुग्दछ । कविले कविता लेख्नुअगाडि वा पछाडि जतिखेर भए पनि समस्त वस्तुको प्रतिनिधित्व हुने किसिमले शीर्षक चयन भएको छ कि छैन, सोझो अर्थ बोकेको छ वा प्रतीकात्मक, सो बुझ्नु पर्दछ । जे होस् कुनै पनि रचनामा शीर्षक र केन्द्रीय कथ्यबीच अन्तर्वाह्य सङ्गति हुनैपर्छ, अन्यथा त्यो कृति अपाङ्ग साबित हुन जान्छ । तसर्थ शीर्षक विशेषीकृत र सामान्यीकृत रूपमा प्रस्तुत भएका हुन्छन् । शीर्षकले प्रायः प्रतीकात्मक वा बिम्बात्मक रूपमा समग्र कविताको विचार वा भावलाई द्योतन गरिरहेको हुन्छ ।

### ३.१.२ संरचना

संरचनाको अर्थ आकारप्रकार वा बनावट हुन्छ । कुनै पनि विधाले आफ्नो भौतिक अस्तित्व स्थापित गर्नका लागि संरचना पक्ष ज्यादै मजबुत हुनुपर्छ । आन्तरिक र बाह्य गरी कविताका दुई प्रकारका संरचना हुन्छन् । कविता कृतिको आन्तरिक संरचना भनेको त्यसको भाव, अन्तरसङ्गीत र तीव्र संवेद्यताको सौन्दर्यपूर्ण एवं माधुर्यपूर्ण समन्वय हो । कविता कृतिको बाह्य संरचना त्यसको लयात्मक खण्डसँगै थालिन्छ । कविताको आन्तरिक संरचना भन्नाले मुख्यतः केन्द्रीय कथ्य, भाव-विचारको उठान, विकास र अन्तिम रागात्मक परिणतिको यात्रापथ ठहर्छ (त्रिपाठी र अन्य, २०५४ : पृ. १७-१८) । कविताको लघुत्तम रूपमा बाह्य संरचना स्वतः निर्मित हुने हुँदा यहाँ बाह्य संरचनाको सचेत आयोजना आवश्यक देखिँदैन तर लघु वा मझौला कवितामा भने बाह्य संरचनाको सचेत आयोजना आवश्यक देखिन्छ । अभिव्यक्तिमा सशक्तता र सजीवता प्रदान गर्न कवितामा बाह्य संरचनाका रूपमा शीर्षक, छन्द, लय, अनुप्रासयुक्त कोमलकान्त पदावली, बिम्ब, प्रतीक र विविध अलङ्कारहरूको औचित्यपूर्ण प्रयोग, भाषा र शैलीशिल्पको सुन्दर समायोजन आदि पक्षहरू समावेश भएका पाइन्छन् ।

### ३.१.३ लयविधान

लय भन्नाले एकाग्रता, तल्लीनता, सङ्गीतमा स्वरको आरोह/अवरोहका विशेषक्रम, प्रवाह आदि बुझिन्छ । कवितामा लय भन्नाले मानवमनको अनुभूति र अभिव्यक्तिका आन्तरिक भावावेगका रूपमा पनि लिएको पाइन्छ । लयको उत्पत्ति, प्रवाह, गति, यति, विराम, आघात आदिको संयोजनबाट हुन्छ । वास्तवमा साहित्यका अन्य विधाबाट कवितालाई अलग वा छुट्टै विधाका रूपमा

स्थापित गर्ने महŒवपूर्ण तŒव भनेको लय हो । कवितामा लयले विभिन्न तŒवहरूलाई एकीकृत रूपमा संलिष्ट गरी भावपूर्ण एवं हृदयसंवेद्य बनाउँछ ।

कवितालाई पद्य र गद्य गरी विभाजन गर्ने मुख्य आधार पनि लयको विशिष्टता नै हो । पद्य वा श्लोकभित्र समान किसिमको लयात्मकता पाइन्छ भने गद्यमा पदावली, पङ्क्ति हुँदै अनुच्छेदका क्रममा विशिष्ट लयसङ्गति स्थापित गरिएको हुन्छ । यथार्थमा लय र भाव नै कविताका मूलभूत तŒव हुन् (जोशी, २०४० : पृ. १५) । भावतŒवमा लयतŒवको वैशिष्टच थपिँदा कविता बन्छ । वार्णिक (लोक छन्द), मात्रिक, वर्णमात्रिक र गद्य छन्दमा लयको वर्णगत, अक्षरगत र मात्रागत नियमितता आवश्यक हुन्छ । गद्य कवितामा लय भएर पनि नियमतिता भने हुँदैन यही नै गद्य र पद्यको विभाज्य स्थिति हो । यसरी हेर्दा चरण, पाउ, मात्रा, यति, गति र विश्राम आदि तहबाट कविता अघि बढ्ने गर्दछ । यसर्थ लयविधान कविताको अनिवार्य र अपरिहार्य तŒव हो ।

## ३.१.४ भाषाशैली

कवितामा भाषाशैली भन्नाले कथन गर्नुपर्ने विषयवस्तुलाई बढी लालित्यपूर्ण, रागात्मक र लयात्मक हुने गरी वर्ण, पद, पदावली, वाक्य, अनुच्छेद आदिमा विन्यास गर्नु हो । काव्य वा कवितालाई कुन रूपरङ्गमा कस्ता शब्दावलीमा कसरी उभ्याउने हो भन्ने कुरा भाषाशैलीको क्षेत्रमा पर्दछ । कतिपय साहित्यकारहरूले शैली वा रीतिलाई नै काव्यको आत्मा मानेका छन् । यसबाट काव्यमा शैलीको महŒव स्पष्ट हुन्छ । शैलीगत सिद्धिले गर्दा नै लेखनाथ कविशिरोमणि बनेका हुन्, माधव घिमिरेको सफलताको आधार पनि शैली नै हो । यसरी शैली भाषासँग सम्बद्ध प्रत्यक्ष र प्रमुख तŒव हो ।

रचनालाई प्रस्तुत गर्ने माध्यम भाषा हो । कविताको भाषा कलात्मक हुन्छ । कवितामा प्रयोग गरिने भाषा अभिधेयार्थभन्दा बढी लाक्षणिक एवं व्यञ्जनात्मक, सङ्केतात्मक र प्रतीकात्मक हुन्छ । काव्यभाषा भावात्मक हुन्छ । यसै गरी काव्यमा प्रयोग गरिएको भाषा सामान्य नभएर विशिष्ट हुन्छ ।

भाषाशैली पनि कविताको एक महŒवपूर्ण तŒव हो । यहाँ भाषाशैली भनेर एउटै तŒवका रूपमा हेरिए पनि 'भाषा' र 'शैली' का बीच सामान्य भिन्नता भने हुन्छ । 'भाषा' अभिव्यक्तिको माध्यम हो भने 'शैली' अभिव्यक्तिको तरिका हो (लुइटेल, २०६० : पृ. ११३) । कविताको भाषाशैली भन्नाले जुन अर्थको कथन कुनै कविताकृतिले गर्नुछ त्यसका निम्ति उपलब्ध भाषिक विकल्पमध्येबाट सबभन्दा बढी ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुन सक्ने गरी

वर्ण, शब्द, पद, पदावली, वाक्यखण्ड, वाक्य र अनुच्छेद विधानसमेत सिर्जित हुने कुरा हो (त्रिपाठी र अन्य, २०५४ : पृ. १९) । यसरी कविको लेखनीबाट कविता सिर्जिने क्रममा भाषाशैलीको अहम् भूमिका रहन्छ भन्ने कुरा पुष्टि हुन्छ ।

### ३.१.५. कथनपद्धति

कविताका अनेक तŒवहरूमध्ये कथनपद्धति पनि एक हो । 'कथन' र 'पद्धति' दुई छुट्टाछुट्टै शब्द मिली बनेको कथनपद्धतिमा कथनको अर्थ भनाइ र पद्धतिको अर्थ तरिका भन्ने हुन्छ । तसर्थ कथनपद्धति भन्नाले भनाइको तरिका भन्ने बुझिन्छ । कविको कथन नै वास्तवमा कविता हो । कविकथनका दुई पद्धति वा तरिका कविप्रौढोक्ति र कविनिबद्ध वक्तृप्रौढोक्ति हुन् । कविप्रौढोक्ति आत्मपरक हुन्छ भने कविनिबद्ध वक्तृपौढोक्ति वस्तुपरक हुन्छ । कविता कथनका विभिन्न तरिकाहरू हुन्छन् । कवितामा कविले आत्मकथानात्मक, नाटकीकरण वा नाटकीकृत अथवा तृतीय पुरुषप्रधान शैलीको प्रयोग गर्न सक्छ । कथनपद्धति कथन कौशलताका रूपमा उच्चार्य गेय (र श्रव्य) रहने परिप्रेक्ष्यमा कवितामा पनि एक महŒवपूर्ण पक्षका रूपमा रहेको हुन्छ (त्रिपाठी र अन्य, २०५४ : पृ. २०१९) ।

कवि आफै कथन गर्दछ भने त्यो कविप्रौढोक्ति हुन्छ । यहाँ कविले आफ्नो आत्मपरक वा वस्तुपरक कथ्य खास गरी भावक/दर्शक/पाठकलाई सम्बोधन गर्दै भनिरहेको हुन्छ । यसमा आत्मपरक अभिव्यक्तिको प्रवलता रहेको पाइन्छ । यस्ता कविताहरूका कवि स्वयंसँग मनोवाद वा वार्तालाप गर्ने भएकाले यसलाई स्वगतकथन पनि भनिन्छ । कविले यस पद्धतिमा आफैंलाई प्रथम पुरुषमा आफ्ना अनुभूतिहरू व्यक्त गर्न पनि सक्छ । त्यस्तै कविनिबद्ध वक्तृप्रौढोक्तिमा कविले आफ्ना भावना र विचार प्रवाह गर्न कसैलाई पात्रको रूपमा स्वीकारी श्रोतावर्गलाई सम्बोधन गर्दै अभिव्यक्ति गरेको पाइन्छ । यस पद्धतिमा संवाद, विवाद आदिका माध्यमबाट नाटकीकरण गर्न खोजिएको हुन्छ । उत्तम पुरुष वा मध्यम पुरुष शैलीको प्रयोग हुने यस पद्धतिमा संरचना बाह्यबाट आन्तरिक तहसम्म पुगेको हुन्छ । यसमा कविले आफ्ना कथ्यलाई आख्यानीकृत गर्दछ (ऐजन : पृ. २०) ।

### ३.१.६ केन्द्रीय कथ्य र भावविधान

कविता/काव्यमा मानवीय भावना छताछुल्ल हुन्छ । मनमा भावना पैदा नभई कविता लेखिँदैन । भावनाको जागरणबिना विचार जन्मदैन । भावना र विचारको सन्तुलन नमिलीकन उत्तम कविता पनि बन्दैन । काव्यमा अझ विचारको भन्दा भावतŒवकै प्रधानता अपेक्षित हुन्छ । भावनालाई मूर्त रूप दिन कल्पनाको आवश्यकता पर्दछ । त्यसैले भाव कवि वा कविताको मुख्य प्रेरक तŒव हो । भाव जतिजति तीव्र र आक्रामक बन्दै जान्छ, कविता त्यति नै प्रभावकारी बन्न

पुग्दछ । कवितामा रहेका कविका भावनाले पाठकका मनमा सुतेका भावनालाई ब्यूँझाइ आनन्दको अनुभूति गराइदिने भएकाले यसमा भावकै नेतृत्वमा आउने विचार वा दर्शनलाई स्वागतयोग्य र उत्कृष्ट मानिन्छ । यसर्थ भाव कविताको प्रेरणा स्वरूप हो र एउटा मुख्य तŒव पनि हो ।

भाव कविताको मूलभूत आन्तरिक तŒव हो । यो स्रष्टाको अनुभूतिमा सुषुप्त र अमूर्त अवस्थामा रहेको हुन्छ । जब युगजीवनका विभिन्न प्रेरक तŒवहरूले अमूर्त अवस्थाको भावलाई स्पर्श गर्छन्, तब यसले कल्पनाको सहयोगमा मूर्त रूप लिँदै अभिव्यक्तिको निकास खोज्न थाल्छ । यसरी अभिव्यक्ति हुने भावलाई नै हामी सिर्जना भन्दछौँ । केन्द्रीय कथ्य वा भाव भनेको कविताको बीज हो । जीवनजगत्को समग्र विषयवस्तु र मानवचेतनाको यावत् अनुभवपुञ्ज कवितामा नअटाउनेचाहिँ होइन र पूरै प्रकृति (जीवन र जगत्) मानवीय समाज र संस्कृति, पुराकथा र इतिहास, दर्शन र ज्ञानविज्ञान आदिका साथै मानवमनको समस्त अनुभव-व्यापार (अनुभूति पुञ्ज वा भावराशि) को कथन कवितामा हुन सक्दछ
(त्रिपाठी र अन्य, २०५४ : पृ. २०) ।

सबै कविता उस्तै प्रकृतिका हुँदैनन् । कविता विभिन्न वाद र शैलीअन्तर्गत रहेर संरचित भएका हुन्छन् । कविहरूपिच्छे फरकफरक शैली हुन्छ । यसर्थ कविताको केन्द्रीय भाव पहिल्याउन पनि वाद र शैलीअनुसार कमबेसी परिश्रमको खाँचो पर्ने हुन्छ । कुनै कविता हरफहरफमा अर्थ्याउन सकिने हुन्छन् भने कुनै कविताको समष्टिमा भाव ठम्याउनुपर्ने हुन्छ । हिजोआजका कविताका प्रयोगवादी रूपहरूमा कविताको केन्द्रीय भाव सतही पठनले फेला पार्न नसकिने भएकाले यस्ता कविता मेहनतसाथ पढी समष्टिमा भाव ठम्याउनुपर्ने हुन्छ । उच्च बौद्धिक पाठकका खुराक ठानिएका प्रयोगवादी कविताहरू साधारण पाठकका लागि फलामे च्युरा साबित हुन्छन् । कुनैकुनै प्रयोगवादी कविहरूमा भाषिक सङ्गति र शब्दयोजनाका अस्तव्यस्तताबाट अघि बढ्दै अन्वितिरहित बिम्बका समष्टिलाई अर्थिनु र नअर्थिनुका दोसाँधमा लगेर कवितालाई पाठकको जिम्मा लगाउने प्रवृत्ति मूल रूपमा देखिन्छ । कविताको गरिमा यसैको केन्द्रीय भावसँग जीवित हुन्छ । पाठकले केन्द्रीय भाव पहिल्याउन नसक्दा कविताको मूल्य र मान्यता पनि घट्दै जान्छ । तसर्थ कवितामा केन्द्रीय भाव एक महŒवपूर्ण तŒव हो ।

### ३.१.७. बिम्बविधान तथा अन्य अलङ्करण प्रविधि

कविताको एक तŒवका रूपमा लिइने बिम्बको सामान्यार्थ छाया वा चित्र हो । कविताका सन्दर्भमा कथ्य वस्तुको प्रतिछाया वा पूरकका रूपमा आउने समानार्थी शब्द बिम्ब हो । जीवनजगत्का विभिन्न स्रोतबाट टिपिएका बिम्ब वा उपमानको प्रयोग कवितामा गरिएको हुन्छ ।

काव्यमा बिम्बको आयोजना अलङ्करण हो । यसका लागि आन्तरिक काल्पनिक वस्तुनिर्माणको आवश्यकता पर्दछ । उदाहरणबाट व्यक्त हुन नसक्ने अमूर्त र अव्यक्त भावहरू आलङकारिक बिम्बका माध्यमबाट व्यक्त हुन सक्दछ । कहिलेकाहीँ ज्ञात वस्तुको सहाराबाट अज्ञात वस्तुको जानकारीका लागिसमेत बिम्ब सहयोगी बन्न सक्छ । बिम्ब काव्यको त्यस्तो अनिवार्य तŒव हो जसले काव्यको सौन्दर्य वृद्धि गरी पाठक-श्रोतालाई समेत आकर्षित तुल्याउँछ भने अर्थ चमत्कार वृद्धिमा समेत यसको महŒवपूर्ण भूमिका रहेको हुन्छ (ओझा र गिरी, २०५८ : पृ. ३२६-३२७) । बिम्बलाई आंशिक र पूर्ण गरी दुई रूपमा बाँड्न सकिन्छ । आंशिक बिम्ब कविताका खासखास अंशसँग सम्बद्ध भएर आएका हुन्छन् भने पूर्ण बिम्ब पूरै कविताव्यापी हुन्छ । बिम्बले कवितामा कलात्मक सौन्दर्यको बृद्धि गर्छ । कविताव्यापी पूर्ण बिम्ब व्यञ्जनाधर्मी हुन्छ भने कविताको खासखास अंशसँग सम्बद्ध भएर आउने आंशिक बिम्ब त्यस अंशकै सौन्दर्यवर्द्धक हुन्छ ।

सामान्यतः बिम्बले कुनै चिजको भौतिक प्रतिनिधित्वको दृष्टिगोचर गर्छ वा कुनै दृश्यवस्तुको मानसिक चित्रलाई जनाउँछ । साहित्यिक सन्दर्भमा यसले प्रायः पाठकको मस्तिष्कमा मानसिक प्रभाव उत्पन्न गर्ने वर्णनात्मक पदावली वा आलङ्कारिक भाषा र त्यसबाट उत्पन्न हुने प्रायः दृश्यमान प्रभावलाई बुझाउँछ । काव्यबिम्बको माध्यम शब्द र अर्थ हुन्छ । प्रत्येक सार्थक शब्दमा बिम्ब निहित रहन्छ । बिम्बहरूको सामूहिक रूप वा समूहलाई बिम्बविधान भनिन्छ । सीमित अर्थमा बिम्ब भनेको कुनै दृश्यचित्र वा वस्तुको वर्णन गरिएको शब्दचित्र हो । व्यापक अर्थमा यसले साहित्यका कुनै अंशको आलङ्कारिक भाषा तथा इन्द्रिय अनुभूतिलाई आकर्षित तुल्याउने वस्तु र गुणलाई सङ्केत गर्ने सम्पूर्ण शब्दहरूलाई जनाउँछ । काव्यबिम्बको निर्माण सिर्जनात्मक कल्पनाबाट गरिन्छ र त्यसको मूलमा भावको प्रेरणा अनिवार्य रहन्छ । काव्यबिम्बको प्रेरक तŒव भाव हो । भावको स्पर्शबिना काव्यबिम्बको अस्तित्व रहँदैन । लक्षणा वा व्यञ्जना दुवैले बिम्बको विधान गर्दछन् । प्रत्येक लक्ष्यार्थ एक प्रकारको बिम्ब हो भने व्यङ्ग्यार्थ वा ध्वन्यार्थ पनि बिम्ब रूप हो । अलङ्कार र बिम्बको गहिरो सम्बन्ध भए पनि अलङ्कारको परिधि व्यापक हुन्छ भने बिम्बको सीमित । बिम्बले पाठकलाई पहिलेदेखि नै ज्ञात भएका अनुभूतिहरूको स्मरण गराउँछ । बिम्बविधान कविताको सजावट वा आभूषण मात्र नभएर अर्थको निर्माण गर्ने आवश्यक तŒव पनि हो । 'गुलाफ' शब्द पढ्दा हाम्रो मस्तिष्कमा कुनै न कुनै रूपले त्यसको चित्र आउँछ । हामी त्यसको सुगन्ध वा बुनोटको स्मरण गर्न थाल्छौँ । यसरी कवितामा हाम्रा इन्द्रियहरूलाई

आकर्षित गर्ने कुनै पनि चिजलाई बिम्ब भनिन्छ। यिनीहरू कृतिको विषयवस्तुमा इन्द्रियजन्य ढङ्गले शाब्दिक वा आलङ्कारिक रूपमा आउँछन्। कल्पनाद्वारा ऐन्द्रिय अनुभवका आधारमा निर्मित शब्दचित्रलाई बिम्ब भनिन्छ। बिम्ब शब्दद्वारा निर्मित चित्र हो । कविता अनेक बिम्बद्वारा संरचित हुन्छ । बिम्बलाई प्रमुख घटकका रूपमा लिइन्छ। यसलाई एकल शब्दचित्र र शाब्दिक वा अमूर्त भाषाका रूपमा मात्र नभएर समग्र कवितामा सबै इन्द्रियहरूलाई आकर्षित गर्ने शब्दचित्रात्मक घटक वर्णनमा लाक्षणिकताको साधन तथा आलङ्कारिक भाषाका रूपमा पनि लिइएको पाइन्छ। यसर्थ बिम्ब कविकल्पनाको प्रतीक मात्र नभएर पाठकका अनुभूतिको व्यञ्जना पनि हो (लुइटेल, २०१६ : पृ. ११८-१२६) ।

## ३.१.८ प्रतीक

प्रतीक भन्नाले सामान्य अर्थमा काल्पनिक रूपमा स्थापित कुनै निर्दिष्ट वस्तु वा भावलाई बुझाउने सङ्केतक वस्तु हो। अझ अर्को शब्दमा कुनै अदृश्य, अप्रस्तुत विषयको सट्टामा काम लिनका लागि प्रयुक्त वस्तु वा चिह्न नै प्रतीक हो भन्न सकिन्छ। समान गुणका आधारमा दृश्य वा अदृश्य कुनै वस्तुको कल्पना गरी प्रतिबिम्बका रूपमा राखिएको वस्तु वा चिनु र अन्य कुनै वस्तुको भावानात्मक वा प्रतिनिधित्वका रूपमा व्यवहारमा चलाइने अर्को कुनै पदार्थलाई प्रतीक भनेर बुझिन्छ (पोखेल र अन्य, २०६० : पृ. ८२२)। प्रतीक कविताको एक प्रमुख तŒवका रूपमा लिन सकिन्छ। कुनै कविताकृतिमा मुख्य प्रस्तुत अर्थका सहचरका रूपमा अर्को अर्थ बिम्ब रूपमा सहप्रस्तुत नभई लाक्षणिक र व्यञ्जनागम्य (अप्रस्तुत/आकर्षित) अर्थका रूपमा आउनुलाई प्रतीकविधान पनि भनिन्छ। (त्रिपाठी र अन्य, २०५४ : पृ. २१)। प्रतीक घुमाउरो अर्थ प्रक्षेपणका निम्ति कवितामा प्रयोग गरिन्छ। सोझो अर्थ दिँदा प्रतीकका रूपमा रहँदैनन्। प्रतीकवादीहरू यथार्थ स्वरूप प्रस्तुत नगरी सङ्केत मात्र गर्न मन पराउँछन् ।

कुनै चिजलाई सङ्केत गर्ने जुनसुकै वस्तुलाई प्रतीक भनिन्छ। प्रतीक भनेको सादृश्य वा साहचर्यद्वारा कुनै चिजको प्रतिनिधित्व गर्ने वस्तु हो। यसले प्रायः कुनै विचार र गुणको प्रतिनिधित्व गर्दछ, जस्तै– सामान्यतः सेतोले निर्दोष, सिंहले साहस तथा गुलाफले सुन्दरतालाई सङ्केतित गर्छ ( लुइटेल, २०६० : पृ. १२७)। प्रतीकको प्रयोग त्यही कुरालाई बुझाउन नभएर कुनै अर्कै कुरालाई सङ्केत गर्न गरिन्छ। मूर्त र अमूर्त दुवै हुने भए पनि सामान्यतः प्रतीक अमूर्त नै हुन्छ। प्रतीकले प्रायः निश्चित र एकै अर्थ दिन्छ। प्रतीकको अर्थ निर्धारणमा सांस्कृतिक, सामाजिक, परम्परित आदि अनेक सन्दर्भले महŒवपूर्ण भूमिका खेल्दछन्। झन्डा, बिरालाले बाटो काट्नुजस्ता कतिपय प्रतीकहरू प्रायः सबैतिर समान अर्थमा प्रयुक्त हुन्छन् (लुइटेल, २०६० : पृ. १३६)। परम्परित प्रतीकहरू दैनिक जनजीवनमा रूढ भएर विशिष्ट अर्थ धारण गरिसकेका हुन्छन् र तिनले प्रचलित संस्कृति र परम्पराअनुरूप अर्थ प्रदान गर्दछन्। जस्तै– छेपारो, सर्प, कालो बिरालो आदिले बाटो काट्नु, काग कराउनु, सपनामा भैँसीले

लखेट्नु आदिले अपसगुन जनाउँछन् भने गुलाफले सौन्दर्य, तराजुले न्याय, सिंहले बल वा साहस, परेवाले शान्ति, सुर्योदयले जन्म तथा उन्नति, सूर्यास्तले मृत्यु, आत्मसमर्पण वा अधोगति, उज्यालोले असल, अध्याँरोले खराब आदिलाई सङ्केत गर्दछन् (लुइटेल, २०६० : पृ. १३५) । प्रतीकको सबैभन्दा बढी प्रयोग गरिने क्षेत्र कविता हो ।

मुख्यतः प्रतीक परम्परित र नवनिर्मित गरी दुई किसिमका हुन्छन् । कविविशेषद्वारा निर्मित प्रतीक नवनिर्मित प्रतीक हुन् । व्यक्तिका निजी अनुभवबाट प्राप्त हुने नवनिर्मित प्रतीकहरू विशेष सन्दर्भबाट मात्र अर्थिने हुँदा परम्परित प्रतीकभन्दा दुरूह र जटिल हुन्छन् । प्रतीकको अध्ययनबिना कविताको अध्ययन अपूर्ण हुन्छ । त्यसैले प्रतीक पनि कविताको एक महŒवपूर्ण तŒव हो ।


### ३.१.९ व्यञ्जना

व्यञ्जना भनेको शब्दले दिने भित्री अर्थ हो। यसलाई पूवीय आचार्यहरूले ध्वनिका रूपमा लिएको पाइन्छ। शब्दले सम्प्रेषण गर्ने अर्थ वा शक्तिका तीन तह– अभिधा, लक्षणा र व्यञ्जनामध्ये व्यञ्जनाले वाच्यार्थ र लक्ष्यार्थभन्दा भिन्न व्यङ्ग्यार्थ वा विशेष चमत्कारी अर्थ सम्प्रेषण गर्दछ। व्यञ्जना तीन शक्तिमध्ये वाच्यार्थ र लक्ष्यार्थभन्दा भिन्न शब्दशक्ति भन्ने बुझिन्छ (पोखेल र अन्य, २०६० : पृ. ११७६) । उदाहरणका रूपमा 'म पशुपतिमा बस्छु' भन्ने वाक्यमा वाच्यार्थले शिवमन्दिरमा र लक्ष्यार्थले मन्दिरनजिकै भन्ने अर्थ बुझाएपछि तेस्रो अर्थका रूपमा व्यञ्जनाले पवित्र ठाउँ, धार्मिक वातावरण एवं तपोमय क्षेत्र आदि नयाँ अर्थ बुझाउँछ। त्यस्तै 'हाम्रो जीवनमा कहिले घाम देख्न पाइएला' भन्ने वाक्यमा 'घाम' शब्दले 'सुख' भन्ने व्यञ्जना अर्थ द्योतन गर्दछ। शब्द र अर्थ दुवैका कारणले कुनै उक्ति, कथन वा कृतिमा प्रस्तुत वा कथितभन्दा अप्रस्तुत वा अकथित सशक्त अर्थ जब पारदर्शकताका साथ झल्कन्छ, त्यो स्थिति व्यञ्जना हो (त्रिपाठी र अन्य, २०५४ : पृ. २१)। व्यञ्जनाले कविताको मूल्यलाई अझ बढाउने काम गर्दछ। कुनै पनि कृति तब सशक्त हुन्छ जब प्रस्तुत कृतिको आन्तरिक संरचनाले अर्थका कलात्मक भाव र मूल्यलाई पनि उचाल्दछ। यसरी व्यञ्जना पनि कविताको महŒवपूर्ण र विश्लेषणको आधार हुन आउँछ।

### ३.१.१० कविताको विधागत स्वरूप तथा आयाम

कविताको स्वरूप पाठ्य-श्रव्य हुन्छ। आयामका हिसाबले कवितालाई मुक्तक कविता, फुटकर कविता, खण्डकाव्य वा लामा कविता र महाकाव्यअन्तर्गत राखेर वर्गीकरण गर्न सकिन्छ। कविताको लघुत्तम आयाम दुई हरफदेखि सुरु भई आर्षमहकाव्यका स्तरमा पुग्दा सर्गविभाजन र लाखौँ श्लोकसम्म पुगेको पाइन्छ। कविताको लघुत्तम रूपमा कवितात्मकता ज्यादा हुन्छ भने मझौला हुँदै बृहत् आयाममा जाँदा कवितात्मकता क्रमशः कम र आख्यानात्मकता बढी हुँदै जान्छ। कविताको स्वरूपलाई यस प्रकार वर्गीकरण गर्न सकिन्छ–

sljtfsf]




(अधिकारी, २०६३ : पृ. ४३)

“कविता विधाको आफ्नै कालिक वा स्थानिक आयामको बाह्य, आन्तरिक ढाँचा वा रूपसंरचना हुन्छ र यसका मुक्तकदेखि आर्षमहाकाव्यसम्मका पूर्वोक्त विभिन्न पाँच उपविधाका आफ्ना खास रूपसंरचना तथा कतिपय वैकल्पिक सम्भावनासमेत हुने गर्दछन्” (त्रिपाठी र अन्य, २०५४ : पृ. २२)। कविताको आयाम भन्नु कृतिको कथन एवं श्रवणकालको लमाइ हो। मुक्तकहरू छोटा भएर पनि आफैँमा पूर्ण हुन्छन्। कवितामा त्रि-आयाम हेर्न सकिन्छ। आयामका दृष्टिले कवितामा मुख्य पाँच उपभेद मान्न सकिन्छ।

क) लघुत्तम रूप : मुक्तक

कविताको लघुत्तम रूप आयामका हिसाबले अति सानो काव्यात्मक उपभेद हो, जुन सानो भएर पनि आफैँमा पूर्ण हुन्छ। यो बिजुलीको एक झिल्का हो, जसले हृदय चस्स छोइ बिलाउने हुन्छ। लोकपद्य, लोकस्तुति, लोकसूक्ति, गीत, सायरी, मुक्तक आदि यसअन्तर्गत पर्दछन्। मुक्तकलाई कविताको लघुत्तम रूप मानिन्छ। “मुक्तक काव्य भनेको त्यस्तो काव्य रूप हो जसमा कथात्मक प्रबन्ध वा विषयगत निबन्धको योजना हुँदैन” (पराजुली, २०५० : पृ. २९४) जस्तै– आत्मकथा

म जन्माइएँ,.......................

हाहाकारमा परे, ................

मरे !! ................. (सरुभक्त, २०३५ : पृ. १३)

प्रस्तुत मुक्तकले सङ्क्षिप्तमै पूर्णताको प्राप्ति गर्दछ। छोटो भएर पनि पूरा अर्थ घनीभूत गर्दछ। तीन हरफको छोटो मुक्तकले संसारमा शान्ति कतै नभएको, जतासुकै हाहाकार, अशान्ति, समस्या आदि मात्रै भएको र यसैका कारण मानवजीवनले मूल्य गुमाएको भन्ने अर्थ ध्वनित गरेको छ। यसरी कविताको एक भेद मानिने लघुत्तम रूप ‘मुक्तक’ पनि कविताको एक महŒवपूर्ण विधाका रूपमा प्रतिष्ठित हुँदै गएको छ।

ख) लघु कविता : फुटकर कविता

मुक्तकभन्दा केही विस्तारित रूप फुटकर कविता हो । यो मुक्तकभन्दा केही लामो हुन्छ भने यसमा कथनकला, संरचना र आख्यानको पनि केही विस्तार हुन्छ । कविताको लघुत्तम रूपमा एउटा श्लोक कसिलो अभिव्यक्तिको रूपमा आउँछ भने लघु रूप एकभन्दा बढी श्लोक र कसिलो अभिव्यक्तिका रूपमा रहन्छ । लघु रूपमा फुटकर कविता, गीत, गजल, स्तोत्र आदि रहेको पाइन्छ । यी रूपहरू पूर्वीय जगत्का कविताअन्तर्गत पर्दछन् भने पश्चिमी जगत्मा ओड, सिनेट र लिरिकका रूपमा परिचित छन् । माधव घिमिरेको 'कलमवीर', भीमनिधि तिवारीको 'गरीव', कृष्णप्रसाद भट्टराईको 'आमा' यसका उदाहरण मान्न सकिन्छ ।

ग) कविताको मध्यम रूप : खण्डकाव्य

फुटकर कविताभन्दा अझ विस्तारित रूप खण्डकाव्य हो । यसमा आख्यान हुन्छ जसले जीवनको एक अंश वा अनुभूतिको विशेष खण्डलाई समेटेको पाइन्छ । आख्यान वैकल्पिक पनि हुन सक्दछ, त्यसो भएमा त्यहाँ अनुभूतिको काव्यात्मक विस्तारसँगै खण्डकाव्यको सुगठिन संरचना निर्माण हुँदै जान्छ । खण्डकाव्यमा सङ्क्षिप्त रूपले महाकाव्यका गुणहरू रहन्छन् यद्यपि यसका आफ्ना छुट्टै विशेषता पनि छन् । खण्डकाव्यमा सीमित पात्रको प्रयोग, छोटो परिवेशको चित्रण, जीवनको एक पक्षको चित्रण हुने भएकाले यसले मझौला रूप प्राप्त गरेको मानिन्छ । यसबाहेक कोषकाव्य, लामा कविता, ब्यालेड, शोककाव्य, परीकथा, पर्यायबन्ध सकलकथा आदि पूर्वीय एवं पाश्चात्य प्रचलन कविताका मझौला रूपअन्तर्गत पर्दछन् । देवकोटाको मुनामदन (खण्डकाव्य), मोहन कोइरालाको नदी किनाराका माझी (लामो कविता), लेखनाथको ऋतुविचार (कोषकाव्य) आदि कविताका मझौला रूपका उदाहरण हुन् ।

घ) कविताको बृहत् रूप : महाकाव्य

कविताको बृहत् र बृहत्तर स्वरूप भनेको महाकाव्य समकक्षी स्वरूप हो । महाकाव्यमा जीवनका अनेक पक्ष र रूपको कलात्मक चित्रण हुन्छ र यसको क्षेत्र पनि फराकिलो हुन्छ (पराजुली, २०५० : पृ. २९२) । महाकाव्यका आफ्ना छुट्टै सैद्धान्तिक अभिलक्षणहरू पनि हुन्छन् । सोमनाथ सिग्द्यालको आदर्श राघव, लक्ष्मीप्रसाद देवकोटाको सुलोचना, मोदनाथ प्रश्रितको मानव आदि कविताको बृहत्तर रूप मानिने महाकाव्यका उदाहरण हुन् भने वाल्मीकिको रामायण र व्यासको महाभारत कविताको बृहत्तर रूप मानिने आर्ष महाकाव्यका उदाहरण हुन् । पूर्वमा झैँ पश्चिममा पनि कविताका यी भेदहरू पाइन्छन् । यसरी कविताका अनेक भेद मानिएका मुक्तक, फुटकर कविता, खण्डकाव्य (लामो कवितासमेत) एवं महाकाव्य र आर्ष महाकाव्यको आ-आफ्ना छुट्टै गरिमा स्थापित भएको पाइन्छ ।

## ३.२ कृष्णप्रसाद श्रेष्ठका प्रकाशित मौलिक कविताहरूको अध्ययन

### ३.२.१ बटुवा

'बटुवा' कृष्णप्रसाद श्रेष्ठको प्रथम प्रकाशित कविता भनिए पनि यसको आधिकारिक प्रमाण भने फेला पर्न सकेन यद्यपि यसको मुद्रित पानाको प्रतिलिपि कविबाट प्राप्त भएको छ। यो उनको कवितालेखनको प्रारम्भ बिन्दु मान्न सकिन्छ। यो कविता गोर्खा साप्ताहिकमा प्रकाशित भएको जानकारी मात्र प्राप्त भएको छ। कृष्णप्रसादले 'विद्यार्थी' नामबाट लेखेको प्रस्तुत कविता जम्मा एक श्लोकमा छ। १७ मात्राका ४ पङ्क्तिमा आयोजित यस कवितामा बटुवालाई जीवनको लामो यात्रा तय गर्नुपर्ने र यस क्रममा भयङ्कर दुःखकष्ट आइपरे पनि निराश नभई कर्तव्य पथमा अघि बढ्न सन्देश दिएको छ। अप्ठचारो देख्दैमा डराउनु कायरता हो, यसर्थ जीवनपथमा अघि बढ्नु बटुवाको कर्तव्य हो किनकि यात्रामा आइपर्ने बाधा, अड्चनसँग यात्री डराउनु हुँदैन। यसमा बटुवा भनेर कविले आफ्नै जीवनलाई लक्ष्य गरेको देखिन्छ किनकि तत्कालीन राजनीतिक परिवेशमा अन्याय-अत्याचारका विरुद्ध आवाज उठाउने व्यक्तिहरू नडराईकन लाग्नुपर्ने सन्देश कवितामा दिइएको छ।

यस कवितामा बटुवालाई 'निराश हुन्छस् ?' भनी प्रश्न गर्दै यसरी आह्वान गरिएको छ–

बटुवा ! उठ, जानु छ लामु बाटो,<br>
छ त्यहाँ बीचमा भयङ्कर काँटो<br>
त तँ के बटुवा ! हँ निराश हुन्छस् ?<br>
बटुवा अब कर्तव्य पथमा डट्।

अन्त्यमा अन्त्यानुप्रासको आयोजना गरिएको प्रस्तुत कवितामा कविको क्रान्तिप्रतिको चेतनाको झल्को पाइन्छ।

### ३.२.२ जीवनको लक्ष्य

वि.सं. २००५ सालमा लेखी वि.सं. २००६ सालमा उदय मासिकमा प्रकाशित 'जीवनको लक्ष्य' उनको प्रामाणिक प्रथम प्रकाशित कविता हो। मानवीय जीवनको लक्ष्य तथा उद्देश्य मानिसको सर्वाधिक खोजीको विषयलाई कवितामा शीर्षक बनाइएको छ। जीवनमा लक्ष्यलाई मानिसले विविध रूपमा व्याख्या गरे पनि कविको लक्ष्य भने सेवा गरी देश बनाउनु रहेको छ। देशभक्तिको भावना व्यक्त गर्ने यस कविताले सचेत नागरिकको मूल लक्ष्य भनेको देशको सेवा गर्नु हो भन्ने सन्देश दिएको छ। लक्ष्यलाई कर्तव्य, सेवा, बलिदान, ज्ञान, समाजसुधार, क्रान्ति आदिका रूपमा चिनाइए पनि देशभक्तका लागि राष्ट्रसेवा नै जीवनको मूल लक्ष्य हो भन्ने विचार कवितामा पाइन्छ।

पूरै जीवनलाई राष्ट्रसेवामा लगाउने सन्देश व्यक्त गर्ने यस कविताको शीर्षक सार्थक छ। शीर्षकले कविताको भावनालाई समेट्नुका साथै चार पङ्क्तिमा एक श्लोकको संरचना छ भने प्रस्तुत कवितामा अनुप्रासको आयोजना त्यति मिलेको देखिँदैन। प्रथम पुरुष कथनढाँचामा लेखिएको उक्त कवितामा संस्कृतका सरल तत्सम शब्दको प्रयोग पाइन्छ। कविको प्रारम्भिक वा अभ्यासकालीन कविता भएकाले विषयवस्तुका दृष्टिले राम्रो भए पनि शैली-शिल्पको काव्यात्मक मान्यताका दृष्टिले भने उत्कृष्ट हुन सकेको छैन। मातृक छन्दको आयोजना गर्न खोजिएको प्रस्तुत कवितामा छन्दनिर्वाह हुन भने सकेको देखिँदैन।

### ३.२.३ धरान

वि.सं. २००६ सालको उदय मासिकमा प्रकाशित 'धरान' कवि श्रेष्ठको प्रकृतिप्रेमी कविता हो। यस कविताको शैली र छन्द आयोजनामा ओखलढुङ्गेली कवि सिद्धिचरण श्रेष्ठको 'ओखलढुङ्गा' कविताको प्रत्यक्ष प्रभाव परेको देखिन्छ। प्रस्तुत कवितामा कविले धरानको प्राकृतिक परिवेशको चित्रण गर्दै सोही वातावरणमा आफ्नो बाल्यकाल बिताएको भाव अभिव्यक्त गरेका छन्। उनले धरानवरपर पाइने झरना, नदी, जङ्गली जनावर, चरा, वृक्ष आदिको चित्रण गर्दै धरानकै सुखदुःखमा आफ्नो जीवन समर्पण गर्ने सोच बनाएका छन्। स्वच्छन्दतावादी भावधारा समातिएको यस कवितामा कविले आफू जन्मेहुर्केको धरान उत्कृष्ट प्राकृतिक स्थल रहेको भाव भाव अभिव्यक्त गरेको देखिन्छ।

"मेरो पियारो धरान" पङ्क्तिलाई प्रत्येक पङ्क्तिपुञ्जका अन्त्यमा आवृत्त गरी न्यूनतम पाँचदेखि अधिकतम नौ पाउमा श्लोक आयोजना गरिएको यो कविता १० वटा श्लोकमा रचिएको छ। कविको प्रकृतिप्रेम झल्कने यस कवितामा रूखका पातको फर्फराहटबाट खुसी भएर स्वागत गर्न तयार रहेको भावभूमिबाट प्रकृतिको मानवीकरण गरिएको छ। प्रथम पुरुष कथनपद्धतिमा कविले आफ्ना अनुभूति व्यक्त गरेका छन् भने संस्कृत तत्सम शब्दप्रयोगको अधिकताले कवितालाई अझ सुन्दर बनाएको छ। कवितामा मात्राको एकरूपता नभएकाले आन्तरिक लययोजनाको उचित निर्वाह हुन सकेको भने देखिँदैन।

### ३.२.४ जाग्रत हुन्छन्

वि.सं. २००५ सालमा रचना भएको कवि श्रेष्ठको यो कविता २००६ सालको उदय मासिकमा प्रकाशित भएको हो। 'जाग्रत हुन्छन्' शीर्षक राखिएको यो कविताले युवाहृदयको जागरणको भाव सम्प्रेषण गरेको छ। युवाहृदयलाई जगाउने उद्दीपकका रूपमा ऋतुराज वसन्त एवं कोइलीको सङ्गीत, मयुरको नृत्य, युवतीको यौवन, वीरताको प्रतीक नेपालीहरूको खुकुरी तथा कविसमूहको आह्वानले महŒवपूर्ण भूमिका खेल्ने भाव कविताले व्यक्त गरेको छ। वास्तवमा ऋतुराज वसन्त सबैको मन जित्ने समय हो। त्यसमा पनि मयुरको नृत्य र कोइलीको सुमधुर

सङ्गीत, रिमझिम वर्षाले सबैको मन आनन्दित तुल्याउँछन् । यस्तो परिवेशमा प्रेमिकाको मधुर मुस्कानले युवाहरू झन् जागृत हुन्छन् भन्ने सन्देश कविताले दिएको छ । यसले एकातर्फ सुषुप्तावस्थामा रहेका युवाहरूलाई जागरणतर्फ उन्मुख गरेको छ भने अर्कातर्फ सुन्दर प्रकृतिका बीचमा प्रेमिकाको मधुर मुस्कानले युवाको eृङ्गारिक भाव प्रकट हुने कुरा व्यक्त गरेको छ ।

'ऋतुराजस्यः' संस्कृत पदावलीबाट सुरु गरी १६ देखि १९ मात्रामा लेखिएको यो कवितामा मात्रा एवं वर्णको एकरूपता देखिँदैन । मात्रिक छन्दको नजिक रहेको यो कविता नौ वटा पङ्क्तियोजनाको एउटै अनुच्छेदमा संरचित छ । मुक्तकका रूपमै पनि भावको विस्तृतता कायम रहेको यो कविता दुई अर्थ सम्प्रेषण गर्न सफल छ र यसमा सरल शब्दहरूको प्रयोग भएको देखिन्छ । तृतीय पुरुष कथनढाँचामा कविभाव व्यक्त भएको उक्त कविता समग्र काव्यिक मूल्याङ्कनमा मझौला स्तरमा रहेको छ ।

### ३.२.५ साथी तिम्रा खोजमा

'साथी तिम्रा खोजमा' शीर्षकको कविता वि.सं. २००७ सालको साथी पत्रिकामा प्रकाशित भएको हो । एकातिर यस कविताको शीर्षकले साथी पत्रिकाको प्रकाशनलाई नै कुरेको भाव व्यक्त भएको छ भने अर्कातर्फ उनको यो कविताले कविको जीवनमा जीवनसाथीको कल्पनालाई अन्तरवस्तु बनाएको देखिन्छ । यस कवितामा १८-१९ वर्षीय युवावस्थामा मायालु प्रेमिकाको कल्पना गरी आफ्नो दुःखमय जीवनलाई सुखमय बनाउन कविले आह्वान गरेका छन् ।

आफ्नो मनभित्र साँचेर राखेकी आफ्नी प्रियतमालाई नपाउँदा कविमन आकुलव्याकुल भई उनको खोजीमा आफू मरुभूमि एवं दुर्गम क्षेत्रमा भौतारिएको तथा आगाका ज्वालामा पिल्सिइरहेको विप्रलम्भ eृङ्गारिक भाव कवितामा व्यक्त भएको छ । १३ देखि १७ मात्रासम्मका पङ्क्तिका ६ पङ्क्तिपुञ्जको अनुच्छेद वा श्लोकआयोजनाका २ श्लोकमा उक्त कविताको आयाम विस्तार भएको छ । त्यसै गरी कतै सम त कतै विषम पाउमा अन्त्यानुप्रास मिल्न आएको यस कवितामा पनि शब्दको प्रयोग गरिएको छ भने मुक्तकभन्दा विस्तृत यो कविता भावसम्प्रेषणका दृष्टिले क्षीण रहेको छ ।

यस कवितामा अर्थको अर्को तह पनि प्रस्तुत भएको पाइन्छ । तत्कालीन राणाकालीन परिवेशमा राष्ट्रलाई उनीहरूको पञ्जाबाट मुक्त गराई स्वाधीन र स्वतन्त्र राष्ट्रको निर्माण गर्ने योद्धाका खोजीमा राष्ट्र रहेको ध्वन्यात्मक अर्थ पनि सम्प्रेषण भएको छ । प्रकारान्तरले क्रान्तिको आह्वान गरेको भाव व्यक्त भएको यो कवितामा प्रगतिवादी भावधारा प्रकट भएको मान्न सकिन्छ ।

## ३.२.६ नेपाल

वि.सं. २००६ सालमा रचना भई साथी पत्रिकाम प्रकाशित भएको यस कविताको शीर्षकबाटै कविले नेपालको चित्रण गरेको जानकारी पाइन्छ। नेपाल विश्व मानचित्रमा सानो तर सुन्दर र शान्त एवं विशाल रहेको तथ्यलाई कविताले पुष्टि गरेको छ। हाम्रो देश सानो भए पनि शिरको शोभाका रूपमा स्थापित सुन्दर हिमाल र हिमालभित्र रहेका अनन्त खानीका कारण विश्वजगत्मा विशाल रहेको छ। यसै गरी कोसी, गण्डकी र कर्नालीजस्ता नदीहरूलाई मोतीका हारका रूपमा व्यक्त गर्दै यस हिमाली भेगमा बस्ने नेपालीहरू हँसिला, सरल भईकन पनि वीर र बहादुर छन् भनी नेपालीको जातीय विशेषतालाई कविताको विषयवस्तु बनाइएको छ। देशभक्तिको भावना छताछुल्ल पोखिएको यस कवितामा नेपालीहरूलाई नेपाल आमाका सन्तानका रूपमा चित्रण गर्दै स्वदेशका निम्ति समर्पित हुन आह्वान गरिएको छ। क्रान्तिपश्चात् अन्धकार भागेकाले सबैलाई आँखा खोली देशभित्र नवीन ज्योति बाल्दै विश्वजगत्मा आफ्नो देशलाई चिनाउनुपर्ने सन्देश कवितामा व्यक्त भएको छ।

असमान वर्णयोजनामा रचना गरिएको यस कवितामा न्यूनतम ३ देखि अधिकतम ११ अक्षरका पङ्क्ति रहेका छन् भने सात, आठ र दश पङ्क्तिपुञ्जका एक अनुच्छेदको तीन अनुच्छेदमा यो कविताको पूर्ण आयाम निर्माण भएको छ। प्रायः सम र विषम पाउमा अन्त्यानुप्रास मिलेको यो कवितामा हिमाललाई शिरको ताज एवं नदीलाई मोतीका हारका रूपमा आरोप गरी अर्थालङ्कारको सिर्जनाले कविता अझ सुन्दर बन्न पुगेको छ। तृतीय पुरुष कथनढाँचामा रचना भएको उक्त कवितामा शिर, श्यामल, गिरिशिलाजस्ता संस्कृत शब्द तथा लाल, ताजजस्ता आगन्तुक शब्दको प्रयोग भएको छ। आकार सानै भए तापनि कविताले विस्तृत भाव व्यक्त गरेको छ।

## ३.२.७ नेपाल

कवि कृष्णप्रसाद श्रेष्ठको 'नेपाल' शीर्षकमा रहेको यो अर्को कविता २००७ सालमा हिमाञ्चल पत्रिकामा प्रकाशन भएको हो। यस कवितामा पनि कविले नेपाल र नेपालीहरूको मुक्तकण्ठले प्रशंसा गरेका छन्। नेपाल प्राकृतिक रूपमा सुन्दर देश हो र दिनानुदिन नेपाल र नेपालीहरूको प्रतिष्ठा बढ्दो छ भन्ने देशभक्तिपूर्ण भाव कविताले प्रस्तुत गरेको छ। यो देश हरिया डाँडाकाँडा, पाखापहरा एवं नदीनालाले सुशोभित छ र यो वीर नेपालीहरूको देश हो, जुन संसरमा जगमग चम्किरहेको छ भन्ने भाव व्यक्त गरेका छन्।

न्यूनतम चार र अधिकतम आठ अक्षरका १० पङ्क्तिको एक अनुच्छेदको आयोजना गरिएका ३ वटा अनुच्छेदमा यो कविताको बाह्य संरचना विस्तार भएको छ। आन्तरिक रूपमा पदपदबीच तथा पङ्क्तिको अन्त्यमा पनि तुकबन्दी मिलेकाले लयको आन्तरिक प्रवाह पनि कवितामा सिर्जना

भएको छ । तृतीय पुरुष कथनढाँचामा कथ्य प्रस्तुति भएको उक्त कवितामा संस्कृतका तत्सम शब्दहरूको प्रयोगले थप सुन्दरता थपेको छ ।

यसरी कविले देशको प्राकृतिक, सामाजिक परिवेशको चित्रण गर्दै नेपालीहरूको दिव्य देशका रूपमा नेपाललाई चिनाएको यस कविताले स्वच्छन्दतावादी भावधारालाई आत्मसात् गरेको देखिन्छ ।

### ३.२.८ नेपाल-पुकार

'नेपाल-पुकार' शीर्षकमा वि.सं. २००८ सालमा नेपाल-पुकार पत्रिकामै प्रकाशित यो कविता यसैको वर्णनमा आधारित छ । नेपाल-पुकारको उदयसँगै नेपालीहरूमा प्रजातन्त्रप्रतिको आस्था जगाउँदै अन्याय र अत्याचारविरुद्ध लाग्न आह्वान गरिएको यस कवितामा यस पत्रिकाले राष्ट्रभरिको अखबारका रूपमा आफूलाई स्थापित गर्दै अन्याय र अत्याचारका प्रतिरूप राणाहरूलाई थर्काइ देशमा स्वतन्त्रता ल्याउन सफल हुनेछ भन्ने आशावादी स्वर गुञ्जिएको छ । कविताले नेपाल आमाको पुकार सुनी प्रजातन्त्र संरक्षण गर्न तथा सत्य र मानवताको पक्षपाती भई देश खोक्रो पार्ने भ्रष्टहरूको उछितो काढ्नुपर्ने सन्देश दिएको छ । सहिदहरूको सपना साकार पार्न र निरङ्कुश राणाहरूका विरुद्धमा लाग्न नेपाल-पुकार सफल हुनेछ भन्दै विद्रोह एवं क्रान्तिकारी स्वर कवितामा उरालिएको पाइन्छ ।

१६ मात्राको एक पाउ हुने मात्रिक छन्दमा कविता लेख्न खोजिए पनि मात्राको उपयुक्त निर्वाह हुन सकेको छैन । चार पाउको १ श्लोकका ८ वटा श्लोकसङ्ख्यामा संरचित कवितामा छन्दको लयात्मक अन्तर्विकास भने कमजोर रहेको देखिन्छ ।

### ३.२.९ श्री भानुभक्तप्रति

वि.सं. २००७ सालमा रचना भई २००८ सालमा आ"खा पत्रिकामा कृष्णप्रसाद श्रेष्ठ 'प्रदीप' उपनामबाट प्रकाशित यो कविता आदिकवि भानुभक्तप्रति समर्पित गरिएको छ । भानुभक्त नेपाली जातिका निम्ति आदरणीय व्यक्तित्व हुन् । उनले नेपालीहरूको राष्ट्रिय भाषाका माध्यमबाट एकता कायम गर्ने महŒवपूर्ण काम गरे । रामायणलाई सरल भाषामा अनुवाद गरी हरेक नेपालीका ओठ र मुखमा नेपाली भाषालाई झुण्डयाउने काम गरेकाले तिमी जताततै फैलिएका छौ भन्दै कविको स्तुति गाइएको छ । भानुभक्तको आगमनपछि नेपाली भाषाले मध्यरात्रिको अन्धकार फाल्दै वनजङ्गलबाट ज्योति छर्दै उदाएकामा ठिटाठिटी, बूढाबुढी दङ्ग छन् भन्दै आदिकविको योगदानको प्रशंसा गरिएको छ । कविको आगमनसँगै नेपालीहरू पनि लेख्दै, गाउँदै नेपाली कविताको श्रीवृद्धिमा लागेकाले नेपाली साहित्यकारहरूलाई ब्यूँझाउने कार्य गरेकामा तिमीलाई नमन गर्छु भन्दै उनलाई युगान्तकारी कविका रूपमा चिनाइएको छ ।

१६ मात्राको एक पाउ वा पङ्क्ति र चार पाउको एक श्लोक हुने पञ्झटिका छन्दमा लेखिएको उक्त कविता ५ श्लोकमा संरचित छ । सम पाउमा अन्त्यानुप्रासको आयोजना गरिएको यस कवितामा सरल संस्कृत तत्सम शब्दको प्रयोग गरिएको पाइन्छ । कवितामा वन, उपवन, मध्यरात्रिजस्ता प्राकृतिक बिम्बको प्रयोग पाइन्छ ।

यसरी भानुभक्तप्रति श्रद्धाभाव व्यक्त गर्दै उनको साहित्यिक योगदानको मुक्तकण्ठले प्रशंसा गरिएको प्रस्तुत कवितालाई समग्रमा राम्रो कविताका रूपमा लिन सकिन्छ ।

### ३.२.१० बाँचिरहू

कवि श्रेष्ठको 'बाँचिरहू' कविता वि.सं. २००७ सालमा रचना भई २००८ सालको प्रभात पत्रिकामा प्रकाशन भएको हो । मानिसको जीवनमा बाँचिरहने चाहना सबैको हुन्छ । जीवनलाई निरुद्देश्य बनाउनु जीवनको मूल्यबोध गर्न नसक्नु हो । मानवीय जीवनमा राम्रा काम गरी, राष्ट्रका लागि योगदान दिने व्यक्ति मात्र अमर बन्न सक्छ । सामान्य मानिस आफ्ना लागि मात्र बाँच्छ तर असाधारण मानिस सामूहिक र राष्ट्रिय स्वार्थका लागि समर्पित हुन्छ र अमर बन्छ । दुनियाँ आफ्ना स्वार्थका लागि बाँचेकाले उनीहरूको भौतिक शरीर नष्ट भएपछि संसारमा उनीहरूको कुनै स्मृति रहँदैन । तसर्थ यहाँ राष्ट्रका निम्ति, जातीय स्वार्थका निम्ति मर्न तयार हुने व्यक्ति मात्र अमर हुने भएकाले त्यसका निम्ति तयार हुन युवा वर्गलाई आह्वान गरिएको छ। बाँचीबाँची अर्थहीन मृत्युवरण गर्नुभन्दा मरेर अमर हुनु जीवनको सार्थकता हो भन्ने दृष्टिकोण कवितामा प्रस्तुत गरिएको छ ।

९ देखि ११ अक्षरका लामाछोटा ६ पङ्क्तियोजनाका ३ अनुच्छेदमा उक्त कविताको बाह्य आयाम विस्तार भएको छ। कविताका समविषम पाउँमा कतैकतै तुकबन्दी मिलेको पाइन्छ। अभ्यासकालीन भएकोले उनको यस कविताले उचाइ प्राप्त गर्न सकेको देखिँदैन ।

यसरी समाज सुधारको अपेक्षा गर्दै युवावर्गलाई राष्ट्रोन्नतिका लागि अमर बन्न आह्वान गरिएको उक्त कवितामा भावको व्यापकता पनि छैन ।

### ३.२.११ स्वास्नी मान्छे !

उनको यो कविता २००७ सालमा रचना भई वि.सं. २००८ सालमा प्रभातमै प्रकाशित भएको हो । यस कविताको शीर्षक 'स्वास्नी मान्छे !' ले नारी वा महिला भन्ने अर्थबोध गराउँछ । यहाँ 'स्वास्नी मान्छे' सामान्य मान्छेलाई नभएर युगपरिवर्तनको शङ्खघोष गर्ने क्रान्तिसचेत नारीका रूपमा चिनाइएको छ । शीर्षक आफैं प्रतीकात्मक छ जसले कविमा उग्र एवं प्रचण्ड वायुको सुखोपन हटाएर कोमलता भर्ने शक्ति स्वास्नी मानिसमा देखिन्छ । यथास्थितिवादी चेतनालाई लात मारेर

युगपरिवर्तनको चाहना राख्ने क्रान्तिरूपी स्वास्नी मान्छे परिवर्तनको खोजीमा हिँडेको भाव यसरी व्यक्त गरिएको छ–

उग्र रूपमा कोमल कविता
नवीन आकर्षणले भरिदाँ
निश्चलता लात मारीकन
चञ्चल युगमन स्वागत गर्ने
तिमीले स्वास्नी मान्छे देख्यौ ? (प्रभात, वर्ष १, अङ्क ११, अगस्त १९५१, पृ. १०)

स्वास्नी मान्छे क्रान्तिको रूप भए पनि नराम्री र प्रेम नगरूँजस्ती छैनन्, कति ठान्छन्– प्रगतिवादी जीवन र व्यवहार नै कुरूप हुन्छ, त्यसैले त्यस्ता व्यक्तिको विचार पनि कोमल र सुन्दर नभई उग्र र कुरूप हुन्छ । त्यहाँ कोमल भाव हुँदैनन् भन्ने भ्रम च्यात्न कविको ‘स्वास्नी मान्छे’ यसरी सफल देखिन्छ–

हेर्दिन भन्दा हेरिरहूँझैं
बिर्सिऊँ भन्दा सम्झिरहेझैं
देव मूर्तिझैं, वीर पुत्रीझैं
बाँच्नभन्दा बचाउन बसेकी
तिमीले स्वास्नी मान्छे देख्यौ ? (ऐजन)

पाँच पङ्क्तिको एक अनुच्छेदका जम्मा चार अनुच्छेदमा यो गद्य कविताको रचना गरिएको छ । यसमा स्वास्नी मान्छेलाई क्रान्तिको रूपमा आरोप गरिएकाले रूपक अलङ्कार तथा देवमूर्ति र वीर पुत्रीको रूपसँग तुलना गरिएकोले उपमा अलङ्कारको सिर्जना भएको छ ।

यसरी कवितामा स्वास्नी मान्छेलाई क्रान्तिकै प्रतीकका रूपमा उभ्याएर युगपरिवर्तनको दिशामा अघि बढ्ने वीराङ्गनाका रूपमा चिनिने नारीका रूपमा स्थापित गरेको छ। सामान्य अवस्थामा eृङ्गारमा रम्ने, लाज-डर मान्ने भए तापनि नारीको उग्र रूपमा अन्याय र अत्याचारको उन्मूलन हुने दृष्टि कवितामा व्यक्त भएको छ ।

## ३.२.१२ युवकप्रति

देशका नवयुवकहरूप्रति सम्बोधन गरिएको ‘युवकप्रति’ कविको २००७ सालमा रचना भई युगवाणी पत्रिकामा २००८ सालमा प्रकाशन भएको कविता हो । यो कवितामा युवकहरू नजागेसम्म देश उठ्न नसक्ने, अन्याय र अत्याचार नहट्ने भएकाले युवक मौन बस्नु राष्ट्र अन्धकारमा फस्नु हो भन्दै युवकहरूलाई मौनता भङ्ग गर्दै जगत्का सपना र बन्धन तोड्दै अघि बढ्न आह्वान गरिएको छ। दिनपछि रात र अन्धकार पछि प्रकाश निश्चित छ । यसैले चेतनाको ज्योति बालेर सुतेका, विचारहीन

मानिसहरूमा जागरण ल्याउने महŒवपूर्ण भूमिकालाई सार्थक पार्न युवकहरू बोल्नुपर्ने सन्देश कविताले दिएको छ । राणाहरूको एकतन्त्रीय शासनबाट देशमा व्याप्त अन्याय, अत्याचार, शोषणजस्ता अधोगामी प्रवृत्ति हटाई समतामूलक समाज निर्माणमा लाग्नुपर्ने क्रान्तिकारी विचारधारा कविताले प्रस्तुत गरेको छ ।

लामाछोटा ४ देखि ५ पङ्क्तिपुञ्जका ५ अनुच्छेदमा रचना गरिएको यस गद्य कवितामा संस्कृत तत्सम र आगन्तुक शब्दहरूको प्रयोग गरिएको छ। कवितामा प्रयुक्त शब्दहरू सहज र सरल छन् । प्रत्येक अनुच्छेदको अन्त्यमा "मूक युवक हे बोल ! बोल !" पङ्क्तिलाई पुनरावृत्त गरी शोषण, अन्यायविरुद्ध बोल्न जोड दिइएको छ ।

यसरी यस कविताले शासकीय कुचक्रमा फसेको राष्ट्र र राष्ट्रवासीको उन्नतिका लागि चेतनाको ज्योति बालेर त्यसका विरुद्धमा लाग्नुपर्ने सन्देश व्यक्त गरी क्रान्तिकारी भाव व्यक्त गरेको छ ।

### ३.२.१३ थाकेको बटुवासित

२००७ सालमा रचना भएको 'थाकेको बटुवासित' कविताको प्रकाशन २००७ सालकै भारतीमा भएको हो । यस कवितामा यात्रामा थकाइ लागी विश्राम गर्न खोज्नेहरूलाई जीवन सङ्घर्षको मैदान हो भन्दै बाधा-अड्चन सामना गर्नुपर्ने वैचारिक धरातल खडा गरेको छ । २००७ सालकै क्रान्तिको सेरोफेरोमा रचना गरिएकोले क्रान्तिमा होमिएका योद्धाहरूलाई नै बटुवाका रूपमा प्रस्तुत गर्दै जान्दाजान्दै पनि कठिन भुमरीमा होमिनुपर्ने हुनाले क्रान्तिको यात्रामा पछि नहटी डटेर निरन्तर अघि बढ्नुपर्ने आवश्यकता बोध गराएको छ । मानवीय जीवन क्षणिक सुखको लालसामा मूल्यहीन बनाउनुको सट्टा भावी जीवनमा आउन सक्ने अनन्त दुःखको वेग रोक्न एवं मृत्युको सामना गर्नसमेत कविताले प्रेरित गरेको छ । यसर्थ मृत्युको प्रवाह नगरी अघि बढ्दा शत्रु भाग्ने र भविष्य सुखद बन्ने आशावादी स्वर कवितामा व्यक्त भएको छ ।

२१ अक्षरको शास्त्रीय वर्णमात्रिक स्रग्धरा छन्दमा लेखिएको उक्त कविता दुई श्लोकमा रचना गरिएको छ । अन्त्यानुप्रासको आयोजनाले कविता सुन्दर भए पनि छन्दको पूर्ण परिपालन भने भएको छैन । लेखनाथ, सिद्धिचरण श्रेष्ठ, देवकोटाजस्ता मूर्धन्य स्रष्टाको प्रभावबाट छन्दमा लेख्न अभ्यास गरेको भए पनि शब्दचयनको कविकौशल कवितामा देखिँदैन । बटुवाप्रति सम्बोधन गरी द्वितीय पुरुष कथनढाँचामा रचिएको यस कवितामा वीररस प्रवाहित भएको छ । कठीन भुमरी, रिपु भवनजस्ता बिम्ब-प्रतीकको प्रयोगले कवितामा कलात्मकता प्रर्दशन गरे पनि उत्कृष्ट कविता बन्न सकेको छैन ।

### ३.२.१४ नेपाल

कवि कृष्णप्रसाद श्रेष्ठले वि.सं. २००७ मा रचना गरी २००८ सालमा भारतीमा प्रकाशित भएको यो कविता नेपालको प्राकृतिक सौन्दर्यको वर्णन गर्ने प्रकृतिपरक कविता हो । देशका उत्तरी

सीमामा पूर्वदेखि पश्चिम फैलिएका सेता हिमालमाथि सूर्यको प्रकाशले सिर्जना गरेको सौन्दर्य उत्कृष्ट छ। नदीशीलामा पानीको सौन्दर्य एवं मोतीधारा सदृश नदीले नेपालको सौन्दर्य झन् बढाएको छ। वनका चराचुरुङ्गीको चिरबिराहट तथा सुन्दर पुष्पसौन्दर्यले नेपाल सुन्दर बगैँचा बनेको भाव कवितामा व्यक्त भएको छ। यही धर्तीमा जूनको टहटह उज्यालोले स्वयं प्रकृति पनि छमछम नाचेको अनुभूति हुने हाम्रो देश साँच्चै स्वर्ग हो भन्ने स्वच्छन्दतावादी भावधारा कवितामा प्रवाहित भएको छ।

क्रमशः नगण दुई, मगण एक र यगण दुई गरी १५ अक्षरबाट बन्ने मालिनी छन्दका चार पाउको एक श्लोकका हिसाबले चार श्लोकमा यो कविताको आयाम विस्तारित छ। अन्त्यानुप्रासको उपयुक्त निर्वाहले यो कविता अझ बढी श्रुतिरम्य तथा लयात्मक बन्न पुगेको छ। यद्यपि एकआध ठाउँमा छन्दको मात्रा निर्वाह हुन सकेको छैन। यस कवितामा शीर्षकअनुसारका शब्दचयन भएको छ। कविता तृतीय पुरुष कथनपद्धतिमा रचना भएको छ भने गिरि, रवि, शैल, शशि आदि प्राकृतिक बिम्बहरूको उपस्थिति पनि स्पष्ट देखिन्छ। कवितामा प्रकृतिको मानवीकरण गरिएको छ भने नेपाली प्रकृतिको स्वाभाविक चित्रण गरिएकाले स्वभावोक्ति अलङ्कार सिर्जना भएको छ।

यसरी कविले स्वच्छन्दतावादी भावधारामा नेपालको प्राकृतिक सौन्दर्यको वर्णन गर्दै आफ्नो काव्यशिल्पलाई थप परिष्कृत गर्दै आएको देखिन्छ।

### ३.२.१५ नववर्ष

वि.सं. २००८ सालमा रचना गरी सोही वर्षको युगवाणीमा प्रकाशित 'नववर्ष' कविताले नयाँ वर्ष २००८ लाई स्वागत गरेको छ। नयाँवर्षसँगै पुराना, धमिला आशा त्यागी थकित यात्री पनि नववर्षको स्वागतमा लागेको आशावादी स्वर कवितामा व्यक्त भएको छ। जीवनजगत्मा नयाँवर्षले उत्साह थप्दै प्रकृति स्वयं पुलकित हुने र सदा सत्यको विजय हुने नयाँवर्षको आगमनमा विगतका ध्वाँसा, कसिँगर बढारिएर उज्यालो छाउने भाव कवितामा व्यक्त भएको छ।

न्यूनतम ९ र अधिकतम ११ अक्षरको एक पङ्क्तिबाट बनेका ६/६ पङ्क्तिका ४ अनुच्छेदमा कविताको आयाम लम्बिएको छ। प्रत्येक अनुच्छेदका अन्तिम पङ्क्तिको समान आवृत्ति रहेको यस कवितामा संस्कृतका सरल शब्दको प्रयोग भएको छ तर भावको सघनता भने प्रभावकारी देखिँदैन।

### ३.२.१६ युवक बाल अब क्रान्ति दीप

प्रस्तुत कविता २००८ सालमा युगवाणीमा प्रकाशित भएको हो। 'युवक बाल अब क्रान्ति दीप' ले युवावर्गलाई क्रान्तिको दीप बाल्न आह्वान गरिएको सम्बोधनात्मक कविता हो। देशमा जतातत्तै अन्धकार व्याप्त छ, कतै मानिस भोका छन् त कतै नाङ्गा। परिश्रम गर्नेहरू भोकै मर्नुपर्ने विसङ्गति हटाउन क्रान्तिको दीप बाल्नैपर्ने वस्तुसत्यलाई कविताले प्रस्तुत गरेको छ। समाजमा

जनता निमुखा छन्, बोल्न सक्तैनन्, आफ्नै हक र अधिकारका लागि स्वयं युवावर्ग क्रान्ति गर्न तयार हुनुपर्ने सन्देश कवितामा व्यक्त भएको छ । कालो, मैलो, अन्धकार मथेर युगपरिवर्तन गर्नुपर्ने, जनताको जीवनस्तर उकासी आर्थिक क्रान्ति तथा समतामूलक समाजको निर्माण गर्नुपर्ने प्रगतिवादी भावधारा कवितामा प्रवाहित भएको छ ।

न्यूनतम पाँच पङ्क्ति र अधिकतम छ पङ्क्तिका ६ वटा अनुच्छेदमा यो कविताको बाह्य संरचना निर्माण भएको छ । प्रत्येक अनुच्छेदको अन्तिम पङ्क्ति 'युवक बाल अब क्रान्ति दीप' लाई पुनरावृत्ति गरी युवावर्गलाई क्रान्तिको दीप बाल्न जोड दिएको यस कवितामा आँधी, हुरी, कसिँगरजस्ता सीमित बिम्बको उपस्थिति रहेको छ भने हलो जोतेर पनि भोकै बस्नुपर्ने सामान्य जनताको पीडालाई कारण भएर पनि फलको अभाव देखाएर विशेषोक्तिअलङ्कारको सिर्जनाले कविता कलात्मक बनेको छ । युवावर्गलाई क्रान्ति दीप बाल्न सम्बोधन गरी लेखिएको प्रस्तुत कविता द्वितीय पुरुष कथनपद्धतिमा रचना गरिएको छ ।

यसरी कविताले देशको सामाजिक, आर्थिक वृद्धिका लागि क्रान्ति गर्नुपर्ने कुरामा जोड दिँदै यसमा युवावर्गको महŒवपूर्ण भूमिका रहने दृष्टिकोण व्यक्त गरेको छ ।

### ३.२.१७ तिमी को ?

'तिमी को ?' कविको २००८ सालमा भारतीमा प्रकाशित कविता हो । यसमा कवि गोपालप्रसाद रिमालको 'तिमी को' कविताको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । कविताको शीर्षक 'तिमी को ?' प्रश्नात्मक पदावलीले कविहृदयलाई जगाइदिने छद्मभेषी शक्तिको खोजी गरेको छ । कवि यस कवितामा अप्ठचारा, प्रचण्ड तापमा पनि छाया, शीतलता बन्दै कविहृदयलाई हौसला बढाउने शक्तिलाई प्रत्यक्षतः भेट्न चाहन्छन् तर शून्यतामै रम्न चाहने कविको तन्द्रा भङ्ग गरिदिने शक्तिको पहिचान गर्न कवि सक्दैनन् । कविका आफ्ना विचारसँग नजिकिँदै पथप्रदर्शन गर्ने शक्ति भेट्न आफूले प्रतीक्षा गरिरहँदा पनि दर्शन पाउन नसकेको जिज्ञाशामूलक भाव उनले व्यक्त गरेका छन् । कविले घायल हृदयबाट निःसृत गीतमा उल्टो जिस्क्याएर हिँड्ने निराकार शक्तिको खाजी कवितामा गरेका छन् भने कविताको अन्त्यमा कवि स्वयं कविचेतना जगाउने त्यो अदृश्य शक्तिलाई आँधी, हुरी, ज्वाला, राँको आदि प्रतीक पो हुन् कि भनी शङ्का गर्छन् । यसरी कवितामा कविले उक्त कथ्यबाट परोक्ष रूपमा शोषण, अन्याय, दमनका विरुद्ध जाग्न प्रेरित गर्ने क्रान्तिलाई सङ्केत गरेको देखिन्छ ।

प्रस्तुत कवितामा द्वितीय पुरुष सर्वनाम र प्रश्नसूचक सर्वनामको योगबाट शीर्षकविधान गर्दै कविमा जागरण ल्याउने निराकार शक्तिको खोजी सम्पूर्ण कविताभित्रै गरिएकाले सार्थक हुन पुगेको छ भने कथ्य पनि शीर्षककेन्द्रित छ । पाँच पङ्क्तिका नौ अनुच्छेदमा प्रस्तुत कविताको बाह्य आयाम विस्तार भएको छ भने प्रथम पुरुष एक वचन एकालापीय कथनपद्धति अँगालिएको प्रस्तुत कवितामा

शीतलता, शून्यता गोधूलि, अशक्तता, शरीर आदि संस्कृत शब्द तथा तेज, हौसला, खुसी, जवाफ, कदम आदि आगन्तुक शब्दको प्रयोग गरिएको छ ।

### ३.२.१८ लाश

'लाश' कविता सेवा पत्रिकामा वि.सं. २००९ सालमा प्रकाशित हो । यस कविताको शीर्षकले प्रतीकात्मक अर्थ सम्प्रेषण गरेको छ। यसको सामान्य अर्थ 'मृत देह' हो तर यहाँ 'लाश' शब्दले आर्थिक भारले पिल्सिएका दीन-दुःखीको लाशको प्रतिनिधित्व गरेको छ। युवक जसको लाश सडककिनारमा अलपत्र छ, उसलाई कसैले वास्ता गर्दैनन् । नेपाली पहाडी क्षेत्रको गाँस, बास र कपासको आधारभूत आवश्यकता पनि जोहो गर्न नसक्ने शोषितपीडित नेपालीहरूको प्रतिनिधित्व गर्ने युवकको लाश देखेर पनि वास्ता नगर्ने हृदयहीन मानिसहरूको माझमा आज मानवीयता निरीह बन्दै गएको, वर्गीय विभाजनको रेखाले मानिसभित्रको मानवता हराउँदै गएको विषयवस्तुलाई मुटु छुने गरी कविताले प्रस्तुत गरेको छ। जुन लाश सडकमा छ, उसकै आगमनमा कल्पनाका र सपनाका फूलहरू फुलाउँदै उसका आत्मीयजनहरू पर्खदै होलान् तर उसको मृत्युबाट सिर्जित व्यथा र पीडामा सहानुभूति दिने आज कोही छैनन् । बाँच्नेहरूको जीवन अभिशाप भएको छ। अझ आफूलाई हुनेखाने ठान्ने उपल्लो दर्जाको मान्ने राजा-महाराजाका सिपाहीहरू दुर्गन्ध र सिनो ठानिएको उक्त लाशलाई हटाउन निर्देशन दिन्छन् । तर उसकी पत्नीको देवता ऊबाट हरिएको कसैलाई थाहा हुँदैन भन्दै मानवीय संवेदनाको ह्रासोन्मुख प्रवृत्तिलाई कविताले विषयवस्तु बनाएको छ ।

विभिन्न आयामका लामाछोटा पङ्क्तिहरूको संरचनाबाट छ वटा अनुच्छेदमा प्रस्तुत कविताको आयाम विस्तार भएको छ । यसमा लाहुरेको विदेश गमन, अचानक मृत्युजस्ता घटनाबाट सङ्क्षिप्त आख्यानीकरणको पार्श्वमा रचना गरिएको कविताको भाव व्यापक र विस्तृत छ। तृतीय पुरुष कथनपद्धतिमा रचिएको उक्त कवितामा आन्तरिक लयको विकास राम्ररी भएको छ। अघिल्ला कविताका तुलनामा यो कविता भाव र शैलीशिल्पका दृष्टिले उत्कृष्ट देखिन्छ । कवितामा शीर्षक नै उत्कृष्ट बिम्बका रूपमा स्थापित भएको छ । मजेत्रो, चोली, वाग्मती, आमाजस्ता विविध बिम्बहरूको प्रयोगले कवितालाई अझ बढी कलात्मक र भावपूर्ण बनाएको छ ।

यसरी कविले यस कवितामा 'लाश' शीर्षकका माध्यमबाट यथार्थको उद्घाटन गर्दै वर्गीय विभाजनले सिर्जना गरेको समस्यालाई काव्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

### ३.२.१९ जागरण रे †

जागरण साप्ताहिकमा वि.सं. २००८ सालमा प्रकाशित 'जागरण रे !' कविताले निद्रा त्यागेर जागृत हुन आह्वान गरेको छ। २००७ सालसम्म राणाहरूको एकतन्त्रीय शासन व्यवस्थामा

जनताहरूको अवस्था अत्यन्तै दयनीय थियो । नेपालीहरू बोल्न सक्दैनथे । सोझासाझा जनतालाई छकाएर सत्तामा जानेहरूका विरुद्धमा लाग्न सम्पूर्ण नेपाली जागृत हुनुपर्छ । यसैले आफूमाथि हुँदै आएको अन्याय, अत्याचार शोषणको विरुद्धमा जागरणको शङ्खघोष गर्दै अघि बढ्नुपर्ने युगीन आवश्यकताको स्वर कवितामा उरालिएको छ ।

आठ अक्षरको एक पङ्क्ति र चार पङ्क्तिका अन्त्यमा 'जागरण रे !' शीर्षकलाई पुनरावृत्ति गर्दै ४ अनुच्छेदमा रचना गरिएको यस कवितामा अन्त्यानुप्रासको पूर्ण परिपालन नभए पनि कतिपय पङ्क्तिबीच अनुप्रास मिलेको देखिन्छ । तृतीय पुरुष कथनपद्धति अँगालिएको प्रस्तुत कवितामा सरल शब्दको प्रयोग भएको छ ।

यसरी मानिस जानीजानी निदाउन खोज्नु अकर्मण्यता हो भन्दै सम्पूर्ण नेपालीलाई जागृत हुन आग्रह गरिएको प्रस्तुत कविता भाव र शिल्पका दृष्टिले मध्यमस्तरको रचना ठहरिन्छ ।

## ३.२.२० विद्रोह गर ! विद्रोही बन !!

२००८ सालमा युवगाणीमा प्रकाशित 'विद्रोह गर ! विद्रोही बन !!' कविको क्रान्तिधर्मी कविता हो । यस कविताले पनि युगीन विसङ्गति चिर्दै आफ्नो हक र अधिकारका निम्ति विद्रोह गर्नुपर्ने सन्देश दिएको छ। कवितामा सामन्त वर्गको गुलामी गर्ने कविलेखकहरूलाई शोषण गर्नेहरूका पछि नलागी शोषितपीडितहरूका पक्षमा आवाज उठाउनुपर्छ; धनी-गरिब, शोषक-शोषितबीचको असमानता हटाउन विद्रोह नगरी, विद्रोही नबनी सुखै छैन भन्दै क्रान्तिको उठान गर्नुपर्ने आवश्यकता देखाएको छ । प्रकृतिका हिमाल, लहलहाउँदा धान र बग्दो नदी एवं आकाशका सूर्य-तारा आदिले पनि विद्रोही बन्न सङ्केत गरिरहेका छन् । प्रकृति स्वयं समाजमा देखिने आङमा एकसरो कपडा नभएका, आफ्नो भोक मेट्न नपाउने मानिसहरूको दयनीय अवस्थालाई मूकदर्शक भएर हेर्न सकिरहेका छैनन् । त्यसै गरी चेतनाको संवाहक मसीदानी, कलम र च्यातिएका कागजका टुक्राहरूले पनि दीनहीनका पक्षमा, निमुखाहरूको जीवनस्तर सुधार्न विद्रोही बनेर क्रान्ति गर्नुपर्ने कुरामा जोड दिएका छन् । यसरी कविताले निमुखाको पक्षमा आवाज उठाउने भाव व्यक्त गर्दै प्रगतिवादी राग अलापेको स्पष्ट देखिन्छ ।

लामा-छोटा विभिन्न पङ्क्तिहरूको आयोजनासहित ४ अनुच्छेदमा प्रस्तुत कविताको संरचना निर्माण भएको छ। यसले समाजको वर्गीय स्थितिको चित्रण गर्दै त्यसविरुद्धमा लाग्न आह्वान गरिएकाले 'विद्रोह गर ! विद्रोही बन !!' शीर्षक सार्थक छ ।

कवितामा सरल संस्कृत शब्दहरूका साथै झर्रा नेपाली शब्दहरूको प्रयोग पाइन्छ, जसले कविता सहज एवं सुबोध्य बनेको छ। हिमाल, पात, काला बादल, टोपी, बित्तेलगौँटीजस्ता

बिम्बहरूले कविताको भावभूमिलाई अझ विस्तार गरेको देखिन्छ भने कविताले समाजमा व्याप्त विसङ्गति हटाउन विद्रोह गर्नुपर्ने चेतना प्रस्तुत गर्दै समाजसुधारको प्रगतिवादी जीवनदृष्टि प्रस्तुत गरेको छ ।

### ३.२.२१ क्रान्ति रे † क्रान्ति रे †† इन्कलाब रे †††

वि.सं. २००८ सालमा रचना भएको यो कविता त्रिचन्द्र कलेजबाट प्रकाशित आह्वानमा प्रकाशन भएको हो । कविताको शीर्षकले क्रान्ति वा आन्दोलनको गगनभेदी नारालाई विस्मयार्थक भावमा प्रस्तुत गर्दै आन्दोलनको विपक्षमा लाग्नु हुँदैन भन्ने भाव व्यक्त गरेको छ । शताब्दीयौँदेखि शोषित, पीडित, भोका नेपालीहरूले गरेको क्रान्तिलाई सीमित स्वार्थका नाममा रोक्न खोज्नु मूर्खता हो । क्रान्ति ज्वाजल्यमान चिराग हो जसलाई कसैले पनि रोक्न सक्दैन । क्रान्तिभित्रै आन्दोलन विरोधीहरू घुसेर लात हान्नु क्रान्तिकारी भावनाविपरित उभिनु भएकाले योद्धाहरूलाई स्वार्थमा परी धोका नदिन सजग गराइएको छ । निशस्त्र विद्यार्थी, ज्यामी र किसानलाई गाँस, बास र कपासको व्यवस्था नगरी छातीमा गोली ताकेर क्रान्तिलाई नै दबाउन खोजे पनि क्रान्ति कहिल्यै दमन नहुने झन् बढेर जाने र शोषक-सामन्तको समूल नष्ट गर्ने चेतावनी कविताले दिएको छ भने यसमा क्रान्तिकारी भावना ओतप्रोत भई व्यङ्ग्य अभिव्यञ्जन भएको देखिन्छ ।

चार पङ्क्तिका अनुच्छेदका अन्त्यमा शीर्षक पुनरावृत्ति गरी ३ अनुच्छेदमा संरचित उक्त कवितामा संस्कृत तथा आगन्तुक सरल शब्दहरूको प्रयोग भएको छ । सत्तामा रहनेहरूले शोषित-पीडितहरूका लागि गाँस, बास र कपासको व्यवस्था गर्नुको साटो हक र अधिकारका लागि निशस्त्र आन्दोलनमा उठ्नेहरूमाथि गोली चलाउने भाव प्रस्तुत गर्दै शासकप्रतिको व्यङ्ग्यात्मक भावले कविता अझ सुन्दर भएको छ ।

### ३.२.२२ याद गर

उदय मासिकमा वि.सं. २००८ सालमा प्रकाशित प्रस्तुत कविता चार पङ्क्तिका सात अनुच्छेदमा रचना भएको छ । यसको शीर्षकले मानिसले आफ्ना जीवनमा भोगेका सुखदुःखका क्षणहरू र जीवनको मूल्य कहिल्यै बिर्सन नहुने सन्देश व्यक्त गरेको छ । दुःखमा आत्तिन र सुखमा मात्तिन नहुने जीवनोपयोगी भाव व्यक्त गर्दै आफूले गरेका त्रुटिहरूबाट सचेत हुँदै जीवनयात्रामा अघि बढ्नुपर्छ । अरूका दुःखमा नहासीकन सहानुभूति व्यक्त गर्दै दीनदुःखीको आत्मा हँसाउनु मानवीय जीवनको मूल्य हो भन्ने मानवतावादी विचार यहाँ व्यक्त गरिएको छ ।

संस्कृत एवं आगन्तुक शब्दको प्रयोग भएको उक्त कविता भावका दृष्टिले आभ्यासिक कविता नै देखिन्छ । शैली-शिल्पको कलात्मकताले उत्कृष्ट बन्न नसके पनि जीवनका तीतामीठा क्षणहरू

सम्झी मानवीय त्यागमा लाग्नुपर्ने सन्देश कविताले दिएको छ। द्वितीय पुरुष कथनपद्धति अँगालिएको प्रस्तुत कविता उपदेशमूलक भावसम्प्रेषण गर्न सफल देखिन्छ।

## ३.२.२३ लाठी, गोली, जेल अझै किन ?

प्रस्तुत कविता २००८ सालमा रचना भई २००९ सालको जनयुग पाक्षिकमा प्रकाशित रचना हो। यसको शीर्षकले २००७ सालको क्रान्तिमा हजारौँ देशभक्त नरनारीहरूले मृत्युको पर्वाह नगरी गोली थापेर देशलाई स्वतन्त्र गराए पनि देशमा पुनः लाठी, गोली, जेलको आवृत्ति गरी जनताको हक-अधिकार उपभोगमा बाधा पुऱ्याइएको भाव प्रस्तुत गरिएको छ। सत्तामा जानेहरूले आफ्नै स्वार्थ साधन जनताको भलो चाहनेजतिलाई देशद्रोही र राजद्रोहीको आरोप लगाउने र आफ्नै गुनगान गाउने राजनीतिक कुसंस्कृतिको प्रस्तुतीकरण गर्दै भोकाले भोको छु भन्न नपाउनु, नाङ्गाले लुगा लाउन नपाउनुजस्ता गतिविधिले देश स्वतन्त्र भयो भनिए पनि जनता स्वतन्त्र हुन नसकेको भाव व्यक्त गर्दै नाम मात्रको स्वतन्त्रताप्रति व्यङ्ग्य गरिएको छ। कविताको शीर्षकलाई प्रश्नात्मक बनाएर देशभित्र वास्तविक स्वतन्त्रता नआएको र जनता अझै शोषित-पीडित छन् भन्दै प्रजातान्त्रिक मुलुकमा सत्ताबाट लादिने लाठी, गोली र जेलको तीव्र विरोध गरिएको छ।

५ देखि ७ पङ्क्ति रहेका पङ्क्तिपुञ्जका तीन अनुच्छेदमा संरचित प्रस्तुत गद्य कवितामा संस्कृतका सरल शब्द तथा आगन्तुक शब्दको प्रयोग पाइन्छ भने भोका-नाङ्गालाई गाँस, बास र कपासको व्यवस्थाविरुद्ध लाठी, गोली, जेलको व्यवस्थाले विरोध अलङ्कारको सिर्जना भएको छ। क्रान्ति-पिपासु, आजाद, राजद्रोही, राष्ट्रियताजस्ता राजनीतिक बिम्बहरूले कविताको क्रान्तिधर्मी भावसम्प्रेषणमा अझ मद्दत पुऱ्याएको देखिन्छ।

यसरी यस कवितामा कविले देशमा व्याप्त अशिक्षा, भोकमरी, अन्धविश्वास शोषणजस्ता विसङ्गतिको चित्रण गर्दै तत्कालीन यथार्थ वस्तुस्थितिको चित्रण गर्ने प्रस्तुत कविता प्रगतिशील देखिन्छ।

## ३.२.२४ को ?

कविको 'को' कविता भारतीमा २००८ सालमा प्रकाशित रचना हो। यो कवितामा सिद्धिचरण श्रेष्ठको 'मेरो प्रतिबिम्ब' को प्रत्यक्ष प्रभाव परेको पाइन्छ। यस कविताको शीर्षक प्रश्नसूचक 'को' सर्वनामबाट राखिएको छ। प्रस्तुत कविताको शीर्षक श्लोकका अन्त्यमा आउने पङ्क्तिले कविताको भावसम्प्रेषणमा महŒवपूर्ण भूमिका खेलेको छ। समाजमा विभिन्न अवस्थाबाट गुज्रिरहेका व्यक्तिहरूको चित्रण गरी उनीहरूको यथार्थ वस्तुस्थितिलाई विषय बनाई जस्तोसुकै विषम अवस्थामा पनि चेतना एवं सुखको खोजी गर्ने मानवीय वृत्तिलाई कविताले भावभूमि बनाएको छ।

कुनै नवीनताको खोजी गर्न निस्केको यात्रु चेतनाको दीप बाल्दै, विसङ्गति चिर्दै आफ्ना पीडा र दर्द बिर्सदै अघि बढेको तर जनसाधारणले पथमा त्यस्ता देवदूतलाई बुझ्न नसकेको कथ्य कवितामा प्रस्तुत भएको छ, जुन व्यङ्ग्यार्थक रूपमा अभिव्यक्त भएको छ ।

प्रस्तुत कविता जम्माजम्मी ३५ पङ्क्तिमा संरचित छ । पाँच पङ्क्तिका श्लोक योजनामा ७ श्लोकमा संरचित उक्त कविताको श्लोकान्तमा प्रश्नात्मक पङ्क्तिको पुनरावृत्ति गरिएको छ । आठ मात्रामा अर्धविश्राम हुने १६ मात्राको पज्झटिका (पराकुलक) छन्दमा रचिएको उक्त कवितामा एकालापपूर्ण कथनपद्धति अँगालिएको छ । उपमा एवं रूपक अलङ्कारको प्रयोगले कवितामा थप कलात्मकता थपेको छ भने नूतन, निर्जन, दीप, तिमिराच्छादित जस्ता संस्कृत शब्दको प्रयोगले भाषिक सौन्दर्य प्रभावकारी बनेको छ ।

यसरी कवितामा तत्कालीन युगीन समाज र स्वयंप्रति व्यङ्ग्य गर्दै मानवीय अस्मिता, स्वतन्त्रता र उच्च सभ्यताको क्षितिज उघार्न खोज्नु तथा मौन रूपमै भए पनि परिवर्तनकामी चाहनाहरू व्यञ्जित गर्न चाहनु यस कविताको प्रबल केन्द्रीय कथ्य हो ।

## ३.२.२५ कविसँग मेरो गीत

'कविसँग मेरो गीत' उदय मासिकमा प्रकाशित भएको हो । यस कविताले कविका आफ्ना भावहरूलाई कविपात्रको उपस्थिति गराएर सम्बोधनात्मक शैलीमा व्यक्त गरेको छ । कविहरू कल्पनाशील हुने भएकाले अभिव्यक्तिको विविधता कवि श्रेष्ठको पनि एक विशेषता मान्न सकिन्छ । आफ्ना हार्दिक विचारहरूलाई सर्जक कविव्यक्तित्वभन्दा भिन्न तुल्याएर सामान्य व्यक्तिका रूपमा आफूलाई प्रस्तुत गरी कवितालाई अघि बढाएका छन् ।

कविले भावनाका तरेलीहरूमा सुखदुःखको अनुभूति गर्दै निरुद्देश्य भई आफ्नै जीवनलाई दिशाहीन बनाई कता जान्छौं भन्दै प्रश्नात्मक रूपमा कवितालाई अघि बढाइएका छन् । यसपछिका पछिल्ला अनुच्छेदहरूमा कविले जीवनलाई अघि बढाउन विभिन्न उपदेश एवं सुझाव दिएका छन् ।

मानिसका जीवनमा आशा-निराशा, सुख-दुःख, विभिन्न बाधा-अड्चन आउन सक्छन् । त्यस्तो अवस्थामा स्वाभाविक रूपमा नआत्तिईकन जीवनरथलाई अघि बढाउनु प्राप्त जीवनको सार्थकता हो । मानिसको जीवन स्वयं यात्रा हो र जीवन तय गर्ने दीर्घ पथमा तिमी छौ । यस्तो अवस्थामा दीनदुःखीहरूको साथमा आफ्नो सिर्जनकार्यलाई अघि बढाउनु कविहरूको दायित्व हो । मीठा गीतका मध्यमबाट दीनदुःखीहरूको आशा, निराशा, दुःख, पीडा, आर्थिक अवस्थाको यथार्य चित्रण गर्दै अघि बढ्नु र अन्याय-अत्याचारको उछितो काढ्नु कवि-लेखकहरूको धर्म हो । प्रकृतितर्फ उन्मुख हुँदै कल्पना, स्वाप्निल संसारमा प्रवेश गर्नु अन्धकारतर्फ अघि बढ्नुभन्दा यथार्थवादी प्रगतिशील साहित्यको रचना गर्नुपर्ने आजको आवश्यकता प्रस्तुत कविताको मूल कथ्य हो ।

न्यूनतम चार पङ्क्ति र अधिकतम छ पङ्क्तिगुच्छाका १० अनुच्छेदमा प्रस्तुत कविताको बाह्य आयाम विस्तार भएको छ। कवितामा रूपक अलङ्कारको प्रयोग भएको छ भने आफैंले कविव्यक्तित्वलाई सम्बोधन गर्दै अघि बढेको कवितामा व्यक्त भाव शीर्षककेन्द्रित भएकाले शीर्षकविधान सार्थक देखिन्छ। कविलाई सम्बोधन गर्दै सम्बोधनात्मक कथनपद्धति अँगालिएको यस कवितामा संस्कृत शब्द एवं केही आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ।

यसरी कवितामा कविहरूलाई स्वप्निल संसारको चित्रण नगरी यथार्थवादी चित्रण प्रस्तुत गर्नुपर्ने, प्रगतिशील जीवनदृष्टि अँगाल्नुपर्ने सन्देश दिने यो कविता भाव र शिल्प दुवैका दृष्टिले मध्यमस्तरको देखिन्छ।

### ३.२.२६ आह्वानप्रति

कविको प्रस्तुत कविता आह्वानमै वि.सं. २००९ सालमा प्रकाशित भएको हो। त्रिचन्द्र कलेजको प्रकाशन आह्वानको प्रथम अङ्कमा प्रकाशित उक्त कविता छात्रहरूमा क्रान्तिचेतनाको दियो बाली सत्यको बाटो खोल्न आह्वान गरिएको छ। दुई पङ्क्तिको मुक्तक आयाममा संरचित उक्त कविताले छात्रहरूमा चेतना जगाई जगत् र गगन सत्यको ज्योतिले प्रकाशमय होस् भन्दै अन्धकार, अशिक्षा हटाउन क्रान्तिको आमन्त्रण गरेको छ। अन्त्यानुप्रास मिलेको उक्त कवितामा संस्कृत शब्दको प्रयोग छ भने सङ्क्षिप्त आयाममा व्यापक भाव समेटिएको छ।

### ३.२.२७ नाता

प्रस्तुत कविता वि.सं. २००८ सालम उदय मासिकमा प्रकाशित भएको हो। यस कवितालाई दुई भागमा विभाजित गरी पहिलो भागलाई 'भ्रम' र दोस्रो भागलाई 'बिर्स' उपशीर्षक दिइएको छ। यस कवितामा कल्पनालोकबाट स्वर्गकी परी आई आफ्नो शुष्क, अचल, जीवनलाई हराभरा एवं चञ्चल बनाउनुका साथै जीवनको महŒव बुझाएकाले आफू स्वयंले उनको पटकपटक स्मरण गरेको भाव कवितामा प्रतिबिम्बित भएको छ। हिजोको त्यो सम्पूर्ण प्रेमपूर्ण हृदय आज फेरि निरश भई मिलनको चाहना हराएको छ। जतातत‍ै निराशा भएकोले, आज यो जीवन दुःखी भएकोले नर-तनलाई झञ्झावीर बनाउन आग्रह गरिएको छ। यो नाता क्षणिक भएकाले दोस्रो भागमा 'बिर्स' उप शीर्षक दिई कवितालाई अघि बढाइएको छ। जीवन भोगाइका क्रममा आफ्ना पूर्वस्मृतिहरूको याद आउँदा तिनलाई अवगुण ठानी बिर्सन आग्रह गरिएको छ। विगतको वासन्तिक उपवनको सम्झनालाई दुःख ठानी च्यातचुत पारी बिर्सन र आफ्नो याद र आफूप्रतिको आकर्षणलाई बिर्सन र आफ्नो यौवनको रथलाई आफ्नै किसिमले अघि बढाउने सन्दर्भबाट प्रारम्भिक भागमा प्रेमीप्रेमीकाका भेटघाट एवं क्रियाकलापबाट संयोग eृङ्गार र पछिल्लो भागमा पूर्वस्मृति बिर्सन आग्रह गरिएकोमा विप्रलम्भ eृङ्गार पाइन्छ। प्रेमिकाको भेटसँगै एउटा नाता कायम भएको र पछिल्लो जीवनमा उक्त

नाता बिर्सनुपर्ने कथ्य शीर्षक 'नाता' ले स्थायित्व प्राप्त गर्न नसकेको देखिन्छ र यसैभित्र मिलन र वियोगको मार्मिक चित्रणले 'भ्रम' र 'बिस्मृति' का रूपमा कथ्यलाई अघि बढाइएकोले शीर्षकविधान उपयुक्त देखिन्छ ।

सिद्धिचरणको 'उर्वशी' खण्डकाव्यको प्रभाव परेको उक्त कवितामा मानवीय जीवनका राग र विरागलाई मूल विषयवस्तु बनाइएको उक्त कविता प्रथम भाग चार अनुच्छेद र पछिल्लो भाग ५ अनुच्छेदमा विस्तार भएको छ । सरल संस्कृत शब्दको प्रयोग गरिएको उक्त कवितामा द्वितीय पुरुष कथनपद्धति अँगालिएको पाइन्छ । कवितामा पल्लव, नर्तन, क्रन्दन, द्वन्द्व अतीतजस्ता सरल संस्कृत शब्द एवं याद, फेरिजस्ता आगन्तुक शब्दको प्रयोगले सरल एवं सुबोध्य बन्न पुगेको छ ।

## ३.२.२८ यो डोको हो !

कवि कृष्णप्रसाद श्रेष्ठको प्रस्तुत 'यो डोको हो !' कविता वि.सं. २०१० सालमा उदय मासिकमा प्रकाशित भएको रचना हो । कविताको शीर्षक 'यो डोको हो !' स्वयं प्रतीकात्मक छ । डोको सिङ्गो नेपालीहरूको प्रतिनिधि बनेको छ । कवितामा श्रमजीवी वर्गको दुःख र पीडालाई कवितामा समेट्दै वर्गीय चेतना सलबलाएको पाइन्छ । निम्न वर्गीय डोको बोकेर जीविका चलाउने नेपालीहरूको शब्दचित्र खिचिएको छ । एउटै डोकोभित्र विभिन्न वर्ग, समुदाय र पेशाका नेपालीहरूलाई कवितामा अटाउन सक्नु कविताको मुख्य वैशिष्टय हो । यथार्थवादी धरातलमा टेकेर लेखिएको प्रस्तुत कविताका अन्त्यमा सबै खाले नेपाली डोकाहरूलाई एकै ठाउँ बसेर एकजुट भई वर्गीय हितमा लाग्नुपर्ने सन्देश दिइएको छ ।

लामा छोटा ३२ पङ्क्तिपुञ्जको संरचनामा रचना गरिएको प्रस्तुत कवितामा डोकाका विभिन्न अवयवहरूलाई शरीरका विभिन्न अवयवमा आरोप गर्दै रूपक अलङ्कारको सौन्दर्य सिर्जना गरिएको छ । तृतीय पुरुष कथनपद्धतिमा आधारित यस कवितामा झर्रा नेपाली शब्दहरूको प्रयोगले कविता अझ सुन्दर एवं सहज बनेको छ ।

यसरी कविले यस कवितामा शोषितपीडित नेपालीहरूलाई दुःखजिलो जीवनबाट मुक्त हुन आह्वान गर्दै प्रगतिवादी भावधारा सुसेलिएको प्रस्तुत कवितालाई भाषिक शैलीशिल्पका दृष्टिले पनि उत्कृष्ट बनाउन सफल भएका छन् ।

## ३.२.२९ शान्तिको युद्ध मोर्चा

'शान्तिको युद्धमोर्चा' कविको वि.सं. २०१३ सालमा नौलो पाइलो पत्रिकामा प्रकाशित रचना हो । यसको शीर्षकले सामान्यर्थमा शान्तिका निम्ति लडिने युद्धको मोर्चा भन्ने बुझाउँछ भने अभिधात्मक अर्थमा कविताले आणविक हतियारको विकासले मानवीय सभ्यतामा ल्याएको सन्त्रास, भय र विनाशका

विरुद्ध आवाज उठाउँदै शान्तिभूमि, बुद्धभूमिमा त्यस प्रकारको डर, धाक, धम्कीले केही प्रभाव नपार्ने भावभूमि प्रस्तुत गरेका छ। हिजोका शक्ति राष्ट्रले निर्बल राष्ट्रमाथि हमला गर्ने र विश्वयुद्ध निम्त्याउने कुरा आज इतिहासका मक्किएका पाना भइसकेका छन्। आज प्रत्येक राष्ट्र जागिसकेकाले हिजोको त्यो विध्वंशक इतिहासबाट मानिस सतर्क भइसकेका छन्। त्यसैले इतिहासको पानामा रगतको थोपाथोपाबाट निर्मित यो सुन्दर मधुशालामा आणविक अस्त्रको छायासम्म पर्न दिन्नौँ भन्दै एकताबाट निर्मित सुन्दर महलको संरक्षण गरी शान्ति कायम गर्न शान्तिपूर्ण युद्धको मोर्चा बनाउँदै अघि बढ्नुपर्ने भाव व्यक्त गर्दै आणविक अस्त्रमा आफ्नो शक्ति आक्ने राष्ट्रहरूप्रति खबरदारी गरिएको छ। राष्ट्रिय शान्ति कायम गर्दै प्रत्येक राष्ट्रलाई विश्वशान्ति स्थापना गर्ने अभियानमा लाग्न प्रेरित गर्नु कविताको मूल सन्देश हो।

पाँच पङ्क्तिको अन्त्यमा चेतावनी सूचक 'खबरदार' शब्दको पुनरावृत्ति गर्दै तीन अनुच्छेदमा विस्तार भएको प्रस्तुत कवितामा पशु, विश्व, ज्ञात, तन्द्रा, प्रकृति, मधुशालाजस्ता संस्कृत तथा जमाना, इसारा, खबरदार, दुनिया, मिहिनेत, महलजस्ता आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ भने अनुच्छेदका प्रथम चार पङ्क्तिको अन्त्यमा अन्त्यानुप्रास मिलेको देखिन्छ।

यसरी कविले आणविक हतियारको होडबाजीविरुद्ध एकजुट भई यस धर्तीलाई स्वर्ग बनाउँदै विश्वशान्तिको स्थापनामा लाग्न जोड दिएको प्रस्तुत कविता भाव र शैली दुवै दृष्टिले उत्कृष्ट देखिन्छ।

### ३.२.३० अन्तिम पत्र

वि.सं. २०२० सालमा सिंहनाद पत्रिकामा प्रकाशित प्रस्तुत कविताको शीर्षक 'अन्तिम पत्र' ले आफन्तलाई पठाइएको आखिरी चिठीको अर्थ बुझाउँछ। यसमा प्रणयप्रेमलाई सृष्टिको आधार बनाई विप्रलम्भ eृङ्गारको प्रस्तुति पाइन्छ। कविले युवा कालसँगै विकसित प्रेमप्रसङ्गलाई क्षणिक आवेग सम्झी मौन बोलीलाई रुक्खो गीत सम्झेर बिर्सन आग्रह गर्दै यौवनकालका ती प्रेमपत्रहरू एवं प्रेम, चुम्बन र आलिङ्गनलाई सपनाझैँ नाटकको एक दृश्य सम्झन आग्रह गरेका छन्। विगतलाई सम्झेर हृदयभित्र तुफान उठाउनु बुद्धिमानी होइन, जीवन एक गति भएकाले यसको परिवर्तनशीलतालाई अँगाल्दै सम्पूर्ण स्मृतिलाई विर्सनुपर्छ। कवि हिजोका मुस्कान नदीका अस्थायी तरङ्ग, गीत व्यथाको स्रोत, भावनालाई बज्रपात सम्झी लाश गाडेझैँ गाड्न आग्रह गर्छन् र त्यति गर्दागर्दै पनि विगतको सम्झनाले पछ्याउँछ भने स्वयंलाई बिर्सन आग्रह गर्दै जीवनलाई अघि बढाउन सन्देश दिएका छन्। जीवन सङ्घर्षको मैदान भएकाले यदाकदा प्रेममा आइपर्ने वियोगलाई

जीवनको एउटा अनुभूति मान्दै त्यसलाई बिर्सेर आगामी जीवनलाई उज्ज्वल बनाउनुपर्ने सन्देश कविताले प्रस्तुत गरेको छ ।

८ देखि १० वटा पङ्क्तिगुच्छाका पाँच अनुच्छेदमा निर्मित यस कवितामा प्रयुक्त शब्दले कविताभित्रको आन्तरिक लयमा सौन्दर्य थपेको छ र कवितामा प्रयुक्त शब्दहरूले बिम्बात्मक तथा प्रतीकात्मक अर्थ सम्प्रेषण गरेका छन् । कवितामा रूपक एवं उत्प्रेक्ष अलङ्कारको चमत्कारले थप सौन्दर्य सिर्जना गरेको छ । प्रेमिकालाई सम्बोधन गर्दै सम्बोधनात्मक द्वितीय पुरुष कथनढाँचामा कवितालाई अघि बढाइएको छ ।

यसरी कविले 'अन्तिम पत्र' शीर्षकबाट आफ्नो वियोगलाई भावभूमि बनाउँदै आफूसँगका सम्पूर्ण स्मृतिहरूलाई बिर्सेर जीवन अघि बढाउन सन्देश दिएको प्रस्तुत कविता भाव र शैली दुवै दृष्टिले अत्यन्त उत्कृष्ट बन्न पुगेको छ ।

### ३.२.३१ हङच्यो

'हङच्यो' कवि कृष्णप्रसाद श्रेष्ठको वि.सं. २०१७ सालमा रचना भई लक्ष्मी सडकका कविता सङ्ग्रहमा २०५३ सालमा प्रकाशित भएको प्रकृतिवर्णनमा आधारित कविता हो । तीन अनुच्छेदमा लेखिएको प्रस्तुत गद्य कविताका अनुच्छेद ८ देखि १० पङ्क्तिपुञ्जबाट बनेका छन् । प्रकृतिको मानवीकरण गरिएको प्रस्तुत कवितामा चीनको सुन्दर सहर हङच्योको प्राकृतिक परिवेशको भावपूर्ण चित्रण गरिएको छ भने भिल र पहाडको अन्योन्याश्रित बनोटबाट निर्मित हङच्यो सहरलाई स्वर्गका रूपमा उभ्याइएको छ । यहाँ बहने शीतल हावाले समुन्द्रका छालमा स्पर्श गर्दा प्रियतमाको न्यानो स्पर्शको आभास हुन्छ र रात्रिको बर्को ओढी शरद्चन्द्रले लुकेर हेर्दा हङच्यो सम्पूर्ण सुन्दर पेसुयी तालको बाहुपासमा रमेको दृश्य साँच्चै नै सुन्दर देखिन्छ ।

यस कवितामा प्रकृतिको मानवीकरण गर्दै धर्तीको एउटा स्वर्ग 'हङच्यो' लाई उपस्थित गराइएको छ । यहाँ रात्रिलाई ओढ्ने पछ्यौराका रूपमा आरोप गरिएको रूपक अलङ्कारको सुन्दर संयोजनले कविता अझ सुन्दर बन्न पुगेको छ । तृतीय पुरुष कथन ढाँचामा कविता अघि बढेको छ ।

कवि श्रेष्ठले चीनको सुन्दर सहर हङच्योको कलात्मक चित्रण गरेको यस कविताले उनको प्रकृतिप्रतिको सौन्दर्यचेतको प्रमाण प्रस्तुत गरेको छ भने कविता विषयवस्तु शैली शिल्प दुवै दृष्टिले उत्कृष्ट प्रकृतिपरक कविता बन्न पुगेको छ । कविताको प्राकृतिक सौन्दर्यको कलात्मक चित्रण निम्न उद्धरणले पुष्टि गर्छ–

> यो अनुपम सौन्दर्यमा मुग्ध भएर
> रात परेपछि
> रजनीको बर्को ओढी

लुकिछिपी,

शरच्चन्द्र जब चियो गर्छिन्

हङ्ग्यो

पेसुयीको बाहुपासमा

वारिपारि बेहोस् रहन्छन् । (लक्ष्मी सडकका कविता, २०५३ : पृ. २०)

### ३.२.३२ युवा गीत

'युवा गीत' कविको गीतिलयमा लेखिएको कविता हो । यो कविताको रचना वि.सं. २०१७ सालमा भए पनि प्रकाशन भने लक्ष्मी सडकका कविता (२०६०) मा भएको हो । कविताको शीर्षकबाटै यो कविता युवा वर्गमा केन्द्रित भएको बुझ्न सकिन्छ । कुनै पनि राष्ट्रका विकासका आधार भनेका त्यस राष्ट्रका युवा हुन् । जबसम्म युवा जाग्दैनन्, सचेत हुँदैनन्, तबसम्म देशको उन्नति सम्भव छैन । यसैले देशभित्र व्याप्त अन्याय, अत्याचार, दमन, अन्धविश्वास सबै हटाउन युवाहरू एकजुट भएर लाग्नुपर्छ र क्रान्तिको बिगुल फुक्दै आँधीबेरी भई आउन आह्वान गरिएको छ । निद्राबाट ब्यूँभ्केर हिमालबासी वीरहरूमा देशको निर्माणमा लाग्न अबेला भएको जिम्मेवारी बोध गराइएको छ । युवाहरूलाई देशका नौजवान, सपूत एवं विजयका स्तम्भका रूपमा लिँदै अघि बढ्नुपर्ने सन्देश कविताले फैलाएको छ ।

पङ्क्तिका अन्त्यमा अन्त्यानुप्रास मिलेको प्रस्तुत कविता चार पाउका तीन पूर्ण श्लोक र एक अर्धश्लोक गरी १४ पाउबाट निर्मित भएको छ । कवितामा प्रयुक्त शब्दहरूले लयविधानलाई थप सुन्दर बनाएको छ भने संस्कृतका तत्सम शब्दहरूको बढी प्रयोग भए पनि कविता सरल, सहज एवं सुबोध्य बनेको छ ।

यसरी युवाहरूलाई क्रान्तिका आमन्त्रणकर्ता र परिवर्तनकारी शक्तिका रूपमा लिइएको प्रस्तुत कविता देशमा व्याप्त बेथिति, अन्याय, अच्याचार हटाउन युवालाई आह्वान गरिएको उत्कृष्ट क्रान्तिधर्मी गीति कविताका रूपमा स्थापित भएको छ ।

### ३.२.३३ मेरो इतिहास

कवि श्रेष्ठको वि.सं. २०२० सालमा रूपरेखामा प्रकाशित यो कविता पच्चीस वर्षका कवितामा सङ्कलित छ । मानिसको जीवन स्वयम् एउटा इतिहास हो । इतिहासका पुराना सन्दर्भहरू विकासका पछिल्ला चरणहरूमा आफैँ मूल्यहीन बनेका हुन्छन् । समयको गतिशीलतासँग जीवनको पहुँच अगम्य हुँदैछ भन्ने भावलाई यसमा प्रकट गरिएको छ । जीवन ओरालो लाग्दै छ, पैँचो ल्याइएको आयातित शिक्षाप्रणाली लागू गरिएको छ । आध्यात्मिकता र भौतिकताको द्वन्द्वमा जीवन

रुमलिँदै गएको छ । जीवन फुटेको ब्लाडरझैँ कुरूप बन्दै गएको अनुभूति कविले यसरी प्रस्तुत गरेका छन्–

यो फुटेको ब्लाडरझैँ अनुहार नदेखाओ !

मेरो अस्तित्वलाई हाँक नदेओ ! (रूपरेखा, २०२० : पृ. ३३)

आफ्नै इतिहासबाट निराश नभईकन नयाँ जोश र जागरका साथ जीवनलाई नवीन रूपमा अघि बढाउने कविको भविष्यप्रतिको आशावादी स्वर कवितामा यसरी प्रकट भएको छ–

आज मेरो जीवनमा नयाँ ज्वार उठ्या छ ।

अट्लान्टिक सागरको छाल उठ्या छ ।

सृष्टिको म सर्वोत्तम कृति ।

आज मेरो इतिहासको पाता पल्ट्या छ । (ऐजन)

विभिन्न लमाइका ६ देखि १० पङ्क्तिगुच्छाबाट बनेका पाँचवटा अनुच्छेदमा यो कविताको बाह्य आयाम विस्तार भएको छ भने पङ्क्तिहरूबीच अनुप्रास मिलेकाले कविता मिठासपूर्ण बनेको छ । विभिन्न बिम्बप्रतीकहरूको प्रयोगले अझै बौद्धिक बनाएको यस कवितामा आधिकतम संस्कृत शब्द तथा सीमित आगन्तुक शब्दको प्रयोग भए पनि कविको कवित्वको उत्कृष्ट प्रदर्शन हो भन्न सकिन्छ ।

### ३.२.३४ मेरो हात

प्रस्तुत कविता खहरे कवितासङ्ग्रहमा वि.सं. २०१६ सालमा प्रकाशित गद्य कविता हो । कविताको शीर्षक 'मेरो हात' राखेर कविले हातको भावपूर्ण वर्णन गरेका छन् । हात कर्मको पर्यायवाची शब्दका रूपमा लिइन्छ । मानिसले राम्रानराम्रा काम यिनै हातबाट गर्दछ । मानिसको हातमा आमाको म्वाई र प्रियसीको मधुर स्पर्श हुन्छ, जसले सदैव प्रेमको गीत लेख्न र प्रीतको सङ्गीत बजाउन प्रेरित गरेको हुन्छ । यसर्थ कविले हात सुकर्मका लागि, सपना साकार बनाउनका लागि र नयाँ दुनियाँको निर्माण गर्नका लागि हो भन्दै मानिसलाई सत्कर्मतिर लाग्नुपर्ने सन्देश दिइएको छ । कविताले 'मेरो हात' शीर्षकलाई प्रतीकात्मक रूपमा सम्पूर्ण नेपालीहरूको प्रतिनिधि हातका रूपमा लिँदै असल काम गर्नुपर्ने भावलाई कविताको केन्द्रीय कथ्य बनाएको छ ।

छवटा पङ्क्तिसमूहबाट निर्मित अनुच्छेदका अन्त्यमा 'हो बनेको हात मेरो' लाई पुनरावृत्त गरिएका तीनवटा अनुच्छेदमा उक्त कविताको लमाइगत आयाम विस्तार भएको छ । पङ्क्तिका अन्त्यमा तुकबन्दी मिलेकाले कविताको सौन्दर्य बृद्धि भएको छ । तर कवितामा विन्यस्त वाक्यगठनले कतैकतै कविताको मूलभावको विपरीत भाव प्रकट हुनु कविको कमजोरी देखिन्छ ।

### ३.२.३५ छ टुक्रा प्रेमका कविता

'छ टुक्रा प्रेमका कविता' कविको २०१८ सालमा रचना भई २०१९ सालको रूपरेखामा प्रकाशित कविता हो। प्रेमका विभिन्न सन्दर्भहरूलाई न्यूनतम पाँचदेखि अधिकतम दश पङ्क्तिका अनुच्छेदमा बुनिएको प्रस्तुत कविताको शीर्षकविधान उपयुक्त देखिन्छ। युवाकालीन प्रणय र आवेगलाई कलात्मक रूपमा प्रस्तुत गर्दै प्रेमीप्रेमिकाबीच इमान्दारीको खाँचो औँल्याइएको छ भने प्रेमिका परपुरुषसँग विवाहित भएको अवस्थामा उत्पन्न मानसिक तनाबलाई कविताका माध्यमबाट परिशमन गर्न खोजिएको छ। पेमिकाले प्रेमीलाई धोका दिए पनि धोका दिनेहरूको पङ्क्तिमा एउटा नाम थपिएको अनुभव गर्ने प्रेमीको सकारात्मक सोचले प्रेममा त्यागको महŒव दर्शाइएको छ। आफ्नो इमान्दारीको पुष्टि गर्न प्रेमिकालाई नै त्यागिदिने प्रश्नसूचक भावावेग प्रस्तुत गर्दै विगतका प्रेमपूर्ण सम्पूर्ण गतिविधिलाई चाहेर पनि बिर्सन नसकिने कथ्यले प्रेमप्रतिको प्रेमीको निष्ठालाई प्रतिबिम्बित गरेको छ।

सरल शब्दहरूको प्रयोगले कवितामा सरलता एवं बोधगम्यता थपिएको छ। पूर्वस्मृतिका सन्दर्भहरूलाई प्रस्तुत गर्दै प्रियसीलाई सम्बोधनात्मक शैली द्वितीय पुरुष कथनपद्धतिमा अँगालिएको प्रस्तुत कविता उत्कृष्ट गद्य कविता हो। कविका पछिल्ला चरणका कविताहरूमा प्रस्तुतीकरण एवं भाव दुवैमा परिष्कृति देखिँदै आएको प्रमाण यस कविताले पनि दिएको छ।

यसरी कविले यस कवितामा प्रेममिलन र तत्पश्चात्को धोकाजनित मनोभावनालाई समेट्दै प्रेममा इमान्दारी एवं निष्ठा हुनुपर्ने सन्देश प्रस्तुत गरेका छन्।

### ३.२.३६ मेरी छोरी

वि.सं. २०१९ मा स्वास्नीमान्छेमा प्रकाशित प्रस्तुत कवितामा 'छोरी' प्रकृतिको एउटा अनुपम उपहार मानिएको छ। आफ्ना सन्तानप्रति स्वभावतः कोमल दृष्टि प्रस्तुत हुने कवितामा आफ्नी छोरीको मुस्कानलाई सुन्दर गीतको रूपमा प्रस्तुत गर्दै जीवनको आधारको रूपमा प्रस्तुत गरिएको छ। छोरीको रोदनलाई झरीको उपमा दिँदै उसको गीत सुनेर स्वयं बुलबुल चरी चुप्प भएर सुन्न तयार हुन्छे। बादल हटेर उसको ताराको उज्यालोमा जून हाँस्छ भन्दै छोरीको गीतमा बेजोड शक्ति रहेको भाव प्रस्तुत गरिएको छ। छोरीको मुस्कानसँगै बिहानी उषा दिनका काखमा लुक्ने र मेघपुत्री बिजुली अदृश्य हुने कथ्य प्रस्तुत गर्दै छोरीको निर्मल, मधुर मुस्कानमा प्राकृतिक सौन्दर्यलाई समेत माथ गरिदिने भाव प्रतिबिम्बन गरिएको छ। यसरी छोरीलाई सौन्दर्यसिर्जनाको मुहानका रूपमा प्रस्तुत गरिएको यस कवितामा प्रकृतिको मानवीकरण गरिएको छ।

पाँचदेखि नौवटा पङ्क्तिपुञ्जका चार अनुच्छेदमा रचना गरिएको प्रस्तुत कविता सुन्दर गद्य कविता हो। पङ्क्तिका अन्त्यमा प्रायः अनुप्रासको आयोजनाले कवितामा आन्तरिक लयको माधुर्य

थपिएको छ भने तृतीय पुरुष कथनपद्धति अँगालिएको प्रस्तुत कवितामा प्रथम सृष्टि, गगन, नयनद्वार, निर्भर, नशाजस्ता संस्कृतका सरल शब्द तथा मुस्कान, जिन्दगी, सितारजस्ता आगन्तुक शब्दको प्रयोग पाइन्छ। कवितामा प्रयुक्त शब्दहरू बिम्बका रूपमा प्रस्तुत भएका छन् र यिनले कविताको सौन्दर्य सिर्जना गरेका छन्।

यसरी छोरीका क्रियाकलापलाई प्राकृतिक क्रियाकलापका अघि अझ उत्कृष्ट बनाई अतिशयोक्ति अलङ्कारको सिर्जना भएको उक्त कविता सुन्दर गद्य कविता बन्न पुगेको छ।

## ३.२.३७ तिमी

'तिमी' कविको वि.सं. २०१८ मा शारदामा प्रकाशित गद्य कविता हो। यस कवितामा प्रेमिकालाई विभिन्न उपमा दिइने गरिएको भए पनि कविले आफ्नी प्रेमिकालाई आफ्नै हृदयको धुकधुकीका रूपमा प्रस्तुत गरेका छन्। उनले आफ्नी प्रेमीकालाई प्रकृतिका जूनको शीतलतामा जीवन नभएकाले र उषाको उज्यालो पनि क्षणिक भएको अनि गुलाफका फूलमा पनि काँडा भएकाले तिनीहरूको उपमा दिन नसकिने कथ्य प्रस्तुत गरेका छन्। प्रेमिकालाई छाया पनि नमानी जीवनकै आधार, हृदयकी धुकधुकीका रूपमा र आफूलाई त्यस धुकधुकीको गीतका रूपमा प्रस्तुत गरिएको छ। कवितामा प्रेमप्रतिको समर्पणभावलाई अतुलनीय त्यागका रूपमा प्रस्तुत गरिएको छ।

लामाछोटा पाँच पङ्क्तिका चार अनुच्छेदमा विस्तारित प्रस्तुत कवितामा सरल शब्दहरूको प्रयोग पाइन्छ। कवितामा जून, उषा, बगैँचा, गुलाफजस्ता प्राकृतिक बिम्बहरूले कविताको कथ्यलाई अझ प्रभावकारी बनाएको छ। तिमी भनेर प्रेमिकालाई लक्ष्य गरिएको प्रस्तुत कविता द्वितीय पुरुष कथनढाँचामा लेखिएको छ। प्रस्तुत कवितालाई छोटो आयामको सुन्दर कविताका रूपमा लिन सकिन्छ भने निम्न अनुच्छेदले कविताको कलात्मकतालाई प्रस्तुत गर्दछ–

तममय जगको छाती चिरी,
प्रभातकालीन झ्यालबाट च्याउन लागेकी
नवयौवनकी उषा भनूँ भने
पत्यार लाग्दैन
किनकि यसको जीवन क्षणिक छ। (शारदा, २०१८ : पृ. ५७)

यसरी कविले प्रेमप्रतिको समर्पणभाव प्रस्तुत गर्दै सच्चा प्रेमको उपमा दिन नसकिने दृष्टिकोण कलात्मक रूपमा यहाँ प्रस्तुत गरेको देखिन्छ।

### ३.२.३८ कहिलेकाहीँ

'कहिलेकाहीँ' कविको २०१८ सालमा रचना भई छाया''मा प्रकाशित कविता हो । मानिसका मनमा बेलाबखत आउने भावका तरङ्ग पनि कविताका विषयवस्तु बन्न सक्छन् । कवि आफ्ना अनुभूतिहरूलाई कविताको सामल बनाउँछन् । कवि श्रेष्ठ मार्क्सवादी विचारधाराबाट प्रभावित भएकाले मानवीय सभ्यतामा देखिने अन्याय, शोषण, दमन, धनी-गरिबबीचको विभेदजस्ता विसङ्गतिहरूबाट दिक्क भएर तत्कालीन राजनीतिक परिवेशमा आफ्नो विद्रोही स्वरलाई कवितामा निर्धक्क प्रस्तुत गरेका छन् । जगत्मा देखिने अन्धविश्वास र यसबाट उत्पन्न शोषण, दमन एवं आर्थिक विपन्नताबाट ग्रसित समाजको सुधारको कामना कवितामा गरिएको छ । जात-भातका ठूला पर्खाल एवं झुपडीबाट महलमा प्रवेश गरेका नयाँ संसारमा पुराना अधोगामी रीति-परम्पराको नाश होस् र आँधीबेरी झञ्झावातपछिका समतामूलक व्यवस्था बनोस् भन्ने कथ्य कवितामा अभिव्यक्त भएको छ । कविले संसार नाशपछि निरोले झैँ प्रलयको हार लगाउने दुःखद कल्पनासमेत कवितामा गरेका छन् । यसबाट कवि आफू स्वयं जगत्मा व्याप्त विसङ्गतिबाट प्रलयको कामना गरेको भाव यसरी प्रस्तुत गर्छन्–

गगन फुटोस् ब्डचाङ्ग ती
ताराहरू झरुन् ढुनमुनिदै मुन्टिदै
नाक र टाउकोले टेकेर
सूर्य टुक्राटुक्रा भएर चिसियोस् ।     (छाया'', २०१८-१९ : पृ. १७)

यसरी जगत्मा व्याप्त विसङ्गतिका विरुद्धमा नवीन संसारको आशामा पुरानो संसारको नाश चाहने आशावादी जीवनदृष्टि एवं मार्क्सवादी समाजको स्थापना गर्ने भाव कवितामा प्रस्तुत भएको छ ।

लामा-छोटा ६७ पङ्क्तिमा लेखिएको यो कविता फुटकर लघु कविताभन्दा विस्तृत लामो कवितातिर उन्मुख भएको गद्य कविता हो । कवितामा विभिन्न सांस्कृतिक तथा ऐतिहासिक बिम्बप्रतीकहरूको प्रयोगले कवितालाई अझ कलात्मक बनाएको छ । कविता प्रथम पुरुष एकालापीय कथनपद्धतिमा अघि बढेको छ भने मानिसका मनमा देखिने तरङ्गहरूलाई कविताको शीर्षक बनाइएकाले शीर्षकविधान उपयुक्त देखिन्छ ।

### ३.२.३९ मेरा पुराना कविताहरू

'मेरा पुराना कविताहरू' कवि कृष्णप्रसाद श्रेष्ठको वि.सं. २०२० मा रूपरेखामा प्रकाशित कविता हो । प्रस्तुत कविता कविका आफ्नै पुराना कविताहरूउपर अनुभव गरिएका आलोचनात्मक

दृष्टिकोण प्रस्तुत गरिएको गद्य कविता हो । प्रस्तुत कवितामा प्राचीन छन्दवादी नियमित जीवन र जगत्प्रति व्यङ्ग्य गरिएको पाइन्छ । आफ्ना पुराना कविताहरू तोटक, मालिनी, शार्दूलविक्रीडित छन्दमा लेख्न खोजिए पनि जीवन र जगत्लाई केही दिन नसक्ने भएकाले निरर्थक छन् । यसका विपरीत आजका कविताहरूले भने कुटो, कोदालो र हँसिया समाउनुपर्ने युगीन आत्मा बोलिरहेको पाइन्छ । भोलिको संसार श्रमजीवीहरूकै भएकाले अब काल्पनिक र eृङ्गारिक कविले भन्दा भिन्न यथार्थ कविता लेखेर मार्क्सवादी कविता सिर्जना गर्नुपर्ने सन्देश कवितामा यसरी प्रस्तुत गरिएको छ–

एक्लै स्वरमा एक्कासि मेरा कविता
चिच्च्याउँछन्– 'कवि हामीहरूका
eृङ्गार, प्रेम, कल्पना फिर्ता लेऊ,
अनि मेहनतको भीमशक्ति देऊ,
हसियाँ, कुटो, कोदालो देऊ,
अनि मलाई एक्कासि यस्तो लाग्दछ–
यो कविता होइन, मेरो आत्मा बोलिरहेछ ।   (रूपरेखा, २०२० : पृ. ३३)

कविको प्रस्तुत कविता लामा-छोटा सात पङ्क्तिपुञ्जबाट चार अनुच्छेदमा रचिएको छ । यसमा प्रयुक्त शब्दहरू कठिन नभएकाले सुबोध्य हुन पुगेको छ भने कवितालाई विधवा आदिसँग तुलना गरी उपमा अलङ्कारको सिर्जना गर्दै कविताको कथ्य सम्प्रेषणलाई अझ खँदिलो बनाइएको छ ।

यसरी कविले आफ्ना पुराना कविता परम्परागत शैलीशिल्प र भाव दुवै दृष्टिले कमजोर भएको भन्दै व्यङ्ग्यात्मक रूपमा परम्परागत मान्यताप्रति असहमति जनाउँदै नवीन आधुनिक शैली र मार्क्सवादी जीवनदृष्टि प्रस्तुत गर्नुपर्ने सन्देश यस कवितामा दिएका छन् ।

### ३.२.४० सान्ध्य गीत

प्रस्तुत कविता वि.सं. २०२० सालमा सिंहनादमा प्रकाशित कविता हो । दिनको अन्त्य साँझ वा सन्ध्यालाई केन्द्रीय कथ्य बनाई विश्वरङ्गमञ्चमा सुखदुःख क्रमैसँग दोहोरिन्छन् । दिन डुबेपछि साँझसँगै रात, बिहानीको प्रतीक्षा गर्नुपर्छ । नयाँ बिहानीमा नयाँ पिँढीको सङ्गीतले धरती गुञ्जायमान हुनेछ । मुस्कानका फूलहरू फुल्नेछन् । धरतीमा स्वर्गको अनुभूति गर्न पाउनेछौँ भन्दै जीवनप्रतिको आशावादी स्वर सुसेलिएको छ । स्वच्छन्दतावादी भावधारामा आशावादी जीवनदृष्टि प्रस्तुत भएको प्रस्तुत कवितामा सुखदुःखलाई जीवनको अभिन्न पाटाका रूपमा चित्रण गरिएको छ ।

छ पङ्क्तिका चार अनुच्छेदको लमाइगत आयाममा संरचित प्रस्तुत कवितामा जगत्, विश्व, आकाङ्क्षा, कोश, नव, धरतीजस्ता संस्कृत शब्द तथा जीत, जिन्दगी, झुठ, मुस्कानजस्ता आगन्तुक

शब्दको प्रयोगले कवितामा माधुर्य थप्नुका साथै कवितालाई कोमल र हार्दिक बनाएको छ। तृतीय पुरुष कथनपद्धतीय ढाँचामा रचना भएको प्रस्तुत कविता भाव र शैली दुवै दृष्टिले मध्यमस्तरको मान्न सकिन्छ।

### ३.२.४१ यहाँदेखि उहाँसम्म

वि.सं. २०१९ सालमा उजेलीमा प्रकाशित यो रचनामा कविले 'यहाँदेखि उहाँसम्म' शीर्षकबाट आध्यात्मिक तथा भौतिकवादको चेपबाट निर्मित वर्तमान आधुनिक सभ्यताको चित्रणमा ईश्वरवादी अन्धविश्वासको धज्जी उडाउँदै भौतिकवादको वकालत गरेका छन्। कवितामा होटलको परिवेशभित्र राधाकृष्णको जीर्ण तस्बिर छ भने माला सिन्हाको फोटोमा आधुनिक मानिसको आकर्षणको केन्द्र बैंसको सौन्दर्य छ तर यहीँ भिँगाको भन्काइको सङ्गीतको चित्रण पनि यथावत् रहेको भाव प्रतिबिम्बन गरिएको छ। आधुनिक सभ्यता उत्कर्षतिर बढिरहेका बेला अझै पनि मानिसको जीवन नाम्लोमा आश्रित छ, बुद्धको मूर्तिमा माकुरोको जालो, स्तालिनको जुँघामा साङ्लोको चित्रण गर्दै मानवीय सभ्यतामा त्याग, शान्तिजस्ता कुरा हराएका र नाम्लो र दाम्लोमा उनिएका वास्तविक मूर्तिहरू (श्रमजीवीहरू) नमिठो हाँसो हास्छन् भन्दै भौतिकवादमा पनि मानिसको दु:ख पीडा यथावत् रहेको भाव प्रस्तुत गरिएको छ।

एउटा सामान्य होटलमा आफ्नो देशदेखि सन्सारभरको दृश्य र प्रभावको सघन प्रस्तुति कवितामा पाइन्छ। साङ्केतिक भाषामा प्रस्ट-गोप्यता प्रस्तुत गर्दै बुद्धको मूर्तिमा माकुरोको जालोको सन्दर्भबाट शान्ति र त्याग मुखमा मात्र देखिएको तर व्यवहारमा नदेखिएको दृष्टिकोण प्रस्तुत गरेका छन्। मार्क्स, एङ्गेल्स, फ्रायड, चर्चिलबीच आधारभूत अधिकारका विषयमा बहस भए पनि सामान्य मानिसहरूको जीवन आधारभूत आवश्यकतामै रुमाल्लिनु परेको भावलाई यसरी प्रकट गरिएको छ–

फ्रायड र कार्ल मार्क्सको यहाँ द्वन्द्व, कुस्ती चल्छ
चर्चिल भी (ख) सङ्केतमा स्तालिनको जुँघा हाँस्छ।
फन्डामेन्टल राइट्‌मा घम्साघम्सी बहस हुन्छ।
राकेट र स्पुतनिकदेखि ब्रेसियरको एङ्गलसम्म॥ (उजेली, २०१९ : पृ. ३)

आठ पङ्क्तिका चार अनुच्छेदमा प्रस्तुत यस कवितामा धार्मिक तथा सांस्कृतिक विभिन्न प्रतिबिम्बहरूको प्रयोगले कवितालाई थप कलात्मकता प्रदान गरेको छ। तृतीय पुरुष कथनढाँचामा संरचित प्रस्तुत कवितामा संस्कृत एवं आगन्तुक शब्दहरूको प्रयोग भएको छ।

आध्यात्मिक र भौतिकवादको चेपबाट विकसित वर्तमान मानवीय सभ्यताको चित्रण सघन एवं कलात्मक रूपमा यो कविता प्रस्तुत गरिएको छ।

### ३.२.४२ जीवन, धरती र श्रम

वि.सं. २०२० सालमा उजेलीमा प्रकाशित 'जीवन, धरती र श्रम' शीर्षक कविताबाट धर्तीको विकासमा श्रमको महŒव रहको कुरा सङ्केत गरिएको छ। जीवन सुखदुःख, जीतहारको सङ्गम हो। हृदयलाई कमजोर बनाएर रुन्चे जीवन बिताउनु हुँदैन। जीवनलाई सफल बनाउने उसको श्रम हो र श्रमले धरतीलाई सिँगार्दछ भन्दै जीवन, श्रम र धरतीबीच अन्योन्याश्रित सम्बन्ध स्थापित गरिएको छ। मानवीय श्रम धर्तीमा सिँचन गर्दै सुक्खा धर्तीलाई स्वर्ग बनाउने प्रण गर्नुपर्ने आवश्यकता बोध गराइएको छ। धर्तीका छातीमा श्रमद्वारा लहलहाउँदो अन्न सिर्जन गर्दै जगत्मा प्रगतिपथको द्वार खोल्नुपर्ने सन्देश कवितामा व्यक्त भएको छ। विगतलाई बिर्सेर श्रमसिँचन गर्दै भविष्यको स्वागत गर्नुपर्ने भाव कवितामा प्रकट भएको छ।

चार पङ्क्तिगुच्छाको एक अनुच्छेदको साढे चार अनुच्छेदमा रचिएको उक्त कवितामा अन्त्यानुप्रास मिलेकाले सुन्दर बनेको छ। जीवन, रीत, प्रीत, सङ्घर्ष, हृदय, भूतल, वक्षस्थल, पुण्य आदि सरल संस्कृत शब्दको प्रयोगले कविता सुबोध्य बन्न पुगेको छ। तृतीय पुरुष कथनपद्धति अँगालिएको प्रस्तुत कवितामा जीवन, धरती र श्रमको अन्योन्याश्रित सम्बन्ध देखाइएकाले शीर्षकविधान उपयुक्त देखिन्छ।

यसरी कवि श्रेष्ठले यस कवितामा श्रमको महŒव जगाउँदै श्रमले नै धर्ती स्वर्ग बनाउन सकिने सन्देश प्रस्तुत गरेका छन्।

### ३.२.४३ मान्छे मर्दैन

वि.सं. २०१८-१९ सालमा छाया तथा २०२० सालमा भानु पत्रिकामा प्रकाशित प्रस्तुत कविता मानिसको अमरतालाई ऐतिहासिक सन्दर्भबाट प्रमाणित गर्न खोजिएको उत्कृष्ट गद्य कविता हो। कवितामा मानिस समयको गतिसँगै अविचलित रूपमा अघि बढ्दै आएको छ। आधुनिक मानवीय सभ्यताको उच्चतम शिखरमा पुग्न सफल मानिस सृष्टिको अनवरत यात्रामा वर्तमानलाई डोऱ्याउँदै भविष्यको खोजीमा भूतलाई तर्साउँदै अघि बढेको छ। मानिस मृत्युका अट्टहासलाई निरन्तर सामना गर्दै आफ्नै बाहुबलको शक्ति र चेतनाले संहार र प्रलयका आँधीबेरीसँग जुझ्दै चेतनाको ज्योतिले सुसम्पन्न भई जागेको छ। नयाँ-पुराना घात-प्रतिघातमा पनि निरन्तर शिर ठाडो पार्दै सृष्टिलाई थप परिष्कृत र परिमार्जित गर्दै अघि बढ्ने मानिस इतिहासको कुनै कालखण्डमा बात्सल्य र कोमलताको मजेत्रो ओढेर जन्म्यो जसले बुझ्न जान्यो तर मर्न जानेको छैन भन्दै मानिसको साहसिक वृत्ति, धैर्य र अमरतालाई कवितामा प्रस्तुत गरिएको छ। अरूलाई बचाउन जन्मेको मानिस मुस्कानको हारको प्रतीक हो भन्दै जीवनवादी दृष्टिकोणको प्रतिबिम्बन कवितामा गरिएको पाइन्छ।

अधिकतम दश र न्यूनतम आठ पङ्क्तिगुच्छाका सात अनुच्छेदमा विस्तारित प्रस्तुत कवितामा क्षितिज, बिजुली, ताण्डवनृत्य, ब्रह्मा, विष्णुजस्ता प्राकृतिक एवं सांस्कृतिक बिम्बहरूको प्रयोगले कविताको कथ्यलाई अझ अर्थपूर्ण एवं शैलीशिल्पमा कलात्मकता प्रदान गरेको छ। विभिन्न पङ्क्तिबीचको आन्तरिक मुक्त लयविधानले कवितामा माधुर्यता थपेको छ भने रूपक अलङ्कारको संयोजनले कवितालाई अझ सुन्दर बनाएको छ। कवितामा भाव र शैलीको सुन्दर कलात्मकतालाई निम्न उद्धरणले प्रमाणित गरेको छ–

सृष्टिको भीषण फुङ्कार लिएर
मान्छे जन्म्यो !
आँखाको नानीको eृङ्गारमा
भूतल बन्यो !
तर वात्सल्य र कोमलताको मजेत्रो ओढेको
आत्माको यो शिल्पीले
बुझ्न जान्यो; बुझ्न जान्यो
तर मर्न जानेको छैन।     (छाया, २०१८-१९ : पृ. १६)

### ३.२.४४ च्यातिएका कागजका टुक्रा

प्रस्तुत कविता कविको वि.सं. २०२० सालमा बिहानमा प्रकाशित गद्य कविता  हो। यस कवितामा जीवनका यावत् अनुभवहरूलाई विभिन्न दर्शनशास्त्रका परिधिभित्र रहेर अध्ययनमनन् गर्नु कविको विशेषता हो। 'पुँजी' 'गीता' र 'कुरान' का इतिहासका पानाहरू टेबिलमा यत्रतत्र छरिएर रहेका छन् जुन चेतनाका अनन्त स्फुलिङहरू हुन्। सागरका छालहरूझैँ सिर्जना हुने अनुभवका चेतनाबाट जीवनको आगामी यात्रा खोज्ने र प्रत्येक अनुभूतिहरू जीवनयात्राका खुड्किलाका रूपमा प्रस्तुत गरिएका कागतका टुक्राहरूको आ-आफ्नै इतिहास छ। आदम र इभका प्रणयइतिहासदेखि मार्क्सको क्रान्तिसम्मका घटना-परिघटनाहरूले कविको जीवनमा क्रान्ति आमन्त्रण गरिएको यस कवितामा नयाँ प्रभातको सिर्जना गरेको कथ्य प्रस्तुत गर्दै आशावादी जीवनदृष्टि प्रस्तुत गरिएको छ। टेबिलवरिपरि छरिएका कागतका टुक्राभित्र काङ्डामा बलिदान भएका वीरहरूको इतिहासदेखि भण्डारखाल पर्व र कोतपर्वका जङ्गे मूर्तिहरूको इतिहाससँगै प्रेम, मिलन, विछोडका सन्दर्भहरू पनि कागतका टुक्राहरूमा अभिव्यक्त भएको देखिन्छ। इतिहासको व्यापकताबाट आफ्नो जीवनको नवीन प्रभातीद्वार खोज्ने श्रेष्ठमा इतिहासबाट गृहित प्रगतिवादी चेतना कवितामा यसरी प्रस्तुत गर्दछन्–

यो एक एक टुक्रा कागतको
आफ्नै-आफ्नै इतिहास छ।
आदम इभको यौवन फूलबारी
यी झ्यालहरूबाट देख्न सकिन्छ–

मार्क्स बाबाको झुसुले दारीबाट निस्केका
क्रान्तिका अनगन्ती लप्का
दन्किरहेछन्, यी टुक्राहरूमा !
मायालु आँखाले हेर यहाँ
मेरो जीवनको प्रभाती पल्टिरहेछ ।       (बिहान, २०२० : पृ. ३५)

न्यूनतम छ र अधिकतम नौ लामा-छोटा पङ्क्तिगुच्छाका ५ अनुच्छेदमा संरचित प्रस्तुत कवितामा प्रतीकात्मक रूपमा कागतका टुक्रालाई प्रस्तुत गर्दै उपमा र रूपक अलङ्कारका सिर्जनाबाट कवितालाई माधुर्यपूर्ण बनाइएको छ । कवितामा अङ्गोला, छाल, मार्क्स, काङ्गडा, भण्डारखाल पर्वजस्ता बिम्बहरूको प्रयोगले कविचेतनालाई अझ हार्दिक र सुमधुर बनाएको छ । इतिहासका सन्दर्भबाट जीवनलाई अघि बढाउने प्रगतिवादी चेतना प्रस्तुत गरिएको प्रस्तुत कविता भाव र शैली दुवै दृष्टिले उत्कृष्ट बनेको छ ।

### ३.२.४५ एकादशी

कविको प्रस्तुत कविता वि.सं. २०२० सालमा हिमानीमा प्रकाशित भएको हो । कविताको शीर्षक 'एकादशी' ले धार्मिक आस्था बोकेको विशेष तिथिलाई बुझाउँछ । विकासका क्रममा वैज्ञानिक युगमा प्रवेश गरेको वर्तमान विश्वमा धार्मिक आस्थाका रूपमा विकासित अन्धविश्वास र परम्पराले मानवीय चेतनालाई कमजोर बनाएको तथ्य प्रस्तुत गर्दै देवताको प्रतीक मानी पूजा गरिने 'जून' मा मानिसले पाइला टेकिसकेको छ । धार्मिक दृष्टिले अवर्णनीय ब्रह्माण्डको परिक्रमा गर्न मानिस सफल भैसकेको छ तर युवतीहरू मन्दिर धाउँदै खोक्रो आडम्बर गरेको चित्रण गर्दै धार्मिक अन्धताले विश्वको विकासमा अवरोध पुऱ्याएको चिन्तन कवितामा प्रस्तुत गरिएको छ । रकेट, स्पुतनिकको आविष्कारसँगै पुरातन मान्यताहरूमा परिवर्तन आउँदै गरेको, एकादशी टोलाइरहेको भावचित्र कवितामा पाइन्छ । ढुङ्गाका मूर्ति, कुनामा धार्मिक अनास्थाबीच उकुसमुकुस भई चुडिएका मालाका दानाको रुवाइले प्रगतिशील चेतना प्रस्तुत गरेको छ ।

न्यूनतम छ र अधिकतम आठ पङ्क्तिगुच्छका चार अनुच्छेदमा प्रस्तुत कविता संरचित छ । कविताको शीर्षक 'एकादशी'ले पुरातन मान्यतामा परिवर्तन आएको सन्दर्भ उल्लेख गरेबाट शीर्षकविधान उपयुक्त देखिन्छ । कविताका सम पङ्क्तिमा अनुप्रासको आयोजनाले कविता सुन्दर भएको छ । कवितामा दूत, धूप, अछेता, मन्दिर, मूर्तिजस्ता धार्मिक सांस्कृतिक बिम्ब तथा माइक, हार्मोनियम, स्पुतनिकजस्ता आधुनिक बिम्बहरूले कवितालाई अझ सुन्दर एवं भावपूर्ण बनाएका छन् । पुरातन मान्यताको विरोध गर्दै नवीन प्रगतिशील चेतनाको प्रतिबिम्बन गरिएको प्रस्तुत कविताले मार्क्सवादी दर्शनलाई पछ्याएको देखिन्छ ।

### ३.२.४६ झरी

'झरी' कविको वि.सं. २०१९ सालमा दियालोमा प्रकाशित कविता हो । कवितामा प्रकृतिको एक पक्ष झरीलाई विभिन्न दृष्टिबाट उपमाका रूपमा हेर्दै जीवनजगत्को यथार्थ चित्रण गरिएको छ । कवितामा कतै झरीलाई आफ्नी जननीको खोजीमा रुँदै हिँडेकी छोरीको रोदनका रूपमा चित्रण गरिएको छ भने कतै लामो पर्खाइमा आफ्नै बैंस चिमोटिने आफ्नो प्रियजनको चिताको नृत्यका रूपमा चित्रण गरिएको छ । अथवा आफ्नो श्रमबाट निर्मित महलको विनाशपछि विधवारूपी धर्ती हो कि भन्दै शिशुको रुवाइ, चिताको दृश्य एवं विधवाको यथार्थवस्तुपरक चित्रणमा कवितालाई अघि बढाइएको छ । अझ धर्तीमा व्याप्त शोषण, अन्याय, अत्याचारबाट ध्वस्त धरातलको चर्किरहेको गति हो कि भन्दै पुँजीवादी समाजबाट ग्रसित धर्तीको चित्रण गरिएको छ । त्यसै गरी कविताका अन्त्यमा झरीलाई नवयुग आमन्त्रणको चेतावनीका रूपमा प्रस्तुत गर्दै क्रान्तिधर्मी भाव प्रस्तुत गरिएको छ । प्रकृतिको एउटा बिम्बलाई विभिन्न सन्दर्भबाट प्रस्तुत गर्दै प्रगतिशील चेतनालाई केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरिएको प्रस्तुत कविता प्राकृतिक बिम्बभित्र यथार्थ चित्रण गरिएको उत्कृष्ट कविता हो ।

१६ मात्राको एक पाउ हुने मात्रिक छन्द पज्झटिका (पदाकुलक) छन्दका ५ श्लोकमा प्रस्तुत कविताको रचना भएको छ । अन्त्यानुप्रास मिलेकाले कवितामा श्रुतिमाधुर्य सिर्जना भई कविता सुन्दर हुन पुगेको छ । कवितामा झरीलाई छोरीको रोदन, चिता आदिका रूपमा स्वाभाविक कल्पना गरिएकाले उत्प्रेक्षा अलङ्कारको सिर्जना भएको छ । अधिकतम संस्कृत शब्दको प्रयोग भएको प्रस्तुत कवितामा छन्दको पूर्ण परिपालन हुन सकेको छैन । प्रकृतिभित्र यथार्थ एवं क्रान्तिधर्मी चेतना प्रतिबिम्बन गरिएको प्रस्तुत कविताको शैलीशिल्पको उत्कृष्टता निम्न उद्धरणले प्रस्तुत गर्दछ–

यो भङ्ग भएको श्रम महल यो
जगको, निष्ठुर गतिले, देखी
श्वेत घटाको बर्को ओढी
फुङ्ग उडेकी जननी हुन् कि ?   (दियालो, २०१९)

### ३.२.४७ कमल

वि.सं. २०१५ सालमा छहारीमा प्रकाशित 'कमल' प्रकृतिको सुन्दर रचना कमललाई नजिकबाट स्पर्श गरिएको कविता हो । यसले कविको प्रकृतिप्रेमको नमुना प्रस्तुत गरेको मात्र छैन कविमा देवकोटाको प्रभाव रहेको देखिन्छ । नदीको छातीमा नवोदित सुन्दर फूललाई प्रातः गीतको पवित्र तरङ्ग एवं मधुवनका सुन्दर अधरका रूपमा चित्रण गरिएको छ ।

चार पङ्क्तिको एउटै श्लोकमा संरचित मुक्तकाकार प्रस्तुत कवितामा तत्समबहुल शब्दको प्रयोग पाइन्छ भने पाउको अन्त्यमा अन्त्यानुप्रास मिलेको छ। रूपक अलङ्कारको प्रस्तुतीकरणबाट कवितालाई थप सुन्दर र कलात्मक बनाइएको छ।

### ३.२.४८ दुई कविता

रूपरेखामा प्रकाशित प्रस्तुत 'दुई कविता' शीर्षकमा मुक्तक आकारका 'साँझ' र 'झरी' शीर्षकमा दुई कविता प्रकाशित भएका छन्। प्रकृतिको सुन्दर चित्रण गरिएका उक्त दुई मुक्तक कवितामा प्रकृतिलाई अत्यन्तै नजिकबाट हेर्दै साँझमा दलानमा आइपुग्ने लुत्याहा कुकुरका रूपमा साँझलाई र यौवनको मध्याह्नमै आफ्ना तीताटर्रा अनुभवहरू समेट्दै प्रतिपल रोइरहने विधवाका रूपमा झरीलाई प्रस्तुत गरिएको छ। सङ्क्षिप्त आयामभित्र खँदिलो भावसम्प्रेषण गर्न उनका यी कविताका टुक्राहरू सफल देखिन्छन्।

दश पङ्क्तिको एक अनुच्छेदमा संरचित यस कवितामा विभिन्न बिम्बहरू प्रस्तुत गर्दै साँझलाई लुते कुकुरमा आरोप गरिएकाले रूपक अलङ्कारको सिर्जनाबाट कविताको सौन्दर्य वृद्धि भएको छ। त्यस्तै आठ पङ्क्तिको एक अनुच्छेदमा निर्मित 'झरी' कवितामा पनि विधवाका रूपमा चित्रण गरिएकाले रूपक अलङ्कारको कलात्मक सौन्दर्य देख्न सकिन्छ।

यसरी सङ्क्षिप्त आयाममा प्रकृतिलाई आफ्ना अनुभवबाट सुन्दर उपमा दिई खँदिलो भावसम्प्रेषण गर्ने कविको कवित्व प्रशंसनीय देखिन्छ।

### ३.२.४९ आधारात पछि

सप्तकोशीमा सङ्कलित 'आधारात पछि' को प्रकाशन वि.सं. २०२० सालमा भएको हो। उज्यालोको उल्टो अर्थ दिने शब्द रातलाई केन्द्रीय विषयवस्तु बनाई यसको सजीव चित्रण कवितामा गरिएको छ। नालामा उँधमुन्टिएको जँडचाहाका रूपमा जतातत‍ै चकमन्नता व्याप्त रातमा उज्यालोको आभास कत्ति पाइँदैन। आज मानिसका चेतनाहरू पनि मध्यरातझैँ सुषुप्तावस्थामा छन्। रजनीको बैँसमा व्याप्त अन्धकारमा कविचेतना जुकाले चुसेझैँ चुसिएकोमा कहालिन्छ, चिच्च्याउँछ तर बाध्यतावश अनकन्टार निरव जङ्गलमा कुकुरको एकतमासको नमिठो रोदन, झरीको भयभीत कम्पन एवं भ्यागुताको टर्रो आवाजमा सिन्कीझैँ कुहिनुपर्ने विवशता मार्मिक रूपमा यस कवितामा प्रतिबिम्बित भएको छ। त्यसै गरी घडीको टिकटिक आवाजसँगै चराहरूको आवाजसँगै अन्धकारको आयु गन्दै सुन्दर बिहानीको प्रतीक्षामा परिवर्तनको विगुल सुनेको सन्दर्भबाट कवि सुन्दर भविष्यको कल्पना गर्दै आशावादी जीवनदृष्टि प्रस्तुत गर्दछन्।

न्यूनतम ३ देखि अधिकतम १५ पङ्क्तिगुच्छाका पाँच अनुच्छेदमा विस्तारित प्रस्तुत कवितामा विभिन्न बिम्बप्रधान शब्दहरूको छनौटले उपमा र रूपक अलङ्कारको सिर्जना गर्दै काव्यसौन्दर्यमा

चमत्कार थपेको पाइन्छ । कविताका अनुच्छेदभित्रका पङ्क्तिले अनुच्छेद र प्रत्येक अनुच्छेदले सम्पूर्ण कविताको मूल भावसम्प्रेषणमा महŒवपूर्ण भूमिका खेलेको देखिन्छ । कवितामा जँडयाहा, मसानघाट, मुर्दा, गठेमङ्गल, जुकाजस्ता बिम्बप्रतीकको प्रयोगले कविताको भाव झन् खँदिलो बन्न पुगेको प्रमाण निम्न उद्धरणले प्रस्तुत गरेको छ–

मानिसको मस्तिष्क, चेतनाको पुञ्ज
आज पल्टिरहेछ यत्रतत्र परी
मसानघाटमा मुर्दा लडेसरी
सिर्जनाको मुहान
खडेरी परी सुकिरहेछ
हामी त खाली
सपने संसारको रोटेपिङमा
गठे मङ्गलझैँ
यताउता हल्लिरहेछौँ ।      (सप्तकोशी, २०२०)

### ३.२.५० एस्ट्रेको धुलो

'एस्ट्रेको धुलो' वि.सं. २०२१ सालमा रूपरेखामा प्रकाशित कविता हो । सामान्य कुरालाई पनि कवितामा विषयवस्तु बनाई कविता सिर्जना गर्नु कविको वैशिष्टय मान्न सकिन्छ । प्रस्तुत कवितामा पनि एस्ट्रेमा रहेको चुरोटको धुलोलाई कविताको शीर्षक बनाई जीवनलाई एस्ट्रेको धुलोका रूपमा अनुभूत गर्न पुग्छन् । यसमा जीवनलाई नयाँ ढङ्गले परिभाषित गर्न खोजिएको छ । जीवनलाई ओठको प्यास मेट्न नसकेको चियाको घुट्की, जुठ्चानमा फ्याँकिएका सिता, नालामा फालिएको आँपका कोयाको उपमा जुटाउँदै उपेक्षित जीवनप्रतिको कविको संवेदनशीलतालाई कवितामा प्रस्तुत गरिएको छ । अरूका जीवन सिँगार्दैमा आफ्नो जीवन राख बनाउने एस्ट्रेको धुलोको रूपमा आफ्नो जीवनलाई एकाकार बनाउँदै कुनै दिन आफ्नो मुस्कानले बिजुलीलाई माथ गरेको ठानिए पनि जिन्दगीभर छातीको न्यानोले यौवनभर अँगालिरहे पनि आज एङ्गल नमिलेको लुजफिटिङ ब्रेसियरका रूपमा आफ्नो जीवनलाई चित्रण गरिएको छ । यसरी कविताले एस्ट्रेको धुलोका माध्यमबाट प्रेमप्रतिको बेइमानी प्रस्तुत गर्दै निराशावादी मनोवृत्तिको चित्रण गरिएको छ–

कुनै दिन मेरो मुस्कानमा
तिमी भन्थ्यौ
बिजुली लाजले शिर नुहाउँथिन्
तिम्रो चेतनाको केन्द्रबिन्दु अल्झिन्थ्यो,
आज त म एस्ट्रेमा थुप्रिएको धुलो मात्र हुँ

तिम्रो जीवन सिँगार्दै राख भएको ।      (रूपरेखा, २०२१ : पृ. ७९)

लामाछोटा पङ्क्तिका तीन अनुच्छेदमा रचना भएको प्रस्तुत कविता कवि श्रेष्ठको उत्कृष्ट रचना हो । एस्ट्रेको धुलोलाई प्रतीकात्मक रूपमा उपेक्षित मानवीय जीवनको चित्रण गरिएको प्रस्तुत कवितामा अपेक्षित, चञ्चलता, यौवन, शिर, चेतना, जीवन, गीत, उषाजस्ता संस्कृत शब्द तथा प्यास, गल्ली, प्याला, अट्लान्टिक, एस्ट्रे, ब्रेसियरजस्ता आगन्तुक शब्दको प्रयोग पाइन्छ। उषा, एस्ट्रे, प्यालाजस्ता शब्दहरूले बिम्बात्मक अर्थ प्रदान गरी कवितालाई अझ कलात्मक बनाएका छन्। लामाछोटा पङ्क्तिभित्र आन्तरिक मुक्त लयको माधुर्य पाइने प्रस्तुत कविता उत्कृष्ट गद्य कविताका रूपमा लिन सकिन्छ ।

## ३.२.५१ एक वेदना दुई मुक्तक

'एक वेदना दुई मुक्तक' कविको वि.सं. २०२१ सालमा उजेलीमा प्रकाशित रचना हो । प्रस्तुत कविताले पनि विषमतापूर्ण समाजको चित्रण गर्दै सारा जगत् आर्थिक शोषणका कारण जर्जर बनेको छ । विषमताकै कारण जगत्को èारृङ्गार हराउँदै गएकाले मानवीय सभ्यता कुरूप बन्दै छ । जगत्मा व्याप्त यो विषमता एक दिन शोषित, दमित मानिसहरूको चेतनाबाट पक्कै समाप्त हुनेछ भन्ने विद्रोही क्रान्तिकारी चेतना प्रतिबिम्बित भएको छ । क्रान्ति भएर विश्व एक हुनेछ भन्ने भविष्यप्रतिको आशावादी स्वर कविले यसरी प्रस्तुत गरेका छन्–

पिल्सिएका तŒव सबका
बन्द बोली आज फुट्छ,
चर्कदो जगको यो पुरातन
ढल्छ आत्मा मूक्त हुन्छ
श्रम औ पसिनाको युगमा
युद्धको बलिदान हुन्छ ।
जब भूगोल इतिहास मर्छन्
तब विश्व सारा एक हुन्छ ।      (उजेली, २०२१ : पृ. ४)

प्रस्तुत उद्धरणबाट कविको समतामूलक वैश्विक चेतनाको अभिव्यक्ति कवितामा कलात्मक रूपमा प्रस्तुत भएको छ । आठ पङ्क्तिपुञ्जका दुई मुक्तकाकार अनुच्छेदमा संरचित प्रस्तुत कवितामा समपाउमा अन्त्यानुप्रास मिलेकाले एक किसिमको लयात्मक माधुर्य सिर्जना भएको छ। कवितामा अधिकतम संस्कृत शब्दको प्रयोग पाइन्छ। तृतीय पुरुष कथनपद्धति अँगालिएको प्रस्तुत कविता मुक्तकाकार उत्कृष्ट गद्य रचना हो ।

### ३.२.५२ टुक्रैटुक्राको अनन्त लहर

'टुक्रैटुक्राको अनन्त लहर' वि.सं. २०२२ सालमा रचनामा प्रकाशित कविता हो । प्रस्तुत कवितामा लामो कविता रचनाप्रक्रियाको प्रवृत्ति समात्न खोजेको पाइन्छ । युगबोधलाई आफ्नो अनुभूतिबाट खार्दै आत्मबोधमा उन्मुख प्रस्तुत कवितामा बालकृष्ण समको आगो र पानी खण्डकाव्यको प्रभाव देखिन्छ । आगो र पानी खण्डकाव्यकै मान्यतामा अडिएर काव्यरचना गर्न र बौद्धिक चिन्तन तथा साधनालाई अनुभूतिको संरचनामा समावेश गर्ने उपजीव्य ग्रन्थ पनि आगो र पानी नै देखिन्छ (सिवाकोटी, २०६० : पृ. ८८) ।

कविले यस कवितामा जीवनलाई इतिहासका विभिन्न कालखण्डमा विभिन्न अध्यायका सन्दर्भमा परिभाषित गरेका छन् । मानिसहरू दासत्वको पिँजडामा बाँधिएको र अन्ततः त्यसबाट मुक्त हुन विभिन्न हातहतियारको सिर्जना भएको साथै स्वतन्त्रताको पिँढीका मानिसहरूमा नयाँ चेतनाको विकासले नयाँ संसारको सपना देखेको हुन्छ भन्दै समाजका सबै खाले विसङ्गतिहरूको समाप्तिको कामना गर्दै नवीन समाजको स्थापना चाहन्छन् । कवितामा राष्ट्र सापेक्ष क्रान्तिको गीत गाउँदै सामाजिक कुसंस्कारका चिह्नहरू फाल्न पूर्वजन्म, स्वर्ग र नर्कको तर्कमाथि यसरी धावा बोल्छन् कवि आफ्नो कवितामा–

> यो जिउँदो मानिस उक्लने सिँढी हो
> यो बिउँझेको पिँढी हो
> मरेर वैतरणी तर्न होइन
> जिउँदो स्वर्ग धरतीमा उतार्न ।   (रचना, २०२२, पृ. ५)

रूढीवादविरोधी कवि श्रेष्ठ धर्तीमै स्वर्ग देख्ने विकासवादी सिद्धान्तमा आधारित पुराना, साँघुरा धारणा र परम्पराको पुनर्व्याख्या गर्न चाहन्छन् ।

न्यूनतम छ र अधिकतम १५ पङ्क्तिगुच्छाबाट निर्मित सात अनुच्छेदमा प्रस्तुत कविताको लमाइगत आयाम विस्तार भएको छ। तमोर, सुनकोशी, विषुवत रेखा, अमेजन, अफ्रिका, किलिमान्जारो, कुमारी छोरी, ब्रह्मा, महिषासुर, अश्वमेघ यज्ञ, भरियाको खकन, स्वर्ग आदि प्राकृतिक-सांस्कृतिक बिम्बप्रतीकहरूको प्रयोगले कवितालाई बौद्धिक एवं चिन्तनप्रधान बनाएको छ । पङ्क्तिपङ्क्तिभित्रको आन्तरिक लयले कविताको समग्र उचाइ थपेको छ भने तृतीय पुरुष कथनपद्धतीय ढाँचामा लेखिएको प्रस्तुत कवितामा विभिन्न उपमा तथा रूपक अलङ्कारले कवितालाई थप कलात्मक बनाएको छ । कविको मार्क्सवादी तथा विकासवादी दर्शको प्रभाव परेको प्रस्तुत कविता उत्कृष्ट गद्य कविता मान्न सकिन्छ ।

### ३.२.५३ मेरो सहर

प्रस्तुत कविता वि.सं. २०२२ सालमा फूलबारीमा प्रकाशित उत्कृष्ट गद्य कविता हो। प्रकृतिभित्र यथार्थ अन्तरमिश्रण गर्दै विषयवस्तु अघि बढाइएको प्रस्तुत कविताले एकातर्फ सहरको वस्तुपरक चित्रण गरेको छ भने अर्कोतर्फ सहरमा बसोबास गर्ने मानिसहरूको जीवनस्थितिको यथार्थ चित्रण गरेको छ। कवितामा सर्दू, श्यौती खोलाले सिँगारिई महाभारतको फेदीमा पल्टेको सहरमा बूढा सुब्बा, मुर्कट्टेबाँसजस्ता सांस्कृतिक सम्पत्तिहरूले सम्पन्न सहरका रूपमा धरानको प्रकृतिपरक चित्रण गरिएको छ। प्राकृतिक रूपमा सम्पन्न सहरमा पनि आर्थिक विषमताका चिह्नहरू प्रशस्त देख्न सकिन्छ। जीवनको अस्तित्व गुमाएका मानिसहरू यसै सहरमा यत्रतत्र छरिएका छन्। जहाँ चिनी, मट्टितेलका सामान्य आवश्यकताबीच सङ्घर्षरत जीवन देख्न पाइन्छ र दाल, भात र डुकुबाट पिरोलिनेहरूको पनि आफ्नै समूह छ। यसरी सहरभित्रका सुन्दर प्राकृतिक दृश्य एवं कटु जीवनको यथार्थ चित्रण यसरी गरिएको छ–

स्टेरिङको हरेक घुम्तीमा
यात्राको दूरी नापिएझैँ
यहाँ चिनी, केरोसिन कुपनको
घट्दो, बढ्दो अङ्कगणितमा
नापिन्छ जीवनस्तरको रेखा
मानौँ हामी ग्राफ मात्र हो
कच्चा औ पक्का खाताको जोड घटाउमा
मूल्य बृद्धिझैँ शिर उठाई सगर हानिने
तर दाल, भात डुकुको अनन्त दौडमा
ब्यालेन्स हात लागि शून्य भएका। (फूलबारी, २०२२ : पृ. ५३)

न्यूनतम सात र अधिकतम तेह्र पङ्क्तिगुच्छाका छ अनुच्छेदमा प्रस्तुत कविताको बाह्य आयाम विस्तार भएको छ। कवितामा सहरको प्राकृतिक यथार्थ र सामाजिक चित्रण भएकाले शीर्षक उपयुक्त देखिन्छ। कवितामा सर्दू, श्यौती, महाभारत फेदी, बूढा सुब्बा, घटोत्कच, पिण्डेश्वरी, सतरञ्जजस्ता प्राकृतिक तथा सांस्कृतिक बिम्बप्रतीकहरूको प्रयोग पाइन्छ। कुमारी यौवन, चन्द्र विभीषिका, सती, अभिशापजस्ता संस्कृत शब्द; सहर, मेहनत, जुलुस, नारा, सतरञ्ज, स्टेरिङ, ग्राफजस्ता आगन्तुक शब्दहरूको प्रयोग कवितामा पाइन्छ। कवितामा प्रयुक्त कतिपय शब्दहरूले प्रतीकात्मक अर्थ सम्प्रेषण गरेको पाइन्छ भने उपमा, रूपक तथा उत्प्रेक्षा अलङ्कारको चमत्कारले कविताको भाव तीव्र बन्न पुगेको छ। अर्थालङ्कारबाट उत्पन्न काव्यसौन्दर्यलाई निम्न उद्धरणबाट पुष्टि गर्न सकिन्छ–

सर्दू र श्यौतीको दोहोरो चुल्ठो
कन्ये कुमारीझैँ
छातीमा पिठचुँमा झुण्डचाई
मध्य यौवनकी बालाझैँ मस्त
महाभारतको फेदीमा ढल्की
सुस्ताइरहेछ मेरो सहर
मुस्काइरहेछ मेरो सहर ।     (ऐजन)

यसरी प्रस्तुत कवितामा स्वच्छन्दतावादी भावधाराभित्र यथार्थ चित्रण गर्दै कविको प्रगतिशील चेतना अभिव्यक्त भएको छ ।

## ३.२.५४ दिवसको चढ्दो बै“समा उकुसमुकुसिएको जीवन

कविता वि.सं. २०२१ सालमा रूपरेखामा प्रकाशित प्रस्तुत कविताको शीर्षक 'दिवसको चढ्दो बैंसमा उकुसमुकुसिएको जीवन' राखेर शीर्षकविधानमै नवीनता दिइएको छ । मध्य दिनको बाफिलो तापक्रमले वसन्तको हरियाली कताकता हराएको भावचित्र कवितामा व्यक्त भएको छ । जतातत‌ै उकुसमुकुस, छटपटी देखिन्छ, चेतनामा नटबोल्ट कसिएको छ । श्वासप्रश्वासमा गतिरोध देखिएको डरलाग्दो तर दिनको यथार्थ चित्रण कविताले गरेको छ । अनन्त उष्णताले आक्रान्त अक्टोपसको पञ्जामा छटपटाएको पूर्णविरामतिर उन्मुख जीवनको चित्रण गर्दै यसबाट चारैतिर छाएको शून्यता र सन्नाटाप्रति अत्यास लागेको भाव यसरी प्रस्तुत गर्छन्–

मलाई ब्ल्याक होल ट्रेजेडीको आभास हुँदैछ
कार्बनडाइअक्साइडको लहर
नाइट्रोजनको उर्लंदो छाल
यमराजको ताण्डव हत्य !!!    (रूपरेखा, २०२१ : पृ. ४१)

कवितामा कविले प्रतीकात्मक रूपमा समाजमा व्याप्त शोषण, दमनबाट उत्पन्न विसङ्गति प्रस्तुत गर्दै विसङ्गत समाजको चित्रण गरेकाले कविको विद्रोहात्मक चेत प्रकट भएको पाइन्छ ।

प्रस्तुत कविता चार अनुच्छेदमा विस्तार भएको छ । कवितामा विभिन्न प्रतीक तथा बिम्बहरूको प्रयोगले भावसम्प्रेषणमा सघनता थपिई कविता बौद्धिक बन्न पुगेको छ । कविताभित्रका पङ्क्तिपङ्क्ति-बीचको अन्तरसम्बन्धले कवितामा सौन्दर्य थपिएको छ । कवितामा प्रयुक्त प्रतीकात्मक शब्दहरूले आलङ्कारिक सौन्दर्यलाई यसरी प्रस्तुत गरेका छन्–

अक्टोपसको पञ्जामा छटपटाएको
पूर्णविरामतिर घिसार्न लागेको

धुकधुकीको यो अन्तिम ज्वार लहर
मानौँ जीवन त सडेको लास मात्र हो
फेर्न छोडेको श्वास मात्र हो । (रूपरेखा, २०२१ : पृ. ४२)

तृतीयपुरुष कथनपद्धतिमा उभिएको प्रस्तुत कविता भाव र शैलीशिल्प दुवै दृष्टिले उत्कृष्ट बन्न पुगेको छ ।

## ३.२.५५ नयाँ सडक राति नौ बजेपछि

वि.सं. २०२१ सालको रूपरेखामा प्रकाशित प्रस्तुत गद्य कविताले नौ बजेपछिको नयाँ सडकको चित्रण गर्दै त्यसभित्र मानवीय समाजमा देखिएका विसङ्गति, अपसंस्कृति, मूल्यहीनता, निस्सारताजस्ता भाव प्रतिबिम्बन गरेको छ। स्वाभाविक रूपमा सडकको वस्तुस्थिति एवं व्यङ्ग्यात्मक रूपमा समाजचित्रण गर्ने कविको यो बहुचर्चित कविता हो । कवितामा रातमा देखिने नयाँ सडकलाई नरमाइलो बाँझोपन, उदाङ्गिएको नग्नता, शून्यताको प्रदर्शक, हृदयविहीन मानिस आदिका रूपमा चित्रण गरिएको छ तर ती उपमा र प्रतीकभित्र जीवनन्त रूपमा समाजचित्रण गरिएको पाइन्छ। समाजमा देखिने सांस्कृतिक विचलन र विसङ्गत स्थितिप्रति कवितामा यसरी व्यङ्ग्य गरिएको छ–

उप्केको पाउडर, क्रिमको पत्रैपत्रको मुस्कानमा
किचकन्नीको दिग्दर्शन । (रूपरेखा, २०२१ : पृ. ३९)

त्यसै गरी स्व-सामाजिक मूल्य तिरस्कार गर्दै अन्धानुकरणतर्फ उन्मुख प्रवृत्तिप्रतिको असहमति कवि यसरी जनाउँछन्–

गल्लीगल्लीमा मातेका कुकुर
आफ्नै थलोमा न्याकिएका मान्छे
यहाँ भुकिरहेछन्, पालिरहेछन्
शून्यताले ओगटेको यो सडकमा
खोक्रा मान्छे, मान्छे खोक्रा हल्लिरहेछन् । (ऐजन)

लामाछोटा पाँच पङ्क्ति दश पङ्क्तिगुच्छाका ६ अनुच्छेदमा प्रस्तुत कविताको बाह्य आयाम विस्तार भएको छ। कवितामा हुगलीको ज्वार, किचकन्नी, भुइँचालो, बुख्याचाजस्ता प्रतीकात्मक बिम्बहरूको प्रयोग पाइन्छ। सरल संस्कृत शब्दका साथै पाउडर, क्रिम, गल्ली, सडक, बोतलजस्ता आगन्तुक शब्दको प्रयोगले कविताको भावसम्प्रेषणमा महŒवपूर्ण भूमिका खेलेको छ। तृतीय पुरुष कथनपद्धतिमा संरचित प्रस्तुत कवितामा उपमा अलङ्कारको प्रयोगले काव्यभावमा तीव्रता प्रदान गरेको छ। यसरी सडकलाई माध्यम बनाएर सामाजिक विसङ्गति, सांस्कृतिक विचलन प्रस्ततु गर्ने कविको यो उत्कृष्ट कविता हो ।

### ३.२.५६ दुई टुक्रा कविता

प्रस्तुत 'दुई टुक्रा कविता' वि.सं. २०२२ सालमा स्वास्नी मान्छेमा प्रकाशित कविता हो । यही कविता वि.सं. २०४६ सालको लक्ष्मी सडकका कवितामा 'दुई पुराना कविता' शीर्षकमा सङ्कलित छ । दोस्रो टुक्राका रूपमा रहेको प्रस्तुत कवितालाई पुनः गोर्खापत्रको 'सय वर्षका कविता' मा सङ्कलित गरिएको छ। इतिहासभित्रको मानवीय सभ्यताका विसङ्गति र कमजोरीलाई चित्रण गरिएको र परिवर्तनको शाश्वतता प्रस्तुत गर्ने एकएकवटा अनुच्छेदमा संरचित प्रस्तुत कविता मुक्तक आकारमा छन् । लघु आयाममा सघन भावसम्प्रेषण गर्ने प्रस्तुत कविताले इतिहासभित्रका सङ्घर्षका जीतहार एवं प्रेमका सन्दर्भ चियाउँदै चेतनाका आँखाले वस्तुवादी भएर हेर्दा मानवीय सभ्यताकै आवरणभित्रका विसङ्गतिलाई यसरी प्रस्तुत गरेको छ–

गगल्स निकाली हेर यहाँ
सभ्यताको आवरणभित्र
हाम्रो इतिहासै नाङ्गो छ । (स्वास्नी मान्छे, पृ. ४)

जीवनमा परिवर्तनशीलता सहज बन्छ भन्दै जबरजस्ती बनाइएका अन्धसत्य पनि परिवर्तनले असत्य साबित गरिदिन सक्छ किनकि सत्य र यथार्थ पनि कसैको इच्छानुरूप नक्कली र रङदार हुन्छन् भन्ने कटु यथार्थ यसरी व्यक्त गर्छन् कवि अर्को कवितामा–

परिवर्तन नै जीवनको गीत भए
सत्य पनि निश्चित बदलिन्छ । (ऐजन)

मुक्तकीय आयाममा संरचित उक्त कविताहरूमा अधिकतर संस्कृत शब्दको प्रयोग पाइन्छ भने बैँसालु गगन, गगल्स, सूर्यजस्ता बिम्बहरूको प्रयोगले कविता थप सौन्दर्यपूर्ण बनेको छ ।

### ३.२.५७ दुई कविता

प्रस्तुत 'दुई कविता' वि.सं. २०२३ सालमा भानुमा प्रकाशित रचना हो । यसभित्र 'अन्धकार' शीर्षक मुक्तकाकार आयाममा संरचित कवितालाई सम्पूर्ण उज्यालो ग्रहण गरेपछि आफैं नदेखिने, नचिनिने सीमाहीन दृश्यका रूपमा प्रस्तुत गरिएको छ भने 'एकान्त' लाई ब्रह्माण्डमा धुँवाको मुस्लाका रेखाहरू कोर्दै क्यानभासमा आइपुग्ने क्षितिजका रूपमा चित्रण गरिएको छ। सरल संस्कृतका शब्दहरूको प्रयोगले अन्धकार र एकान्त अमूर्त विषयलाई शब्दचित्रका माध्यमबाट मूर्त रूप दिने प्रयास कवितामा गरिएको छ। कविले अमूर्त विषय 'एकान्त' लाई यसरी कवितामा सम्मूर्तन गरेका छन्–

ओर्लिन्छ क्षितिज खोली क्यानभासमा
पाइतलासम्म

कोर्दै रेखाहरू हरेक कोणलाई सुमसुम्याएर,

चुचुरोको मुस्लो यो धुवाँको फुस्सफुस्स अचानो बनाएर । (भानु, २०२३ : पृ .१४७)

यसरी सामान्य विषयलाई पनि कवितामा उन्न सक्ने कविको विशेष खुबी कवितामा प्रर्दशन भएको छ ।

## ३.२.५८ केही टुक्रा कविताहरू

प्रस्तुत 'केही टुक्रा कविताहरू' लक्ष्मी सडकका कविता वि.सं. २०५२ मा सङ्कलन प्रकाशित भएको हो । कवितामा शीर्षकले भनेझैँ चारवटा मुक्तक आयामका कविताका टुक्राहरू प्रस्तुत गरिएका छन् । काठमाडौँको जीवन, मान्छे, युवती र तिमीमा केन्द्रित कविको आफ्नो दृष्टिकोण कवितामा उतारिएको छ । नयाँ सडकमा घाम डुबेको ट्वीस्ट रात र टोस्ट दिनमा काठमाडौँको जीवनशैली चित्रण गरिएको छ । मान्छेलाई नाङ्गो क्यानभासका सोझा, तेर्सा, राता, काला रङ्गका रूपमा र युवतीलाई रेखैरेखाको जालो, माखेसाङ्लोको प्रतीकका रूपमा चिनाइएको छ । कवितामा प्रस्तुतीकरणको शैली नवीन देखिन्छ र बिम्बप्रतीकको प्रयोगले कवितालाई बौद्धिक बनाएको पाइन्छ–

मान्छे

नाङ्गो क्यानभासमा दुइटा रेखा

सोझो तेर्सो

जुधेको

रङ रातो, कालो, कालो, रातो । (लक्ष्मी सडकका कविता, २०५२)

प्रस्तुत कवितामा प्रयोगवादी प्रवृत्ति मानिने दुर्बोध्यता प्रस्टै देख्न सकिन्छ ।

## ३.२.५९ दौडेका पाइलाहरू

'दौडेका पाइलाहरू' शीर्षक वि.सं. २०२३ को रूपरेखामा प्रकाशित गद्य कविता जीवनलाई यात्राको पथबाट निरन्तर अघि बढाइरहन निराशैनिराशाका बीच आशावादी दृष्टि प्रतिबिम्बित गरिएको छ । हिजोको आफ्नै इतिहास आज स्पष्ट छैन, आफैँलाई दाउमा फ्याँकी उत्तानो परेको जीवनमा पुनः इमान बिटुल्याएर, आफैँलाई नङ्ग्याएर, जीवनलाई कोटझैँ हेङ्गरमा झुन्डाएर पनि आफ्नो गन्तव्य खोजिरहेछन् । जीवनलाई जुवाका रूपमा प्रस्तुत गर्दै सामाजिक परिवर्तनप्रति उत्पन्न जिज्ञाशालाई कवितामा प्रतीकात्मक रूपमा यसरी प्रस्तुत गरिएको छ–

खासखुस गुनगुन ? कहीँ बिदा लिएझैँ भेट भएझैँ

इँजारजस्तो झुन्डिएको यो तन्द्रा । (रूपरेखा, २०२३ : पृ. ३१)

कवितामा समाजको यथास्थितिप्रति असहमति जनाउँदै परिवर्तनका निम्ति जागरणको शङ्खघोष यसरी गरिएको छ–

मानिस फेरि ब्यूँझिन लागेझैँ यो साँझमा
सूर्योदयको मन्त्र जपेझैँ !     (ऐजन)

परिवर्तनका निम्ति दरो हात समाउँदै एकजुट हुन आह्वान गरिएको प्रस्तुत कवितामा भोलिको सुन्दर धर्तीको कल्पना यसरी व्यक्त भएको छ–

हातेमालो गर्दै, तिम्रा र मेरा पाइलाका गति मिलाउँदै
हातेमालो गर्दै, तिम्रा र मेरा हृदयका प्रीत मिलाउँदै
सगरमाथाको चुलीमा, ठोरीमा लेक-बँसीमा
तराईको धुलो, मेचीकालीका बगरबगरमा,
अनि पो टेकौँला यस धर्तीमा
पाइतालाका डोब नहराउने गरी
हाम्रा आकाङ्क्षाका इतिहासका झण्डा सधैँ
फर्फराउने गरी,
सम्पूर्ण वीर्यधार पोखौँला यस धर्तीमा
कहिल्यै, कहिल्यै नसुक्ने गरी ।   (ऐजन)

न्यूनतम छ र अधिकतम सैँतीस पङ्क्तिगुच्छाका चार अनुच्छेदमा प्रस्तुत कविताको लमाइगत आयाम विस्तार भएको छ । कवितामा संस्कृत तथा आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ साथै बिम्बको प्रयोगले भावसम्प्रेषणमा सघनता थपेको छ भने प्रतीकको अतिशय प्रयोगले यसलाई प्रयोगवादी गद्य कविताका रूपमा लिन सकिन्छ ।

## ३.२.६० महाकविको मृत्युमा

'महाकविको मृत्युमा' वि.सं. २०२३ सालमा हिमानीमा प्रकाशित भएको उत्कृष्ट गद्य कविता हो । महाकविको मृत्युलाई विषय बनाएर जीवनको महŒव खोजिएको प्रस्तुत कवितामा जन्म र मृत्यु सँगसँगै आउने घटना हुन् तर पनि मृत्युको त्रासले हामीलाई निरन्तर लखेटिरहेको छ । हामी लखेटिँदै छौँ, वर्तमानलाई भूतले जीर्ण बनाएपछि हामी चेत्छौँ । हामी जीवनलाई पानीका थोपाका रूपमा अनायासै, नजानेरै जिइरहेका हुन्छौँ । जीवनलाई निरस बनाउँदै मृत्युलाई पर्खिएर पाषाणमूर्तिमा रूपान्तरित भएर अर्थहीन, निरुद्देश्यीय बँचाइ बाँचेर शिखण्डी बन्दै आजीवन दाल, भात, डुकुको अनन्त सागरमा होमिएर, पीरव्यथाको थुप्रोमा आफैँ नाङ्गिएर निरर्थक बाँचिरहेको कथ्य कवितामा प्रस्तुत गरिएको छ । दन्त्यकथाकै पात्रझैँ तामाको पुरानो सिक्का बनेर समयका हरेक

क्षणसँगै खिइँदै गएको हामीलाई आभास नभई मृत्युवरण गर्न विवश हुन्छौँ भन्ने निराशावादी जीवनदृष्टि कवितामा यसरी प्रस्तुत भएको छ–

हामी हराउँछौँ दन्त्यकथामा
कथाकै एक पात्र बनेर
जो अर्काको भरमा गोडा चाल्दछ
जो अह्राएकै थलोमा पीर उकेल्दछ ।    (हिमानी, २०२३ : पृ. १०३)

कविको मृत्युसँगै उनको सम्झनामा लाशको पछि लागेर हाम्रो चेतना स्वयं लाशकै लाममा रूपान्तरित भएको छ भन्दै महाकविको जीवन छँदै केही गर्न नसकेको र मरेपछि उनको निरर्थक सम्झना गरेको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ–

मलामी बन्नमै हामी मक्ख छौँ
यो लाशैलाशको लाम-लहरमा
तिम्रो यो लाश भर्खरै उभिएको छ, यो क्युको पुछारमा
सम्झिरहेछौँ त्यसैले त तिमीलाई
यो निशब्दता यो मृत प्रहरमा ।   (ऐजन, पृ. १०४)

छदेखि पन्ध्र पङ्क्तिका पुञ्जबाट सात अनुच्छेदमा संरचित प्रस्तुत कवितामा मृत्यु, त्रास, शून्यता, दायित्व, जीवन, मानवता, निशस्त्र, नशाजस्ता संस्कृत शब्दप्रयोग तथा मान्छे, ख्याक, सिँढी, डुकु, दालजस्ता ठेट नेपाली शब्दको प्रयोग पाइन्छ । मानिसको निरर्थक बँचाइलाई विभिन्न बिम्ब-प्रतीकका सन्दर्भबाट व्याख्या गर्न खोजिएको प्रस्तुत कविता बौद्धिक मान्न सकिन्छ । ख्याक, शिखण्डी, दुम्सीकाँटे कथा, त्रिशङ्खुजस्ता बिम्बले कवितालाई दुरूह बनाएका छन् । प्रथम पुरुष कथनपद्धति अँगालिएको प्रस्तुत कवितामा कविले महाकविको मृत्युको सन्दर्भबाट निरर्थक जीवनयापनको प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । यस कविताको शैली भूपि शेरचनको 'हामी' बाट प्रभावित भएको देखिन्छ ।

### ३.२.६१ भियतनाम

'भियतनाम' वि.सं. २०२६ सालमा उजेलीमा प्रकाशित रचना हो । प्रस्तुत कवितामा तत्कालीन समयमा भियतनाम अन्तर्राष्ट्रिय द्वन्द्वबाट उत्पन्न त्रासदीपूर्ण वातावरणको चित्रण गरिएको छ । अन्तर्राष्ट्रिय द्वन्द्वबाट भियतनामको राष्ट्रिय स्वतन्त्रतामा आँच आउन नदिन विश्वलाई नै आह्वान गरिएको प्रस्तुत कविताको शीर्षकविधान उपयुक्त देखिन्छ । इतिहासको कालखण्डमा युद्धका विभीषिकाबाट हरेक राष्ट्र गुज्रनुपरेको सन्दर्भमा वर्तमानमा सोही युद्धकालीन परिवेशबाट भियतनाम र भियतनामीहरू गुज्रनुपरेको यथार्थ चित्रण कवितामा प्रस्तुत गरिएको छ । बम-गोलाका टुक्राहरूबाट, पेन्टागनबाट सञ्चालित राइफलबाट भियतनामी भूमि क्षतविक्षत हुँदैछ, नवविवाहित

जोडी मात्र होइन, नवजात शिशुसमेत त्यसबाट अछुतो छैन । त्यस्तो परिस्थितिबाट भियतनामी युवाहरू जागेर त्यसको प्रतिरोधमा कटिबद्ध छन्, तरुणतरुणी स्वयं छाती थाप्दै अघिबढेका छन् । प्रजातन्त्र र स्वतन्त्रताको प्रतीक लिङ्कनको मूर्ति स्वयंको रोदनको चित्रणवाट व्यङ्ग्य गरिएको छ । एसियाको पवित्र भूमिमा युद्ध नकार्दै यसबाट जोगाउन भियतनामी स्वतन्त्रताप्रेमीहरूलाई उठ्न आह्वान गरिएको छ । भियतनामलाई सुन्दर फूलबारीमा परिणत गर्नुपर्ने कविको आग्रह यसरी प्रस्तुत भएको छ–

आज हरेक भियतनामी युवाको सुन्दर यौवन साँच्नु छ
प्रत्येक बहिनीको सिन्दूर जोगाउनु छ,
हरेक शिशुको दुधालू मुस्कान बचाउनु छ,
यो बढ्दो गतिको मसानघाटलाई
सुन्दर फूलबारीमा परिणत गर्नुछ । (उजेली, २०२६ : पृ. २०)

लामाछोटो ८ देखि १२ पङ्क्तिगुच्छाका सातवटा अनुच्छेदमा प्रस्तुत कविताको बाह्य आयाम विस्तार भएको छ । कवितामा विभिन्न बिम्बप्रतीकहरूको प्रयोग पाइन्छ । अधिकतर संस्कृत शब्द तथा केही ठेट नेपाली शब्दहरूको प्रयोग भएको प्रस्तुत कवितामा उपमा, रूपक अलङ्कारको प्रयोगले कविता अझ सुन्दर बन्न पुगेको छ । तृतीय पुरुष कथनपद्धति अँगालिएको यस कवितामा शक्तिराष्ट्रबाट अन्य राष्ट्रको स्वतन्त्रताप्रति धावा बोल्ने प्रवृत्तिप्रति असहमति जनाउँदै तीव्र विरोध गरिएको छ ।

### ३.२.६२ डुब्न लागेको सालमा चोइटिएको दायित्व

'डुब्न लागेको सालमा चोइटिएको दायित्व' वि.सं. २०२३ सालमा बिहानमा प्रकाशित गद्य कविता हो । प्रस्तुत कवितामा क्यालेन्डरको नयाँ वर्षको आमन्त्रणमा लागिरहेको चालू वर्षको अन्तिमतिरको समयसन्दर्भ र त्यस वर्ष पूरा हुन नसकेका कामहरूलाई विषयवस्तु बनाइएको छ । कविले यस कवितामा नयाँ वर्षको अन्तिम प्रहरलाई तारिख थाप्न दौडेको झगडियाको रूपमा चित्रण गर्दै हजारौँ बिन्तीपत्र, उजुरी एवं हुलाकीद्वारा बाँड्न नभ्याइएका लामालामा आश्वासनका सरकारी पोकाहरूकै बोझले आफैँ थिचिँदै अघि बढिरहेको चित्रण गरेका छन् । यसरी कवितामा चालू वर्षमा शासक एवं राज्यका तहबाट पूरा गर्नुपर्ने कार्यहरू पूरा हुन नसकेका र नेताहरूले आश्वासनका पोकाहरू मात्रै बढ्दै हिँडेको तत्कालीन राजनीतिक स्वार्थी प्रवृत्तिमाथि व्यङ्ग्य गरिएको छ । विभिन्न उपमानहरू खडा गरी दायित्व टुक्रँदै गएको सन्दर्भलाई आफ्ना अनुभूतिभित्र यसरी जीवन्त गरेका छन् कविले–

'बिन्तीपत्र, उजुरी र फिरादपत्रका आकारहरूमा
पुर्खेनी नोकरी गरेका हुलाकीले कुम्ल्याएका
पुलिन्दाका पुलिन्दा ती आश्वासनका

बाँड्दाबाँड्दै बाँडी नसकेको

आयोजनाका प्रयोजनका औ

लामालामा भाषणका

कोचार्दै खल्तीमा, मनमा

लम्किरहेछ यो साल, आसामी उठाइ फर्केका

करोडीम लको मुनिमझैँ

सोझै पूर्णविरामको रेखामा । (बिहान, २०२३ : पृ. ८५–८६)

प्रस्तुत कविता लामा छोटो २७ पङ्क्तिको समूहबाट एकै अनुच्छेदमा विभिन्न उपमानहरू खडा गरेर रचना गरिएको छ । कवितामा केही संस्कृत शब्द तथा तारिख, जाली साल, वास्ता, क्यू, उजुरी, फिरादपत्र, नोकरी, खल्ती, मुनिमजस्ता आगन्तुक शब्दहरूको प्रयोग पाइन्छ । नयाँ वर्षलाई हुलाकी, झगडिया, मुनिमका रूपमा आरोप गरेर रूपक अलङ्कारको सिर्जना गरिएको छ भने वार्षिक समय परिधिको अन्त्य प्रहारलाई आधार बनाएर आश्वासन बाँड्ने तर काम पूरा नगर्ने राजनीतिक कुसंस्कृतिको चित्रण गर्ने प्रस्तुत कवितालाई उत्कृष्ट गद्य कविताका रूपमा लिन सकिन्छ ।

### ३.२.६३ सम्झनाको व्यथा पग्लेर

'सम्झनाको व्यथा पग्लेर' कवि कृष्णप्रसाद श्रेष्ठको वि.सं. २०२३ सालको युगप्रेरणामा प्रकाशित रचना हो । कवितामा सम्झनाको व्यथा पग्लेर भन्ने पदावलीले स्मृतिका पीडाको अनुभूति गर्नु भन्ने बुझ्न सकिन्छ । प्रस्तुत कवितामा माया, प्रेम र अनुरागभित्र सांसारिक जीवन सुसज्जित हुने तथ्य अघि सारिएको छ । कवितामा प्रेमिकालाई हातेमालो गर्दै एकान्ततिर जान अनुनय गरिएको छ । फलैँचामा निर्धक्क बसेर कुइनासँग कुइना जोड्दै, आँखा जुधाउँदै प्रेमालाप गर्न आमन्त्रण गरी नूतन सङ्गीत सिर्जना गर्ने कविको आग्रह यसरी प्रस्तुत गरिएको छ–

आऊ कुरा गरौँ कुइनासित कुइना जोडेर

आऊ न पौँठे जोरी खेलौँ

आँखैआँखा, आँखैआँखाको स्वरलहरीमा

एउटा सङ्गीतको नयाँ धुन

नयाँ प्राण सृजना गरौँ । (युगप्रेरणा, २०२३ : पृ. १३७)

प्रेममा बाधाका रूपमा उपस्थित सम्पूर्ण पुराना रीतिरिवाज र परम्पराप्रति बिजुलीझैँ चड्किएर विद्रोह गर्न कवि अघि सर्छन्–

किन चर्कदैनौ बिजुलीझैँ उदाङ्गिएर,

भाँचौँ न यो परम्परा; यो थिति, रीति, यो नियम

यो घिड्घिडो, इतिहासको मक्किएको पातो

यी प्रपञ्च, बन्धन, यो तगारो

तिमी र मबीच, हगि ! कस्तरी उभिएको

थाहै नपाएझैँ, हिस्सी नभाका मोरो नकच्चरो । (ऐजन)

आफ्नो यौवनकालको गतिविधि समयसँगै पुरानो भएको र आज पुनः त्यसको स्मृति गर्दै विगतमा फर्कन चाहने कविको आतुरता यसरी प्रकट हुन्छ–

एकअर्कालाई हामी देख्न छाडिसक्यौँ अब

सिर्फ अनुभव हुन्छ तिमी छौ मसित टाँस्सिएकी,

मेरो माया जाग्दछ यो पृथकताको प्रीत छिचोल्न

मेरो संस्कार कुर्लन्छ आज र भोलिमा झुल्न

हिँड जाऔँ प्रिय, उही जहाँबाट

तिमी र मैले एकअर्कालाई चिनेथ्यौँ

एउटा लामो डचासमा, यौटा लामो डचासमा । (ऐजन)

लामाछोटा १२ अनुच्छेदमा संरचित प्रस्तुत गद्य कवितामा केही पङ्क्तिपछि '......' अन्तराल राखी तत्क्षणको अनुभूतिलाई प्रस्तुत गरिएको प्रयोगवादी प्रवृत्ति पाइन्छ । कविताको आयाम हेर्दा लामो कवितालेखनको दिशातिर अघि बढेको यस कविताले चेतनप्रवाह शैली अँगालेको छ ।

## ३.२.६४ तीन कविता

कृष्णप्रसाद श्रेष्ठको प्रस्तुत कविता वि.सं. २०२३ सालको भानुमा प्रकाशित भएको हो । प्रेमिकाको सङ्लो स्मृतिलाई विषयवस्तु बनाइएको यस कवितामा प्रेमिकाको अनुपस्थितिमा जीवन अर्थहीन हुन पुगेको अनुभव सँगालिएको छ । प्रेमिकालाई नदेख्दा आफ्नो जीवन म्याद गुज्रिएको तमसुकजस्तो अनुभूति हुन्छ, जसलाई न फाल्न सकिन्छ न त छातीमा टाँस्नै भन्दै आफू महाशून्यमा पस्न लागेको भाव कवितामा प्रस्तुत गरिएको छ । तर यसको विपरित प्रेमिकालाई देख्दा जीवनमा नयाँ फूर्ति सञ्चार हुन्छ त्यसको मुस्कानमा चुर्लुम्म डुबेर अतीतका सम्पूर्ण तिक्तताहरू बिर्सन सकिने भाव कवितामा प्रतिबिम्बित भएको छ । आफ्नै विगतको प्रीतले आफूमा सुख प्रदान गर्न नसकेको चित्रण गर्दै प्रेममा दुई आत्माको मिलन हुनुपर्छ र यो स्पष्ट र स्वास्थ हुनुपर्छ भन्दै प्रेमप्रतिको निष्ठालाई कवितामा प्रतिबिम्बित गरिएको छ ।

कवि आफ्नो विगत सम्झेर प्रेमिकालाई नदेख्दा आफ्नो जीवनलाई यसरी उपमानका रूपमा प्रस्तुत गर्छन्–

तिमीलाई नदेख्दा

यो जीवन म्याद गुज्रेको

तमसुकजस्तो लाग्दछ–
सेफको चेपमा कोच्चिएर थेप्चिएको
औँ खापैखापमा पिल्सिएर गुम्सिएको
जस्लाई
न अफाल्न सकिन्छ मुटु मिचेर
न सँगाल्न सकिन्छ छातीमा अचेटेर ।  (भानु, २०२२ : पृ. १)

प्रस्तुत कविता लामाछोटा पङ्क्तिगुच्छाका तीन अनुच्छेदमा रचना गरिएको छ । कवितालाई विभिन्न किसिमका उपमाहरूको प्रयोगबाट प्रभावकारी बनाइएको छ भने विभिन्न प्रकारका बिम्बात्मक शब्दहरूको प्रयोगले कविता अझ कलात्मकता थपेको छ । संस्कृत तथा ठेट नेपाली शब्दहरूको प्रयोगले कवितामा शब्द छनौटको कौशल स्पष्ट देखिन्छ ।

यसरी यस कवितामा कविले मानवीय जीवनमा असफल प्रेमप्रसङ्गले ल्याउने तीन अनुभूतिलाई विषयवस्तु बनाई प्रेमप्रतिको निष्ठाको वकालत गरेका छन् । उनले आफ्नी प्रेमिकालाई सम्झनु वा बिर्सनुको पीडा वा मानसिक द्वन्द्वलाई यसरी प्रस्तुत गरेका छन्–

सृष्टिका ती अनेक स्फुलिङ्गहरू
तिम्रा र मेरा आँखाका साइनोमा जन्मेका,
भन लौ तिमी नै के गरूँ म ?
बिर्सी तिमीलाई यो सृष्टि क्रमको हत्या गरूँ कि
सम्झी तिमीलाई यो एकाकीपनमै झुन्डी मरूँ कि ?  (भानु, २०२२ : पृ. २)

## ३.२.६५ आफ्नै जन्म दिनमा

कवि कृष्णप्रसाद श्रेष्ठको प्रस्तुत कविता वि.सं. २०२२ सालमा रूपरेखामा प्रकाशित भएको हो । कवितामा आफ्नै जन्म दिनको सन्दर्भमा विगतलाई वर्तमानसँग तुलना गर्दै समाजमा देखिएको राजनीतिक-सामाजिक परिवेशको चित्रण गरेका छन् । गद्य कविताको राम्रो नमुनाका रूपमा लिन सकिने प्रस्तुत कवितामा आफ्ना स्वर्णिम युवा दिनहरू सम्झेर कविका मनमा विषाद उत्पन्न भएको र अर्कोतर्फ युगीन परिवेशले कोमल मनलाई स्पर्श गर्दै विद्रोही स्वरसमेत उरालेको छ । समय बितिरहेको बोधले कविलाई यसरी झस्काएको छ–

अहो ! कत्रो वेगले घुयैँत्रो हानेको समयले
आफ्नै गतिलाई उछिनेर,  (रूपरेखा, २०२२ : पृ. २८–२९)

समयको गतिसँगै समाजमा व्याप्त विसङ्गति, अन्याय, अत्याचार एवं तत्कालीन राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवेशको चित्रण गरिएको छ । मानिस समाजमा मानिसै भएर बाँच्न सकेको छैन ।

मानिसमा एक किसिमको दम्भ र अहङ्कारले मानिस स्वयं प्रलयाग्निमा ध्वंश हुँदैछ भन्ने भाव यसरी व्यक्त गरिएको छ–

लासैलासको अनि लासैलासको थुप्रो यो चुचुरो
हाडैहाड अनि हाडैको यो ढिस्को यो लहरो
बीच आज मान्छे किन मात्तिएको मदमत्त पागलझैँ
किन मान्छे आज रित्तिएको पिँध देखिने खङ्ग्रङ्ग ...
... यौटा बुख्याँचाको आकारमा तर्साउँदै
यौटा बालुवाको ढिस्कोमा रमाउँदै
हो, डढेलोमा आफ्नो प्रणयको गीत गाउँदै । (ऐजन)

कवितामा वर्तमान विसङ्गतिबाट प्रभावित कविको निराशा यसरी अभिव्यक्त भएको छ–

आज रोज शकुनीका चालमा
यहाँ अभिमन्युको मृत्यु हुँदैछ (ऐजन)

कवितामा कविले विसङ्गत अवस्थाप्रति निराश मात्र नभई विद्रोहात्मक स्वर उराल्दै त्यसबाट मुक्तिको कामना यसरी गरेका छन्–

उफ ! यो कस्तो डरलाग्दो विवसता !
àम उम्कन खोज्दछु
यो बन्द कुइरोको घेराबाट
यो शून्यताको लहरबाट ।á (ऐजन)

कवि श्रेष्ठ प्रस्तुत कवितामा सामाजिक परिवर्तन, राजनीतिक उन्मुक्तता र जीवनको आनन्द प्राप्तिका लागि कृतसङ्कल्पित देखिन्छन् । मानवजीवन नै एउटा विवशता हो भन्दै जन्म, मृत्यु, जरा, व्याधिका चक्रबाट मुक्त हुन खोज्नु मोक्षप्राप्तिको चाहना हो । उपर्युक्त पङ्क्तिबाट पनि कविले भौतिक र सांस्कृतिक उन्मुक्तताको खोजी गरेको देखिन्छ ।

न्यूनतम आठ र अधिकतम बार पङ्क्तिका अनुच्छेदबाट सात अनुच्छेदमा लम्बिएको प्रस्तुत कविता आफ्नो जन्म दिनको सन्दर्भमा बग्दो समय, युगीन परिवेश एवं आशावादी जीवनदृष्टि प्रस्तुत गरिएको उत्कृष्ट गद्य कविता हो । कवितामा ऐतिहासिक एवं पौराणिक बिम्बप्रतीकहरूको प्रयोगले भावभूमिलाई अझ बौद्धिक बनाएको छ भने कवितामा सरल संस्कृत शब्दका अतिरिक्त घुयेँत्रो, भैँचालो, ङ्याकी, ढिस्कोजस्ता ठेट नेपाली शब्दको प्रयोग पाइन्छ । प्रथम पुरुष एकालापीय कथनपद्धति अँगालिएको प्रस्तुत कविता लयात्मक एवं कलात्मक दृष्टिले पनि उत्कृष्ट गद्य कविताका रूपमा स्थापित भएको छ ।

### ३.२.६६ धरान

'धरान' कवि कृष्णप्रसाद श्रेष्ठको दोस्रो पछिल्लो प्रकाशित रचना हो। प्रस्तुत कविता कविहरूको आँखामा धरान कवितासङ्ग्रहमा वि.सं. २०५४ सालमा सङ्कलित भई प्रकाशित भएको छ। कवितामा कविले धरानको पर्यावरणीय चित्रभित्र राजनीतिक, आर्थिक, सांस्कृतिक पक्षमा आफ्ना बौद्धिक तर्क प्रस्तुत गरेका छन्। धरान सुन्दर नगरी हो, जसको विकाससँगसँगै आज कृत्रिमता विकसित हुँदै आएको छ। यसको प्राकृतिकपन हराउँदै गएको छ, यहाँका सांस्कृतिक प्रतीकहरूको मूल्य ह्रास हुँदै गएको छ। समाजमा सरल स्वभाव हुने मानिस र कुटिल चाल चल्ने मानिसका क्रियाकलाप धरानको सामाजिक परिवेश स्वयं कृत्रिम बनेको सन्दर्भ कवितामा यसरी प्रस्तुत गरिएको छ–

ठाडो र तेर्सो रेखाहरूको माकुरेजाल
सोझा र बाङ्गा धर्काहरू
जेलिएका कुटिल चाल,
अभिमान पग्लिएको अपमान
धमिराको ढिस्को, झुप्रो फुसको
हराएको मटचाङग्रो, सिउरिएको बुढासुब्बा
चेप्टिएको इतिहास, यो धरान। (कविहरूका आ"खामा धरान, २०५४ : पृ. ९४)

प्रस्तुत कवितामा कविले धरानको चित्रणबाट आफ्ना बौद्धिक तर्कहरू प्रस्तुत गर्दै आफ्नो चिन्तनशीलताको प्रमाण पेस गरेका छन्। लामाछोटा बीस पङ्क्तिहरूको एउटै अनुच्छेदमा प्रस्तुत कविताको बाह्य आयाम विस्तार भएको छ। कवितामा बिम्ब, शब्द, वस्तु, चिर, विपना, आकाङ्क्षाजस्ता संस्कृत एवं हिस्याउने, जिस्काइरहने, पौँठेजोरी, सिउँरीजस्ता नेपाली शब्दहरूको प्रयोग पाइन्छ। तृतीय पुरुष कथनपद्धति अँगालिएको प्रस्तुत कवितामा माकुरेजाल, धमिराको ढिस्को, मटचाङ्ग्रो, बुढासुब्बाजस्ता प्राकृतिक एवं सांस्कृतिक बिम्बहरूको प्रयोग पाइन्छ।

## ३.३ कृष्णप्रसाद श्रेष्ठका अनूदित कविताहरूको अध्ययन

कृष्णप्रसाद श्रेष्ठ नेपाली साहित्यमा मौलिक रचनाका स्रष्टा मात्र नभई कविताहरूको अनुवाद गरी अनुवाद साहित्यमा पनि उल्लेखनीय योगदान दिने व्यक्तित्व हुन्। कविताको सिर्जनाभन्दा अनुवाद प्राविधिक रूपमा अझ बढी कठिन मानिन्छ। मूल रचनाको भावभूमिभित्रै रही अनुवाद गर्नु निश्चय नै सजिलो वा सरल कार्य होइन। अनुवाद गर्दा अनुवादकले कस्ता विषयवस्तु भएका रचनाको अनुवाद गर्छ भन्ने आधारमा अनुवादकको साहित्यिक प्रवृत्ति खुटयाउन सकिन्छ। यसैले कृष्णप्रसाद श्रेष्ठले अनुवाद गरेका अनूदित कृतिहरूको सङ्क्षिप्त अध्ययन गर्नु उपयुक्त देखिन्छ।

कृष्णप्रसाद श्रेष्ठको पहिलो अनूदित प्रकाशित रचना 'अन्त्योष्टिक्रियाको सङ्गीत' हो । रूसका कवि राबर्ट राभ्देस्तभेन्स्की यस कविताका मूल सर्जक हुन् । यसको प्रकाशन वि.सं. २०२५ सालको असार-साउन अङ्कको रचनामा भएको हो । प्रस्तुत कवितामा रूसको क्रान्तिमा योगदान दिने सहिदहरूको सम्झना गर्दै उनीहरूप्रति श्रद्धा गर्नुपर्ने सन्देश दिइएको छ । आफ्ना योद्धाहरूप्रति विश्वास गर्नुपर्छ र हृदयको प्रत्येक धुकधुकीमा सहिदको गुन सम्झनुपर्छ । राष्ट्रको परिवर्तनका निम्ति देशभक्त सहिदहरूको महŒवपूर्ण भूमिका हुन्छ भन्दै पछिल्ला पुस्तालाई पनि देशका निम्ति सहिद हुन प्रेरित गर्नुपर्छ र युगसँगै देखिने दुष्ट पशुको बध गरी धरतीको मानवकल्याणमा लाग्नुपर्ने आवश्यकता कवितामा प्रस्तुत गरिएको छ । सहिदहरूको सच्चा सम्मानलाई नै अन्त्येष्ठि क्रियाका रूपमा लिइएको प्रस्तुत कविता लयात्मकता एवं विभिन्न प्रतीकहरूको प्रयोगले कविता सुन्दर बनेको छ–

निर्मूल पार
दुष्ट पशु त्यो
क्रूर युद्धको
ए धरतीका मानव हो
औ जाने छौँ जब हामी
अन्तरिक्ष माथिमाथि
स्मरण गर
श्रद्धाञ्जली देऊ
हाम्रा अपराजित मृतहरूप्रति
स्मरण गर ।     (रचना, २०२५ : पृ. १५)

त्यसै गरी भियतनामी कवि होचि मिन्हका दुई कविता 'जुनेली रात' र 'उराठ लाग्दो रात' शीर्षकका अनूदित कवितामा पूर्णचन्द्रको रातका सौन्दर्यमा नदीमा नवनव तरङ्ग उठ्छन् र नदीका धारबीच सैनिक रणनीतिको छलफल हुन्छ भन्दै प्रकृतिको सौन्दर्यचित्रणसँगै मानवीकरण गरिएको छ । तत्कालीन समयमा स्वतन्त्रताप्रेमीहरूका विरुद्धमा सैन्य तयारीको यथार्थचित्रण कवितामा छ भने उराठ लाग्दो रातमा कवि होचि मिन्ह जेलमा रहँदा सुन्दर काव्य रचना गर्दै रात बिताएको चित्रण कवितामा छ । दुईदुई अनुच्छेदमा अनूदित उक्त कवितामा सम पाउमा अन्त्यानुप्रास मिलेको यो कविता २०२२ को साहित्यमा प्रकाशन भएको हो । त्यसै गरी 'बन्दीगृहको डायरीबाट' सौगात २०२६ मा प्रकाशित होचि मिन्हकै अर्को अनूदित रचना हो । प्रकृतिका विभिन्न पक्षलाई कविताका अनुच्छेदको उपशीर्षक दिई अनुवाद गरिएको उक्त कवितामा होचि मिन्हका जेलजीवनका कष्टकर समयमा पनि उज्यालो, उन्मुक्त भविष्यको आशा यसरी प्रस्तुत गरिएको छ–

जुम्रा मार्न व्यस्त रहन्छन् सबै जना बिउँझेपछि

घन्टी बज्दछ आठ बजेपछि बिहानको खानानिम्ति

आउ जौँ हिँड पेटभरी त खाना खाऔँ

यी दुःखपीडाका सट्टा सुखका दिन निश्चय छ पछि । (सौगात, २०१६ : पृ. १४)

बन्दीगृहभित्रबाट नियालिएको प्रकृतिको सुन्दर चित्रण गरिएको छ। जेलमा बिताएका क्षणहरूलाई बिहान, बिहानको सूर्य, बिहानको दृश्य, मध्याह्न, मध्याह्नपछि, गोधूली, साँझ, साँझको दृश्य, मध्यरात, अनिँदो रात, जाडो रात र शरद् रात गरी विभिन्न उपशीर्षकमा रचिएको कविताका अनुच्छेदमा शरदकालीन रातलाई विभिन्न उपमा दिँदै बन्दीगृहको यथार्थ चित्र उनी कवितामा यसरी उतार्छन्–

उभिन्छ गार्ड राइफल लिई ढोकाअगाडि

घिसार्छ कालो बादलले शशी नभमा माथि माथि

युद्धकौशलमा लागेका प्याँकझैँ धुइरहेका उडुस

लडाकु विमान झार्ने आक्रमण गरेझैँ लाम्खुट्टेका समूह

मेरो हृदय पुग्दछ हजारौँ लि टाढा जन्मभूमिमा

सेलिएका छन् मेरा उदासीहरू सपनामा डोरीको पोलामा

निर्दोष म बिताइसकेँ एक वर्ष बन्दीगृहमा

आँसु बनाई मसी, लेखेँ आफ्ना विचार कवितामा । (ऐजन)

यसरी कवितामा जेलभित्रको दयनीय अवस्थाको चित्रण गर्दै शासकद्वारा बन्दीहरूप्रति गरिने निकृष्ट व्यवहार प्रस्तुत गरिएको छ ।

त्यसै गरी श्रेष्ठको अर्को अनूदित रचना 'भूमध्य सागरका लहरहरूमा' महमुद दरबिसका तीन कविताहरूको अनुवाद सौगातमै प्रकाशन भएको छ । आफ्नै देश इजरायतलमा निर्वासित जीवन बिताइरहेका अरबी कवि दरबिस आधुनिक अरबी साहित्यमा लोकप्रिय कवि हुन् । कवि पेलेस्टेनेली अरबधनको मुक्ति सङ्घर्षको उत्तारचढाबमा आफू एक भएको पाउँछन् र यो दासता र शोषणविरुद्ध कमलका फूलहरू पनि आक्रोशित भएका छन् । कवि शासकहरूलाई दानवको संज्ञा दिँदै आफ्नो निर्वासनले आफूमा विद्रोहात्मक मौनता सिर्जना भएकाले हातहरू त्यसका विरुद्ध उभिएको विद्रोही स्वर कवितामा यसरी व्यक्त गरिएको छ–

क्रोधित छ मेरो हात

रिसाएको छ मेरो मुख

मेरो नसानसाको रगत हो यो आक्रोशको रस

यसकारण :

छक्क नपर गुनगुनाइनँ भने मैले गीत

हुनुपरेको छ आज फूलहरू पनि उत्तेजित

वनजङ्गल हेर न, यो कस्तो छ शक्तिले मदोन्मत्त ।' (सौगात, २०२६ : पृ. ३)

कवितामा अन्याय, दमन, शोषणका विरुद्ध एक दिन क्रान्ति दनदनाएर आउने छ भन्दै यसरी चेतावनी दिइएको छ–

यही काफी छ कि म क्रोधित छु, आज

क्रान्ति हुनेछ भोलि निश्चय (ऐजन)

अर्को कविता 'हाँक' मा कविलाई केही समय बाँध्न सके पनि, मुखमा माटो राखेर थुन्न सके पनि आफ्नो हृदयको धुकधुकी कवितालाई छेक्न सक्दैनौ, मेरो हुङ्कारको गीत निरन्तर गाइनेछ भन्दै शासकवर्गप्रति धावा बोलिएको छ । यस्तै अर्को 'यौटा मान्छेबारे' कवितामा मुखमा लगाम लगाए पनि, मृत्युको मुखमा पुऱ्याए पनि स्वतन्त्रताका पुजारीहरू कहिल्यै हार खाँदैनन्, निरो मरे पनि रोम मरेन, सुक्न लागेको गहुँको बालाभित्र लाखौँ हरिया बाला फल्नेछन् भन्दै क्रान्तिपछिको उज्ज्वल भविष्यको सङ्केत पाइन्छ । यसमा विभिन्न उपमाको प्रयोगले कविता थप कलात्मक बन्न पुगेको छ । यसै गरी उनकै 'आशा' शीर्षकको कवितामा पनि दमनका विरुद्ध आफैँ उठ्नुपर्छ, हरेक देशको स्वतन्त्रताका लागि आशामा रुमलिनु हुँदैन भन्ने सन्देश व्यक्त भएको छ । कवि कृष्णप्रसाद श्रेष्ठमा सामाजिक, राजनीतिक विसङ्गतिप्रतिको असहमतिलाई प्रस्तुत अनूदित कविताले थप प्रमाणित गरेको छ र यसबाट आशावादी जीवनदृष्टि, विद्रोहात्मक प्रवृत्ति, क्रान्तिकारी आदि प्रवृत्ति यहाँ पनि पुनरावृत्त भएको पाइन्छ ।

कृष्णप्रसाद श्रेष्ठको 'पूर्वी सोभियत कविहरूका केही कविताहरू' शीर्षकअन्तर्गत भिन्नाभिन्नै पाँच कविका कविताहरूको अनुवाद गरेका छन् । मिर्जातुर्सुन जादैँको 'अनुरोध' शीर्षकको कवितामा जीवनको कर्तव्य पूरा गर्न अघि बढेको योद्धालाई कमजोर नबनाई, अल्छीपन हटाई, तिम्रा प्रोत्साहनका फिलिङ्गाहरू उषाकालको आमन्त्रणका लागि आधार बनून् भन्दै आफ्नी प्रेमिकालाई आफ्नो यात्रामा साथ दिन अनुरोध गरिएको छ । त्यस्तै ग्युलचेखा सुलेमानोवाको 'खेतका फूलहरू' कवितामा खेतका फूलहरूले कोमल सौन्दर्य सिर्जना गर्दै बिलाउँदै उषाकालको सङ्गीततर्फ सङ्केत गरी जीवनको आशावादी स्वर सुसेलेको छ भने गफर मिरजोएभको 'लामो जीवन' कवितामा मानिसको लामो जीवनलाई आह्लादित ठान्ने मानिस अधम हो भन्ने भाव यसरी प्रकट भएको छ–

को होला गम्भीर औँ शान्त बीसौँ सदीको यो बेला

सरापिने त्यो मानिस, हर्ष आह्लादित जीवन यो

अधम हो त्यो, थाहा पाएनजस्तो के हो प्रज्ज्वल आवेग (सम्झना, २०२७ : पृ. ४४)

त्यस्तै मुभिन कानोअतोवको 'प्रेमको आगो' कवितामा प्रेमलाई हृदय व्याकुल बनाउने ज्वालाका रूपमा चित्रण गरिएको छ तर पनि प्रेमप्रतिको तृष्णा भने बढ्दो हुन्छ । आगोबाट बच्न सकिए पनि प्रेमरूपी आगोबाट बच्न नसकिने शाश्वत चिन्तन कवितामा प्रकट भएको छ । यस्तै

लोइक सेरालिभको 'वृक्ष' शीर्षक कवितामा वृक्षको प्राकृतिक चित्रण गर्दै पर्वतको शिखरमा रहेको वृक्ष निरन्तर हावालाई आमन्त्रण गर्छ भनिएको छ । त्यस वृक्षलाई रोप्ने व्यक्ति थाहा छैन, शताब्दीयौँअगाडि रोपिएको उक्त वृक्षलाई स्याहारसुसार गर्ने माली छैन तैपनि हरियो र सशक्त छ भन्दै रहस्यवादी भाव कवितामा यसरी प्रकट भएको छ–

यौटा वृक्ष छ, चकित छु म आफैँ ताजुप, कस्ले हो
रोपेको हो, शताब्दीअगाडि वृक्ष यो उचाइमा ?
छैन माली यहाँ सम्याउने बादलले बेरिएको सतह
छैन कोही पोषण गर्ने, बिरुवाहरूको हेरचाह,
तैपनि छक्क पर्दछु, कति हरियो कति सशक्त छ यो ।   (ऐजन, पृ. ४५)

उपर्युक्त कविताहरूमा शब्दहरूको छनोट एवं प्रतीकबिम्बहरूको प्रयोगले कवितालाई बौद्धिक बनाएका छन् भने अनुवाद कलाको निर्वाहले कवितामा सौन्दर्य थपेको पाइन्छ। उक्त कविताहरूमा कतै प्रकृतिको मानवीकरण, कतै उपमा, रूपक आदि अलङ्कारको प्रयोग पाइन्छ ।

कृष्णप्रसाद श्रेष्ठले 'अफ्रिकाली पाँच कविता' शीर्षकमा विभिन्न पाँच कविका कविताहरू अनुवाद गरी हिमानी पत्रिकामा प्रकाशित गरेको पाइन्छ। लियोपोल्ड सेन्धर (सेनेगल) को कविताको अनुवादमा आफ्नै रङ्गमा सजिएका निख्खर काला एवं नाङ्गा स्वास्नी मान्छेहरू देखेर कवि स्तब्ध भएको भाव कवितामा व्यक्त भएको छ। रङ्गविभेदी विवेकले ग्रसित मानवीय चित्तको प्रतिनिधित्व कविको 'म' ले यसरी गरेको छ–

जिन्दगीको आफ्नै रङ्गमा सजिएका
निख्खर काला औ नाङ्गा
स्वास्नी मान्छेहरू
जब देख्तछु
स्तब्ध हुन्छ, मुटु थर्काउने
यो सौन्दर्यको हरियाली देखी
मानो चित्त हुँ म
अल्फिएको बिजुलीको भ्फटारोमा ।   (हिमानी, २०२७ : पृ. ३३)

त्यस्तै डेभिड डियोप (सेनेगल) को कवितामा अफ्रिकाप्रति श्रद्धाभाव व्यक्त भएको छ। अफ्रिकालाई वीर लडाकुहरूको प्राचीन देशका रूपमा चिनाउँदै आफ्ना पुर्खाले नदी-किनारामा गुनगुनाएका गीतहरू बुझ्न नसके पनि आफ्नो नसानसामा अफ्रिकाली पुर्खाहरूकै कालो रगत बगेको छ भन्दै देशभक्ति यसरी प्रकट गरिएको छ–

मेरी बज्यैले टाढाटाढाका
नदी-किनारामा गीत गुनगुनाउनुभएका

अफ्रिका,
बुझिनँ कहिले सङ्लै मैले तिमीलाई
बहिरहेछ, यी मेरा नसानसामा
तिम्रै रगत
हो तिम्रै रगत निखर कालो
सिँचिरहेछन् यहाँ खेत आलीमा (ऐजन, पृ. ३४)

मलुङ्गानोको कवितामा अफ्रिकी सामाजिक परिवेशमा मानवीय जीवन जिउन नपाउनेहरूको यथार्थ चित्रण गरिएको छ । आफ्नै आङका कोर्राका रेखाहरू सुमसुम्याउँदै मानिसहरूकै माझमा तिरस्कृत जीवन जिउनुपर्ने दयनीय अवस्थाको चित्रणमा आफ्ना दुःख केवल चन्द्रमाले मात्र बुझेको कुरा उल्लेख गर्दै सभ्य भनिने मानिसप्रति यसरी व्यङ्ग्य गरिएको छ–

म ती सडकहरूमा बस्तछु
जहाँ सभ्यता चम्केको हुन्छ,
जसले कुनै दया नराखी
घृणाले भरी
ङ्याच्च ङिच पार्दछ, (ऐजन, पृ. ३४)

त्यसै गरी सा कार्टेसको कवितामा आफ्नो देशलाई स्वतन्त्र र स्वाधीन देशका रूपमा चित्रण गर्दै शोषक-सामन्तहरूलाई देशका विरुद्ध नलाग्न चेतावनी दिइएको छ । यो देशका सम्पूर्ण देशवासीहरू आफ्नो देशप्रति गौरव गर्दै देशको निम्ति मर्न तयार छन्, जनताका आँखा खुलिसकेका छन् भन्दै देशभक्तिको भावना कवितामा प्रतिबिम्बित भएको छ । अमेरिका, ब्राजिलमा आफ्ना दाजुभाइ बेचिए पनि पुनः आफ्नो पवित्र भूमिमा यसै जन्ममा भेट हुने आशावादी स्वर यसरी मुखरित भएको छ–

यौवनको उकालोमा
मान्छे बेचिए
हो बेचिए मान्छे विदेशमा
अमेरिकामा, ब्राजिलमा
हो, मेरा दाइहरू
हो मेरा भाइहरू
फेरि भेट हुनेछ, जसरी भए पनि, यो जुनीमा (ऐजन, पृ. ३६)

देनिस ब्रुट्सको कवितामा तत्कालीन विसङ्गत परिवेशमा पनि निराशापूर्वक बाँचिरहनुको पीडा व्यक्त गर्दै बाँच्न नसकेको दयनीय परिस्थितिको चित्रण पाइन्छ ।

यसरी कविले उपर्युक्त अफ्रिकाली कविताहरूको अनुवाद गरी तत्कालीन युगीन परिस्थिति, साम्राज्यवाद एवं उपनिवेशवादका विरुद्धमा उठाइएका आवाजहरूको चित्रण गर्दै हरेक देशको राष्ट्रिय स्वतन्त्रता एवं मानवताका पक्षमा रहेको आफ्नो समर्थन प्रमाणित गरेका छन् । शीर्षकविहीन उक्त पाँच कविताहरूको भाषाशैली, लयविधानमा कविकै मौलिक कविता रचनाको प्रभाव पाइन्छ ।

उनको अर्को अनूदित कविता अगस्टिन्हो नेटोको 'बिदाइ गीत' वि.सं. २०२९ मा भानुमा प्रकाशित भएको हो । पोर्तुगाली साम्राज्यवादको पञ्जाबाट आफ्नो मुलुकलाई स्वाधीन गराउन सङ्घर्षरत एक महान् राजनीतिक नेता तथा गुरिल्ला कमान्डर नेटोको प्रस्तुत कवितामा देश सिँगार्नका निम्ति, स्वतन्त्रताका निम्ति आफ्ना सन्तान बलिदान गर्ने कालाजातिका आमाहरूप्रति श्रद्धा गर्दै उनका सन्तानहरू पनि विश्वासका साथ आफ्नो जीवन सिँगार्न अघि बढिरहेको यथार्थ चित्रण गरिएको छ । आफ्नो सम्पूर्ण जिन्दगी कफीको खेत-बालीमा बिताए पनि गोराको सम्मान गर्नुपर्ने दासयुगीन जीवनको सङ्केत गर्दै त्यहाँका मानिसहरूले आफ्नो भोक मेट्न नसक्ने अवस्थाको चित्रण कवितामा पाइन्छ । मानिस भएर पनि मानिस हुनुको अनुभूति कहिल्यै गर्न नपाउने मार्मिक भाव यसरी प्रस्तुत गरिएको छ कवितामा–

जहाँ कहिल्यै च्याउन्नन् प्रकाशपुञ्ज
झोल्लिएका मानिसहरू, खुसीले मस्त
जहाँ मृत्युका धुनमा झुन्डिरहेका छन्,
तिम्रा सन्तान,
जो भोका छन्,
जो प्यासी छन्
जो आमा भन्न पनि तिमीलाई
लाज मान्दछन्,
जो सडक पार गर्न पनि डराउँछन्
जो मान्छेसित पनि हच्किन्छन्
हो, यी सबै हामी हौँ (भानु, २०२९ : पृ. ४७)

स्वतन्त्रतामा प्रकाशित कवि श्रेष्ठको अर्को अनूदित कविता आ. सोबोलेबको 'बुखेन्बाल्डको ध्वनि' विश्वका सारा प्रजाहरूलाई जाग्न आह्वान गर्दै शान्तिको ध्वनि विश्वभरि गुन्जायमान गराउन अनुरोध गरिएको छ । बुखेन्बाल्डको युद्धमा लाखौँ जीवन आणविक अग्निमा होमिएकाले सागर स्वयं रोएको प्रकृतिको मानवीकरण गर्दै विश्वशान्तिको झन्डा थाम्न अनुरोध गरिएको छ ।

'समाजवादी बुल्गेरियाका पाँच कविता' शीर्षक राखी जागरणमा प्रकाशित अनूदित कविताहरूमा बुल्गेरियाली कवि भ्लादिमीर भदस्चेभको 'प्रतिबिम्ब' शीर्षकको कवितामा कविले मानवले प्राप्त गरेको

यो जीवन धरतीका निम्ति केही दिनका लागि हो भन्दै नाम मात्रको प्रसिद्धि र भाग्य नचाहिने बरु धरती सिँगार्नका लागि प्रोत्साहन दिने कोमल नारीहृदयको आवश्यकता पर्दछ भनिएको छ। त्यसै गरी दृष्टोवोतेभको 'आमाप्रति' कविताले आमाले आफूलाई तीन वर्षकै उमेरमा छोडेर गएको सन्दर्भ उक्काउँदै आफ्नो जीवनका प्रारम्भिक दिनहरू नै दुःखद बनाएको भाव व्यक्त भएको छ। आमाको ममताबाट टाढिनु बढो पीडादायी कुरा हो। कवि पनि आमाबाट टाढिनुपरेकोमा आफ्नो कुनै गल्तीबिना नै आफ्नी आमाले घृणाको पात्र मृत्युसित मितेरी गाँसेर आफूलाई अथाह दुःखको सागरमा होमिदिएको गुनासो व्यक्त गरेका छन्। कवि आफ्ना साथीहरूसँग हँसिला देखिए पनि आफ्नो भित्री मनलाई उनीहरूले चिन्न नसकेको भाव प्रस्तुत गर्दै आफ्नी आमाप्रतिको विश्वास कवितामा यसरी व्यक्त गर्छन्–

हाँस्दछु म मुक्त कण्ठले, मुस्काउँछु म
मुर्दा हुँ म तर, तर जान्दैनन् यो उनीहरू सब
डुबेको छ यौवन मेरो, बाक्लो तुवाँलो बीच।
कसरी जानून् उनीहरूले ? मैले जब बताएकै छैन,
आत्मीय जनलाई पनि हो
आफ्नो अन्तरआत्माको सङ्घर्ष, आन्तरिक विश्वास
प्रेम, सपना, विचार क्रम या आफ्नो दुःख अगाध।
सिरिफ थाहा तिमीलाई मेरो व्यक्तित्व औ अन्तरङ्ग
सुम्पेथैं मैले आफ्नो प्यार र अगाध विश्वास,
तर पनि म माथि गहिरो शङ्का अविश्वास किन ? (स्वतन्त्रता, २०२३ : पृ. ४)

कालको निष्ठुरताले कविमा विश्वास र धैर्यता उत्पन्न भई अबउप्रान्त उनी आफ्ना आत्मीयजनसँग प्रेमपूर्वक बाँच्न चाहन्छन् र सुखद भविष्यको आशावादी स्वर यसरी प्रकट गर्छन्–

मेरा बुबा, बहिनी, भाइहरू औ आत्मीयजन
तिमीहरूलाई आप्लावित भएर स्वाई खान चाहन्छु, म
भलै सुकोस रगत नशाको मेरो वा सडी रहुँ म (ऐजन)

त्यस्तै गरी गियोर्गी जागारोभको 'यहाँ मरैं भने' कवितामा एकाकीपनको चित्रण गर्दै कस्तै जाडो वा भोक अनि बन्दुकका गोलीबाट पनि आफ्नो मृत्यु नहुने तर आफैंभित्रको एकाकीपनले, उदासिनताले मानवसहवास नपाउँदा आफू बाँच्न नसक्ने भाव प्रतिबिम्बित भएको छ। एकान्त, एकाकीपन साँच्चै नै अत्यासिलो अवस्थाका रूपमा कवितामा यसरी प्रस्तुत भएको छ–

मर्नेछु अवश्य
आफूभित्र रुमलिएको एक्लो एकाकीपनले
छटपटिन्छु मानवसहवासनिमित्त

सुन्दिनँ क्षीण मात्र पनि मानवस्वर !

सक्तिनँ है म सक्तिनँ बाँच्न यो नीरवतामा ! (ऐजन)

निकोला पाल्सरोभको 'पत्नीसित बिदावारी' कवितामा युद्धमा हिँडेका योद्धाहरूको वीरतापूर्ण बहादुरीको प्रशंसा गर्दै आफ्नी पत्नीसितको बिदाइको मार्मिक चित्रण प्रस्तुत गरिएको छ । कवितामा आफ्नी पत्नीलाई मूल ढोका कहिल्यै नथुन्न अनुरोध गर्दै कहिलेकाहीँ रातमा आफू अप्रत्यासित पाहुना हुन सक्ने सम्भावना व्यक्त गरिएको छ । युद्ध कठिन भएकाले युद्धमा मरे पनि कुनै खोजखबर नगरे हुन्छ भन्दै देशवासीसँग कुनै दिन भेट हुने आशावादी स्वर यसरी प्रकट भएको छ–

देशवासी हो, ढुक्क भए है

सँगै हुनेछौँ, सधैँ हुनेछौँ !

हाम्रा माया-ममतामा निश्चय

राख्नुपर्दछ दृढ विश्वास

आउनेछु म हो निश्चय

तिमीहरूको ठाउँमा कुनै दिन । (ऐजन)

कवि कृष्णप्रसाद श्रेष्ठले रुमानियाली कविका कविताहरूको पनि अनुवाद गरी भानुमै प्रकाशन गरेका छन् । 'पाँच रुमानियाली कविताअन्तर्गत 'इभको गोधूलि' कवितामा पाश्चात्य मिथकलाई उतार्ने प्रयास गरेका छन् । सृष्टिको आदिकालमा पृथ्वीको परिपूर्णतापछि थाकेर अनायास आफू निदाएमा आदमलाई नरोईकन केवल एउटा पिण्डको रूपमा लिन अनुरोध गरिएको छ । इडेनको बगैँचामा स्वयं मरणशील प्राणी भरिएकाले उदास आँखाले आफूलाई नहेर्न इभले यसरी अनुरोध गरेकी छन्–

विशाल औ उदास आँखाले

नहेर मलाई आदम, अब

आफ्नै गहिरो इनारमा, स्वर्ग

निस्तेज औ क्षतिभ्रष्ट छ (भानु, २०४२ : पृ. १५–१६)

स्वर्ग स्वयं भ्रमपूर्ण छ तर आफ्ना परिश्रमले धर्तीलाई सुन्दर बनाएको प्रगतिशील चिन्तन यसरी प्रस्तुत भएको छ–

काम लायकका बनाएका छौँ हामीले यो भूमि

जहाँ बाली लहलहाउँछ हाम्रा परिश्रमले

पृथ्वीका यी सारा सन्तान जन्माएको छु दुःखमा

पीडाले छटपटिँदा, आदम

तैपनि गौरव छ मलाई त्यो दुःखमा

त्यो अल्छयाइँभन्दा

जब मायाको डल्लाबाट खेलाँचीमै

ईश्वरले तिमीलाई सिर्जे ।     (ऐजन)

त्यसै गरी जहरिया स्तान्कुको 'घोषणा' मा पूर्ण चन्द्रलाई सुन्दर प्रियसीका रूपमा आरोपित गर्दै कविभित्रको प्रेमप्रतिको अनुरागको अभिव्यक्ति कवितामा पाइन्छ। प्रकृतिको सुन्दर बालाका रूपमा आकर्षित भई आफू मोहित भएको eृङ्गारिक भाव यसरी प्रकट भएको छ–

पार गर्छौ नाङ्गो खुट्टाले पर्वत, घाँस औ खोलानाला

फँक्छौँ साँझ सम्झनामा तारा,

मुज्याउँछौ तिमी आफ्ना वस्त्र

मानौँ हौ सत्र वर्षकी बाला

रहिन अब म सत्र वर्षको

तर देख्तछु कामान्तुर त्यो नाङ्गो जीउ

रमाइलो औ बैँसालु ।     (ऐजन, पृ. १८)

त्यसै गरी भोसिल म्वाइकुलेस्कुका तीन कविताअन्तर्गत 'माइकल एन्जेलो' कवितामा काँचो माटोको डल्लालाई आगोमा तताएर सुन्दर वस्तुनिर्माताका रूपमा प्रस्तुत गरिएको छ। धर्तीको ढुङ्गालाई छिनुले कुँदेर अपलक हेरिरहने कलाकार एन्जेलो आफ्नो रचनाप्रति कुनै प्रतिक्रिया पाउँदैनन् तर निरन्तर प्रयत्नशील देखिन्छन् भन्दै कर्तव्य पूरा गर्नुपर्ने सन्देश कवितामा व्यक्त गरिएको छ। त्यस्तै 'त्रुटि' कवितामा प्रकृतिभित्रै पनि अनन्त त्रुटिहरू रहेको सङ्केत यसरी गरिएको छ–

छन् ठुल्ठुला त्रुटिहरू ममा औ प्रकृतिको जोर्नीमा

भुइँचालो यो भित्रभित्रको बँसालु देखिन्छ जहाँ,

चिप्लन्छ यो तरङ्ग प्रेमको ध्वान्द्रो गोदाममा घरमा,

औ बिलाउँछ समयको गर्भमा ।       (ऐजन)

त्यस्तै 'देन्युव नदीको पल्लो किनारमा' कवितामा नदीको किनारको प्राकृतिक परिवेशको चित्रण गरिएको छ। घाँसका पात नदेखिने काँडादार वृक्षले प्रकृति उजाड देखिएको छ। त्यस्तो कुरूप ठाउँमा लङ्गडा गोरुहरूको निरर्थक प्रयासझैँ मानिसले आफ्नो नाङ्गो शरीर लिएर घिस्रिरहेको चित्रणबाट देन्युव नदी-किनारका मानिसहरूको आर्थिक, सामाजिक स्थिति प्रतिबिम्बित भएको छ–

गाडी हाँक्तछ नाङ्गो शरीरको त्यो मान्छे

भारी बोझले थिचिएको ऊ झन्डैझन्डै

हातमा पैयुँको लौरो, अर्ध सुषुप्त छ

असीमित पत्रमा अविरल हल्लिरहन्छ ।       (ऐजन)

त्यस्तै रचना द्वैमासिकामा अमेरिकी कवि कार्ल सेडवर्गको अनूदित कविता 'हत्यौडी' शीर्षकमा प्रकाशित छ। दिन प्रतिदिन देवताहरू लड्दै, हराउँदै गर्दा पुराना देवताहरू बिर्सिइँदै गएकाले मानवजीवनले सधैँभरि आवश्यक पर्ने श्रमको प्रतीक हत्यौडीको पूजा गरिरहेको सन्दर्भबाट वर्तमान संसारमा श्रमको महŒव रहेको भाव प्रकट भएको अति सङ्क्षिप्त यो कविता तीन पङ्क्तिका तीन अनुच्छेदमा संरचित छ।

कवि श्रेष्ठद्वारा अनूदित ओसिप इमेलीविच मान्दिलरत्तामको 'मुक्ति गीत' शीर्षक कवितामा साम्राज्यवादीहरूले सम्पूर्ण सागर र आकाश हत्याए पनि उनीहरू जहाँको तहीँ छन्, स्वतन्त्रताप्रेमी आफूजस्ता योद्धाको मुख कहिल्यै थुन्न नसक्ने र विचारका हजारौँ फिलिङ्गाहरू प्रतिपल उदाइरहने भाव व्यक्त गर्दै मुक्ति गीत संसारमा सधैँ गाइरहने अभिव्यक्ति प्रकट भएको छ–

थुन्न सकेको खै तिमीले
यो मेरो ओठ ?
बन्द रहे पनि फुटिरहेछन्
विचार प्रतिपल
स्पन्दित औ जीवित अविरल। (राई, २०६० : पृ. ६५)

त्यस्तै अर्को अनूदित रचना 'दुस्मनी' मा दुई राष्ट्रबीचको शत्रुताले अन्ततः प्रेमका पूजारीका रूपमा रहने दुई कविहरूबीच एकले अर्कोलाई देख्न नसक्ने चित्रण गर्दै कवितामा प्रेम उमालेर पनि व्यवहारमा मानिस-मानिसबीच असमझदारी बढ्दै गएको अन्तर्राष्ट्रिय युगीन परिवेशको चित्रण यसरी गरिएको छ–

अक्षुण्ण प्रेमका पुजारी दुई कवि यी
हेर्न सक्तैनन् एकअर्काका आँखामा किन ?
काव्य सृजनामा प्रेम उम्लन्छ प्रगाढ
तर मानिसबीच किन यस्तो, खै के भनूँ म ! (अभिव्यक्ति, २०६० : पृ. ११)

प्रस्तुत कवितामा क्रोध र शङ्काका भरमा राष्ट्र-राष्ट्रबीचको शत्रुता बढ्दै गएको र मानिस-मानिसबीच मानवताको नाता भत्किँदै गइहेको यथार्थचित्रण गर्दै विश्वबन्धुत्वको भावना विकास हुनुपर्ने सन्देश दिइएको पाइन्छ।

अर्का भियतनामी कवि हो सुवान योङको अनूदित कविता 'समयको एक क्षण' मा ग्रीष्म ऋतुको उष्ण समयमा बाँसको काइँयो चुल्ठो वा कटिमा झुलिरहेझैँ एक युवती निद्रादेवीको अँगालोमा सुस्ताउँदाको असिम आनन्दको अनुभव भइरहेको छ। कवितामा अनुरागपूर्ण सौन्दर्यको चित्रण यसरी गरेका छन्–

चलिरहेथ्यो एक प्रहर गृष्म ऋतुको
समिर सुस्त-सुस्त

सुमसुम्याउँदै अङ्गप्रत्यङ्ग
सुस्ताउन लागेकी बालाको
काङ्गियो बाँसको चुल्ठोमा औ
झुलिरहेछ कटिमा ।                (सुनसरी, २०६० : पृ. ३६)

त्यस्तै गरी उनको अर्को अनूदित रचना 'सागर' का मूल लेखक दक्षिण कोरियाली कवि किमची हा हुन् । प्रस्तुत कवितामा सागरलाई मानवीय विद्रोहको प्रतीकात्मक अर्थमा लिँदै क्रान्तिको सङ्केत गरिएको छ । सागर हेर्दा कोर्राको डामझैँ नीलो, शान्त र चुपचाप देखिन्छ, तर त्यसको मौनता एक दिन अवश्य भङ्ग हुनेछ भन्दै दमन, शोषण, अन्यायका विरुद्ध एक दिन शान्त मानिसहरू सागरझैँ उर्लने भाव कवितामा प्रतिबिम्बित भएको छ–

चुपचाप क्रुद्ध सागर यो
कुनै दिन अचानक उर्लनेछ,
कुनै दिन तत्कालै लहराउन सक्ने
निरन्तर गतिमान ! आज
शान्त, चुपचाप,
आधार खोज्नमा तल्लीन छ ।

प्रस्तुत कवितामा मानिसको चेतनाको स्तर उठ्दै गएपछि अन्ततः समुन्द्रझैँ एक दिन आफ्नो स्वतन्त्रताका निम्ति उर्लिएर आउने मानवीय प्रवृत्ति प्रतीकात्मक रूपमा सागरमार्फत अभिव्यक्त गरिएकाले सुन्दर अनूदित रचना बन्न पुगेको छ ।

कृष्णप्रसाद श्रेष्ठद्वारा अनूदित माथिका कविताहरूमा विषयगत विविधता पाइन्छ । समाजवादी चिन्तन र मार्क्सवादी सौन्दर्यबाट प्रभावित कवि श्रेष्ठका अनूदित रचनाहरूको अध्ययन गर्दा पनि क्रान्तिचेत, वर्गीयताको विरोध, मानवतावादी जीवनदृष्टि, राष्ट्रि-अन्तर्राष्ट्रिय युद्धको विरोध, साम्राज्यवाद एवं उपनिवेशवादी नीतिप्रतिको असहमति, eृङ्गारिक भावको प्रस्तुति एवं प्रकृतिचित्रणजस्ता प्रवृत्तिहरू पाइन्छन् । कविताको अनुवादमा भाषाशैली एवं कलापक्षमा पनि कविले मौलिक रचनाकै प्रवृत्ति पछ्याएको देखिन्छ । उल्लिखित अनूदिन रचनाहरूमा अधिकतम संस्कृत एवं नेपाली शब्दको प्रयोगका साथै आगन्तुक शब्दहरूको प्रयोग पनि पाइन्छ । विभिन्न प्राकृतिक, सांस्कृतिक बिम्बप्रतीकहरूको प्रयोग एवं मिथकीय सन्दर्भ पनि कवितामा प्रतिबिम्बित भएको छ । सङ्क्षेपमा कृष्णप्रसाद श्रेष्ठका सम्पूर्ण अनूदित रचनाहरू गद्य लयमा छन् । उपमा, उत्प्रेक्षा, रूपक आदि अलङ्कारको सिर्जना अनूदित रचनामा पनि उत्तिकै सफल छन् भन्ने प्रमाण निम्न उद्धरणले प्रस्तुत गर्दछ–

पार गर्छौं नाङ्गो खुट्टाले पर्वत, घाँस औ खोलानाला
फेक्छौ साँझ साँझमा तारा,

मुज्याउँछौ तिमी आफ्ना वस्त्र
मानो हो सत्र वर्षकी बाला ।                (भानु, २०४२ : पृ. १८)

# अध्याय चार

# कवि कृष्णप्रसाद श्रेष्ठको कवित्वको उपलब्धि तथा मूल्याङ्कन

कवि कृष्णप्रसाद श्रेष्ठका फुटकर कविताहरूको अध्ययनकै क्रममा उनका काव्य प्रवृत्तिको सामान्य चर्चा भइसकेको छ तापनि यस अध्यायमा उनका मुख्यमुख्य काव्य प्रवृत्तिहरूको विश्लेषण गरी सामान्यीकृत रूपमा तिनको प्रस्तुति गर्दै कवि श्रेष्ठले नेपाली कविताका क्षेत्रमा दिएको योगदानको मूल्याङ्कन गरिएको छ ।

## ४.१ कवि कृष्णप्रसाद श्रेष्ठको कवित्वको विश्लेषण

कविता विभिन्न तŒवको योग हो । कविताका विषयवस्तु, भाषाशैली, शीर्षक, कथन पद्धति, बिम्ब-प्रतीक-अलङ्कार आदि विभिन्न तŒवहरूको गुम्फनबाट कविता रचना हुन्छ । कविताका तिनै तŒवहरूका पृष्ठभूमिमा कवि कृष्णप्रसाद श्रेष्ठको कवित्व एवं काव्यप्रवृत्ति निरूपण गर्नु उपयुक्त देखिन्छ ।

### ४.१.१ विषयवस्तुगत विविधता

जीवनजगत्का समग्र विषयवस्तुहरू कविताका कथ्य हुन सक्छन् । कवितामा जुन कुराको कथन गरिएको हुन्छ त्यसैलाई कथ्य भन्ने गरिन्छ । कथ्य वा विषयवस्तु कविताको कच्चा सामग्री हो । ब्रह्माण्डका सम्पूर्ण वस्तुहरू कविताका निम्ति ग्राह्य हुन्छन् तर गृहित वस्तुलाई अनुभूतिपूर्ण वा भावमय बनाई प्रस्तुत गर्ने गरिन्छ । त्यसैले कविताका विषयवस्तुहरूलाई भावविधानका तात्पर्यमा पनि बुझ्न सकिन्छ । कविताका विभिन्न उपविधाहरूमध्ये लघु रूपका कविताले जीवनजगत् वा मानवीय अनुभवको क्षणविशेष वा एक खास मनोदशाको अभिव्यक्ति गर्न सक्छ (त्रिपाठी र अन्य, २०५३ : पृ. २०) । विषय वा कथ्यको बढ्दो परिमाणले कविताका मध्यम र बृहत् रूपतर्फको यात्रालाई निम्त्याउँछ ।

कवि विषयवस्तुको चयन गर्न स्वतन्त्र हुने हुनाले उसका कविताहरूमा विभिन्न किसिमका विषयवस्तुहरू समाविष्ट हुनु स्वाभाविक हो । कवि कृष्णप्रसाद श्रेष्ठका कवितामा पाइने विषयवस्तुहरूको निरूपण निम्न प्रकार गर्न सकिन्छ–

#### ४.१.१.१ क्रान्तिकारिता

कृष्णप्रसाद श्रेष्ठका कवितामा क्रान्तिकारी विद्रोहात्मक स्वर प्रारम्भदेखि नै भएको पाइन्छ । कविको सिर्जनसमय २००७ सालकै सेरोफेरोबाट भएकाले तत्कालीन एकतन्त्रीय शासनपद्धति र

नेपाली जनताको दयनीय अवस्थाको अनुभवबाट उनमा क्रान्तिकारी चेतनाको विकास भएको देखिन्छ । उनको पहिलो कवितामा पनि क्रान्तिचेत यसरी प्रस्तुत भएको छ–

बटुवा ! उठ, जानु छ लामो बाटो,
छ त्यहाँ बीचमा भयङ्कर काँटो,
त, तँ के बटुवा ! हँ निराश हुन्छस् ?
बटुवा कर्तव्य पथमा अब डट,

उनका अधिकांश प्रारम्भिक कविताहरूमा युगीन सामाजिक, राजनीतिक विसङ्गतिप्रति विद्रोहको स्वर अभिव्यक्त भएको पाइन्छ भने समाजपरिवर्तनका लागि क्रान्तिको आमन्त्रणमा जुटेको पनि देखिन्छ । त्यसै गरी २००७ सालकै परिवर्तनपछि पनि जनताको आर्थिक अवस्था उस्तै देखिएकोमा पुनः क्रान्ति गर्नुपर्ने आवश्यकता बोध कविताले यसरी गरेको छ–

भोका छौँ सब, नाङ्गा छौँ सब, भोका-नाङ्गा भन्न नपाउनू ?
अकाल, अशिक्षाले उत्पीडित छौँ किन विप्लव आज नगर्नू ? (जनयुग, २००९ : पृ. १.)

कृष्णप्रसाद श्रेष्ठका क्रान्तिकारी भावनाले ओतप्रोत अन्य कविताहरू हुन्– 'जाग्रत हुन्छन्', 'युवक बाल अब क्रान्ति दीप', 'युवक गान', 'कहिलेकाहीँ', 'विद्रोह गर विद्रोही बन' आदि । उल्लिखित कविताका शीर्षकविधानबाटै उनका कवितामा विद्रोहात्मक चेत एवं क्रान्तिकारी प्रवृत्तिको आभास पाइन्छ । यो प्रवृत्ति उनका पछिल्ला चरणका कवितासम्म पनि प्रकारान्तरले आएको देखिन्छ भने अनूदित रचनाहरूमा पनि यसको प्रस्ट प्रभाव देखिन्छ । 'सागर', 'मुक्ति गीत', 'पत्नीसित बिदावारी' आदि अनूदित कवितामा क्रान्तिकारी चेतना अभिव्यक्त भएको छ ।

### ४.१.१.२ समाजबोध

आफूले बाँचेको समाज, राष्ट्र र विश्वको आलोचनात्मक-अनालोचनात्मक प्रस्तुति गर्नु कवि श्रेष्ठको अर्को वैशिष्टय हो । आध्यात्मिकतालाई पनि कैवल्यको नभएर मार्क्सवादी चिन्तनअनुरूप समाजसुधारको साधनका रूपमा प्रयोग गर्नुपर्छ भन्ने धारणा कवितामा पाइन्छ । आफू जून युग, जुन ठाउँमा बाँचे, त्यस युग र त्यस ठाउँका मानवीय क्रियाकलापहरूलाई गम्भीरतापूर्वक अनुभव र चिन्तन गर्न सक्ने खुबी कवि श्रेष्ठमा देखिन्छ । नेपालीहरूको दयनीय स्थितिको चित्रण कवितामा उतार्दै समाजबोधको अभिव्यक्ति कविले यसरी गरेका छन्–

यो चिसो हावा, यी फाटेका लुगा
यो चिथ्रो टोपी र एक बित्ते लगौँटी !
ऊ त्यो मान्छेको डिच्च हँसाइ
मकै फापर, सिस्नु अनि त्यो गुन्द्रुकको खल्लो झोल

हिजो देखिको यो भोको पेट

यी लामा नङ औँ यी झ्याप्ले केश,   (युगवाणी, २००८ : पृ. १४)

त्यसै गरी उनले पुरातन र आधुनिक सभ्यताको मिश्रित सामाजिक परिवेशको जीवन्त चित्रण 'यहाँदेखि उहाँसम्म' कवितामा गरेका छन् र अन्य समाज एवं राष्ट्रको विपन्नता एवं पछौटेपनलाई बुझेर नै कविले 'लाश', 'क्रान्ति रे ! क्रान्ति रे !! इन्कलाब रे !!!', 'लाठी, गोली, जेल अझै किन ?', 'यहाँदेखि उहाँसम्म', 'एकादशी', 'मेरो सहर' जस्ता कवितामा परिर्वतनको स्वर उरालेको पाइन्छ ।

४.१.१.३ युगीन सन्त्रासको अभिव्यक्ति

कवि कृष्णप्रसाद श्रेष्ठ आफ्ना कविताहरूमा आजको मानवसमाजले भोग्नुपरेका हरेक पक्षहरूमा प्रकाश पार्न चाहन्छन् । आज मानवमूल्यमा आइरहेको ह्रासले कविलाई चिन्तित बनाएको छ । विज्ञान र प्रविधिको चरम विकासले पनि मानिसलाई यान्त्रिक बनाइदिएको छ । कृत्रिमताले प्राकृतिकतालाई निलेको छ भन्दै डर, छटपटी र आतङ्कित वातावरणबीचको मानवीय जीवनलाई कवितामा उतार्न बाध्य हुन्छन्–

मलाई ब्ल्याक होल ट्रेजेडीको आभास हुँदैछ

कार्बन डाइअक्साइडको लहर

नाइट्रोजनको उर्लंदो छाल

यमराजको ताण्डव नृत्य,   (रूपरेखा, २०२१ : पृ. ४२)

अन्तर्राष्ट्रिय द्वन्द्वलाई कवितामा चित्रण गर्दै साम्राज्यवादीहरूद्वारा साना राष्ट्रहरूमाथि गरिएका आक्रमणको अभिव्यक्ति यसरी गर्छन्–

निरन्तर, प्रतिपल पड्केका ती गोली

पेण्टागनको राइफलबाट

चक्रव्यूहमा चक्रव्यूह त्यो माखेसाङ्लो फ्याँकेको

अक्टोपसको पञ्जाबाट

बर्संदो छ, हो पड्कँदो छ यी अग्निशिखा शारदा

म्वाई खाएको आलो अधरमा,   (उजेली, २०२६ : पृ. २०)

युगीन विषयवस्तुको सरल अभिव्यक्ति भएका उनका अन्य कविताहरू 'आफ्नै जन्म दिनमा', 'च्यातिएका कागतका टुक्रा', 'मेरो इतिहास' आदि हुन् ।

### ४.१.१.४ स्वच्छन्दतावादी प्रगतिवादी स्वर

कवि श्रेष्ठको कवितालेखन स्वच्छन्दतावादी-प्रगतिवादी कविहरू सिद्धिचरण श्रेष्ठ, लक्ष्मीप्रसाद देवकोटा, केदारमान व्यथित आदिकै प्रभाव एवं प्रेरणाबाट सुरु भएको हो । उनका प्रारम्भिक केही कविताहरूमा पूर्ण स्वच्छन्दतावादी भावधारा प्रवाहित हुँदै पछिल्ला चरणमा स्वच्छन्दतावादभित्र प्रगतिशील चेत विकास भएको पाइन्छ । आफ्ना विशुद्ध स्वच्छन्दतावादी 'धरान', 'जीवनको लक्ष्य', 'नेपाल' शीर्षकका कविताहरूमा कविले आफ्नो मातृभूमि र देशको सुन्दर प्राकृतिक चित्रण गरेका छन् । नेपालको प्रकृतिबाट मोहित भई यसको सौन्दर्य 'नेपाल' कवितामा यसरी उतार्छन् कवि–

हिममय गिरि शीला श्वेत, उचा हिमाल
झकमक झक गर्दै चल्छ यो मातृ भाल !
रविकर जब खेल्छन् यी शिला जालमाथि
छिरविर कति, कस्तो शैल मण्डित जाती ! (भारती, २००८ : पृ. ५९८)

कविता सिर्जनाका पछिल्ला चरणमा कविमा राष्ट्रिय-अन्तर्राष्ट्रिय समाजवादी चिन्तनको विकाससँगै स्वच्छन्दतावादभित्रै प्रगतिशील चेतना सलबलाउन थालेको पाइन्छ । उनका कवितामा परम्परादेखि समाजमा जरो गाडेको रूढिवादको अन्त्य भई वैज्ञानिक धारणाको विकास नभएसम्म समाजको विकास सम्भव नहुने अभिव्यक्त भएको छ भने अन्धविश्वास फालेर मानवकल्याणकारी धारणाको स्थापनामा जोड दिँदै श्रमद्वारा धर्तीलाई स्वर्ग बनाउन सकिन्छ भन्ने सन्देश पनि पाइन्छ–

घुमाउरो यो पथ जीवनको सत्यताको हो नव प्राङ्गण
भूत बिर्स तर गर भविष्यको छाती फुकाई अभिनन्दन । (उजेली, २०२०)

त्यसै गरी कवि देशमा आएको परिवर्तनलाई स्वीकार गर्दै भोकले आक्रान्त नेपालीहरूका निम्ति गाँस, बास र कपासको आवश्यकता यसरी दर्शाउँछन्–

भोका छौँ सब, नाङ्गा छौँ सब, भोका-नाङ्गा भन्न नपाउनू ?
अकाल, अशिक्षाले उत्पीडित छौँ किन विप्लव आज नगर्नू ? (जनयुग, २००९ : पृ. १)

कविको 'यो डोको हो' कविताले निम्न वर्गका मानिसहरूको जीवन्त चित्रण गरेको छ । उनीहरूलाई आफ्नो हक र अधिकारका निम्ति एक हुन आह्वान गर्दै मार्क्सवादी प्रगतिवादी चिन्तनलाई कवितामा यसरी व्यक्त गरिएको छ–

अब ए नेपाल माका डोके हो
शान्तिका डोके हो,
प्रगतिका डोके हो,
जनवादका ए लेखक डोके हो,
मुट्ठी बाँधौँ लौ, यो हाम्रो धोको हो ! (उदय, २००९ : पृ. ५)

यसै गरी श्रेष्ठका 'थाकेको बटुवासित', 'लाश', 'शान्तिको युद्धमोर्चा', 'मेरो हात', 'आफ्नै जन्म दिनमा', 'जीवन, धरती र श्रम', 'आधारात पछि' आदि कवितामा प्रगतिशीलता मुखरित भएको छ ।

४.१.१.५ देशप्रेम

कृष्णप्रसाद श्रेष्ठ राष्ट्रप्रेमी कवि हुन् । उनका कवितामा राष्ट्रप्रेमको अपरिहार्यता प्रकट भएको छ । कविले 'नेपाल' शीर्षक दुई कवितामा राष्ट्रिय प्राकृतिक सौन्दर्यको चित्रण गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमै सर्वोच्च देशका रूपमा नेपाललाई चिनाएका छन् । नेपाल सुन्दर, शान्त र विशाल छ भन्दै यसको जातीय गरिमाको मुक्तकण्ठले प्रशंसा गर्ने कविले हाम्रो देश नेपाल वीरहरूको, धीरहरूको देश हो भन्ने राष्ट्रिय भाव यसरी प्रकट गरेका छन्–

यो देश– 'हाम्रो'
हामीहरूको
नेपालीको,
वीरहरूको,
धीरहरूको,
संसारमा–
जगमग जगमग गरी;
चम्किरहेको,
वीर देश,
'जय नेपाल !' (हिमाञ्चल, १९५०

कवि आफ्नो धर्तीलाई सम्पूर्ण पुरुषार्थ पोखेर सुन्दर बनाउने चाहना यसरी प्रकट गर्दछन्–

हाम्रा आकांक्षाका, इतिहासका झण्डा सधैँ
फर्फराउने गरी,
आफ्ना सारा शक्ति सञ्चित पारी,
सम्पूर्ण वीर्यधार पोखौँला यस धर्तीमा
कहिल्यै, कहिल्यै नसुक्ने गरी । (रूपरेखा, २०२३ : पृ. ३२)

४.१.१.६ प्रकृतिचित्रण

कवि श्रेष्ठका कविताहरूमा प्रकृतिप्रयोगको पक्ष पनि उल्लेख्य रहेको छ। प्रकृतिलाई नै आधार बनाएर रचना गरिएका उनका कविताहरू कम छन् तापनि उनका प्रारम्भिक कालका केही कविताहरूमा प्रकृतिचित्रणको मात्रा बढी छ । 'नेपाल' शीर्षकका तीनवटै कविता, 'धरान', 'हङ्चो', आदि प्रकृतिको वस्तुपरक वर्णनमा आधारित कविता हुन् भने 'झरी', 'सान्ध्य गीत', 'कमल', एवं

पछिल्लो 'धरान' कविताहरूमा प्रकृतिभित्र मानवीय युगजीवन चित्रण गर्दै कविले स्वच्छन्दतावादभित्र यथार्थवाद भिœयाएको देखिन्छ। उनले प्रकृतिको मानवीकरण गर्दै प्रकृतिको आत्मपरक चित्रण यसरी गरेका छन्–

> शशी शावकहरू उफ्री, नाची,
> पवनले तब पङ्खा हम्की,
> विहङ्गमहरूले ताल मिलाई
> मयुरहरू सब छमछम नाची
> मेरो स्वागत गर्न लाग्छन्,
> खुशिले हाँसी नाची गाई
> मेरो पियारो धरान। (उदय, २००६)

त्यसै गरी प्राकृतिक सौन्दर्यको चित्रण गर्दै नेपाली प्रकृतिमा कवि यसरी रमाएका देखिन्छन्–

> प्रखर किरण वेसी खेल्न जाँदा शिलामा
> कल कल कल गर्दै मोति धारा मसिना
> हरित विपिन सारा शौख्यको ठाउँ पाई,
> विमल झलक दिँदै हिँड्दछन् जंजमाइ ! (भारती, २००८ : पृ. ५९८)

कवि प्रकृतिको विशुद्ध चित्रणका अतिरिक्त प्रकृतिलाई नै बिम्बात्मक रूपमा प्रस्तुत गर्न खप्पिस छन्। यसको उदाहरणका रूपमा 'दुई कविता' शीर्षकअन्तर्गतको 'साँझ' कवितालाई लिन सकिन्छ–

> रजस्वला भएकी आइमाई हच्केझैँ
> जब प्रकाशका किरणहरू
> माथिमाथि सर्दै जान्छन्,
> सृजनाको अनुभूतिमा जब
> बुढेसकालको राल चुहुन्छ,
> त्यस बेला–
> जुठानमा पुरा खान पल्केको
> लुते धिङ्न्याहा कुकुरझैँ
> दिनहुँ साँझ मेरो दलानमा आइपुग्छ। (रूपरेखा, २०२० : पृ. ५६)

प्रकृतिको माध्यमबाट युगीन विसङ्गतिको चित्रण गर्ने प्रवृत्ति पनि कवि श्रेष्ठका कवितामा पाइन्छ। 'धरान', 'मेरो सहर', 'विद्रोह गर विद्रोही बन', 'मेरी छोरी' जस्ता कवितामा कविको यही प्रवृत्ति यसरी प्रकट भएको छ–

'ठाडो र तेर्सो रेखाहरूको माकुरेजाल
सोभ्का र बाङ्गा धर्काहरू
जेलिएका कुटिल चाल,
अभिमान पग्लिएको अपमान
धमिराको ढिस्को, झुप्रो फुसको
हराएको मटचाङ्ग्रो, सिउरिएको बुढासुब्बा
चेप्टिएको इतिहास हो, यो धरान। (कविहरूका आ''खामा धरान, २०५४ : पृ. ९४)

४.१.१.७ मानवतावादी स्वर

कवि कृष्णप्रसाद श्रेष्ठलाई मानवतावादी कविका रूपमा पनि चिन्न सकिन्छ। उनले धरतीमा मानिसले मानिसलाई मानवकै रूपमा हेर्नुपर्छ भन्दै वर्गीय विभेदको अन्त्यका साथै समाजवादी समाजको विकास गर्नुपर्छ भन्ने दृष्टिकोण कवितामा राखेको पाइन्छ। कवि श्रेष्ठ मानिसलाई अन्याय, शोषण र अन्याचारका विरुद्ध उठ्न आह्वान गर्दै मानवतावादी चेत कवितामा यसरी प्रवाहित गर्दछन्–

जीवनको यो नवसन्ध्यामा
सडक किनार, छायामा सुस्ताइरहेको नालनिर,
एउटा लाश पडिरहेछ !
लाखौँ मानिस यही बाटो गरी
मोटर भौँ-भौँ, पौँ-पौँ गर्दै,
सनसाइन भ्याट-भ्याट, प्याट-प्याट गर्दै,
आए !–गए !
तर कसैलाई केही वास्तै छैन,
कि त्यो बिचरो को थियो ! (सेवा, २००९ : पृ. ३३)

यसै गरी कवि श्रेष्ठका 'जीवनको लक्ष्य', 'साथी तिम्रा खोजमा', 'लाठी, गोली जेल अझै किन ?' 'कविसँग मेरो गीत', 'यहाँदेखि उहाँसम्म', 'महाकविको मृत्युमा' आदि कवितामा मानवतावादी स्वर अभिव्यक्त भएको छ। ती कविताहरूमा धर्तीमा सबैभन्दा चेतनशील र सर्वश्रेष्ठ प्राणी भएर पनि मानिसमाथि नै दमन र शोषण गरिएको सन्दर्भबाट सच्चा मानवता हराउँदै गएको तथ्य प्रस्तुत गरिएको पाइन्छ।

### ४.१.१.८ बौद्धिकता

बौद्धिकता कवि श्रेष्ठका कवितामा पाइने अर्को प्रवृत्ति हो । उनका कतिपय कविताको भाव ज्ञानद्वारा मात्र ग्रहण गरिने खालका छन् भने कतिपय कवितामा इतिहास, भूगोल, दर्शनजस्ता विषवस्तुबाट पनि प्रतीक लिएकाले साहित्येतर विषयमा ज्ञान नहुने पाठकलाई उनका कविता दुर्बोध्य पनि हुन पुगेका छन् । कवि श्रेष्ठका 'यहाँदेखि उहाँसम्म', 'धरान' (२०५३) जस्ता कविता बुद्धको मूर्ति र त्यसको अवस्थामाथि गम्भीर चिन्तनमा केन्द्रित भएकाले दर्शनको विशेष भार रहेको देखिन्छ (दाहाल, जुही, २०५९ : पृ. ४२७) । त्यसै गरी विभिन्न ऐतिहासिक सन्दर्भबाट उनका कविता यसरी बौद्धिक हुन पुगेका छन्–

फ्रायड र कार्ल मार्क्सको यहाँ द्वन्द्व कुस्ती हुन्छ
चर्चिलको भी ९७० सङ्केतमा स्तालिनको जुँगा हाँस्छ । (उजेली, २०१९ : पृ. ३)

बौद्धिकताको सागरमा प्रवेश गर्ने/गराउने उनका अन्य रचनाहरू हुन्– 'मेरो हात', 'दुई मुक्तक', 'टुक्रैटुक्राको अनन्त लहर', 'एकादशी', 'महाकविको मृत्युमा' आदि । विभिन्न प्रतीक तथा बिम्बहरू एवं मिथकीय प्रयोग र दर्शनको भारले उनका कविता बौद्धिक बन्न पुगेका छन् भने कवितामा प्रयुक्त सांस्कृतिक बिम्ब-प्रतीकको प्रयोगले कवितालाई यसरी दुरूह बनाएको देखिन्छ ।

आज रोज शकुनीको चालमा
यहाँ अभिमन्युको मृत्यु हुँदैछ
भीमसेन थापाको हाडखोर तौलेर
पसले अझै मात्तिँदै छ
यी मान्छेका दिल रित्ता छन्
यहाँ त केवल मूर्ति घुम्दो छ
यौटा अस्थिपञ्जरको आकारमा
छाला बेरिएको मूर्ति– (रूपरेखा, २०२२ : पृ. २९)

यसरी कवि कृष्णप्रसाद श्रेष्ठका कविता विभिन्न दर्शन, इतिहास, भूगोलका सन्दर्भ एवं बिम्बात्मक शब्द प्रयोगले बौद्धिक बन्न पुगेका छन् र यो उनको आफ्नै अध्ययनशील प्रवृत्तिले विकास गरेको प्रवृत्ति हो भन्न सकिन्छ ।

### ४.१.१.९ कलामान्यता एवं जीवनदर्शन

कृष्णप्रसाद श्रेष्ठका कविताहरूमा उनको कलामान्यता एवं जीवनदर्शनसम्बन्धी चिन्तन प्रकट भएको छ । प्रारम्भिक दिनहरूमा स्वच्छन्दतावादी धारामा आधारित प्रकृतिपरक कविताहरूको रचना

गर्ने कवि श्रेष्ठ पछिल्ला चरणमा यथार्थवादी-प्रगतिवादी कविता लेखिनुपर्ने भाव यसरी प्रस्तुत गर्दछन् -

"प्रकृति ... प्रकृति भनी किन उफ्रन्छौ
के देला तिमीकन प्रकृतिले ?
भोका-नाङ्गा मरिरहेछन्
'प्रकृति ... प्रकृति ...' पागलझैँ... (उदय, २००९ : पृ. २९)

यसरी साहित्यिक विषयवस्तु यथार्थमा आधारित निम्न वर्गीय पात्रहरूका पीडा, दमन, अन्याय आदिलाई बनाइनुपर्छ भन्ने श्रेष्ठ 'मेरा पुराना कविताहरू' शीर्षक अर्को कवितामा आफ्नै कविताउपर यसरी समालोचनात्मक दृष्टि प्रस्तुत गर्छन्–

तोटक, मालिनी, स्रग्धरा
अनुष्टुप औ वसन्ततिलका
छन्दहरूले सिँगारिएकी मेरी कविता
उर्लंदा भाव चञ्चल मनका
पोख्न नसकी
उकुसी-मुकुसी
बेपत्ता छन् अस्तव्यस्त भई पछारिएका !
... ... ... ... ... ... ... ... ... ...
एकै स्वरमा एक्कासी मेरा कविता
चिच्च्याउँछन्– 'कवि हामीहरूका
eारृङ्गार, प्रेम, कल्पना फिर्ता लेऊ,
अनि मेहनतको भीम-शक्ति देऊ,
हँसिया, कुटो, कोदालो, देऊ । (रूपरेखा, २०२० : पृ. ३३)

आफ्ना पुराना कविता परम्परागत सीमाभित्र रहँदा कविताले सही भावसम्प्रेषण गर्न नसकेको उल्लेख गर्दै eारृङ्गारिकता एवं काल्पनिकता छोडेर निम्न वर्गीय जीवनमा आधारित यथार्थवादी समाज सुधारोन्मुख कविता लेख्नुपर्ने सन्देश उल्लिखित कविताले दिएको छ ।

### ४.१.१.१० आशावादी जीवनदृष्टि

कवि कृष्णप्रसाद श्रेष्ठ निराशाभित्र आशाको दियो बाल्ने कवि हुन् । उनी निराशाबोधले व्याप्त मानवीय जीवन अर्थ खोज्दाखोज्दै सकिन्छ भन्छन् । कवि यी मानवीय जीवनभित्रका

जटिलताहरू सङ्लिऊन्, सुध्रिऊन् भन्ने चाहन्छन् । मानवजातिलाई एकपल्ट होसमा ल्याउनु उनका रचनाहरूको अन्तर्निहित लक्ष्य हो । उनी कवितामा यसरी निराश हुन्छन्–

वरिपरि नियाल्दा,
समय र गतिको टुपी सारै तिखारिएर
सगरमाथालाई हाँक दिएझैँ लाग्छ :
कल्पनाको आवेग पनि भावनामा पोखिएर
जीवनमा त्यसैत्यसै लहसिएझैँ देखिन्छ :
जीवन भने
भीमसेन थापाको घोडा चढी
चुरे डाँडाको ओरालोमा बत्तासिएर
फ्याँफ्याँ गर्दै
उधमुन्टिदै सोझै ढुनमुनिएझैँ लाग्छ । (रूपरेखा, २०२० : पृ. ३२)

त्यसै गरी

मलाई ब्ल्याक होल ट्रेजेडीको आभास हुँदैछ
कार्बन डाइअक्साइडको लहर
नाइट्रोजनको उर्लंदो छाल
यमराजको ताण्डव नृत्य !!! (रूपरेखा, २०२१ : पृ. ४२)

कवि श्रेष्ठका कवितामा आशावादी स्वर यसरी अभिव्यक्त भएको छ–

अनि पो टेकौँला यस धर्तीमा
पाइतालाका डोब नहराउने गरी
हाम्रा आकाङ्क्षाका, इतिहासका झण्डा सधैँ
फर्फराउने गरी,
आफ्ना सारा शक्ति सञ्चित पारी
सम्पूर्ण वीर्यधार पोखौँला यस धर्तीमा
कहिल्यै कहिल्यै नसुक्ने गरी । (रूपरेखा, २०२३ : पृ. ३२)

### ४.१.१.११ प्रभावग्रहण

कृष्णप्रसाद श्रेष्ठले विविध क्षेत्रबाट प्रभाव ग्रहण गरेर कविता लेखेको पाइन्छ । उनले भारतीय उपजीव्य ग्रन्थ, विश्वको इतिहास, राजनीति, भूगोल, विज्ञान, आदिबाट प्रभाव ग्रहण गरेको पाइन्छ । कविले प्रारम्भिक कविताहरूमा शैलीशिल्पसहित भावविधानमा पनि सिद्धिचरण श्रेष्ठ,

केदारमान व्यथित, गोपालप्रसाद रिमाल आदिबाट प्रत्यक्ष प्रभाव ग्रहण गरी कविता लेखेको पाइन्छ। उनको 'धरान', 'को', 'स्वास्नीमान्छे', 'तिमी को' आदि कविता यस्तै प्रकारका रचना हुन्–

त्यो श्यौती, त्यो शर्दु खोला,
त्यो महाभारतको डाँडाकाँडा,
त्यो चारकोशको लामो झाडी
हेरी, नाची, हाँसी, खेली,
यो अमूल्य जीवन बिताएँ,
मेरो पियारो धरान। (उदय, २००६)

त्यसै गरी कवि श्रेष्ठमा मार्क्सको समाजवादी दर्शन एवं ईश्वर मृत्युको घोषण गर्ने नित्सेको अस्तित्ववादी चिन्तन तथा डार्विनको विकासवादी सिद्धान्तको प्रभाव परेको पाइन्छ। स्वर्ग, ईश्वरमाथि विश्वास नगरी मानिस नै स्वर्ग बनाउन सक्छ भन्ने अस्तित्ववादी दर्शनको प्रभाव यसरी परेको छ–

यो जिउँदो मानिस उक्लने सिँडी हो
यो बिउँझेको पिँढी हो
मरेर वैतरणी तर्न होइन
जिउँदो स्वर्ग धरतीमा उतार्न। (रचना, २०२१ : पृ. ७)

माथिका उद्धरणमा काल्पनिक स्वर्ग नकार्दै मानिस आफै स्वर्गको निर्माता भएकाले मानिसलाई नै ईश्वरका रूपमा प्रतिस्थापित गरेको देखिन्छ।

४.१.१.१२ अन्य

कवि श्रेष्ठमा माथिका विभिन्न विषयगत प्रवृत्तिबाहेक केही कविता व्यक्तिकेन्द्री विषयमा पनि आधारित छन्। 'श्री भानुभक्तप्रति', 'महाकविको मृत्युमा' व्यक्तिलाई केन्द्र बनाई रचना गरिएका कविता हुन्।

## ४.१.२. रसभावगत प्रवृत्ति

कवितामा जीवनजगत्‌को कुनै एक अंशलाई अनुभूति वा भावमय तुल्याई कलात्मक रूपमा प्रस्तुत गरिन्छ। कथ्य वा विषयवस्तुले साहित्यिक कृतिको भाषिक-कलात्मक परिणतिमा पुग्दा रागात्मक वा भावात्मक रम्यता (व्यञ्जकसमेत) प्राप्त गर्नै पर्दछ (त्रिपाठी र अन्य, २०४८ : पृ. २९८)। कवि कृष्णप्रसाद श्रेष्ठका कवितामा पनि विषयवस्तुको भावमय प्रस्तुति पाइन्छ। रससिद्धि कवि श्रेष्ठको साध्य नभए पनि कवितामा विभिन्न रसको उद्वेलन भएको छ। रसभावगत दृष्टिले हेर्दा श्रेष्ठका अधिकांश कवितामा उत्साह स्थायी भाव र वीररसको प्रवाह पाइन्छ। त्यसै गरी कतिपय कवितामा eृङ्गारिक रस प्रवाहित भएको देखिन्छ। वीररस प्रवाहित उनका कविताहरूमा 'मेरो हात',

'लाठी, गोली, जेल अझै किन ?', 'युवक गान', 'टुक्रैटुक्राको अनन्त लहर', 'जीवन, धरती र श्रम', 'युवकप्रति', 'युवक बाल अब क्रान्ति दीप' आदि पर्दछन् । वीररस प्रवाहको नमुना यसरी प्रस्तुत गर्न सकिन्छ–

मक्किएको ध्वस्त दुनियाँको
भग्नावशेष फाली, बढारी
नयाँ दुनियाँको निर्माण गर्न
हो बनेको हात मेरो । (खहरे, २०१६ : पृ. ७८)

विप्रलम्भ eृङ्गार प्रवाहित कवि श्रेष्ठको अर्को कविता यहाँ प्रस्तुत गर्नु आवश्यक छ–

विगत स्मृतिहरूका पाता पल्टाई
हृदयमा किन तुफान उठाउँछ्यौ ?
विस्मृतिका पीर कोटचाई
व्यथा र दुःखको किन चीर खिच्तछ्यौं
जीवन त एक गति हो प्रिये !
जो सदा परिवर्तनशील छ भने
बिर्सिद्यौ ती जो बितिसके
सम्झी किन मन धूमिल बनाउँछ्यौ ? (सिंहनाद, २०२० : पृ. १८)

कृष्णप्रसाद श्रेष्ठका अन्य कवितामध्ये 'लाश' मा वीभत्स रस, 'मेरी छोरी' मा शान्त रस आदि, प्रवाहित भएकाले उनका कविता रसगत विविधताले सुस्वादु हुन पुगेका छन् ।

### ४.१.३ शैलीशिल्पगत प्रवृत्ति

रचनात्मक अभिव्यक्तिका सन्दर्भमा आवश्यक कुरा कलात्मक एवं कुशलतापूर्वक प्रस्तुत गर्ने पद्धति वा ढाँचालाई शिल्पविधान भनिन्छ (पोखरेल र अन्य, २०६० : ११९१) । शिल्पगत प्रवृत्ति भन्नाले छन्द, खँदिलो प्रस्तुति, वक्रोक्तिपूर्ण भनाइ, लयविधान तथा अलङ्कार, रसभावगत कलात्मक गुणहरू विद्यमान रहेको प्रवृत्ति भनेर बुझ्नुपर्दछ। कृष्णप्रसाद श्रेष्ठ मूलतः गद्य कवि हुन्, यद्यपि उनका केही कविताहरू पद्य लयमा पनि लेखिएका छन् भने शिल्पपक्षले कविताको गरिमा र महिमालाई नयाँ उचाइ दिन्छ । सफल साहित्य त्यो हो जहाँ विषयवस्तु र शिल्पबीच कुशल सन्तुलन भएको हुन्छ । अब यिनै शिल्पगत प्रवृत्तिहरूको अध्ययन उनका कविताका सन्दर्भमा गर्नु उपयुक्त हुन्छ ।

४.१.३.१ छन्द एवं लयविधान

कृष्णप्रसाद श्रेष्ठले प्रारम्भिक चरणमा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, लेखनाथ पौडयालजस्ता कविहरूका प्रभावमा रही शास्त्रीय छन्दमा कवितालेखनको अभ्यास गरेको पाइन्छ। उनले मालिनी, स्रग्धरा, तोटक, अनुष्टुपजस्ता शास्त्रीय वर्णमात्रिक एवं पज्झटिकाजस्ता मात्रिक छन्दमा कविताहरू सिर्जना गरेको पाइन्छ। उनका शास्त्रीय छन्दमा रचना गरिएका कविताहरू– 'धरान' (२००६), 'नेपाल' (२००८), 'क्रान्ति रे ! क्रान्ति ! इन्कलाव रे !!', 'थाकेको बटुवासित' आदि हुन्। कवि श्रेष्ठले प्रारम्भिक चरणका कविताहरू अनुशासनभित्र रही रचना गरिएकाले तिनमा भावसम्प्रेषण उल्लेख्य रूपमा हुन नसकेको स्वीकार गरेका छन्। उनका ती कविताहरूमा छन्द एवं लयको पूर्ण परिपालन हुन सकेको देखिँदैन। शास्त्रीय छन्दमा लेखिएको मालिनी छन्दको नमुना यसरी प्रस्तुत गर्न सकिन्छ–

मधुर विपिन क्या छन् ! क्रान्तिको शान्तधारा,
चिरबिर चुँ चुँ च्याँ च्याँ गर्दछन् यो वनैया।
मधुर पवन चल्दा मञ्जुरा चल्छ छम्छम् !
झलमल कति राम्रा कोपिला ता फुले छन्। (भारती, २००८ : पृ. ५९८)

उल्लिखि उद्धरणमा अन्त्यानुप्रास मिलेकाले कविता गेयात्मक एवं श्रुतिमधुर भएको छ तर कविले छन्दमा कवितालेखनको यात्रालाई सशक्त बनाई अघि बढाउन नसके पनि पछिल्ला चरणमा उनी मुक्त छन्दमा आधारित गद्य कवितालेखनतर्फ आकर्षित भई आफूलाई उत्कृष्ट गद्य कविका रूपमा चिनाउन सफल भएका छन्। उनको गद्य कविताको नमुना यसरी उद्धरण गर्न सकिन्छ–

मेरो इतिहासका पाङ्ग्रामा आज
गतिरोधक केही धड्कन हेर
खिया लागिरहेछ,
अनि वाणासुरको अट्टहास उकेली
समयसित ख्याल ठट्टा गर्न खोजिरहेछ। (रूपरेखा, २०२० : पृ. ३२)

यसरी कवि कृष्णप्रसाद श्रेष्ठ मुक्त छन्द वा गद्य लयमा आफूलाई स्थापित कविका रूपमा चिनाउन सफल देखिन्छन्। 'मेरो इतिहास', 'छ टुक्रा प्रेमका कविताहरू', 'च्यातिएका कागतका टुक्रा', 'लाश', 'मेरो शहर', 'दौडेका पाइलाहरू' आदि उनका उत्कृष्ट गद्य कविता हुन् भने उनी विविध छन्दमा कविता सिर्जना गर्न सफल कवि पनि हुन्।

४.१.३.२ कथनपद्धति

कथ्य वस्तुको कथन गर्ने काइदा नै कथनपद्धति हो। कविताको आफ्नो मूल कथनपद्धति वक्ता (कवि) को भावात्मक आत्मकथन भए तापनि अख्यानीकृत एवं नाटकीकृत कथनढाँचाको पनि

कवितामा उपयोग गर्ने गरिन्छ (त्रिपाठी र अन्य, २०५३ : २०)। कवि कृष्णप्रसाद श्रेष्ठले आफ्ना अधिकांश कविताहरूमा प्रथम पुरुष कथनपद्धति प्रयोग गरेको पाइन्छ भने कतैकतै आफ्ना कथ्यलाई तटस्थ भई अभिव्यक्ति गरेको पनि पाइन्छ। यसै गरी कतिपय कवितामा कविले प्रथम पुरुष कथनपद्धति मूल रूपमा अङ्गिकार गर्दै तृतीय पुरुष वर्णनात्मक शैलीलाई पनि अन्तर्मिश्रण गरी कविता रचना गरेको पाइन्छ। यसरी कृष्णप्रसाद श्रेष्ठले कविताको स्वविधागत कथनढाँचालाई नै मूल रूपमा र अन्तर्विधागत कथनशिल्पलाई आंशिक रूपमा अँगाल्ने कविताको कथनढाँचा अवलम्बन गरेको पाइन्छ।

### ४.१.३.३ बिम्बप्रतीक तथा अलङ्कारविधान

कवि कृष्णप्रसाद श्रेष्ठले ऐतिहासिक, पौराणिक, सांस्कृतिक, प्राकृतिक आदि विभिन्न किसिमका बिम्बप्रतीकहरूको प्रयोग गरेर आफ्ना कविताको सौन्दर्यविधान गरेको पाइन्छ। आफ्ना समकालीन मोहन कोइराला, पारिजात, द्वारिका श्रेष्ठ आदि कविहरूभैँ नवीन बिम्बप्रतीक प्रयोगको पथ पछ्याउँदै कवितालाई केही दुरूह बनाउन खोजेको सङ्केत उनका कवितामा पाइन्छ भने कतिपय परम्परागत बिम्बप्रतीकहरूको प्रयोगलाई आत्मसात् गरेको पनि देखिन्छ। उनले प्रयोग गरेका एस्ट्रेको धुलो, लुजफिटिङ ब्रेसियर, विषुवत रेखा, माखेसाङ्लो, किलिमान्जारो, भरियाको खकन, घटोत्कचको दम्भ, स्टेरिङको घुम्ती, विसुवियसको डकार, चन्द्रिका पीठ, ब्ल्याक होल ट्रेजेडी, बुख्याँचाका रेखा, अक्टोपसको पञ्जा आदि बिम्बप्रतीकहरूको प्रयोगले कवितामा नवीनता थपेको देखिन्छ भने केही हदसम्म दुरूह पनि बन्न पुगेका छन्।

कवि श्रेष्ठले अनुप्रास, यमकजस्ता शब्दालङ्कारका साथै उपमा, रूपक, उत्प्रेक्षा, अतिशयोक्ति, विरोधाभास, स्वभावोक्ति आदि अर्थालङ्कारको प्रयोगले कवितामा अर्थगत चमत्कार थपिएको पनि पाइन्छ। उनका केही अर्थालङ्कारका नमुनाका रूपमा 'मेरा पुराना कविताहरू' उल्लेख गर्न सकिन्छ–

घिच्रो बटारिएकी औ खुट्टा मर्काएकी
विधावाभैँ फुङ्ग उडेकी,
एकत्रित कल्पनाले गर्माएकी
चेप्टा शब्द र ठुटे बुट्टाले सिँगारिएकी
ती लाम्काने काव्य र ध्वन्द्रा भावना
तायमचाजस्ता देखिन्छन्
अग्ला, पातला अनि बेपत्तेका। (रूपरेखा, २०२० : पृ. ३३)

आफ्ना पुराना कवितालाई 'विधवा' तथा 'तायमचा' सँग तुलना गरी उपमा अलङ्कारको सिर्जना भएको 'एस्ट्रेको धुलो' बाट अर्को नमुना–

तर आज त म

आँगनमा टाँगिएको, उपेक्षित

एङ्गिल नमिलेको

लुजफिटिङ

ब्रेसियर मात्र हुँ ।     (रूपरेखा, २०२१ : पृ. ७९)

माथि उद्धरणबाट कवि श्रेष्ठले आलङ्कारिक चमत्कृति र पण्डित्यप्रर्दशनलाई साध्य नबनाई स्वाभाविक रूपमा अलङ्कारविधान गरेको देखिन्छ । यसरी बिम्ब, प्रतीक तथा अलङ्कारविधानबाट कवितामा सौन्दर्य थप्न सक्नु उनको उल्लेख्य विशेषताका रूपमा लिनुपर्छ ।

## ४.१.३.४ व्यङ्ग्य

व्यक्तिअहम्, आडम्बर र अमानवीयताका साथै सामाजिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रका अनेक विसङ्गतिहरूको धज्जी उडाउने प्रवृति कवि कृष्णप्रसाद श्रेष्ठका कवितामा पाइन्छ । सम्पूर्ण कवितामा व्यङ्ग्यको प्रभाव नरहे पनि यथार्थ चित्रणका सन्र्दभमा युगिन विसङ्गतिप्रति 'यहाँदेखि उहाँसम्म' मा उनी यसरी व्यङ्ग्य गर्छन्–

भित्तामा राधाकृष्णको तस्बिर धुजाधुजा छ,

माला सिन्हाको नयाँ फोटोमा बैंसको उभार छ

तर झिँगा भन्काइमा सङ्गीतको नौलो राग छ

... तर बुद्धको गम्भीर मूर्तिमा माकुराले जालो बुन्छ ।   (उजेली, २०१९ : पृ. ३)

## ४.१.४ भाषाप्रयोग

भाषा भाव अभिव्यक्तिको माध्यम हो । कविताको भाषा गद्यात्मक वा पद्यात्मक हुन्छ तर यी दुवैमा लय हुनु आवश्यक छ । कवितामा प्रयुक्त भाषाको स्रोत, वर्णविन्यास, प्रतीक आदि सन्दर्भबाट विश्लेषण गरिन्छ । निश्चित शब्दहरूको माध्यमबाट भावको अभिव्यक्ति गरिने हुँदा भाषा सरल, क्लिष्ट, प्रतिकात्मक सन्दर्भमा के कसरी प्रयोग भएको छ भन्ने निरूपण गर्नु पनि भाषाप्रयोगको अध्ययन क्षेत्र हो ।

कवि श्रेष्ठका कविताहरूमा प्रयुक्त भाषा क्लिष्ट, दुरुह असम्प्रेष्य देखिँदैन । यस आधारमा उनलाई सरल भाषाशैलीका कवि मान्नुपर्छ । उनका कवितामा प्रयुक्त कतिपय सांस्कृतिक, ऐतिहासिक बिम्बप्रधान शब्दहरूको प्रतीकात्मक सन्दर्भमा भने दुरूह भाषिक प्रयोग मान्न सकिन्छ । प्रारम्भिक चरणका कविताहरूमा प्रयुक्त भाषा नियाल्दा भाषिक परिष्कृति देखिँदैन तर पछिल्ला चरणका कविताहरूमा केही परिष्कार हुँदै आएको देख्न पाइन्छ । उनका प्रारम्भिक कविताहरूमा देखिने

वर्णविन्यासगत त्रुटिहरू, पदयोग, पदवियोगसम्बन्धी गल्तीहरू, विराम चिह्नको प्रयोगमा सचेतताको अभाव आदि हुन् । कतिपय अवस्थामा अर्थ बुझ्न व्यवधान पुऱ्याउने शब्दहरूको प्रयोग पनि उनका कवितामा पाइन्छ–

लाटा, सोझा, अन्धालाई
'तम पछाडिमा' देखायी
फोस्रो गफ ध्वन्द्रे धाक !!
डङ्का पिटी जन छकाउनु
जागरण रे ! (जागरण, २००८ : पृ. १)

माथिका उद्धरणमा 'देखायी' शब्दमा वर्णविन्यासगत त्रुटि तथा 'ध्वन्द्रे धाक' शब्दमा विशेषण विशेष्यको सम्बन्ध अस्पष्ट र निरर्थक देखिन्छ । पछिल्ला चरणका गद्य कविताहरूमा भने क्रमिक रूपमा परिष्कार थपिँदै आएको पाइन्छ । भाषिक प्रयोगका सन्दर्भमा वर्णनमूलक, विश्लेषणात्मक, प्रश्नात्मक, व्यङ्ग्यात्मक आदि भाषिक शैलीको अनुसरण उनले गरेका छन् ।

कवि श्रेष्ठका अनुसार कवितामा प्रयुक्त शब्दहरू तिनका स्रोतका दृष्टिले समानुपातिक नै देखिन्छन् । नेपाली झर्रा शब्दहरूको प्रयोगका साथै संस्कृत तत्सम शब्द तथा आगन्तुक शब्दहरूको प्रयोग पनि उल्लेख्य रूपमा गरिएको देखिन्छ । आगन्तुक शब्दहरू मूलतः अरबी, फारसी, अङ्ग्रेजी, नेवारीजस्ता भाषाहरूबाट ग्रहण गरिएका छन् । सङ्क्षेपमा स्वच्छ-साधित, परिष्कृत एवं माझिएको, खारिएको भन्दा सहज, स्वाभाविक एवं स्वच्छन्द भाषाशैलीको प्रयोग नै कवि श्रेष्ठको विशेषता मान्न सकिन्छ ।

### ४.१.५ शीर्षक, संरचना र विधागत आयाम

शीर्षक कविताकृतिको सारभूत भाव वा विचारको सूचक हो । कविताको केन्द्रीय कथ्य र शीर्षकबीच बाहिरी वा भित्री कुनै न कुनै किसिमको सङ्गति हुनुपर्छ । कवि कृष्णप्रसाद श्रेष्ठका कविताका शीर्षक अभिधात्मक तथा प्रतीकात्मक दुवै किसिमका पाइन्छन् । केही कविताका शीर्षक गीतका स्थायी वा अन्तराका हरफहरूबाट राखिएझैँ कुनै अंश वा पूर्ण पङ्क्तिबाटै राखिएको पाइन्छ । कवि श्रेष्ठका कतिपय कवितामा शीर्षक नदिईकन आफ्ना अनुभूतिलाई सारभूत भावको सूचकका रूपमा प्रस्तुत नगरी शीर्षकबिहीन 'दुई कविता', 'तीन कविता' आदिका रूपमा प्रस्तुत गरेको पाइन्छ । एक अक्षरको 'को' देखि 'दिवशको चढ्दो बैँसमा उकुसमुकुसिएको जीवन' जस्ता दीर्घ पदावलीको आयाममा पनि शीर्षक राखिएको छ ।

कवि श्रेष्ठका कविताको संरचना केलाउँदा उनका दुई एवं चार हरफे मुक्तकदेखि लामा कवितालेखनको यात्रातिर उन्मुख रचना पाइन्छन् । 'कमल', 'झरी', 'आह्वानप्रति' आदि कविता

मुक्तक संरचनाभित्र पर्छन् भने 'महाकविको मृत्युमा', 'भियतनाम', 'सम्भनाको व्यथा पग्लेर' आदि लामा कवितातिर उन्मुख फुटकर कविता हुन्। सालाखालामा भन्नुपर्दा कवि श्रेष्ठका फुटकर कविताहरूको बाह्य संरचनात्मक स्वरूप लघु आयामभित्रै समेट्नु उपयुक्त देखिन्छ।

## ४.२ कवि कृष्णप्रसाद श्रेष्ठको कवित्वको मूल्याङ्कन

कविता साहित्यको एक प्रमुख विधा हो। नेपाली साहित्यमा कविताको पहिलोरूप सुवानन्दासको 'पृथ्विनारायण' (१८२६) लाई मानिन्छ। नेपाली कविताको विकासयात्रामा विभिन्न महारथीहरूले जीवनलाई खर्चेका छन्। 'पृथ्विनारायण' बाट आरम्भ भएको नेपाली कविताले वर्तमान समयसम्म विभिन्न धारा-उपधारा तथा प्रवृत्तिहरूलाई अवलम्बन गर्दै अगाडि बढिरहेको छ। आरम्भिक चरणमा देखा परेका कविताहरूले कविताको वास्तविक झलक दिन नसके तापनि तत्कालीन राजनीतिक परिवेश र जनजीवनलाई कोटचाउने प्रयास भने गरेको पाइन्छ।

प्राथमिक कालमा वीरधारा र भक्तिधाराअर्न्तगत विभिन्न कविहरूले कलम चलाए। वीरधाराका प्रवर्तक सुवानन्ददास मानिन्छन् भने भक्तिधारालाई अघि बढाउने काम सन्त कविहरूबाट भएको पाइन्छ। यस समयको पूर्वार्द्धमा जीवनदेखि विरक्त बनेका कविहरू कृष्ण र रामको उपासनामा आधारित कविताहरूको रचना गर्दथे। यसै गरी वि.सं. १९४१ देखि eृङ्गारिक प्रवृत्तिका कविता रचना हुन पुगे, जसबाट नेपाली कवितामा भोगविलासको प्रभाव वृद्धि हुँदै गयो। यो प्रवृत्तिले लेखनाथ पौडचालको समयसम्म प्रभाव पाऱ्यो। लेखनाथ पौडचालबाट आरम्भ भएको आधुनिक नेपाली कविता परम्परामा परिष्कारवादी धारा, स्वच्छन्दतावदी, प्रगतिवादी धारा, प्रयोगवादी धारा तथा समसामयिक धारा देखा परे। यही परम्परामा देखा परेका प्रगतीवादी धाराका एक उल्लेख्य प्रतिभा कृष्णप्रसाद श्रेष्ठ पनि हुन्।

स्वच्छन्दतावादी भाव र प्रगतिवादी स्वरका साथ वि.सं २००४ सालमा महाकवि देवकोटाद्वारा स्वच्छदतावादी-प्रगतिवादी धाराको आरम्भ भएको पाइन्छ। कृष्णचद्रसिंह प्रधान, श्यामप्रसाद शर्मा, देवीप्रसाद किसान आदिबाट प्रगतिवादी धारालाई अघि बढाउने काम भयो। यस धाराका कविहरूले समाजलाई आफ्नो विषयवस्तु बनाउँदै वर्गीय समताको पक्षमा स्वर सुसेलेको पाइन्छ। कृष्णचन्द्रसिंह प्रधान, मोदनाथ प्रश्रित, गोविन्द भट्ट, रामचन्द्र भट्टराईजस्ता प्रतिभाहरूद्वारा भरणपोषण भएको प्रगतिवादी नेपाली कवितायात्रालाई कवि कृष्णप्रसाद श्रेष्ठबाट पनि निरन्तरता दिने काम भएको पाइन्छ। कवि श्रेष्ठले नेपाली कविताको क्षेत्रमा स्थापित मूल्य र मान्यतालई आधुनिकताको तराजुमा राखेर जोख्ने काम गरेका छन्।

कवि कृष्णप्रसाद श्रेष्ठका आभ्यासिक चरणका कविताहरूमा राष्ट्रप्रेमको भावना छताछुल्ल बगेको पाइन्छ। त्यस्तै तत्कालीन नेपाली राजनीतिक-सामाजिक क्षेत्रमा देखा परेका विकृति-विसङ्गति, शोषण, दमन, रूढीवाद, अन्धविश्वास, जातीय एवं वर्गीय भेदभावजस्ता विषयहरूलाई समेटेको

पाइन्छ । तत्कालीन विसङ्गतिप्रति तीव्र आक्रोश पोख्दै क्रान्तिचेत झल्काउने यस चरणका उनका अधिकांश कविताहरूले सामाजिक समानता एवं स्वतन्त्रताका लागि एकजुट भई सङ्घर्षमा जुट्न आह्वान गरेका छन् । उनका 'जाग्रत हुन्छन्', 'थाकेको बटुवासित', 'स्वास्नी मान्छे', 'युवकप्रति', 'युवक बाल अब क्रान्ति दीप', 'लाठी, गोली, जेल अझै किन ?' आदि कविताहरूमा यसै प्रवृत्तिलाई अवलम्बन गर्दै नेपाली कविताको इतिहासलाई अगाडि बढाएको पाइन्छ भने यसै चरणमा केही कविताहरू स्वच्छन्दतावादी भावधारामा पनि रचना भएका छन् । विशुद्ध नेपाली प्रकृतिको चित्रण गर्दै त्यसमा आफूलाई हराउने उद्देश्य रहेका उनका रचना हुन्– 'धरान' (२००६), 'नेपाल' (२००७), 'नेपाल' (२००८) आदि ।

कवि कृष्णप्रसाद श्रेष्ठ 'यो डोको हो' कवितामा डोकालाई प्रतीकात्मक अर्थमा तत्कालीन समाजमा बाँच्ने शोषितपीडित व्यक्तिको रूपमा चित्रण गर्दै कवितामा प्रतीकाविधानबाट सौन्दर्य सिर्जना गर्न उत्सुक देखिएका छन् । आफू बाँचेको समाज र युगका विसङ्गतिलाई निर्भीकतापूर्वक व्यक्त गर्नु उनको विशेषता मान्न सकिन्छ । त्यस्तै उनले 'शान्तिको युद्धमोर्चा' कविताबाट देशको सामाजिक सन्दर्भभन्दा अझ अगाडि बढेर विश्वपरिवेशकै सर्न्दभलाई समेट्दै आणविक सन्त्रासको अन्त्य र विश्वशान्तिको कामना गरेको पाइन्छ । त्यस्तै उनले 'कमल' कवितामा कविताको लघु आयाम (मुक्तक) भित्र प्राकृतिक सौन्दर्यको खोजी गरेको देखिन्छ । कवि श्रेष्ठका २०१७ सालपछिका कविताहरूमा बौद्धिक चिन्तनको स्तर वृद्धि हुँदै गएको पाइन्छ जुन उनको काव्ययात्राको तेस्रो चरण हो ।

उनका २०१९ सालमा प्रकाशित चार कविताहरू 'यहाँदेखि उहाँसम्म', 'कमल', 'झरी' र 'छ टुक्रा प्रेमका कविता' मा विषयगत विविधता एवं बिम्बप्रतीक तथा अलङ्कारको संयोजनले बौद्धिक बन्दै गएको पाइन्छ । वि.सं. २०१७ सालदेखि नेपाली साहित्यमा विकसित प्रयोगवादी धाराभित्रका कतिपय अभिलक्षणलाई आत्मसात् गर्दै प्रगतिवादी कविता सिर्जना गर्नु उनको विशेष योगदान हो भन्न सकिन्छ । प्रयोगवादी कविहरू मोहन कोइराला, द्वारिका श्रेष्ठ, पारिजात आदिका क्लिष्ट बिम्बप्रतीक योजनाको काव्यात्मक शिल्प अनुसरण गर्दै युगचेतनाको प्रखर बौद्धिक अभिव्यक्तितिर कवि अघि बढेका छन् । उनका रूपरेखामा प्रकाशित अधिकांश कविताहरूमा यही प्रवृत्ति पाइन्छ । कृष्णप्रसाद श्रेष्ठका 'अन्तिम पत्र', 'मेरो इतिहास', 'मेरा पुराना कविताहरू', 'एस्ट्रेको धुलो', 'मेरो शहर', 'दिवशको चढ्दो बैँसमा उकुसमुकुसिएको जीवन', 'नयाँ सडक राति नौ बजेपछि', 'टुक्रैटुक्राको अनन्त लहर', 'आफ्नै जन्मदिनमा', 'महाकविको मृत्युमा', 'डुब्न लागेको सालमा चोइटिएको दायित्व', 'भियतनाम', 'सम्झनाको व्यथा पग्लेर', 'धरान', आदि उत्कृष्ट गद्य कविताहरू हुन् । यी कविताहरूमा विषयगत व्यापकता समेट्दै प्रयोगधर्मी विभिन्न सन्दर्भबाट युगजीवनको चित्रण गर्दै समाजमा व्याप्त विसङ्गति एवं साम्रज्यवाद, सामन्तवादका विरुद्ध शोषितपीडित

जनसमूहको सङ्घर्षमा साथ दिने प्रगतिवादी मानवातावादको वैचारिक धरातलमा कविले आफूलाई उठाएका छन् । उनी 'भियतनाम' कवितामा साम्राज्यवादीहरूको उछितो काढ्दै अन्तर्राष्ट्रिय भाइचाराका पक्षमा उभिएका छन् भने 'एस्ट्रेको धुलो' मा असफल प्रेमको चित्रण गर्दै प्रेमप्रतिको इमानदारीमा जोड दिन पुगेका छन् । 'जीवन, धरती र श्रम' मा धरतीलाई श्रमद्वारा स्वर्गका रूपमा स्थापित गर्न सकिने चिन्तन प्रस्तुत भएको छ ।

कवि श्रेष्ठले आफ्नो काव्ययात्राको यसै चरणभित्र विदेशी भाषामा लेखिएका विभिन्न कविताहरूलाई नेपाली भाषामा अनुवाद गरी अनूदित नेपाली कवितापरम्पर पनि अघि बढाएका छन् । एकातिर उनले रूसी, अरबी, भियतनामी, अफ्रिकी, रुमानियाली, अमेरिकी, कोरियाली विभिन्न कविहरूका कविता नेपाली भाषामा अनुवाद गरी नेपाली पाठकहरूलाई मूल लेखकहरूका विचारसँग जोड्ने काम गरेका छन् भने अर्कोतर्फ नेपाली अनुवाद साहित्यको भण्डार श्रीवृद्धि गर्ने काममा महŒवपूर्ण योगदान दिएका छन् । यस चरणमा अनुवाद गरिएका अनूदित कविताहरूको छनोट गर्दा पनि कविले आफ्नै मौलिक कृतिमा झैँ मार्क्सवादी-प्रगतीवादी विषयवस्तु एवं क्रान्तिकारी विद्रोहात्मक चिन्तनले ओतप्रोत कविताहरूलाई नै आधार बनाएको पाइन्छ । उनका महŒवपूर्ण अनूदित रचनाहरू 'जुनेली रात', र 'बन्दीगृहको डायरीबाट' (होची मिन्ह), 'भूमध्य सागरका लहरहरू' (महमुद दरबिस), 'खेतका फूलहरू' (ग्युलचेखा सुलेमानोवा), 'अफ्रिकाली पाँच कविता', 'बिदाइ गीत' 'यहाँ मरेँ भने', 'देन्युव नदीको पल्लो किनारमा', 'हत्यौडी' आदि । यी अनूदित कविताहरूमा प्रकृतिका माध्यमबाट यथार्थ चित्रण, क्रान्तिकारिता, देशप्रेम, मानवतावाद, प्रगतिशीलताजस्ता विशेषता पाइन्छन् । यसरी कवि श्रेष्ठले आफ्नो काव्ययात्राको तेस्रो चरणमा अनूदित साहित्यमार्फत नेपाली कविताका क्षेत्रमा जेजति योगदान दिए, त्यो उनको आफ्नै काव्ययात्राको पनि विशिष्ट उपलब्धि हुन पुगेको देखिन्छ । नेपाली प्रगतिवादी कविता परम्परामा थप योगदान त उनले दिए नै अझ उनले यस परम्परामा थपेको कविताको वैचरिक निर्भीकता एवं प्रस्तुतिको नवीन ढाँचा तथा अनूदित कृति नेपाली कविताका प्राप्ति हुन पुगेका छन् ।

नेपाली कविताको समग्र परम्परामा कवि कृष्णप्रसाद श्रेष्ठलाई हेर्दा वस्तुगत-आत्मगत सौन्दर्यको सिर्जना तथा शैलीशिल्प र संरचनाको कलात्मक उच्चताका दृष्टिले उनको कवित्व उत्कृष्ट नेपाली कविहरूकै समकक्षमा पुग्न नसके तापनि नेपाली कविताको क्रान्तिकारी-स्वच्छन्दतावादी धाराको श्रीवृद्धिमा महŒवपूर्ण योगदान पुऱ्याउँदै प्रगतिवादी नेपाली कवितापरम्परामा सफल गद्य कविको पहिचान बनाउन उनी सफल भएका देखिन्छन् । आधुनिक क्रान्तिकारी-स्वच्छन्दतावादी धाराका सहकारी प्रतिभा मात्रै भए पनि प्रगतिवादी धाराका सबल कविहरूमध्ये उनी पनि एक हुन् भन्ने कुरा नकार्न सकिँदैन । कवि श्रेष्ठलाई उनका कविताका आलोकमा मूलतः उत्कृष्ट प्रगतिवादी कविहरूका कित्तामा राख्न सकिन्छ । यसै प्रसङ्गमा अघिल्लो

अध्यायमा चर्चा गरिएका झण्डै सात दर्जन फुटकर मौलिक तथा अनूदित रचनाका सन्दर्भमा उनको परिमाणात्मक योगदान पनि उल्लेख्य रहेको कुरा अघि सार्न सकिन्छ यद्यपि उनका रचनाहरू पुस्तकाकार रूपमा सङ्कलन भई प्रकाशित हुन सकेको देखिँदैन ।

# अध्याय पाँच

## उपसंहार

वि.सं. १९९१ साल असार २३ गते हालको धरान नगरपालिका वडा नं. १४ अन्तर्गत विजयपुरमा जन्मिएका कृष्णप्रसाद श्रेष्ठले घरमै प्रारम्भिक शिक्षापछि धरानको पब्लिक हाइस्कुलबाट प्रवेशिका उत्तीर्ण गरी त्रिचन्द्र कलेजबाट आई.ए. तथा बनारस हिन्दूविश्वविद्यालयअन्तर्गत सेन्ट्रल कलेजबाट बी.ए. सम्मको औपचारिक शिक्षा हासिल गरेका छन् । शिक्षण, प्राध्यापन, पत्रकारिता, समाजसेवा तथा राजनीति आदि विविध क्षेत्रसँग सम्बद्ध रही जीवन गुजारा गरेका श्रेष्ठले आफ्नो जीवनको अधिकांश समय राजनीति र समाजसेवामा अर्पण गरेको देखिन्छ । एक कुशल अनुवादक, सम्पादक, प्राध्यापक, निस्वार्थी राजनीतिज्ञ एवं संस्कृतिप्रेमीका रूपमा उनको ख्याति फैलिएको छ । उनको लेखनकार्य उर्वर एवं प्रशंसनीय रहनुका साथै साहित्यिक एवं साहित्येतर फाँटमा पनि विस्तारित भएको पाइन्छ । साहित्यिक फाँटमा पनि मूलतः स्रष्टा एवं विभिन्न साहित्यिक कार्यक्रमहरूमा द्रष्टा व्यक्तिको रूपमा परिचित कवि श्रेष्ठ कविता सिर्जना एवं अनुवादका अतिरिक्त निबन्ध तथा राजनीतिक एवं सांस्कृतिक लेखहरूका लेखकका रूपमा पनि प्रशंसित छन् ।

कृष्णप्रसाद श्रेष्ठले १२-१३ वर्षदेखि नै कविता लेख्न थालेका भए पनि २००६ सालमा प्रकाशित 'जीवनको लक्ष्य' शीर्षकको कविताबाट उनको सार्वजनिक कविजीवन सुरु भएको हो । हालसम्म पनि फाटफुट रूपमा रचना प्रकाशित गर्दै साहित्यसाधनामा संलग्न श्रेष्ठको रचनाको उर्वरकाल २०१७ देखि २०२२-२३ सम्म रहेको देखिन्छ यद्यपि फाटफुट रूपमा पछिल्ला चरणमा पनि रचना प्रकाशित हुँदै आएका छन् भने कविताका अतिरिक्त निबन्ध तथा सांस्कृतिक लेखहरू विभिन्न पत्रपत्रिकामा बेलाबखत प्रकाशित हुँदै आएको पाइन्छ । यसबाहेक विभिन्न भाषाका कविताहरू नेपाली भाषामा रूपान्तरण गरी विभिन्न पत्रपत्रिकामा प्रकाशित गरिसकेका श्रेष्ठको सिर्जनात्मक व्यक्तित्व निकै सबल रहेको देखिन्छ ।

आफ्नो काव्ययात्रामा श्रेष्ठले मौलिक र अनूदित गरी झन्डै १०० भन्दा बढी कविताहरू प्रकाशित गरिसकेका छन् तर सङ्कलित पुस्तकाकार कृति भने प्रकाशन हुन सकेको देखिँदैन । उनले हालसम्म कविताको लघु रूप फुटकर कविताका आयामभित्रै आफ्ना कविता रचना गरेको पाइन्छ । कवि श्रेष्ठको २०६० सम्मको काव्ययात्रामा मोटामोटी तीन चरण वा घुम्तीहरू देखा पर्दछन् । यी तीन चरणमध्ये पहिलो चरण (२००६–२०१३) का उनका रचनामा क्रान्तिकारी स्वच्छन्दतावादी एवं प्रगतिवादी प्रवृत्ति देखा पर्दछ तर विषयगत विविधता र भाषिक शैलीशिल्पमा कमजोरी रहेकाले कलात्मकता कम र ठाडो अभिव्यक्तिको प्रभाव बढी देखिन्छ । त्यसैले यस चरणमा उनले देवकोटा, सिद्धिचरण, केदारमान, गोपालप्रसाद रिमालजस्ता साहित्यकारका रचनाबाट प्रत्यक्ष प्रभावित भई कविता

रचना गरेको पाइन्छ। वि.सं. २०१४–२०१७ सालसम्मको अवधि कवि श्रेष्ठको काव्ययात्राको दोस्रो चरण हो। यस चरणमा उनका कविताहरू त्यति धेरै प्रकाशित नभए पनि 'शान्तिको युद्धमोर्चा', 'कमल' आदि महŒवपूर्ण छन्। यसै आवधिमा रचना भएका उनका अन्य कविताहरू हुन्– 'अन्तिम पत्र', 'हङचो', 'युवक गान' आदि। सङ्ख्यात्मक रूपमा यस चरणमा उनका त्यति धेरै कविता रचना एवं प्रकाशन भएको पाइँदैन तर विश्वशान्ति, प्रकृतिचित्रण, प्रेमप्रसङ्ग आदिलाई आत्मसात् गर्नु यस चरणको प्राप्ति हो। वि.सं. २०१७ सालपछिको समय कवि श्रेष्ठको काव्ययात्राको तेस्रो चरण हो। यस चरणमा उनका कविता प्रकाशन एवं रचनाको गति २०२३-२४ सम्म निरविच्छिन्न अगाडि बढेको पाइन्छ भने तत्पश्चात छिटफुट रूपमा प्रकाशित हुँदै आएको देखिन्छ। कवि श्रेष्ठले यसै चरणमा विभिन्न भाषाका कविताहरूको अनुवाद गर्दै अनूदित कविताको प्रकाशन पनि आरम्भ गरेको पाइन्छ। यस चरणका उनका उत्कृष्ट केही गद्य कविताहरू हुन्– 'छ टुक्रा प्रेमका कविता', 'कहिलेकाहीँ, 'यहाँदेखि उहाँसम्म', 'मेरो इतिहास', 'सान्ध्य गीत', 'जीवन, धरती र श्रम', 'एकादशी', 'एस्ट्रेको धुलो', 'मेरो शहर', 'आफ्नै जन्मदिनमा', 'दौडेका पाइलाहरू', 'भियतनाम', 'सम्झनाको व्यथा पग्लेर', 'धरान' (२०५४), '२०२० साल' आदि। यस चरणका कविताहरूमा उनले विशेषतः प्रयोगवादी कविहरूको बिम्बप्रतीक विधान अनुसरण गरी कवितालाई बौद्धिक बनाउँदै लगेका छन्। पहिलो चरणको शास्त्रीय छन्दको मोहलाई पूर्णरूपमा त्याग्दै पछिल्ला चरणमा गद्य कविता रचनामै केन्द्रित कवि श्रेष्ठका यस चरणका कवितामा पनि विषयगत व्यापकता पाइनुका साथै तार्किकता, बौद्धिक चिन्तनको स्तर तुलनात्मक रूपमा वृद्धि हुँदै गएको पाइन्छ। बीसौँ शताब्दीको खोक्रो आडम्बर, अन्तर्राष्ट्रिय साम्राज्यवादी दमन, आधुनिक वा कथित सभ्य समाजप्रति व्यङ्ग्य, श्रमप्रतिको आस्था एवं वैश्विक मानवतावादसम्मको स्वर उराल्दै प्रगतिवादी काव्यधारालाई अगाडि बढाएका कविले सङ्गीतप्रियता, तत्सम, आगन्तुक एवं झर्रा नेपाली शब्दहरूको प्रयोग तथा विभिन्न सांस्कृतिक, ऐतिहासिक बिम्बप्रक्षेपण गर्ने शब्दहरूको चयन गरेको पाइन्छ। कविता रचनाकै उर्वर काल तथा अनुवाद परम्पराका कविता प्रकाशनका दृष्टिले पनि उनको यो काललाई विशिष्ट चरणका रूपमा लिन सकिन्छ।

कवि श्रेष्ठका कवितामा विषयवस्तुगत विविधता पाइन्छ। देशप्रेम, राष्ट्रियता, समाजबोध, विश्वबोध, प्रकृतिचित्रण, मानवतावादी एवं आशावादी चेत, क्रान्तिकारी एवं प्रगतिवादी विचार, व्यङ्ग्य एवं प्रेमप्रसङ्गका अनुभूतिहरूलाई नै उनले आफ्ना कविताको मुख्य कथ्य बनाएका छन्। मानवमनका उत्साह र जोशको प्रवाह पाइने उनका अधिकांश कविताहरूमा वीररसको प्रयोग पाइनुका अतिरिक्त eृङ्गार, शान्त, वीभत्सजस्ता विविध रसको अभिव्यक्ति पनि केही कवितामा पाइन्छ।

कृष्णप्रसाद श्रेष्ठ नेपाली कविताको आधुनिक कालका चार प्रमुख प्रहरमध्ये स्वच्छन्दतावादी-प्रगतिवादी धाराको सुरुआतसँगै काव्यक्षेत्रमा प्रवेश गरेका कवि हुन्। नेपाली कवितापरम्परामा

क्रान्तिकारी-स्वच्छन्दतावादी धारा उत्कर्षमा पुगिसकेको र प्रगतिवादी परम्परा पनि विकसित हुँदै गएको समयमा उदाएका कवि श्रेष्ठले नेपाली कविताका क्षेत्रमा उल्लेख्य योगदान दिएका छन् । आंशिक रूपमा क्रान्तिकारी-स्वच्छन्दतावादी धारालाई नै टेवा दिनु अनि मुख्य रूपले नेपाली प्रगतिवादी कवितालेखनको परम्परालाई समृद्ध बनाउनु उनका प्रमुख प्राप्ति हुन् भन्न सकिन्छ । आफ्ना अधिकांश फुटकर कविताहरूमा प्रगतिवादी स्वर प्रकट गर्न सक्नु कवि श्रेष्ठको सफलता हो । कविता रचनाशिल्पको सन्दर्भमा कविताको सङ्गीत निर्वाह गर्न नसक्नु, भाव सम्प्रेषणीयताको अभाव, भाषिक प्रयोगको शक्ति,-सामर्थ्यप्रतिको बेवास्ताजस्ता केही कमजोरी देखिए तापनि पद्य एवं गद्य कविता सिर्जना, अनूदित कविताको प्राप्ति, समाजवादी यथार्थवादी राष्ट्रिय दृष्टिकोण, अन्तर्राष्ट्रिय प्रभाव ग्रहण, चित्तबुझ्दो तार्किकता, साहित्यिक इमानदारी उनका प्रवृत्तिगत प्राप्ति हुन् । आलङ्कारिक वैचिœय, पाण्डित्य प्रर्दशन, परिष्कारधर्मी सजधज नपाइए पनि कवि श्रेष्ठका कविताको भिन्नै वैशिष्टय रहेको छ । परिमाण एवं गुणवत्ता दुवै दृष्टिले कवि श्रेष्ठको योगदान उल्लेख्य रहेको छ । निष्कर्षमा उनी नेपाली कविताका समग्र परम्परमा उच्च-मध्यम दर्जाका प्रगतिवादी नेपाली कविका एक उच्च प्रतिभा ठहरिन्छन् ।

भावी शोधकार्यका निम्ति प्रस्तावित शीर्षकहरू

कृष्णप्रसाद श्रेष्ठको कवित्वको अध्ययनमा आधारित प्रस्तुत शोधकार्यमा उनका कविताहरूको अध्ययन गरेर श्रेष्ठको कवित्वलाई केलाउने काम भएको छ । श्रेष्ठका अन्य कृतिहरूको अध्ययन गर्ने चाहना भएका शोधार्थीहरूलाई निम्न शीर्षकमा शोधकार्य गर्न सकिने सम्भावना देखेको छु–

१. कृष्णप्रसाद श्रेष्ठका कवितामा प्रगतिवादी स्वर

२. कृष्णप्रसाद श्रेष्ठको निबन्धकारिता

३. भाषिक प्रयोगका दृष्टिले कृष्णप्रसाद श्रेष्ठका कविताको अध्ययन

४. अनूदित कवितापरम्परामा कृष्णप्रसाद श्रेष्ठको योगदान

५. कवि कृष्णप्रसाद श्रेष्ठ र उनका समकालीन कविका कविताको तुलनात्मक अध्ययन ।

# सन्दर्भग्रन्थसूची


शोधप्रबन्ध

१. अधिकारी, केशवप्रसाद (२०३८), सुनसरी जिल्लाको साहित्यिक योगदान, अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रि.वि.वि., नेपाल ।

२. अधिकारी, शालिकराम (२०६३), सरुभक्तको काव्यकारिता, अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रि.वि.वि., नेपाल ।

३. पोखेल, भोलानाथ (२०५६), सुनसरी जिल्लाको साहित्यिक इतिहास, अप्रकाशित लघु अनुसन्धान, त्रि.वि.वि., नेपाल ।

पुस्तक

१. आचार्य, पुण्यप्रसाद 'विद्रोही' (२०१६), खहरे, धरान : नेपाल राष्ट्रिय विद्यार्थी फेडरेसन ।

२. उपाध्याय, केशवप्रसाद (२०४९), साहित्य प्रकाश (पाँचौं सं.), काठमाडौँ : साझा प्रकाशन ।

३. ओझा, रामनाथ र गिरी, मधुसुदन (२०५८), शोध, सिर्जना र संस्कृत काव्यशास्त्र, काठमाडौँ : न्यु हीरा बुक्स इन्टरप्राइजेज ।

४. चापागाईं, नरेन्द्र र सुवेदी, दधिराज (सम्पा.) (२०५२), काव्य समालोचना, विराटनगर : पूर्वाञ्चल साहित्य प्रतिष्ठान ।

५. चापागाईं, नरेन्द्र (२०५१), केही सिद्धान्त केही विश्लेषण, विराटनगर : विराट साहित्य प्रतिष्ठान ।

६. जोशी, कुमारबहादुर (२०४०), कविता चर्चा, ललितपुर : साझा प्रकाशन ।

७. ––––,–––– (२०५४), पाश्चात्य साहित्यका प्रमुख वाद, (तेस्रो सं.), काठमाडौँ : साझा प्रकाशन ।

८. ढकाल, मदन (सम्पा.) (२०५२), लक्ष्मी सडकका कविता, धरान : अतिरिक्त स्वरहरू ।

९. ––––,–––– (२०५३), लक्ष्मी सडकका कविता, धरान : अतिरिक्त स्वरहरू ।

१०. ––––,–––– (२०६०), लक्ष्मी सडकका कविता, धरान : लक्ष्मी वाचनालय ।

११. त्रिपाठी, वासुदेव र अन्य (सम्पा.) (२०४८), नेपाली कविता भाग २, काठमाडौँ : साझा प्रकाशन ।

१२. ––––,–––– (सम्पा.) (२०४६), नेपाली कविता भाग ४, काठमाडौँ : साझा प्रकाशन ।

१३. थापा, मोहनहिमांशु (२०४७), साहित्य परिचय, ललितपुर : साझा प्रकाशन ।

१४. नेपाल, देवी (२०६२), छन्द-पराग, काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

१५. पन्त, भरतराज (२०५६), अलङ्कार परिचय, काठमाडौँ : ने.रा.प्र.प्र. ।

१६. पोखरेल, त्रिपाठी र अन्य (सम्पा.) (२०६०), नेपाली बृहत् शब्दकोश : ने.रा.प्र.प्र. ।

१७. पौडेल, विष्णुप्रसाद (२०५७), संस्कृत काव्यशास्त्र, काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

१८. बजगाईं, कृष्ण (सम्पा.) (२०५४), कविहरूका आ"खामा धरान, सुनसरी ।

१९. बन्धु, चूडामणि (२०२४), साझा कविता, काठमाडौँ : साझा प्रकाशन ।
२०. बराल, कृष्णप्रसाद र अन्य (२०५५), नेपाली साहित्यकोश, काठमाडौँ : ने.रा.प्र.प्र. ।
२१. भट्ट, रामचन्द्र (२०५६), पौरस्त्य समालोचनासिद्धान्त र संस्कृत साहित्यको झलक, काठमाडौँ : सगरमाथा फाइनान्स सहकारी लि. ।
२२. भट्टराई, गोविन्दप्रसाद (२०३१), पूर्वीय काव्यसिद्धान्त, काठमाडौँ : ने.रा.प्र.प्र. ।
२३. भण्डारी, पारसमणि (२०५४), काव्य विवेचना, विराटनगर : वाणी प्रकाशन ।
२४. भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद, नेपाली कविता र काव्य, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।
२५. राई, पृथ्वीविक्रम (सम्पा.) (२०६०), महाकवि देवकोटा स्मारिका, झापा : देवकोटा स्मृतिभवन ।
२६. लम्जेल, रविमान (२०५०), कोशी अञ्चलको साहित्यिक इतिहास, सुनसरी : रत्नमाया दलित साहित्य समिति ।
२७. लुइटेल, खगेन्द्रप्रसाद (२०६०), कवितासिद्धान्त र नेपाली कविताको इतिहास (प्रथम सं.), काठमाडौँ : ने.रा.प्र.प्र. ।
२८. शर्मा, गोविन्दप्रसाद (२०५०), छन्दोहार, काठमाडौँ : साझा प्रकाशन ।
२९. शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५५), शोधविधि, ललितपुर : साझा प्रकाशन ।
३०. सरुभक्त (२०३५), बन्द खामभित्र, पोखरा : युवा नाटक परिवार ।
३१. सिग्द्याल, सोमनाथ (२०२८), साहित्य प्रदीप, विराटनगर : पुस्तक संसार ।
३२. सिवाकोटी, शेषराज (सम्पा.) (२०६०), ज्ञानगुनका कुरा (भाग ७६), काठमाडौँ : ज्ञानगुन प्रकाशन ।
३३. ––––,–––– (सम्पा.) (२०६०), ज्ञानगुनका कुरा (भाग ७७), काठमाडौँ : ज्ञानगुन प्रकाशन ।
३४. ––––,–––– (सम्पा.) (२०६०), ज्ञानगुनका कुरा (भाग ७८), काठमाडौँ : ज्ञानगुन प्रकाशन ।
३५. ––––,–––– (सम्पा.) (२०६०), ज्ञानगुनका कुरा (भाग ८०), काठमाडौँ : ज्ञानगुन प्रकाशन ।
३६. सुवेदी, अभि (२०३०), पाश्चात्य काव्यसिद्धान्त (प्रथम सं.), काठमाडौँ : ने.रा.प्र.प्र. ।
३७. ...... (सम्पा.) (२०६१), सुनसरीका साहित्कि प्रतिभाहरू, धरान ।

## पत्रपत्रिका

१. घिमिरे, रमेश (२०५५), 'कवि कृष्णप्रसाद श्रेष्ठका कविता : छोटो चर्चा', प्रभा, पिण्डेश्वर विद्यापीठ, धरान), पृ. ५०–५७ ।
२. ––––,–––– (२०६०), 'कविताका सन्दर्भमा कृष्णप्रसाद श्रेष्ठ', प्रलेस (वर्ष ४, अङ्क २), पृ.   ।

३. दाहाल, खेम (२०५९), 'कृष्णप्रसाद श्रेष्ठ र साहित्य-साधना', जूही (वर्ष २२, अङ्क २, पूर्णाङ्क ५०), पृ. ४२७–४३२ ।
४. दुवाल, मोहन (२०६१), 'यात्रा उत्सर्गहरूमा कृष्णप्रसाद श्रेष्ठ' जनमत (वर्ष २२, अङ्क १–३), पृ. २०६–२०७ ।
५. पोखेल, माधव (२०४०), 'आत्मकथन', जूही (वर्ष ३, अङ्क २-३, पूर्णाङ्क ८), पृ. ७४–७५ ।
६. भट्ट, आनन्ददेव (२०२०), 'प्रगतिवादी कवि कृष्णप्रसाद श्रेष्ठ', रूपरेखा (वर्ष ४, अङ्क ४), पृ. १७–२०७ ।
७. रेग्मी, चूडामणि (२०५३), 'कवि कृष्णप्रसाद श्रेष्ठसँग एकछिन', यथार्थ कुरा (वर्ष १, अङ्क १३), पृ. ३–४ ।
८. सिलवाल, नकुल (२०४३), 'कवि कृष्णप्रसाद श्रेष्ठका केही कविता', बगर (वर्ष ५, पूर्णाङ्क १०), पृ. ३०–३१ ।
९. श्रेष्ठ, कृष्णप्रसाद (२००६), 'जाग्रत हुन्छन्', उदय (वर्ष १२, किरण ९–११), पृ. ।
१०. ––––,–––– (२००६), 'जीवनको लक्ष्य', उदय (वर्ष १२, किरण ७–८), पृ. २७ ।
११. ––––,–––– (२००६), 'धरान', उदय (वर्ष १२, किरण ९–१०), पृ. १५ ।
१२. ––––,–––– (२००६), 'साथी तिम्रा खोजमा', साथी (वर्ष १, अङ्क ८-९), पृ. .... ।
१३. ––––,–––– (२००७), 'थाकेको बटुवासित', भारती (वर्ष २, अङ्क ५), पृ. २०५ ।
१४. ––––,–––– (२००७), 'नेपाल', हिमाञ्चल (वर्ष २, अङ्क २), पृ. .... ।
१५. ––––,–––– (२००७), 'नेपाल पुकार', नेपाल पुकार (वार्षिक विशेषाङ्क), पृ. १ ।
१६. ––––,–––– (२००८), 'कविसँग मेरो गीत', उदय (वर्ष १४, किरण ८-११), पृ. २९ ।
१७. ––––,–––– (२००८), 'को', भारती (वर्ष ३, अङ्क ५), पृ. २३२ ।
१८. ––––,–––– (२००८), 'तिमी को ?', भारती (वर्ष २, अङ्क ९), पृ. ४१० ।
१९. ––––,–––– (२००८), 'नव वर्ष', युगवाणी (वर्ष ५, अङ्क २०), पृ. १२ ।
२०. ––––,–––– (२००८), 'नाता', उदय (वर्ष १४, किरण १२), पृ. १९ ।
२१. ––––,–––– (२००८), 'नेपाल', भारती (वर्ष २, अङ्क १२), पृ. ५९८ ।
२२. ––––,–––– (२००८), 'बाँचिरहू', प्रभात (वर्ष १, अङ्क ९), पृ. ३ ।
२३. ––––,–––– (२००८), 'याद गर', उदय (वर्ष १५, किरण १-३), पृ. १४ ।
२४. ––––,–––– (२००८), 'युवकप्रति', युगवाणी (वर्ष ५, अङ्क २६), पृ. १२ ।
२५. ––––,–––– (२००८), 'विद्रोह गर विद्रोही बन', युगवाणी (वर्ष ५, अङ्क १६–१७), पृ. १४ ।
२६. ––––,–––– (२००८), 'श्री भानुभक्तप्रति', आ"खा (वर्ष १, अङ्क १), पृ. .... ।
२७. ––––,–––– (२००८), 'स्वास्नी मान्छे', प्रभात (वर्ष १, अङ्क ११), पृ. १० ।

२८. ----,---- (२००९), 'आह्वानप्रति', आह्वान (वर्ष १, अङ्क १), पृ. १६ ।

२९. ----,---- (२००९), 'जागरण रे', जागरण (वर्ष १, अङ्क ४), पृ. १ ।

३०. ----,---- (२००९), 'लाठी, गोली, जेल अझै किन ?', जनयुग (वर्ष १, अङ्क ४–५), पृ. ... ।

३१. ----,---- (२००९), 'लाश', सेवा (वर्ष १, अङ्क ३), पृ. ३ ।

३१. ----,---- (२०१०), 'क्रान्ति रे ! क्रान्ति रे !! इन्क्लाब रे !!!', आह्वान (वर्ष १, अङ्क २, पूर्णाङ्क २४), पृ. १ ।

३२. ----,---- (२०१०), 'यो डोको हो !', उदय (वर्ष १५, किरण १२), पृ. २१ ।

३३. ----,---- (२०१३), 'शान्तिको युद्धमोर्चा', नौलो पाइलो (वर्ष १ अङ्क ३), पृ. ४१ ।

३४. ----,---- (२०१५), 'कमल', छहारी (वर्ष १, अङ्क १), पृ. ४८ ।

३५. ----,---- (२०१८), 'तिमी', शारदा (वर्ष २६, अङ्क १), पृ. ५७ ।

३६. ----,---- (२०१९), 'कहिलेकाहीँ', छाया (वर्ष २, अङ्क २), पृ. १५–१६ ।

३७. ----,---- (२०१९), 'छ टुक्रा प्रेमका कविता', रूपरेखा (वर्ष ३, अङ्क ७), पृ. ५८ ।

३८. ----,---- (२०१९), 'झरी', दियालो (वर्ष ४, अङ्क १३), पृ. .... ।

३९. ----,---- (२०१९), 'मेरी छोरी', स्वास्नीमान्छे (वर्ष ४, अङ्क १८–१९), पृ. ४ ।

४०. ----,---- (२०१९), 'यहाँदेखि उहाँसम्म', उजेली (वर्ष ५, अङ्क ५), पृ. ३ ।

४१. ----,---- (२०२०), 'अन्तिम पत्र', सिंहनाद (वर्ष १ अङ्क ४), पृ. १८ ।

४२. ----,---- (२०२०), 'एकादशी', हिमानी (वर्ष १, अङ्क ३), पृ. ९३ ।

४३. ----,---- (२०२०), 'च्यातिएका कागजका टुक्रा', बिहान (प्रवेशाङ्क), पृ. ३५ ।

४४. ----,---- (२०२०), 'जीवन, धरती र श्रम', उजेली (वर्ष ६ अङ्क ६), पृ. १६ ।

४५. ----,---- (२०२०), 'दुई टुक्रा', रूपरेखा (वर्ष ४ अङ्क ८), पृ. ५६ ।

४६. ----,---- (२०२०), 'मान्छे मर्दैन', छाया (वर्ष २, अङ्क २), पृ. १६–१७ ।

४७. ----,---- (२०२०), 'मेरा पुराना कविताहरू', रूपरेखा (वर्ष ५, अङ्क ६), पृ. ४१ ।

४८. ----,---- (२०२०), 'मेरो इतिहास', रूपरेखा (वर्ष ३, अङ्क १२), पृ. ३२ ।

४९. ----,---- (२०२०), 'सान्ध्य गीत', सिंहनाद (वर्ष १, अङ्क ५), पृ. ६२ ।

५०. ----,---- (२०२१), 'एक वेदना दुई मुक्तक', उजेली (वर्ष ७, अङ्क ७), पृ. ४ ।

५१. ----,---- (२०२१), 'एस्ट्रेको धुलो', रूपरेखा, (वर्ष ५, अङ्क ३), पृ. ७९ ।

५२. ----,---- (२०२१), 'दिवशको चढ्दो बैंसमा उकुसमुकुसिएको जीवन', रूपरेखा (वर्ष ५, अङ्क ६), पृ. ४१ ।

५३. ----,---- (२०२१), 'नयाँ सडक राति ९ बजेपछि', रूपरेखा (वर्ष ५, अङ्क १०), पृ. ३९-४० ।

५४. ––––,–––– (२०२१), 'मेरो शहर', फूलबारी (वर्ष १, अङ्क १), पृ. ५३–५४ ।

५५. ––––,–––– (२०२२), 'आफ्नै जन्म दिनमा', रूपरेखा (वर्ष ६, अङ्क ८), पृ. २८-३० ।

५६. ––––,–––– (२०२२), 'टुक्रैटुक्राको अनन्त लहर', रचना (वर्ष ३, अङ्क ४), पृ. ५–७ ।

५७. ––––,–––– (२०२२), 'तीन कविता', भानु (वर्ष २, अङ्क ५), पृ. १–२ ।

५८. ––––,–––– (२०२२), 'दुई टुक्रा कविता', स्वास्नीमान्छे (वर्ष ७, अङ्क ३), पृ. ४ ।

५९. ––––,–––– (२०२३), 'दौडेका पाइलाहरू', रूपरेखा (वर्ष ७, अङ्क ८), पृ. ३०-३२ ।

६०. ––––,–––– (२०२३), 'महाकविको मृत्युमा', हिमानी (वर्ष २, अङ्क ४), पृ. १०२–१०४ ।

६१. ––––,–––– (२०२३), 'डुब्न लागेको सालमा चोइटिएको दायित्व', बिहान (वर्ष ३, अङ्क ५), पृ. ८५ ।

६२. ––––,–––– (२०२३), 'दुई कविता', भानु (वर्ष ३, अङ्क ७), पृ. १४७ ।

६३. ––––,–––– (२०२६), 'भियतनाम', उजेली (वर्ष १०, अङ्क १०), पृ. २०–२२ ।

६४. श्रेष्ठ, कृष्णप्रसाद (अनु.) (२०२६), 'जुनेली रात', साहित्य (वर्ष ६, अङ्क २९–३६), पृ. २० ।

६५. ––––,–––– (२०२६), 'उराठ लाग्दो रात', साहित्य (वर्ष ६, अङ्क २९–३६), पृ. २० ।

६६. ––––,–––– (२०२६), 'बन्दीगृहको डायरीबाट', सौगात (वर्ष ५, अङ्क ३), पृ. १४–१७ ।

६७. ––––,–––– (२०२६), 'भूमध्य सागरका लहरहरू', सौगात (वर्ष ५, अङ्क ५), पृ. ३–५ ।

६८. ––––,–––– (२०२७), 'अफ्रिकाली पाँच कविता', हिमानी (वर्ष ९, अङ्क ३), पृ. ३३–३६ ।

६९. ––––,–––– (२०२७), 'पूर्वी सोभियत कविहरूका केही कविताहरू', सम्झना (वर्ष २, पूर्णाङ्क ३), पृ. ४३–४५ ।

७०. ––––,–––– (२०२९), 'बिदाइ गीत', भानु (वर्ष ९, अङ्क १७), पृ. ४७ ।

७१. ––––,–––– (२०३५), 'अन्त्येष्ठिक्रियाको सङ्गीत' रचना (असार–श्रावण), पृ. १५–१७ ।

७२. ––––,–––– (२०३९), 'समाजवादी बुल्गेरियाका पाँच कविता', जागरण (वर्ष ९, अङ्क १३), पृ. ४ ।

७३. ––––,–––– (२०४२), 'पाँच रुमानियाली कविता', भानु (वर्ष २२, अङ्क ४), पृ. १५–२१ ।

७४. ––––,–––– (२०६०), 'हत्यौडी', रचना (वर्ष ४३, पूर्णाङ्क ७८), पृ. ५९ ।

७६. ––––,–––– (२०६०), 'दुस्मनी', अभिव्यक्ति (वर्ष ३४, पूर्णाङ्क ११७), पृ. .... ।

७७. ––––,–––– (२०६०), 'समयको एकक्षण', सुनसरी (वर्ष १०, अङ्क ८–१०), पृ. ३६ ।